# द्वन्द्व र युद्धका सङ्ग्रहका कथामा अभिघात

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य
तह तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को
प्रयोजनका लागि
प्रस्तुत

**शोधप्रबन्ध**

**शोधार्थी**

**नरेन्द्र न्यौपाने**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

क्रमाङ्क : २६

२०८१

# शोधनिर्देशकको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको दर्शनाचार्य तहको विद्यार्थी श्री नरेन्द्र न्यौपानेले ***द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघात** शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार गर्नुभएको हो । म यसको आवश्यक मूल्याङ्नका लागि सिफारिस गर्दछु ।

.....................................

प्रा.डा. रमेशप्रसाद भट्टराई

शोधनिर्देशक

मिति : २०८१/०३/२१

त्रिभुवन विश्वविद्यालय

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

**नेपाली केन्द्रीय विभाग**

कीर्तिपुर, काठमाडौँ ।

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली दर्शनाचार्य तहको विद्यार्थी श्री नरेन्द्र न्यौपानेले दर्शनाचार्य तह तेस्रो सत्रको निर्धारित पाठ्यांश ६०९ र ६१० को प्रयोजनका लागि तयार पारिएको प्रस्तुत ***द्वन्द्व र युद्धका कथा*** **सङ्ग्रहका कथामा अभिघात** शीर्षकको प्रस्तुत शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

१. **प्रा.डा. कृष्णप्रसाद न्यौपाने** ..................................
(विभागीय प्रमुख)

२. **प्रा.डा. रमेशप्रसाद भट्टराई** ..................................
(शोधनिर्देशक)

३. **सह-प्रा.डा. नेत्रमणि सुवेदी** ..................................
(आन्तरिक परीक्षक)

४. **प्रा.डा. महादेव अवस्थी** ..................................
(बाह्य परीक्षक)

मिति : २०८१/०३/२७

# कृतज्ञताज्ञापन

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघात शीर्षकको प्रस्तुत शोधप्रबन्ध मैले दर्शनाचार्य तह नेपाली विषय तेस्रो सत्रको पाठ्यांश ६०९ र ६१० को प्रयोजनार्थ तयार पारिएको हो । यसले अभिघातसम्बन्धी अध्ययनको क्षेत्रमा जिज्ञासा राख्ने पाठक वर्गमा सहयोग पुऱ्याउने आशा राखेको छु । यस कार्यमा मलाई प्राज्ञिक निर्देशन, सरसल्लाह र सहयोग गर्ने विषय विशेषज्ञ तथा महानुभावहरूप्रति कृतज्ञता व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य मैल आदरणीय गुरु प्रा.डा. रमेशप्रसाद भट्टराईको कुशल निर्देशनमा तयार पारेको हुँ । उहाँको प्राज्ञिक निर्देशन, अमूल्य सल्लाह र उचित मार्गनिर्देशनबाट मैले अभिघातजस्तो विषयमा शोधकार्य गर्न सकेको हुँ । शोधप्रस्ताव लेखन परिमार्जन गर्दै अन्तिम रूप प्रदान गर्ने कामसम्म उहाँले गरेको प्राज्ञिक निर्देशनको लागि गुरूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधकार्यका सिलसिलामा आवश्यक सहयोग प्रदान गनुहुने आदरणीय गुरु विभागीय प्रमुख प्रा.डा. कृष्णप्रसाद न्यौपाने, बाह्य परीक्षक प्रा.डा. महादेव अवस्थी, आन्तरिक परीक्षक सह-प्रा.डा. नेत्रमणि सुवेदी त्यसैगरी प्रा.डा. नारायण गडतौला र प्रा.डा. लक्ष्मण गौतमलगायत विभागका सम्पूर्ण गुरुवर्गप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै सहृदयी व्यवहार र सहयोग गर्ने नेपाली विभागका सबै कर्मचारीलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस शोधकार्य सम्पन्न गर्न प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने दाजुहरू र विशेषतया जीवनका हरेक घडिमा सहयोग गर्ने श्रीमती चन्द्रिका र छोराहरू उत्तम र गौरवप्रति आभार प्रकट गर्दछु । आवश्यक समयमा विदा मिलाई सहयोग तथा हौसला प्रदान गर्ने युरो स्कुल छाउनीका प्रशासक प्रमुख एवं कानुनी सल्लाहकार एकराज अर्याल गुरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यस्तै शोधकार्य सम्पन्न गर्ने क्रममा टाइप एवं टङ्कन गरिदिनु हुने मित्र रामकृष्ण महर्जनलाई पनि धन्यवाद दिन चाहन्छु । शोधकार्य सम्पन्न कृति *द्वन्द्व र युद्धका कथाका* सम्पादक मण्डल डा. गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेलगायत कथा सङ्ग्रहका कथाका लेखकहरू पनि स्मरणीय छन् ।

अन्त्यमा, यो शोधपत्र मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग शोध मूल्याङ्कन समितिसमक्ष प्रस्तुत गर्दछु ।

.........................

नरेन्द्र न्यौपाने
शोधार्थी
क्रमाङ्क : २६
त्रि.वि. दर्ता नं.: ९-२-४१३-७५-२००३
दर्शनाचार्य तह, तेस्रो सत्र
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मिति : २०८१/०३/२१

# विषयसूची

## पहिलो परिच्छेद

## शोधपरिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | ३ |
| १.३ | शोधको उद्देश्य | ४ |
| १.४ | पूर्वकार्यको समीक्षा | ४ |
| १.५ | शोधविधि | १२ |
| | १.५.१ सामग्री सङ्कलन | १२ |
| | १.५.२ सामग्री विश्लेषण विधि | १३ |
| | १.५.३ विश्लेषणको ढाँचा | १३ |
| | १.५.४ कथाको अभिघात विश्लेषणका आधारहरू | १५ |
| १.६ | शोधको सीमाङ्कन | १८ |
| १.७ | शोधको औचित्य | १९ |
| १.८ | शोधप्रबन्धको रूपरेखा | २० |


## दोस्रो परिच्छेद

## द्वन्द्व र युद्धका कथा सङ्ग्रहको विषयगत सन्दर्भ


| | | |
|---|---|---|
| २.१ | विषयप्रवेश | २१ |
| २.२ | द्वन्द्व र युद्धका कथा सङ्ग्रहको राजनीतिक-सामाजिक सन्दर्भ | २१ |
| २.३ | द्वन्द्व र युद्धका कथा सङ्ग्रहको पाठगत विवरण | २३ |
| २.४ | द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथाको अभिघातपरक विषयवस्तु | २४ |
| | २.४.१ ती दुई निर्दोष आँखाहरू कथामा अभिघातपरक विषयवस्तु | २५ |
| | २.४.२ एउटा रा, एउटा मो कथामा अभिघातपरक विषयवस्तु | २६ |
| | २.४.३ सीताहरू २३ कथामा अभिघातपरक विषयवस्तु | २७ |
| | २.४.४ निष्कर्ष कथामा अभिघातपरक विषयवस्तु | २८ |
| | २.४.५ लोकुरी फेरि फुल्नेछ कथामा अभिघातपरक विषयवस्तु | ३० |
| | २.४.६ प्रत्यक्षदर्शी कथामा अभिघातपरक विषयवस्तु | ३२ |
| | २.४.७ कर्फ्यु कथामा अभिघातपरक विषयवस्तु | ३३ |
| | २.४.८ हिंसाको मौनता कथामा अभिघातपरक विषयवस्तु | ३५ |
| | २.४.९ गोली कथामा अभिघातपरक विषयवस्तु | ३७ |

२.४.१० अब तँ घर जान पाउँछस् कथामा अभिघातपरक विषयवस्तु ३९
२.४.११ अर्के मान्छे कथामा अभिघातपरक विषयवस्तु ४०
२.४.१२ जननी जन्मभूमिश्छ कथामा अभिघातपरक विषयवस्तु ४२
२.४.१३ डाक्टरनी आमा कथामा अभिघातपरक विषयवस्तु ४३
२.४.१४ विप्लवी कथामा अभिघातपरक विषयवस्तु ४६
२.४.१५ एकालापहरू कथामा अभिघातपरक विषयवस्तु ४७
२.४.१६ आतङ्कको आँसु कथामा अभिघातपरक विषयवस्तु ४९
२.४.१७ आकाश अझैं धुम्म थियो कथामा अभिघातपरक विषयवस्तु ५०
२.४.१८ माओवादी कथामा अभिघातपरक विषयवस्तु ५१
२.४.१९ निरीह कथामा अभिघातपरक विषयवस्तु ५४
२.४.२० रितो कथामा अभिघातपरक विषयवस्तु ५५
२.४.२१ सिपाही र सालिक कथामा अभिघातपरक विषयवस्तु ५७
२.४.२२ मैले कुखुरा बासेको सुनैं कथामा अभिघातपरक विषयवस्तु ५९
२.४.२३ धराप कथामा अभिघातपरक विषयवस्तु ६१
२.४.२४ अज्ञात सहिद कथामा अभिघातपरक विषयवस्तु ६२
२.४.२५ बन्दुक बोकेकी सुन्दरी कथामा अभिघातपरक विषयवस्तु ६४
२.५ निष्कर्ष ६६

**तेस्रो परिच्छेद**

**द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा अभिघातजन्य पक्ष**

३.१ विषयप्रवेश ६८
३.२ सन्त्रास एवम् आतङ्क ६८
३.२.१ ती दुई निर्दोष आँखाहरू कथामा सन्त्रास एवम् आतङ्क ७०
३.२.२ निष्कर्ष कथामा सन्त्रास एवम् आतङ्क ७१
३.२.३ लाकुँरी फेरि फुल्नेछ कथामा सन्त्रास एवम् आतङ्क ७२
३.२.४ प्रत्यक्षदर्शी कथामा सन्त्रास एवम् आतङ्क ७३
३.२.५ कर्फ्यु कथामा सन्त्रास एवम् आतङ्क ७४
३.२.६ गोली कथामा सन्त्रास एवम् आतङ्क ७६
३.२.७ अब तँ घर जान पाउँछस् कथामा सन्त्रास एवम् आतङ्क ७७
३.२.८ अर्के मान्छे कथामा सन्त्रास एवम् आतङ्क ७९
३.२.९ जननी जन्मभूमिश्छ कथामा सन्त्रास एवम् आतङ्क ८०
३.२.१० विप्लवी कथामा सन्त्रास एवम् आतङ्क ८२

३.२.११ आतङ्कको आँसु कथामा सन्त्रास एवम् आतङ्क ८३
३.२.१२ आकाश अझै धुम्म थियो कथामा सन्त्रास एवम् आतङ्क ८४
३.२.१३ रित्तो कथामा सन्त्रास एवम् आतङ्क ८६
३.२.१४ सिपाही र सालिक कथामा सन्त्रास एवम् आतङ्क ८७
३.२.१५ मैले कुखुरा बासेको सुनैं कथामा सन्त्रास एवम् आतङ्क ८९
३.२.१६ धराप कथामा सन्त्रास एवम् आतङ्क ९०
३.२.१७ अज्ञात सहिद कथामा सन्त्रास एवम् आतङ्क ९२
३.३ कारुणिक र बीभत्स पक्ष ९४
३.३.१ ती दुई निर्दोष आँखाहरू कथामा कारुणिक र बीभत्स ९४
३.३.२ एउटी रा, एउटा मो कथामा कारुणिक र बीभत्स ९६
३.३.३ सीताहरू- २३ कथामा कारुणिक र बीभत्स ९७
३.३.४ लाँकुरी फेरि फुल्नेछ कथामा कारुणिक र बीभत्स ९८
३.३.५ कर्फ्यु कथामा कारुणिक र बीभत्स ९९
३.३.६ हिंसाको मौनता कथामा कारुणिक र बीभत्स १०१
३.३.७ अर्कै मान्छे कथामा कारुणिक र बीभत्स १०२
३.३.८ विप्लवी कथामा कारुणिक र बीभत्स १०४
३.३.९ एकालापहरू कथामा कारुणिक र बीभत्स १०५
३.३.१० माओवादी कथामा कारुणिक र बीभत्स १०८
३.३.११ निरीह कथामा कारुणिक र बीभत्स १०९
३.३.१२ रित्तो कथामा कारुणिक र बीभत्स १११
३.३.१३ सिपाही र सालिक कथामा कारुणिक र बीभत्स ११२
३.३.१४ मैले कुखुरा बासेको सुनैं कथामा कारुणिक र बीभत्स ११३
३.३.१५ अज्ञात सहिद कथामा कारुणिक र बीभत्स ११५
३.४ निष्कर्ष ११७

## चौथो परिच्छेद

## द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा शारीरिक अभिघात

४.१ विषयप्रवेश ११८
४.२ द्वन्द्व र युद्धका कथा सङ्ग्रहमा शारीरिक अभिघात ११८
४.२.१ ती दुई निर्दोष आँखाहरू कथामा शारीरिक अभिघात ११९
४.२.२ एउटी रा, एउटा मो कथामा शारीरिक अभिघात १२०
४.२.३ निष्कर्ष कथामा शारीरिक अभिघात १२०

४.२.४ लाँकुरी फेरि फुल्नेछ कथामा शारीरिक अभिघात १२२
४.२.५ हिंसाको मौनता कथामा शारीरिक अभिघात १२२
४.२.६ अर्कै मान्छे कथामा शारीरिक अभिघात १२४
४.२.७ एकालापहरू कथामा शारीरिक अभिघात १२५
४.२.८ माओवादी कथामा शारीरिक अभिघात १२५
४.२.९ निरीह कथामा शारीरिक अभिघात १२६
४.२.१० सिपाही र सालिक कथामा शारीरिक अभिघात १२७
४.२.११ मैले कुखुरा बासेको सुनैं कथामा शारीरिक अभिघात १२८
४.२.१२ अज्ञात सहिद कथामा शारीरिक अभिघात १२९
४.३ निष्कर्ष १३०

**पाँचौं परिच्छेद**

**द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा मानसिक अभिघात**

५.१ विषयप्रवेश १३१
५.२ द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा मानसिक अभिघात १३१
५.२.१ सीताहरू- २३ कथामा मानसिक अभिघात १३२
५.२.२ लाँकुरी फेरि फुल्नेछ कथामा मानसिक अभिघात १३३
५.२.३ हिंसाको मौनता कथामा मानसिक अभिघात १३४
५.२.४ गोली कथामा मानसिक अभिघात १३६
५.२.५ अर्कै मान्छे कथामा मानसिक अभिघात १३७
५.२.६ आतङ्कको आँसु कथामा मानसिक अभिघात १३८
५.२.७ आकाश अझै धुम्म थियो कथामा मानसिक अभिघात १३९
५.२.८ रित्तो कथामा मानसिक अभिघात १४१
५.२.९ जननी जन्मभूमिश्छ कथामा मानसिक अभिघात १४२
५.२.१० माओवादी कथामा मानसिक अभिघात १४३
५.२.११ धराप कथामा मानसिक अभिघात १४४
५.३ निष्कर्ष १४५

**छैटौं परिच्छेद**

**सारांश तथा निष्कर्ष**

६.१ सारांश १४७
६.२ निष्कर्ष १४९
**सन्दर्भ सामग्री सूची** **१५२**

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको मुख्य विषय *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा प्रयुक्त अभिघातको अध्ययन गर्नु रहेको छ । यस सन्दर्भमा शोधको विषयअन्तर्गत अभिघात सिद्धान्त र *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह रहेका छन् । यी दुई पक्षमध्ये अभिघात सिद्धान्त आधार भूमिका रूपमा रहेको छ भने *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह अध्ययनको प्रमुख विषयको रूपमा रहेको छ । यही आधारमा यहाँ क्रमशः पहिले अभिघात सिद्धान्त र तत्पश्चात *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको परिचय दिइएको छ ।

'अभिघात' शब्दको अर्थ काटामार, प्रहार, कसैप्रतिको आक्रमण, हमला, चोटपटक भन्ने हुन्छ । शारीरिक चोटपटकको उपचारका क्रममा सुरु भएको अभिघात (ट्रमा) शब्द मानसिक एवं संवेगात्मक रूपमा गहिरो चोटपटकलाई जनाउन चिकित्सा क्षेत्रमा प्रयोग भएको हो । त्यसै गरी 'ट्रमा' शब्द फ्रायडको नवमनोविश्लेषण सिद्धान्तमा सम्बन्धित रहँदै हाल आएर साहित्यिक समालोचनाको एउटा नौलो सिद्धान्तका रूपमा स्थापित भएको छ । साहित्यिक क्षेत्रमा अभिघात भन्नाले मानसिक कमजोरी वा पीडादायी अनुभूतिलाई उल्लेख गरेको सिर्जनालाई बुझिन्छ । त्यस्तै अभिघात समालोचनाले शारीरिक एवं मानसिक कष्टप्रद घटनाले उब्जाएको अवस्थालाई आधार बनाएर गरिएको साहित्यिक कृतिको विश्लेषणलाई बुझाउँछ । विभिन्न किसिमका चोट, घटना, प्रहार, सन्त्रासयुक्त वातावरण, युद्ध र अझै भन्ने हो भने शारीरिक एवं मानसिक असरबाट अभिघात सिर्जित हुन्छ । अभिघातका प्रकारका बारेमा धेरै विचार आएता पनि मुख्यतया शारीरिक र मानसिक गरी दुई किसिमका अभिघात हुन्छन् । मनोविज्ञान र साहित्यको क्षेत्रमा मानसिकअभिघातलाई मुख्य विश्लेषणीय विषयको रूपमा लिइएको पाइन्छ । आन्तरिक तथा बाह्य विभिन्न किसिमका परिघटनाका कारण व्यक्ति अभिघातको सिकार बन्न पुग्दछ । पात्रले यस्तै किसिमका घर, समाज, आर्थिक अवस्था, राज्यको कानुनी अवस्था आदिको दबाब र अभावपूर्ण वातावरणले अथवा आफ्नो शारीरिक चोटपटक कमजोरीको कारण अभिघातजन्य भोगाइ व्यहोर्नु परेको पक्षलाई साहित्यमा सर्जकले अभिव्यक्त गरेको हुन्छ । यही साहित्यिक विधाअर्न्तगतको कथा विधा

वर्तमान समाजका द्वन्द्व, आतङ्क, कारुणिक तथा बीभत्स पक्ष प्रकटीकरणको प्रमुख माध्यम बनेको छ ।

कथा जीवन र जगत्को छोटो समयको कुनै पक्षसँग सम्बधित गद्य भाषामा संरचित आख्यानात्मक रचना हो । कथा सुन्ने र सुनाउने प्रचलन प्राचीन कालदेखि नै चलिआएको पाइन्छ । सुदीर्घ इतिहास बोकेको कथाले नेपाली भाषामा लेख्य स्वरूप प्राप्तिका लागि भने उन्नाइसौँ शताब्दी कुर्नु पर्‍यो । त्यस समयदेखि अहिलेसम्म नेपाली कथामा विभिन्न धारा, मोड तथा प्रवृत्तिहरू देखापरेका छन् । यही नेपाली कथालेखनको आधुनिक कालमा आएर देखापरेका विभिन्न नौला प्रवृत्तिमध्ये अभिघात चेतना पनि एक हो ।

नेपाली कथाको क्षेत्रमा अभिघातको प्रयोग प्रत्यक्ष, अप्रत्यक्ष रूपबाट कथा लेखनको थालनीसँगै सुरुवात भएको पाइन्छ । प्राचीन धार्मिक एवं पौराणिक कथामा पनि विभिन्न युद्ध, डर, सन्त्रासले पात्रको मनोदशामा पीडाको बोध रहेको प्रसङ्ग भेटिन्छ । यिनै अभिघातहरूको प्रसङ्गलाई आधुनिक कथालेखनको प्रारम्भिक समयमा मनोवैज्ञानिक क्षेत्रअन्तर्गत राखी अध्ययन-विश्लेषण गरिन थाल्यो (गिरी, २०७५, पृ. ३१) । सन् १९८० र ९० को दशकमा अन्तर्राष्ट्रिय साहित्यका क्षेत्रमा अभिघात चेतनाको आधिकारिक लेखनी र सैद्धान्तिक मान्यता पाए पश्चात भने नेपाली साहित्यको क्षेत्रमा पनि अभिघातको सचेतनापूर्वक प्रयोग हुन थालेको छ । वि.सं. २०५२ देखि माओवादी सशस्त्र युद्धको घोषणापछि युद्धरत पक्ष र राज्य पक्षबिच युद्ध चर्कियो । दुई पक्षबिचको यो भीषण युद्धको असर राष्ट्रका हरेक क्षेत्र र पक्षमा पर्‍यो । सारा नेपालीमा सन्त्रासको वातावरण फैलियो । यही सन्त्रास नेपाली साहित्यका हरेक विधामा अभिघात चेतना दृष्टिको रूपमा व्यक्त हुनथाल्यो ।

*द्वन्द्व र युद्धका कथा* द्वन्द्वकालीन नेपाली समाजको अभिघातजन्य वातावरणलाई यथार्थ रूपबाट चित्रण गरिएको कथासङ्गह हो । सङ्ग्रहले युद्धकालीन समय (२०५२-२०६३) मा नेपाली समाजले भोगेका दशा, पीडा, दुःख, वेदना, भय, आतङ्क र मृत्युलाई कथाका रूपमा समेटेको छ । गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित उक्त सङ्ग्रहमा जम्माजम्मी पच्चीस जना कथाकारका पच्चीसै कथा रहेका छन् । कथाहरूले एकातिर अपराधको पराकाष्ठालाई देखाएका छन् भने अर्कोतिर नेपाली समाजका ज्यामी, मजदुरजस्ता निम्नवर्ग भोकशोकले मृत्युवरण गर्ने, विदेशिनु पर्ने, हिंसाका गहिरा चोट खानु पर्ने अवस्थामा पुगेको दुर्दान्त घटनालाई देखाएका छन् । यस सङ्ग्रहलाई आधार बनाई कुनै

पनि विस्तृत अध्ययन गरिएको छैन । त्यसैले अभिघात समालोचना सिद्धान्तका आधारमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन आवश्यक ठानी शोधकार्य सम्पन्न गरिएको छ । नेपाली कथामा अभिघात प्रयोग भएको सुदीर्घ परम्परा रहेको पाइन्छ । यो अभिघातको प्रयोगलाई अभिघात सिद्धान्तका आधारमा अध्ययन विश्लेषण गरिन थालेको भने भर्खरैका दशकबाट गरिन थालेको पाइन्छ । केही साहित्य कृतिलाई अभिघातका सैद्धान्तिक दृष्टिले अध्ययन छिटफुट रूपमा भएता पनि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह जस्तो युद्धको सन्त्रास, करुणा र अभिघात बोकेको सङ्ग्रहलाई लिएर कुनै पनि अध्ययन भएको छैन । अझै द्वन्द्व र युद्ध अभिघातका महत्त्वपूर्ण पक्ष सन्त्रास एवं आतङ्क र कारुणिक एवं बीभत्स जस्ता पक्षको अध्ययन विश्लेषण कतै गरिएको पाइँदैन । त्यसैले अभिघात समलोचना सिद्धान्तका आधारमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन आवश्यक ठानी शोधका लागि प्रस्तावित गरिएको छ ।

## १.२ समस्याकथन

*द्वन्द्व युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत कथाहरू द्वन्द्व र युद्ध अभिघातका दृष्टिले सशक्त रहेका छन् । युद्धकालीन समयमा लेखिएका यी कथाहरूमा युद्धको समयमा नेपाली समाजमा देखा परेका विभिन्न किसिमका अभिघातको स्थिति पर्याप्त रूपमा देखिन्छ । प्रस्तुत सङ्ग्रहका कथाहरूमा अभिघातको स्थिति कस्तो रहेको छ भन्ने जिज्ञासा नै यस शोधको प्रमुख समस्याका रूपमा आएको छ । यी कथाहरूबारे गरिएको टिकाटिप्पणीहरूमा उक्त कार्य हुन बाँकी नै रहेको अवस्थामा शोधकार्य गर्नु आवश्यक देखिन्छ । यसका साथै सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा प्रयोग भएको अभिघातलाई शोधकार्यबाट सत्यापन गर्नु ज्यादै महत्त्वपूर्ण देखिन्छ । यस किसिमको अध्ययनले प्राज्ञिक परम्परामा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सहयोग गर्ने देखिन्छ । त्यसर्थ *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूमा अभिघातको प्रयोग के कसरी भएको छ भन्ने मूल जिज्ञासाका साथ यो शोधकार्य गरिएको छ । यस मूल समस्यालाई समाधानमा पुऱ्याउनका लागि छानविन गर्नुपर्ने अरु शोध समस्याहरू यस प्रकार रहेका छन् :

(क) *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा केकस्ता विषयगत सन्दर्भ रहेका छन् ?

(ख) *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा केकस्ता अभिघातजन्य पक्ष रहेका छन् ?

(ग) *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा शारीरिक तथा मानसिक अभिघातको अभिव्यक्ति कसरी गरिएको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्य *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथालाई अभिघात सिद्धान्तका आधारमा अध्ययन गर्ने उद्देश्यले तयार परिएको छ । उक्त कथा सङ्ग्रहमा पाइने अभिघातका स्वरूपको अध्ययन विश्लेषण गर्नु यस शोधको उद्देश्य हो । यसै शोधसँग सम्बद्ध भएर आउने अन्य उद्देश्य यस प्रकार रहेका छन् :

(क) *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाको विषयगत सन्दर्भ अध्ययन गर्नु,

(ख) *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा उल्लिखित अभिघातजन्य पक्षको विश्लेषण गर्नु,

(ग) *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिव्यक्त शारीरिक तथा मानसिक अभिघातको मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्राकृतिक वा मानव निर्मित विभिन्न घटना परिघटनाका कारण मानिसमा आउने शारीरिक एवं मानसिक चोटलाई अभिघात भनिन्छ । साहित्यक क्षेत्रमा भने मानसिक कमजोरी वा पीडादायी अनुभूतिलाई अभिघात भनिन्छ । अभिघात समालोचना भन्नाले शारीरिक एवं मानसिक कष्ठप्रद घटनाले उब्जाएको अवस्थालाई आधार बनाएर गरिने साहित्यिक कृतिको विश्लेषणलाई बुझाउँछ । *द्वन्द्व र युद्ध कथा* सङ्ग्रहमा सङ्गृहित कथाहरूको विषयवस्तु र पात्रहरूमा अभिघातजन्य विविध पक्षहरू पाइने भएकाले यस अध्ययनमा प्रस्तुत कथाहरूलाई अभिघात समालोचनाका दृष्टिले व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । पूर्वकार्यमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह र अभिघात सिद्धान्तलाई आधार बनाएर गरिएका समालोचनात्मक ग्रन्थ, अनुसन्धानात्मक लेख, शोधकार्य आदिलाई समावेश गरिएको छ । पूर्वकार्य कालक्रमिक आधारमा गरिएको छ ।

गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरे (२०६३) द्वारा सम्पादित *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सम्पादक भट्टराईले 'द्वन्द्व, युद्ध र अभिघातका कथा: नेपाली साहित्यमा पहिलो सङ्ग्रहबारे एक सर्वेक्षण' भन्ने शीर्षक अन्तर्गत अभिघात साहित्यबारे चर्चा गरेका छन् । उक्त शीर्षकमा 'विश्व साहित्यमा युद्ध' उपशीर्षक दिई साहित्यको क्षेत्रमा अभिघात लेखन परापूर्वकालबाट भएको कुरा व्यक्त गरेका छन् । अनादिकालमा नै अनेक भयप्रद युद्ध र घटना भएको र त्यसलाई साहित्यले अँगालेको विचारलाई चर्चा गरेका छन् । त्यसैगरी अर्को

उपशीर्षक 'नेपाली साहित्यमा *द्वन्द्व र युद्धका कथा'* मा प्रस्तुत कथा सङ्ग्रहको विश्लेषण गरेका छन् । *द्वन्द्व र युद्धका कथामा* सङ्गृहीत कथाहरू सबै एउटै थिम भएको र जसले विगतको एक दशकभित्र यो देशले भोगेका दुर्दान्त घटनाहरूलाई कथाका रूपमा समेटेको छ भनी समावेश भएका पच्चीस ओटा कथाहरूलाई विषयवस्तुका आधारमा र पात्रविधानका दृष्टिले अध्ययन गरेका छन् । यो पूर्वकार्य अभिघात सिद्धान्त बारे सामान्य जानकारी दिन सक्षम भए तापनि अभिघात सिद्धान्तमै केन्द्रित भएर विश्लेषण गरिएको आलेख भने होइन ।

गोविन्दराज भट्टराई (२०६३) ले 'यी अभिघातका कथाले मुटु हल्लाउन सक्छन्' नामक भूमिका लेखनमा छापामारको छोरो सङ्ग्रहमा सङ्कलित अठार वटा कथालाई अभिघातजन्य कथाका रूपमा परिचित गराएका छन् । दश वर्षे युद्धकालीन दर्दनाक अवस्थालाई सजिव रूपले आफ्ना कथामा उतार्ने कथाकारका रूपमा महेशविक्रम शाहलाई लिँदै सङ्गृहित कथाहरूले मानव मुटु हल्लाइदिन सक्ने शक्ति रहेको कुरा व्यक्त गरेका छन् । प्रत्येक अठार वटै कथामा रहेको भय र पीडालाई अभिघात चेतनाका रूपमा चर्चा गरेका छन् । सङ्गृहित कथामध्ये प्रस्तावित शोधको विश्लेषणीय विषय बनेको 'सिपाही र सालिक' कथालाई काठमाडौँको जनआन्दोलनयुक्त अवस्था अझै विशेष गरी सुरक्षामा खटिएका सुरक्षाकर्मीको मनोदशा ओकलेको कथा भनी विश्लेषण गरेका छन् । उनको यो पूर्वकार्य पनि एउटा कृतिको भूमिका मात्र भएकाले *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूको अभिघात सिद्धान्तपरक अध्ययन भने होइन ।

लक्ष्मणप्रसाद गौतम (२०६३) ले "द्वन्द्व, द्वन्द्वको परिवेश र समकालीन नेपाली द्वन्द्वकथा" शीर्षकको भूमिकामा द्वन्द्वको शब्दार्थ र तात्पर्य, समकालीनताको शब्दार्थ तात्पर्य, समकालीन नेपाली कथामा द्वन्द्वको पृष्ठभूमि र परिवेशका साथै उक्त सङ्ग्रहमा सङ्गृहीत कथामा द्वन्द्व विषयको प्रतिपादन, द्वन्द्व परिवेशको विद्रुपता, विवशता र विद्रोही चेतना तथा द्वन्द्व दमनको अत्याचार, त्रासद परिस्थितिका साथै आत्मलापीय स्वप्न अभिव्यक्तिमा द्वन्द्व पीडाजस्ता शीर्षक उपशीर्षकहरूमा विस्तृत चर्चा गरिएको छ । यस भूमिकामा उनले सङ्ग्रहमा सङ्गृहित तीसओटा द्वन्द्व कथाहरूको यथार्थमा आधारित छोटो चर्चा गरेको पाइन्छ । यसले द्वन्द्वको पहिचान र सिद्धान्तको प्रतिपादन गर्ने कार्यमा सहयोग गर्दछ । यो पूर्वकार्य पनि पुस्तकको भूमिका मात्र भएकाले अभिघात सिद्धान्तकै केन्द्रीयतामा गरिएको विशिष्ट अध्ययन भने होइन ।

कृष्ण गौतम (२०६४) ले “उत्तरआधुनिकताको राष्ट्रिय सन्दर्भ र नेपालीमा द्वन्द्व साहित्य” शीर्षकमा नेपालीहरूको वर्तमान अवस्था, द्वन्द्वका प्रभावले पतनतिर डोरिंदो स्थिति, द्वन्द्वको अर्थ र परिभाषाका बताएका छन् । साथै २०५२ फागुन १ दखि २०६२ फागुनसम्म एक दशक पार गरी सकेको जनयुद्धका बारेमा प्रकाश पारेको देखिन्छ । द्वन्द्वकालीन समयमा सिर्जना गरिएका अथवा लेखिएका साहित्य, कला, सिनेमा आदिले यिनै द्वन्द्वका पीडा, हत्या, हिंसा, आतङ्कलाई अभिव्यक्त गरेको कुरा उनले स्पष्ट पारेको पाइन्छ । उनले यस शीर्षकमा दल र सरकारबिचको द्वन्द्वको प्रभाव साहित्यका पृष्ठ, बिम्ब, प्रतीक, शब्द, अनुच्छेद, अर्थ र अभिप्रायहरूमा पाइने कुरा उल्लेख गरेको देखिन्छ । यस सन्र्दभमा द्वन्द्व विषयमा रचिएका केही कविता, निबन्ध, उपन्यासहरूको छोटकरीमा विश्लेषण गरेको देखिन्छ । उक्त अध्ययनले कथा विश्लेषणमा सहयोग पुऱ्याउने देखिएता पनि अभिघात सिद्धान्तका मान्यतामा भने उक्त लेख अपुरो मानिन्छ ।

गोविन्दराज भट्टराई (२०६४) ले ‘युद्ध साहित्य र अभिघात सिद्धान्त’ नामक खण्डमा ‘सिर्जनाको एउटा उत्तर आधुनिक सिद्धान्तः अभिघात, अभिघातका कथा लेख्ने ती आमाहरू’, द्वन्द्व, ‘युद्ध र अभिघातका कथाः नेपाली साहित्यमा पहिलो सङ्ग्रहकबारे एक सर्वेक्षण’ र ‘जब यी अभिघातका कथाले मुटु हल्लाउन थाल्छन्’ जस्ता शीर्षकहरू दिएर अभिघात सम्बन्धी चर्चा गरेका छन् । जसमा प्रथम शीर्षक अन्तर्गत अभिघातको परिचय दिँदै अभिघात लेखन साहित्यमा किन र कसरी आयो भन्ने विचार व्यक्त गरेका छन् । अभिघात सिद्धान्तको परिचय र यसको ऐतिहासिक परिधानलाई पनि लेखमा व्यक्त गरेका छन् । भट्टराईले दोस्रो शीर्षक अन्तर्गत अभिघात साहित्य लेखन आएको विश्व अवस्था र लेखनको चर्चा गरेका छन् । त्यसैगरी तेस्रो शीर्षकमा युद्ध र द्वन्द्वबाटै विश्व साहित्यमा अभिघात लेखन आएको धारणा अभिव्यक्त गर्दै नेपाली साहित्यमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको चर्चा गरेका छन् । त्यसैगरी लेखको अन्तिम शीर्षकमा महेशविक्रम शाहका कथाहरूको चर्चा गरेका छन् । यो पूर्वकार्य पनि अभिघात सिद्धान्तमै केन्द्रित भएर गरिएको विशिष्ट अध्ययन हुँदाहुँदै पनि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमै केन्द्रित भएर लेखिएको छैन ।

मोहनराज शर्मा (२०६६) ले ‘अभिघातको खोजी र अभिघात अध्ययन’ नामक शीर्षकमा अभिघात सिद्धान्तलाई नवमनोविश्लेषण सिद्धान्तको रूपमा लिएका छन् । मनोविश्लेषण सिद्धान्त भाषापरक हुँदै भएपछि समालोचनाले अभिघात सिद्धान्त ग्रहण गरेको

सन्दर्भ उल्लेख गरेका छन् । मानसिक घाउ पार्ने अति पीडादायी अनुभूतिका रूपमा अभिघातलाई चिनाउँदै दैहिक र मानसिक गरी दुई प्रकारका अभिघात भएता पनि मनोविज्ञान र साहित्यका क्षेत्रमा भने मानसिक अभिघातलाई मान्यता दिएको प्रसङ्ग उल्लेख गरेका छन् । अभिघात के कसरी उत्पन्न हुन्छ भन्ने धारणा व्यक्त गर्दै आलेखमा 'कोही किन बर्दाद होस्' नाटकका पात्रहरूले खेपेका अभिघातलाई चर्चा गरेका छन् । यो अध्ययन कुनै पनि कृतिमा अभिघातको प्रयोगमूलक खोजी गर्ने अध्येताका लागि उपयोगी ठहर्ने भएता पनि समग्र अभिघात अध्ययनको आवश्यकता परिपूर्ति भने होइन ।

लक्ष्मणप्रसाद गौतम (२०६६) ले 'अभिघात समालोचना' उपशीर्षकमा अभिघात र अभिघात साहित्यलाई परिभाषित गर्दै विश्वयुद्धले पश्चिममा युद्धसाहित्य थालनी गरेको उल्लेख गरेका छन् । उनले नेपालमा दसवर्षसम्मको सशस्त्र द्वन्द्वले अभिघात साहित्य सिर्जना भएको विचार व्यक्त गरेका छन् । साहित्यलाई हेर्ने अभिघात समालोचना पद्धति पनि विकसित भएको बताउँदै केही अभिघातपरक नेपाली साहित्यकार र समालोचकहरू उल्लेख गरेका छन् । यसका साथै उनले अभिघात समालोचनामा पाइने प्रमुख प्रवृत्तिगत विशेषताहरूलाई बुँदागत रूपमा उल्लेख गरेका छन् । यो पूर्वकार्य पनि अभिघात सिद्धान्तकै आधारमा गरिएको प्रयोगात्मक विश्लेषण भए तापनि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमै केन्द्रित भएर गरिएको होइन ।

राजेन्द्र सुवेदी (२०६८) ले '*अभिघात सिद्धान्त र नेपाली साहित्यमा यसको प्रभाव*' नामक लेखमा अभिघातको पृष्ठभूमि, व्यक्तिगत वा आन्तरिक अभिघात, राजनीतिक वा सांस्कृतिक अभिघात, अभिघात समालोचनाका उपकरणहरू, अभिघातका कारण र घटना, पूर्वअभिघातको अवस्था, उत्तर अभिघात अवस्था, आत्मपरिचयको स्थापना, आत्म उपचारको सम्भावना, व्यक्तित्व रूपान्तरण, आत्म सुरक्षाको प्रयोग, अभिघातको पूर्व आधुनिक सन्दर्भ, नेपाली साहित्यमा अभिघातको प्रारम्भ र विकास, आधुनिक नेपाली साहित्यमा अभिघातको प्रभावका बारेमा अध्ययन गरेका छन् । यसक्रममा उनले प्राथमिक र माध्यमिक कालमा सिर्जित रचनामा प्राप्त अभिघातको सूचना पनि दिएका छन । सुवेदीले उत्तरवर्ती चरणका काव्य र कवितामा अभिघात, उत्तरवर्ती आख्यानमा अभिघात, उत्तरवर्ती नाटकमा अभिघात, निबन्धमा अभिव्यक्त अभिघात चेतना गरी उत्तरवर्ती चरणका विविध विधामा अभिघातको सङ्केत भएका कृतिहरूको नाम उल्लेख गरेका छन् । उनले नेपाली साहित्यका विविध विधामा देखिएको अभिघातलाई देखाएका छन् । यस पूर्वकार्यले अभिघात अध्ययनमा विषेश

महत्त्व पुऱ्याउने भए पनि यसमा सिद्धान्तको प्रयोग गरी कुनै कृति विषेशको अध्ययन भने गरिएको छैन ।

लक्ष्मणप्रसाद गौतम (२०६६) को "समकालीन नेपाली कविताको वस्तुविश्लेषण" शीर्षकको उपशीर्षक "सशस्त्र द्वन्द्वजन्य परिस्थितिको यथार्थ चित्रण" मा समकालीन नेपाली कविताको भर्खरको परिवेश भनेको २०५२-०५३ यता सुरुभएको सशस्त्र द्वन्द्वको परिवेश हो । यस अवधिमा लेखिएका साहित्यिक कृतिहरूमा सशस्त्र द्वन्द्वको पीडाबोध र युगीन यथार्थको भोगाइ स्पष्ट रूपमा देखिएको कुरा उल्लेख गरेका छन् । गौतमले यस समयावधिमा द्वन्द्वको बर्बर पीडा भोग्न बाध्य जनता अर्थात तेस्रो पक्षप्रति केन्द्रित कविताहरू सबैभन्दा बढी लेखिएको कुरा उल्लेख गर्दै समकालीन नेपाली कविताका मुख्य प्रवृत्तिहरू देखाइ, द्वन्द्वसँग सम्बद्ध समकालीन कविताहरूको विश्लेषण गरेको पाइन्छ । उक्त पूर्वकार्य द्वन्द्व सम्बद्ध कवितामा केन्द्रित भए पनि अभिघातका समग्र पक्ष अध्ययनका अभाव खड्किएको देखिन्छ ।

राजेन्द्र सुवेदी (२०६८) ले 'अभिघात समालोचना चिन्तन' भन्ने शीर्षको लेखमामा साहित्य विश्लेषणको नयाँ धारका रूपमा अभिघातलाई चिनाएका छन् । त्यसैगरी अभिघातवादी साहित्य सिर्जनालाई लिएको देखिन्छ । उनले त्रास र भयका कारण जन्मिने मानसिक संवेगलाई नै अभिघात सिद्धान्त हो भनेको पाइन्छ । भयलाई साहित्यमा सौन्दर्यपूर्ण तरिकाले प्रयोग गर्ने परम्परा पूर्व र पश्चिममा निकै लामो समयदेखि चलेको बताएका छन् । पूर्वका रामायण र महाभारत तथा पश्चिमका इलियड र ओडिसीका कथाहरू द्वन्द्वजन्य आघातबाट जन्मेका हुनाले यिनमा भयको मात्रा प्रबल रहेको छ भनी उल्लेख गरेको देखिन्छ । यसैक्रममा उनले पहिलो र दोस्रो विश्वयुद्धको सन्दर्भ, युद्धका अनेक रूप, युद्धबाट पीडित व्यक्तिमा उत्पन्न त्रास, भय, आघात, नरसंहारका लागि तयार पारिएका हातहतियार र विभिन्न देशमा भएका गृहयुद्ध, शीतयुद्ध तथा हातहतियारको होडबाजीलाई पनि उत्तर आधुनिक अपसंस्कृतिका रूपमा जोडेर चर्चा गरेको पाइन्छ । उक्त लेखले सैद्धान्तिक अवधारणा निर्माणमा सामान्य सहयोग पुऱ्याउने देखिएता पनि यसमा सिद्धान्तको प्रयोग गरी कुनै कृतिको समग्र अध्ययन भने गरिएको पाइदैन ।

राजेन्द्र सुवेदी (२०६८) ले 'अभिघात सिद्धान्त' नामक लेखमा अभिघातको सिद्धान्तका बारेमा उल्लेख गर्दै अभिघातको परिचय, अभिघातका कारणका साथै अभिघातको पूर्वआधुनिक सन्दर्भ उल्लेख गरेका छन् । यस सन्दर्भमा अभिघातको पृष्ठभूमि, व्यक्तिगत वा

आन्तरिक अभिघात, राजनीतिक वा सांस्कृतिक अभिघात, अभिघात समालोचनाका उपकरणहरू, अभिघातका कारण र घटना, पूर्वअभिघातको अवस्था, उत्तर अभिघात अवस्था, आत्मपरिचयको स्थापना, आत्म उपचारको सम्भावना, व्यक्तित्व रूपान्तरण, आत्म सुरक्षाको प्रयोग, अभिघातको पूर्व आधुनिक सन्दर्भ, नेपाली साहित्यमा अभिघातको अध्ययन गरेका छन् । यसक्रममा उनले प्राथमिक र माध्यमिक कालमा सिर्जित रचनामा प्राप्त अभिघातको सूचना पनि दिएका छन । सुवेदीको यो अध्ययन पूर्व अध्ययनमा आधारित देखिन्छ । उनले नेपाली साहित्यका विविध विधामा देखिएको अभिघातलाई देखाएका छन् । यस पूर्वकार्यले अभिघात सिद्धान्तको अध्ययनमा योगदान पुऱ्याउने भएपनि यसमा सिद्धान्तको प्रयोग गरी कुनै कृतिको समग्र अध्ययन नभई संक्षिप्त रूपमा चर्चा मात्र गरिनु यस अध्ययनको सीमा हो ।

शान्तिमाया गिरी (२०६९) ले ‘छापामारको छोरो सङ्ग्रहमा अभिघात’ भन्ने अप्रकाशित शोधमा अभिघात सिद्धान्तको उल्लेख गर्दै यही सिद्धान्तका आधारमा महेशविक्रम शाहको ‘छापामारको छोरो’ कथा सङ्ग्रहका कथाहरूको अध्ययन गरेकी छन् । अध्ययनमा अभिघातका सिद्धान्त, विकासको पृष्ठभूमि, अभिघात विश्लेषणका आधार उल्लेख गर्दै उक्त कथाको विश्लेषण गरेकी छन् । अध्ययनमा युद्धजन्य विभिन्न भयप्रद एवं कारुणिक अवस्थाले अभिघात निम्त्याउने र त्यस प्रकारको परिस्थिति र कथाका पात्रको मनोदशा अभिघातपूर्ण रहेको निष्कर्ष निकालेकी छन् । यस पूर्वकायबाट अभिघात सिद्धान्त र अभिघात सिद्धान्तको कोणबाट गरिने साहित्यिक समालोचनालाई बुझ्न सहयोग पुग्ने भए तापनि ‘छापामारको छोरो’ कथासङ्ग्रमा मात्र केन्द्रित हुनु र अभिघात अध्ययनका महत्त्वपूर्ण पक्ष सन्त्रास, करुणा जस्ताको अभाव देखिनु यस अध्ययनको सीमा हो ।

सरोज दवाडी (२०७२) द्वारा ‘अनुराधा उपन्यासमा अभिघात’ नामक शोध शीर्षकमा शोधकार्य गरेका छन् जसमा अभिघात सिद्धान्तका आधारभूत मान्यताको व्याख्या गर्दै यसका प्रकार र ऐतिहासिक पृष्ठभूमिको चर्चा गरेका छन् । त्यसैगरी अभिघात सिद्धान्तका मान्यतामा विजय मल्लद्वारा लिखित् ‘अनुराधा’ उपन्यासको अध्ययन विश्लेषण गरेका छन् । उपन्यासमा भएका अभिघातका कारक तत्त्व जसले ल्याएका अभिघातजन्य परिणाम र अभिघातमुखी शिल्प पक्षलाई अध्ययनको विषय बनाएका छन् । प्रस्तुत पूर्वकार्य पनि औपन्यासिक कृतिको

अभिघातपरक अध्ययनमा केन्द्रित हुँदाहुँदै पनि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमै केन्द्रित भएर लेखिएको भने होइन ।

उर्मिला ढकाल (२०७३) द्वारा 'ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिघात' शीर्षकमा दर्शनाचार्य तहको शोधकार्य गरेकी छन् । शोधकार्यको मुख्य उद्देश्य ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिघात पहिल्याउनु राखेकी छन् । जसमा उनले केही उपन्यासमा राजनैतिक अभिघात केहीमा सामाजिक अभिघात र केहीमा आर्थिक अभिघात पहिल्याई सोबारे चर्चा गरेकी छन् । शोधमा अभिघात सिद्धान्तको परिचय दिँदै सैद्धान्तिक मान्यता अभिघातका कारण, प्रकार आदिको चर्चा गरेकी छन् । शोधका सोद्देश्यमूलक विधिद्वारा केही उपन्यास छनोट गरी अध्ययन गरिएको र उपन्यासमा अभिघात चेतना प्रबल रूपमा रहेको निष्कर्ष निकालिएको छ । जसबाट अभिघात सिद्धान्तलाई बुझ्न सहयोग पुग्ने देखिन्छ । यो पूर्वकार्य पनि ध्रुवचन्द्र गौतमका औपन्यासिक कृतिमा केन्द्रित भएकाले *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको अभिघातपरक अध्ययनका लागि खासै उपयोगी देखिँदैन ।

राजेन्द्र सुवेदी (२०७३) ले "अभिघात सौन्दर्य चिन्तन र नेपाली साहित्यमा प्रयुक्त अभिघात चेतना" शीर्षकमा अभिघातको परिचय दिँदै थालनी, विकास र नेपाली साहित्यमा त्यसको सुरुवातबारे चर्चा गरेका छन् । लेखमा अभिघातका व्यक्तिगत वा आन्तरिक र राजनीतिक वा सांस्कृतिक गरी दुई ओटा प्रकारको चर्चा गरी अभिघात समालोचनाका उपकरण समेत उल्लेख गरेका छन् । आलेखमा समालोचनाको क्षेत्रमा अभिघात एक नौलो सिद्धान्त भए पनि साहित्य लेखनमा भने जय पराजयको सन्दर्भमा यसको प्रयोग प्राचीन समयबाटै भएको धारणा व्यक्त गरेका छन् । नेपाली साहित्यका फरक फरक विधालाई लिएर अभिघातयुक्त उदाहरणसहित अभिघात प्रयोगको अध्ययन गरेका छन् । समग्र साहित्य र साहित्यमा अभिघात प्रयोगको अवस्थाको जानकारी लिन चाहनेका लागि यो लेख अति उपयोगी ठहरिन्छ तापनि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमै केन्द्रित भएर लेखिएको नभएकाले प्रस्तुत पूर्वकार्य पनि यस अध्ययनका लागि आंशिक रूपमा मात्र उपयोगी देखिन्छ ।

ज्ञानु अधिकारी (२०७५) ले 'द्वन्द्वकालीन नेपाली कवितामा अभिघात' शीर्षकमा द्वन्द्वकालीन समयका नेपाली कविताहरूमा प्रयोग भएको अभिघात चेतनाको आलेख तयारी पारेकी छन् । आलेखमा अभिघात सिद्धान्तको अवधारणागत मान्यतालाई प्रष्ट पार्दै नेपाली द्वन्द्वकालीन कविताको राजनीतिकसामाजिक सन्दर्भको चर्चा गरेकी छन् । कवितामा

अभिव्यक्त मानसिक पीडा र सन्त्रास एवं आतङ्कमय परिवेशको चित्रण गरिएको छ । जसका अध्ययनले अभिघात सिद्धान्तसम्बन्धी जानकारी लिनेलाई सहयोग पुग्ने देखिन्छ । यो पूर्वकार्य पनि कविता विधामा केन्द्रित भएकाले *द्वन्द्व र युद्धका कथा* सङ्ग्रको अभिघातपरक विश्लेषणका सन्दर्भमा खासै उपयोगी देखिँदैन ।

शान्तिमाया गिरी (२०७५) ले 'आधुनिक नेपाली कथामा अभिघात' पुस्तकमा अभिघात सिद्धान्त र नेपाली कथामा प्रयोग भएको अभिघातलाई सैद्धान्तिक खण्ड र प्रायोगिक खण्ड गरी दुई भागमा बाँडी गहिरो अध्ययन गरिएको छ । सैद्धान्तिक खण्डमा अभिघातको अर्थ, तात्पर्य, पृष्ठभूमि, अभिघातको स्रोत, प्रकार, लक्षण, साहित्यमा अभिघात, अभिघात सिद्धान्तका आधारभूत मान्यता र अभिघात सिद्धान्तअनुसार साहित्य समालोचनाको मापदण्डजस्ता विषयक्षेत्रमा चर्चा गरेकी छन् । त्यसै गरी प्रयोगिक खण्डमा अभिघात सम्बद्ध आधुनिक कथाको सर्वेक्षण, कथामा अभिघातका प्रकार, आधुनिक कथामा अभिघात लेखनको उद्देश्यलाई स्पष्टरूपमा चर्चा गरेकी छन् । समग्र पुस्तकको निष्कर्षका रूपमा नेपाली आधुनिक कथा अझै द्वन्द्व सम्बद्ध नेपाली कथा सोद्देश्यमूलक ढङ्गले अभिघात लेखनका परिणति र पद्धति नभए पनि फरक फरक उद्देश्य अनुसार लेखिए पनि युद्धजन्य परिवेशका कारण देशले भोगेको दर्दनाक र कारुणिक परिवेशलाई अभिघातपूर्ण रूपले कथाले सचेत असचेत रूपमा सजिव अभिव्यक्ति दिएको निष्कर्ष निकालिएको छ । यो पूर्वकार्य पनि नेपाली कथाको अभिघातपरक विश्लेषणका दृष्टिले महत्त्वपूर्ण हुँदाहुँदै पनि *द्वन्द्व र युद्धका कथा* मै केन्द्रित भएर गरिएको चाहिँ होइन ।

नरेन्द्र न्यौपाने (२०२१) ले '*द्वन्द्व र युद्धका कथा* कथा सङ्ग्रहका कथामा अभिघात' नामक शीर्षकमा अभिघात सिद्धान्तका आधारमा यस सङ्ग्रहका कथाको अध्ययन गरी आलेख तयार पारेका छन् । आलेखमा अभिघात सिद्धान्तको सैद्धान्तिक स्वरूपबारे चर्चा गर्दै सोद्देश्यमूलक केही कथा छनोट गर्दै कथामा अभिव्यक्त शारीरिक, मनोवैज्ञानिक र लैङ्गिक अभिघातको उदाहरणसहित चर्चा गरेका छन् । कथामा अभिव्यक्त भएको सन्त्रास कारुणिक एवं आतंकमय परिवेशलाई मिहीन ढङ्गले केलाएर *द्वन्द्व र युद्धका कथा*मा विगतको युद्धकालीन एक दशकभित्र देशले भोगेका त्रासद घटना र आतङ्मय वातावरणमा सर्वसाधारणले भोग्नु परेका दशा, पीडा, दुःख, वेदना, भय र मृत्युलाई अभिघातपूर्ण शैलीका माध्यमबाट अभिव्यक्त

भएको निष्कर्ष निकालेका छन् । यस अध्ययनले प्रस्तुत शोधकार्यको सैद्धान्तिक एवं प्रायोगिक पक्षलाई मदत्त पुऱ्याउने देखिए तापनि कृतिको विस्तृत अध्ययनको अभाव देखिन्छ ।

प्रस्तुत शोधकार्यको सैद्धान्तिक एवं प्रायोगिक कार्यको आधारका लागि माथि उल्लिखित सबै सामग्री महत्त्वपूर्ण रहेका छन् । *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा आधारित भएर गरिएका पूर्वकार्यहरूमा कथा सङ्ग्रहको भूमिकाको रूपमा लेखिएको गोविन्दराज भट्टराईको लेख रहेको छ । त्यसै गरी भट्टराईकै अर्को भूमिकामूलक 'यी अभिघातले मुटु हल्लाउन थाल्छन' नामक आलेखमा प्रस्तुत कथा सङ्ग्रहमा सङ्गृहीत 'सिपाही र सालिक' कथाको चर्चा गरेका छन् । शान्तिमाया गिरीको प्रस्तुत शोधकार्यमा राखिएका दुबै पूर्वकार्य पनि यस सङ्ग्रहसँग सम्बन्धित रहेका छन् । नरेन्द्र न्यौपानेले प्रस्तुत कृतिमा आधारित भएर आलेख तयार पारेका छन् । यी बाहेकका पूर्वकार्यहरू अभिघात सिद्धान्तसँग सम्बन्धित छन् । पहिलो प्रकारका पूर्वकार्यले *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका बारे अध्ययन गरी त्यसबारे जानकारी प्रदान गरेका छन् । त्यसैगरी दोस्रो प्रकारको पूर्वकार्यको अध्ययनले अभिघात सिद्धान्तका आधारभूत मान्यता सम्बन्धी जानकारी दिएका छन् । जसबाट उक्त कथा सङ्ग्रहका कथाको अध्ययन विश्लेषणमा सहयोग पुऱ्याएको छ । सम्पूर्ण पूर्वकार्यहरूलाई नियाल्दा नेपाली कथा, उपन्यास, कविता लगायतका विधाहरूमा प्रयुक्त अभिघातबारे कही मात्रामा अध्ययन विश्लेषण गरेको पाइएता पनि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमै भई अभिघातको अध्ययन विश्लेषण तथा मूल्याङ्कन गरिएका छैनन् । अझै युद्ध अभिघातका महत्त्वपूर्ण पक्ष सन्त्रास तथा आतङ्क र कारुणिक एवं बीभत्स जस्ता पक्षको कुनै पनि अध्यताले अध्ययन नगरिएको परिप्रेक्ष्यमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघात नामक अध्ययनले उक्त अभावको परिपूर्ति गरेको पाइन्छ ।

## १.५ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि उपयोग गरिने सामग्री सङ्कलन र विश्लेषण विधि यस प्रकार रहेका छन् ।

### १.५.१ सामग्री सङ्कलन

प्रस्तुत शोधकार्यका समस्याहरूसित सम्बन्धित सामग्री सङ्कलन पुस्तकालयीय अध्ययन कार्यका आधारमा गरिएको छ । त्यस्तै सामग्री सङ्कलनका लागि प्राथमिक र द्वितीय स्रोतको उपयोग गरिएको छ । जसमा प्राथमिक स्रोतका रूपमा मुख्यतया *द्वन्द्व र*

*युद्धका कथा* कथासङ्ग्रह रहेको छ । सङ्ग्रहका कथाहरूको अध्ययनबाट अभिघातसँग सम्बद्ध सैद्धान्तिक मान्यताअनुसार निगनात्मक विधिद्वारा विश्लेषणका लागि आवश्यक तथ्य सङ्कलन गरिएको छ । त्यसैगरी द्वितीयक सामग्रीका लागि *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह सम्बन्धी भएका अनुसन्धानमूलक कार्यका साथै अभिघात सिद्धान्तसम्बन्धी आधिकारिक महत्त्वका ग्रन्थ, विभिन्न अनुसन्धानात्मक लेख, विश्वकोश, शोधप्रबन्ध तथा विद्युतीय माध्यमबाट लिइएका सामग्रीहरू रहेका छन् । विशेषगरी अभिघातसम्बन्धी लेखरचनालाई द्वितीय सामग्रीका रूपमा लिइएको छ ।

### १.५.२ सामग्री विश्लेषण विधि

प्रस्तुत अध्ययन अभिघात सिद्धान्तमा टेकेर *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूको विश्लेषण गरी निष्कर्ष निकालिने भएकाले यो शोधकार्य निगमनात्मक विधिमा आधारित रहेको छ । विषयवस्तु एवं पात्रगत दृष्टिले प्रस्तुत कथा सङ्ग्रहका कथामा प्रस्तुत भएको अभिघातलाई सोद्देश्य नमुना छनोट विधिद्वारा छनोट गरिएको छ । छनोट गरिएका अभिघातित घटनाहरूलाई पाठ विश्लेषण पद्धतिका आधारमा व्याख्या गरिएको छ । समग्रमा भन्नुपर्दा प्रस्तुत कार्य साहित्यिक शोध भएकाले यसमा वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक समालोचना विधिका साथै आवश्यकता अनुसार निर्णयात्मक विधिको पनि उपयोग गरिएको छ ।

### १.५.३ विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययन *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्कलित कथाहरूको अभिघातपरक विश्लेषणमा केन्द्रित छ । मनोवैज्ञानिक शैली र सिद्धान्तको आधार लिँदै आइरहेको अभिघात सिद्धान्तले हाल आएर आफ्नै सैद्धान्तिक मान्यता पाइसकेको पनि छ । उत्तर आधुनिकतासँगै अभिघात एउटा साहित्यिक सिद्धान्तका रूपमा विकसित र स्थापित भएको छ । यस विषयमा अध्ययन गर्ने र यो सिद्धान्तलाई विकसित गर्ने काम जेफ्री हार्टम्यान र ज्याक डेरिडाले गरेका हुन् (शर्मा, २०६६, पृ.६३) । सिग्मन्ड फ्राइडले अभिघातलाई पूर्ण रूपमा मनोविश्लेषण सिद्धान्तका दृष्टिले हेरेता पनि नवमनोविश्लेषणवादी जेफ्री हार्टम्यान र ज्याक डेरिडा जस्ता विश्लेषकहरूले यसलाई भाषापरक दृष्टिले विकास गरे । त्यसपछि अभिघात सिद्धान्तलाई युद्ध र द्वन्द्वका दुर्दान्त घटनासित सम्बन्धित गराएर विश्लेषण गरिन थाल्यो । यस्ता धारणा

राख्ने विश्लेषक मध्ये केथी क्यारुथ, डोमिनिक लाकाप्रा, स्वसना फेलम्यान, ज्रेफी हार्टम्यान, विना दास, जेफ्री अलेक्जेण्डर आदि रहेका छन् ।

सामान्य रूपमा कुनै पनि खालका चोटपटक वा घातप्रतिघातलाई अभिघात भनिन्छ । कुनै पनि युद्ध, लडाई, झगडा, वाद, प्रतिवादका कारण मानिसमा शारीरिक वा मानसिक पीडाबोध हुन्छ, जसलाई अभिघात भनिन्छ । अभिघात शब्दको प्रयोग चिकित्साविज्ञानबाट सुरु भई मनोविज्ञान, सामाजिक, राजनीतिक, सांस्कृतिक क्षेत्र हुदै साहित्यमा प्रवेश गरेको हो (कोफ, सन् २००८, पृ.४३) । अभिघातहरू प्राकृतिक वा मानव निर्मित कुनै पनि कारणले हुनसक्छन् । त्यसैगरी यस्ता किसिमका अभिघात मुख्यतया बाह्य तहमा देखिने शारीरिक वा आन्तरिक तहमा देखिने मानसिक गरी दुई किसिमका हुन्छन् । अझै साहित्यको क्षेत्रमा मानसकि अभिघातलाई नै अभिघात भनेर चिनाइएको हुन्छ । अभिघातजन्य विषयवस्तु तथा अभिघातग्रस्थ पात्रको प्रयोग भएको साहित्य अभिघात साहित्य हो ।

कोफ मार्टिनले विश्वयुद्धले पारेको प्रभाव तथा द्वन्द्व, हत्या, आतङ्क, तनाव आदिका साथै सन्त्रस्त जीवन वाचेकाहरूका भोगाइ वा पीडालाई प्रस्तुत गरी साहित्यिक रचनाहरू लेखिए र पछि यस्तै साहित्यलाई अभिघात साहित्य भनियो भनी अभिघातलाई परिभाषित गरेकी छन् (अधिकारी, २०७५, पृ.४८) । यसरी युद्धजन्य परिस्थिति, पारिवारिक परिस्थिति अथवा अन्य सामाजिक,सांस्कृतिक परिस्थितिका कारण व्यक्तिमा आएको सङ्कट, मृत्यु, विछोड, विनास, बलात्कार, अपहरण आदि सङ्कटवस्थाले भोक्ता वा द्रष्टाको मानसिकतामा तत्काल उसले पूर्ण स्वीकार गर्न नसक्ने र त्यसबाट असीम पीडा उत्पन्न भई त्यही पीडाको फलस्वरूप ऊ मानसिक रूपमा विक्षिप्त स्थितिमा पुग्ने गर्दछ । जसका कारण व्यक्तिमा उसको सोच्ने तरिका, उसको सिक्ने तरिका, उसको सम्झने तरिका, उसको अनुभव गर्ने तरिका, उसको अरू प्रतिको धारण र समग्रमा उसले यस समाज र विश्वलाई हेर्ने दृष्टिकोणमा असामान्य दृष्टिकोण बन्नपुग्दछ । अभिघात समालोचनाले कृतिमा अभिघातको प्रकार पहिचान गर्छ । यसले कृति वा रचनानमा युद्धजन्य सन्त्रासको अभिव्यक्ति कस्तो छ, युद्धजन्य सन्त्रासका कारण केकस्तो मानसिक आघात जीवन र समाजले भोगेको छ र कृतिमा त्यसको प्रतिबिम्ब कसरी आएको छ भन्नेजस्ता विविध पक्षको अध्ययन गर्दछ ( गौतम, २०६६, पृ. ३९१-३९२) । यसरी समग्रमा भन्दा अभिघात सिद्धान्तले शारीरकि एवं

मानसिक पीडा, अभिघातजन्य परिस्थिति, सन्त्रास एवं आतङ्कमय परिवेश तथा कारुणिक शोक र बीभत्स पक्षको अध्ययन गर्दछ ।

### १.५.४ कथाको अभिघात विश्लेषणका आधारहरू

प्रस्तुत शोधकार्यको मूल सैद्धान्तिक आधारका रूपमा अभिघात सिद्धान्तलाई लिइएको छ । प्रस्तुत शोधकार्यको सैद्धान्तिक आधारका रूपमा यही अभिघात सिद्धान्त सम्बन्धी केथी क्यारुथको पुनःस्मृति, डोमिनिक लाकाप्राको पुनःस्मृति र शमनवृति, स्वसना फेलम्यानको अभिव्यति साक्षी, ज्रेफी हार्टम्यानको साक्षी, विना दासको भावनात्मक प्रभाव तथा जेफ्री अलेक्जेण्डरको साँस्कृतिक अभिघात जस्ता सैद्धान्तिक मान्यतालाई मूल रूपमा लिइएको छ । यिनै मान्यताका आधारमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा रहेको अभिघातलाई व्याख्या विश्लेषण गरिएको छ । विश्वमा दिन प्रतिदिन भइरहेका युद्ध र युद्धजन्य पीडा अभिव्यञ्जित अभिघातपरक साहित्य विश्लेषणका आधार सिद्धान्तका रूपमा शारीरिक तथा मानसिक पीडा, अभिघातजन्य परिस्थिति, सन्त्रास एवं आतङ्क, कारुणिक दुःख र बीभत्स पक्षलाई लिइएको छ (क्यारुथ, सन् १९९६, पृ. ७२-७५) । यसरी युद्धसाहित्यको अभिघात विश्लेषणका विविध पक्षमध्ये उपर्युक्त पक्षमा विश्लेषण गर्नु सान्दर्भिक पनि ठहरिन्छ ।

#### (क) अभिघातका कारक तत्त्व

शारीरिक वा मानसिक आघातलाई अभिघात भनिन्छ । अभिघात उत्पन्न कुनै न कुनै कारणबाट हुनजान्छ । चाहे त्यो कारण जन्मसिद्धि पनि हुन सक्छ भने जन्मपश्चात पनि हुन सक्छ । खास गरी अभिघातको कारण प्राकृतिक होस् वा मानव निर्मित घटना गरी दुई प्रकारका हुने गर्दछन् । पूर्व अवस्था र उत्तरावस्थाका बिचको स्थिति आकलन गरिने रेखाको पूर्व र पश्चातको मध्यबिन्दुको घटना नै अभिघातको कारण बनेर उपस्थित भएको हुन्छ । युद्धका विभीषिकाको यातना, पलायन र विस्थापन, आफन्तजनको मृत्यु, घृणा, हिंसा, धोका, परिस्थिति बिग्रनु, सम्बन्ध बिग्रनु, गल्तीसमन क्षमता नहुनु, पश्चाताप लाग्नु, महत्त्वाकाङ्क्षा पुरा नहुनु, आघात, आवेश, उत्तेजना, बलत्कार, यौनक्षमता जस्ता पक्ष अमिघातका कारण तत्त्व हुन्छन् (सुवेदी, २०७३, पृ. ४९-५०) । कुनै वर्ग, समुदायले गरेको कुनै कार्यले वा आफ्नै विचार वा कार्यले शारीरिक वा मानसिक रूपमा आघात पर्न जान्छ । जसका कारण विस्तारै व्यक्ति होस् वा सम्पूर्ण वर्ग समुदाय विस्तारै अभिघातित बन्न पुग्दछ ।

### (ख) अभिघातको अवस्था

मानव सिर्जित वा प्राकृतिक जुनसुकै कारण अभिघात भएपनि मानिस पूर्ण रूपमा अभिघातित् अवस्थामा आइपुगे पश्चात त्यसका लक्ष्मण देखाउन थाल्छ । सबै परिवेश र अवस्थामा यस्तो नहुन पनि सक्छ । आघात वा चोट पुग्नु भन्दा पहिले पनि केही सामान्य लक्षण वा पूर्व आघात अवस्थामा पनि कुनै लक्षण देखा पर्न सक्छन् । यस्तो लक्षण प्रायः शारीरिक भन्दा मानसिक अभिघातमा देखिन जान्छ । यसरी पूर्ण रूपमा असर पर्नु अघिको अवस्थालाई पूर्व अभिघातको अवस्था र पछिको अवस्थालाई उत्तर अभिघातको अवस्था भनिन्छ । मानसिक तहमा परेको गम्भीर क्षतिको क्षणभन्दा पूर्वको स्थिति र त्यस क्षणपश्चातको स्थितिका आधारमा अभिघातको विश्लेषण गर्न सकिन्छ (सुवेदी, २०७३, पृ.५२) । पात्र वा व्यक्तिको आघात वा चोट अघिको अवस्था पूर्वअभिघात हो । त्यो सामान्य स्थितिको अवस्था हो । सांस्कृतिक, राजनीतिक वा मानसिक कारण पर्ने अभिघातको पूर्वको स्थितिमा पनि केही सामान्य लक्षण देखिन सक्छन् । त्यसै गरी पात्र वा व्यक्ति पूर्ण रूपमा आघात भइसकेको अवस्था उत्तरअभिघातको अवस्था हो । यसमा विभिन्न जटिल किसिमका अभिलक्षण देखिन्छन् । यस अवस्थालाई पात्रको विचलित अवस्था पनि भन्न सकिन्छ ।

### (ग) अभिघातका प्रकार

मानिसमा पर्ने चोट वा घातको ढाँचा वा किसिमलाई अभिघातका प्रकार भनिन्छ । अभिघातका प्रकार बारे कुनै पनि विद्वान्को एकमत पाइदैन । अभिघातका स्रोत अभिघातका लक्षण, अभिघातका, सिर्जनाका प्रकृति आदिका आधारमा अभिघातका प्रकारलाई धेरै किसिमका रूपमा वर्गीकृत गरेको पाइन्छ । सांस्कृतिक अभिघात, राष्ट्रिय अभिघात, अन्तर्राष्ट्रिय अभिघात, वैयक्तिक अभिघात, सामाजिक अभिघात, आन्तरिक अभिघात, बाह्य अभिघात, भौतिक अभिघात, प्राथमिक अभिघात, द्वितीय अभिघात, ऐतिहासिक अभिघात, प्राकृतिक अभिघात, मान निर्मित अभिघात, लैङ्गिक अभिघात, शारीरिक अभिघात, मानसिक अभिघात, संरचनात्मक अभिघात, मुक्तिदायक अभिघात आदि विभिन्न अभिघातको चर्चा भएको पाइन्छ । जेसुकै कारण वा जुनसुकै स्रोत वा जसलाई जसरी, जहाँबाट भए पनि अभिघात मुख्य गरी व्यक्तिमा शारीरिक वा मानसिक रूपमा देखिने हुन्छ । त्यतिमात्र नभइ अभिघातित हुने जुनसुकै राष्ट्र, अन्तर्राष्ट्र, समाज, वर्ग, समुदाय, संस्कार, जात राजनीति, वा लिङ्गको भए पनि त्यो नितान्त एक एक व्यक्ति कै रूपमा निर्माण हुने र त्यो आघात वा

चोट नितान्त एक व्यक्तिमा शारीरिक वा मानसिक असर पर्ने हुँदा अभिघात मुख्यतया शारीरिक र मानसिक रूप गरी दुई प्रकारका रहने गर्दछन् । प्रस्तुत शोधकार्यमा पनि यही दुई प्रकारका अभिघातको पहिचान गरी विश्लेषण गरिएको छ ।

**(घ) अभिघातका लक्षण**

व्यक्ति जब पूर्ण अभिघातित हुन्छ तब केही न केही अभिघातपूर्ण व्यवहार गर्न थाल्छ । ऊ जानीनजानी भोगेको घटनासँग सम्बन्धित विकृति देखाउन पुग्छ; जसलाई अभिघातका अभिलक्षण भनिन्छ । विगतमा भोगेका अभिघातजनक घटनासँग सम्बन्धित दुःखपूर्ण भोगाइको पटक पटक हुने पुनः अनुभूति तथा पुनः स्मरण नै अभिघातको प्रमुख लक्षण हो (गिरी, २०७५, पृ. ४९) । काहिलेकाही र कुनै कुनै प्रकारको अभिघातको पूर्वअभिघात अवस्थामा पनि केही सामान्य किसिमका लक्षण देखिन थाल्छन् भने अभिघातको उत्तर अवस्थामा पूर्ण रूपको अभिघातका अभिलक्षण देखिएका हुन्छन् । अभिघातका कारण अनुसार लक्षणमा पानि फरक हुन्छन् । अभिघातित् पात्रको निन्द्रा, भोजन, दुःखाई, शक्तिमा ह्रास एवं गडबढी देखिनु अभिघातको मुख्य लक्षण मान्न सकिन्छ । अभिघातित् व्यक्तिमा चिन्ता, निराशा, छटपटी, चिडचिडाहट, आक्रोश, रिस, रोइरहने, डराउने जस्ता असामान्य भावनासँग सम्बन्धित अभिलक्षण पनि देखिएका हुन्छन् । अभिघातले व्यक्तिको स्मृतिका साथै आत्मबल निर्णायक क्षमतामा पनि कमि ल्याएको हुन्छ । त्यसै गरी उनीहरू घटेको घटना सपना वा विपनामा स्मृतिममा दोहोरिने हुँदा त्यससँग मिल्दा वस्तु, ठाउँ व्यक्तिबाट सदा टाढा रहन खोज्छ । यी सम्पूर्ण अभिलक्षण समय, ठाउँ, र अवस्था अनुसार फरक भइरहन्छन् । यसरी समग्र रूपमा भन्दा अभिघातित् पात्र वा व्यक्तिमा देखिएका असामान्य व्यवहारलाई अभिघातका लक्षण भनिन्छ ।

**(ङ) अभिघातका परिणाम**

सामान्य रूपमा भन्दा अभिघात भए पश्चात व्यक्रिले असामान्य व्यवहार देखाउँन थाल्छ । त्यही असामान्य किसिमका व्यवहार वा लक्षणले उसमा एक प्रकारको प्रभाव पार्न थाल्छ । त्यही प्रभाव वा असर नै अभिघातको परिणाम हो । अभिघातको परिणाम सकारात्मक र नकारात्मक गरी मुख्यतया दुई भागमा बाड्न सकिन्छ । अभिघातको असरले दीर्घकालीन खराब एवं भयावह परिणाम ल्याउँछ । जसलाई नकारात्मक परिणाम भनिन्छ । त्यसै गरी अभिघात विश्लेषणको आधार सम्बन्धी मान्यताको प्रतिस्थापन गर्ने कथी कारुथ

(Unclaimed Experience : Trauma, Narative and History, 1996) ले व्यक्तित्व विशेषलाई महत्त्व दिँदै खलबलिएको व्यक्तित्व विस्तारै सुधार हुँदै जाने कुरा अभिव्यक्त गरेकी छन्, जसलाई सकारात्मक परिणाम भन्ने गरिएको पाइन्छ । कारुथले मानिसको व्यक्तित्व विस्तारै सहजता र स्वभाविकतातिर रूपान्तरण हुँदै जाने र अभिघातका तह र अभिघातका प्रकार वा परिवेश अनुसार त्यसको परिणाम निर्धारण गर्न सकिने कुरा बताएकी छन् । यौनिकता, शरीर, मन, महिला जाति, इतिहास, हिंसा आदिका कारण भएको अभिघात सबैभन्दा बढी खतरनाक हुने कुरा काथी कारुथद्वारा बताइएको छ । रूपान्तरणतर्फ प्रस्थान, व्यक्तित्वको पतन, व्यक्तित्वको जलन, व्यक्तिमा जागरण जस्ता परिणाम निम्तिन सक्छन् । समग्रमा भन्दा व्यक्तिमा सकरात्मक र नकरात्मक परिणाम देखा पर्दछन् र व्यक्तिको वैयक्तिक, यौनिक, लैङ्गिक, शारीरिक, भौतिक, सामाजिक, धार्मिक, आर्थिक र सांस्कृतिक जस्ता पक्षमा असर गरेको हुन्छ ।

समग्रमा भन्दा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघातलाई मुख्य विषय बनाइएको प्रस्तुत अध्ययनको प्रमुख विश्लेषणीय आधार अभिघात सिद्धान्त नै हो । यस कथा सङ्ग्रहका कथाहरूको अभिघातपरक अध्ययनमा उठाइएका समस्याकथनमध्ये *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा केकस्ता विषयगत सन्दर्भ रहेका छन् । प्रश्नसँग सम्बन्धित सामग्री विश्लेषणका लागि तत्कालीन राजनीतिक सामाजिक सन्दर्भ, अभिघातपरक विषयवस्तु, अभिघातित पात्र जस्ता शीर्षकमा आधारित भई गरिएको छ । त्यसै गरी शोधकार्यको दोस्रो जिज्ञासा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा केकस्ता अभिघातजन्य पक्ष रहेका छन् प्रश्नको लागि सन्त्रास एवं आतङ्क, कारुणिक र बीभत्स जस्ता पक्षका आधारमा विश्लेषण गरिएको छ । शोधप्रश्न 'ग' सँग सम्बन्धित सामग्रीको अध्ययनको लागि कथा सङ्ग्रहका कथामा शारीरिक तथा मानसिक अभिघात जस्ता अभिघातका सिद्धान्तसँग सम्बन्धित मान्यताको उपयोग गरिएको छ ।

### **१.६ शोधको सीमाङ्कन**

प्रस्तुत अध्ययन *द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा सङ्गृहीत कथाहरूको अभिघातपरक विश्लेषणमा केन्द्रित रहेको छ । अभिघातको सैद्धान्तिक मान्यतामा केन्द्रित रही *द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा अभिव्यक्त अभिघातको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको क्षेत्र हो । अभिघात सिद्धान्तअन्तर्गत पर्ने अनेकौं

पक्षहरूमध्ये सन्त्रास एवम् आतङ्कमय परिवेश र कारुणिक तथा बीभत्स पक्षसँग सम्बन्धित विषयवस्तुको उल्लेख गरी शारीरिक र मानसिक अभिघातमा मात्र शोध केन्द्रित रहेको छ । अध्ययन प्रस्तुत कृतिका कथाहरूमा प्रयुक्त शारीरिक एवं मानसिक अभिघातका कारण पत्ता लगाई त्यसले निम्त्याएका अभिघातित पक्षमा केन्दित रहेको छ । शोधविधिका रूपमा माथि उल्लिखित १.५.२ लाई उपयोग गरिनेछ । *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत कथामा प्रयुक्त अभिघातजन्य पक्ष र अभिघातलाई अभिघात सिद्धान्तको मान्यतामा विश्लेषण गर्नु शोधको सीमा हो ।

## १.७ शोधको औचित्य

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूका केही पक्षबारे छिटफुट अध्ययन भए तापनि अभिघतका दृष्टिले अध्ययन हुन बाँकी रहेको अवस्थामा यो अध्ययन अत्यन्त नवीन एवं मौलिक हुनका साथै प्रज्ञिक समेत भएको देखिन्छ । तसर्थ यही अभाव मेटाउनु नै यस अध्ययनको औचित्य र महत्त्व रहेको छ । यसबाट विद्यार्थी, जिज्ञासु पाठक र प्राज्ञिक वर्गलाई यो निकै उपयोगी सावित भएको छ । यसका अतिरिक्त अभिघात समालोचनाको सिद्धान्तका आधारमा कृतिविश्लेषणका सम्बन्धमा उठ्ने प्राज्ञिक जिज्ञासाको यस शोधबाट सीमित रूपमै भएपनि समाधान मिल्ने देखिन्छ । नेपाली कथाको परम्परामा अभिघात समालोचनाका आधारमा मौलिक कथामा निहित मौलिक ज्ञानको प्रतिपादन भएको देखिन्छ । अभिघात सम्बन्धी भएका विभिन्न दृष्टिकोणलाई एकन्वित गरेर अध्ययन विश्लेषण गरिएको हुनाले तत् सम्बन्धी भएका विभिन्न भ्रम, मतभिन्नता र गलत अवधारणा सम्बन्धी स्पष्ट धारणा बन्न केही मात्रामा सहयोग पुगेको देखिन्छ । यो शोधकार्य अभिघात सिद्धान्तका आधारमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाभित्र भएका शारीरिक र मानसिक अभिघात तथा सन्त्रास, आतङ्क, कारुणिक, बीभत्स जस्ता अभिघातका पक्षको अध्ययन विश्लेषण गरिएको हुनाले यस क्षेत्रका अध्यता, शिक्षक, विद्यार्थी, पाठक, समालोचक आदिलाई ज्ञान प्राप्तिमा सहयोग पुगेको देखिन्छ । यसका साथै वस्तुपरक एवं वैज्ञानिक अनुसन्धान प्रक्रियालाई अघि बढाउनमा समेत यस अध्यायनको औचित्य, महत्त्व र उपयोगिता सिद्ध भएको ठानिन्छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधपत्र शीर्षकसँग सम्बन्धित रही शोधका शीर्षक तथा उपशीर्षक निर्धारण गरिएका छन् । अभिघात सिद्धान्तका मान्यतामा आधारित भई उपयुक्त शीर्षक एवं उपशीर्षक राखी अध्ययन तथा विश्लेषण गरिएको छ । समग्र शोधकार्यलाई सुव्यवस्थित र सङ्गठित बनाउन शोधप्रबन्ध निम्नानुसारको शीर्षकमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा विषयगत सन्दर्भ

तेस्रो परिच्छेद : *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघातजन्य पक्ष

चौथो परिच्छेद : *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा शारीरिक अभिघात

पाँचौँ परिच्छेद : *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा मानसिक अभिघात

छैटौँ परिच्छेद : सारांश तथा निष्कर्ष

# दोस्रो परिच्छेद

# द्वन्द्व र युद्धका कथा सङ्ग्रहको विषयगत सन्दर्भ

## २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा नेपाली साहित्यको युद्ध तथा अभिघात कथा लेखनमा योगदान पुऱ्याएको *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको परिचय दिइएको छ । यस सन्दर्भमा नेपाली साहित्यमा आधुनिक कथा साहित्यको आरम्भदेखि नै कथा लेखेर स्थापित बनीसकेका कथाकारद्वारा लेखिएका कथाहरूको सामान्य परिचय प्रस्तुत गरिएको छ । परिचयमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको राजनीतिक-सामाजिक सन्दर्भलाई विश्लेषण गरिएको छ । त्यसैगरी शोधमा कथा सङ्ग्रहको पाठगत विवरण दिइएको छ । कथासङ्ग्रका कथाहरूको अभिघातपरक विषयवस्तु प्रस्तुत नै यस परिच्छेदको प्रमुख कार्य हो । कथामा प्रयोग भएका अभिघातित पात्रको सामान्य परिचयलाई पनि यसै परिच्छेदमा राखिएको छ । परिच्छेदको अन्तिममा निष्कर्ष रहेको छ । राजनीतिक-सामाजिक सन्दर्भमा तात्कालीन दशबर्से माओवादी जनयुद्धको राजनीतिक द्वन्द्वजन्य परिवेशलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । अभिघातपरक विषयवस्तु अन्तर्गत राजनीतिक द्वन्द्वबाट जन्मिएका पीडा जस्तै अपहरण, हत्या, बलात्कार प्रताडना, हिंसा विस्थापनजस्ता घटना परेका छन् ।

## २.२ द्वन्द्व र युद्धका कथा सङ्ग्रहको राजनीतिक-सामाजिक सन्दर्भ

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत कथा द्वन्द्वकालीन नेपालको राजनीतिक एवं सामाजिक सन्दर्भसँग सम्बन्धित रहेका छन् । नेपालको राजनीतिक सन्दर्भलाई हेर्ने हो भने वि.सं. २०५२ देखि वि.सं. २०६३ सम्म माओवादी र सरकारबिच दोहोरो भिषणयुद्ध चलेको थियो । जसलाई द्वन्द्वकाल पनि भनिन्छ । यही द्वन्द्वकालमा देशले भोगेका दुदान्त घटनाहरूलाई नै प्रस्तुत कथा सङ्ग्रहका कथाहरूले आफ्नो विषय बनाएका छन् ।

माओवादी जनयुद्धको समयमा देशले दर्दनाक पीडा खेप्नु पऱ्यो । देशमा जनताको मुक्ति र साम्यवादी राज्यव्यवस्थाको नामले माओवादी पार्टीको स्थापना र भूमिगत युद्धको सुरुवात भयो । विद्यमान ऐन कानुन समाप्त भए । शान्ति सुरक्षाको अन्त्य भयो । देशमा अनेकौ अप्रिय घटनाहरू हुन थाले । दोहोरो शासनप्रणालीको सुरुवात भयो । गाउँमा लुटपाट बढ्यो, अन्याय, अत्याचार एवं रिसिबी बढ्यो । डरलाग्दा युद्ध, आतङ्क र दोहोरो भिडन्तको

सुरुवात भयो । जनताले सुराकीको र सहयोगीको आरोपमा मृत्युवरण गरे । माओवादी जनमुक्ति सेना र नेपाली सुरक्षाकर्मीबिचको दोहोरो भिडन्तमा सर्वसाधारण नेपाली जनता मारिन थाले । युद्धकालीन यस अवधिमा तेह्र हजार निर्दोष जनताको मृत्यु भयो, कति अङ्गभङ्ग भए, घाइते भए, कति विस्थापित भए, कति देश छोडेर पलायन भए (भट्टराई, २०६४, पृ. २४२) । देशभरि जताततै लुटपाट, विस्फोट, आतङ्क मच्चियो । यी सबै घटना सर्वसाधारणमाथि भएका थिए । पहिले पहिले गाउँबाट सुरु भएको यस्तो रक्तपातमय घटनाले सम्पूर्ण गाउँ सहरलाई गाँज्यो । गाउँ र सहरमा शून्यता छायो । अभिघातमा बाँचिरहेका युवापिँढी कोही खाडीमा नरकको जीवन बिताए भने कोही दुवै पक्षको आरोप र भिडन्तका सिकार भए । देशमा शान्ति, सुरक्षा र कानुन होस वा नैतिकताका बन्धनहरू हट्दै गए । देशमा एकातिर माओवादी शासन प्रणाली र अर्कातिर सरकारी गरी दोहोरो शासन प्रणालीको सुरुवात भयो । ती दुई पक्ष एकअर्कालाई विरोधी वा शत्रु ठान्ने प्रवृत्तिले देशमा द्वन्द्वको सीमा चरमोत्कर्षमा पुगेको थियो । जसको परिणाम स्वरूप सर्वसाधारण अपराधका सिकार बने निम्न गरिखाने वर्गको रोजिरोटी समाप्त भयो । कोही मानसिक आघात बने भने कोही शारीरिक आघात । आन्दोलन, हड्ताल, बन्दले जनजीवन ठप्प भयो । जसको कारण युवा वर्ग पलयायतर्फ अघि बढ्यो ।

वि.सं. २०५२ बाट सुरु भएको माओवादी युद्धले यस समयको देशको सामाजिक राजनीतिक अवस्था एकदमै दुःखपूर्ण, त्रासमय, सङ्कटपूर्ण रूपमा बित्यो । त्यही नेपाली समाज वा जनजीवनमा देखिएको यथार्थलाई नेपाली साहित्यकारले आफ्ना साहित्यका विषय बनाएको पाइन्छ । नेपाली साहित्यका विशेषगरी कथामा यस्ता दयनीय र भययुक्त विषयवस्तुलाई प्रस्तुत गरेको पाइन्छ । द्वन्द्व कालको सुरुमा भन्दा पनि खास २०५५/०५६ पछिका साहित्यमा द्वन्द्वको प्रभाव बढी देखिन पुगेको छ (अधिकारी, २०७५, पृ.४९) । युद्धकालीन समयका अभिघात जन्य विभिन्न प्रकारका यथार्थ अवस्थाको प्रस्तुति तत्कालीन कथामा पाइन्छ । देशको वास्तविक परिस्थितिलाई जस्ताको तस्तै प्रस्तुत गरिएका कथाहरूकै सँगालो *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह हो । कथाहरूमा कुनै माओवादी युद्धलाई समर्थन गरी लेखिएका, कुनै राज्यपक्षको समर्थन गरी लेखिएका र धेरैभन्दा धेरै कथा दुवै पक्षप्रति निरपेक्ष रही सर्वसाधारणप्रति समर्थन गरी लेखिएका विषयवस्तु रहेका छन् ।

## २.३ द्वन्द्व र युद्धका कथा सङ्ग्रहको पाठगत विवरण

गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित *द्वन्द्व र युद्धका कथा* युद्धकालीन समयमा देशले भोगेका पीडा, अवसाद, भय र मृत्युका घटनालाई समेटेको सङ्ग्रह हो । देशमा चलेको एक दशक लामो द्वन्द्व र युद्धसँग सम्बन्धित लेखिएका थुप्रै कथाहरू मध्ये २५ जना कथाकारका एकएकओटा कथा यस सङ्ग्रहमा समेटिएका छन् । समयका हिसाबले २०५७ देखि २०६३ भित्र लेखिएका कथाहरू छन् । सङ्ग्रहमा कथाकारहरूको जन्मको कालक्रमानुसार कथाको क्रम राखिएको छ । जसलाई निम्नानुसार तालिकीकरण गरिएको छ ।

| क्र.सं. | कथाको नाम | कथाकारको नाम | रचनाकाल/समय |
|---|---|---|---|
| १ | ती दुई निर्दोष आँखाहरू | रमेश विकल | १० माघ २०६१ नेपाल (साप्ताहिक प्रकाशित) |
| २ | एउटी रा, एउटा मो | मोहोनराज शर्मा | २०६२ चैत्र अप्रकाशित |
| ३ | सीताहरू २३ | परशु प्रधान | २०६२ माघ |
| ४ | निष्कर्ष | डा. धुव्रचन्द्र गौतम | २०६२ चैत्र |
| ५ | लाँकुरी फेरि फुल्नेछ | राजेन्द्र विमल | राजेन्द्र विमलका कथाहरू (२०६२) |
| ६ | प्रत्यक्षदर्शी | भूवन ढुङ्गाना | २०६२ जेष्ठ साप्ताहिक |
| ७ | कर्फ्यु | सनत रेग्मी | २०५८ नेपाल साप्ताहिक |
| ८ | हिंसाको मौनता | पद्मावती सिंह | २०६३ असोज गरिमा |
| ९ | गोली | नरेन्द्रराज पौडेल | स्वप्न यात्रा (२०६२) कथासङ्ग्ह |
| १० | अब तँ घर जान पाउँछस् | मधुवन पौडेल | २०६२ वैशाख अप्रकाशित |
| ११ | अर्कै मान्छे | धुव सापकोटा | नोवेल साहत्यि वार्षिक २०५९ |
| १२ | जननी जन्मभूमिश्छ | नारायण ढकाल | आत्महत्या (२०६२) सङ्ग्रह |
| १३ | डाक्टरनी आमा | प्रदीप नेपाल | २०६० भदौ |
| १४ | विप्लवी | इल्या भट्टराई | अनि ... (२०६२) सङ्ग्रह |
| १५ | एकालापहरू | अविनाश श्रेष्ठ | २०६१ नेपाल (साप्ताहिक) |
| १६ | आतङ्कको आँशु | किशोर पहाडी | २०६२ मंसिर |
| १७ | आकाश अझै धुम्म थियो | सिर्जन शर्मा | अन्त्यहीन पहिराहरू (२०६२) |
| १८ | माओवादी | गोविन्द गिरी 'प्रेरणा' | २०५७ जेठ साधना |

| | | | |
|---|---|---|---|
| १९ | निरीह | ध्रुव मधिकर्मी | २०६३ असार समकालीन नेपाली साहित्य |
| २० | रित्तो | राजेन्द्र पराजुली | जाडोमा भोक (२०६२ सङ्ग्रह) |
| २१ | सिपाही र सालिक | महेश विक्रम शाह | २०६३ जेठ समय (साप्ताहिक) |
| २२ | मैले कुखुरा बासेको सुने | अमोद भट्टराई | छातीमा टाप राखेर (२०६१) सङ्ग्रह |
| २३ | धराप | रोशन थापा 'नीरव' | तेस्रो विश्वयुद्ध (२०६२ सङ्ग्रह) |
| २४ | अज्ञात सहिद | प्रदीप मेन्याङ्बो | पुरुषगन्ध (२०६०) सङ्ग्रह |
| २५ | बन्दुक बोकेकी सुन्दरी | फूलमान बल | काजोल खातून (२०६१ सङ्ग्रह) |

**२.४ द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा अभिघातपरक विषयवस्तु**

गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादन (२०६३) गरिएको *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह युद्ध साहित्यसँग सम्बन्धित अभिघातपरक विषयवस्तुमा आधारित कथाहरूको सङ्ग्रह हो । स्वयम् सपादकले हाम्रो भन्नुमा यो कथा सङ्ग्रह युद्ध कथाको नेपाली साहित्यमा प्रथम सङ्ग्रह हो र दशवर्से युद्धका अपहरण, बेपत्ता, पलायन, भय, द्वन्द्व र मृत्यु जस्ता विभिन्न विषयवस्तुलाई समेटेको कथा सङ्ग्रहको रूपमा तयार पारिएको अभिव्यक्ति दिएका छन् । विषयवस्तु वा कथानकका दृष्टिमा प्रत्येक कथाभित्र फरक फरक कथा भएता पनि यी कथाले कही न कही, द्वन्द्व र युद्धले निम्त्याएका त्रास, करुणा, पीडा, दुःख, वेदना, आतङ्क र मृत्युसँग जोडिएका छन् । कथाहरूमा मुख्यतया माओवादी जनयुद्ध, निरङ्कुश विरुद्ध जनआन्दोलन र विश्व परिवेशमा भएको विभिन्न सम्प्रदायबिचका युद्धसँग सम्बन्धित कथावस्तु रहेका छन् । माओवादी जनयुद्धसँग सम्बन्धित नै रहेका धेरै कथाहरूमा पनि केही माओवादी युद्धलाई समर्थन, केही सरकारी सुरक्षालाई समर्थन र धेरैजसो दुवै पक्ष प्रति निरपेक्ष रही सर्वसाधारण जनतालाई पक्ष पोषण गरेर लेखिएका कथावस्तुमा आधारित रहेका छन् । शोध्य विषयका २५ ओटै कथाको अभिघातपरक विषयवस्तु पाठगत विवरणका आधारमा तल उल्लेख गरिएको छ ।

## २.४.१ ती दुई निर्दोष आँखाहरू कथामा अभिघातपरक विषयवस्तु

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्कलित रमेश विकल (१९८५) को यी दुई निर्दोष आँखाहरू कथामा अपराधको पराकाष्ठा दर्शाउने कथावस्तु रहेको छ । पश्चिमी पहाडमा काटामार चलेपछि तल मैदानतिर झरेको विर्खे, उसको श्रीमती दिलमाया र उनीहरूको छोरो भुन्टेको परिवार छ । सानो झुप्रोमा बसेका त्यो परिवार अरुको भारी बोक्ने र ठेकेदारको काम गर्ने गर्छन । विर्खेको काम गरेको पैसा ठेकेदारले दिएको हुँदैन त्यसकारण विर्खेको घरमा बच्चा भोकले कराइरहेको हुन्छ । विर्खेले ठेकेदारसँग पैसा माग्दा एक हजार मात्र दिन्छ त्यही पनि ल्याएपछि बल्ल विर्खेको घरमा धेरै दिनपछि भात पाक्छ । भुन्टे 'हामलाई भोक लाग्यो भने भात दिनु' भनेर कराइरहेको हुन्छ । सबै जना भोकको कारण भात छिटो खाने मनसायले भात पकाउँछन् । त्यसै बेला ढोका घ्याङ्क खोलेर दुई जना बन्दुकधारी भित्र पस्छन् । चाइँचुइँ केही नगरी एउटाले विर्खेलाई लडाएर खुकुरी तेर्स्याउँछ र भन्छ "तैँ होइनस् हाम्रो सुल्सुले लगाउने ?" (पृ. २१) ।

आफ्नो लोग्नेलाई आएका आतंककारीले लडाएर खुकुरी प्रहार गरेको देख्दा दिलमायाले डराउँदै को हौं तिमीहरू ? किन हामीले कसको के गरेका छौँ ? किन खाली हातको मान्छेलाई अत्याचार गर्छौ ? भन्दा अर्को आएर सुनमायाको हात बटारेर पछार्छ । छोराले कराउँदा उसको सातो खान्छ र भुन्टे ओछ्यानमा घुस्छ । यतिकैमा एउटाले विर्खेलाई पछिल्तिर कसाइले रागेको टाउको रेटेझैं रेटेर टाउको छुट्याइसकेको थियो । त्यसपछि दिलमायाका हात खुट्टा बाँधेर मुखमा टालो कोचेर एक एक गरेर पाशविक यौन तृष्णा मेटेर उसलाई मार्छन् । पकाएर राखेको भात खाएर बाहिरिन्छन् । केही छिनपछि उस्तै फौजी पोसाका दुईजना बन्दुकधारी पस्छन् । उनीहरूले त्यो बीभत्स दृश्य देखेर एकछिन त अकमकिन्छन् र एकछिन पछि एउटाले भन्छ "ए आतङ्कवादीहरूले यहाँ पो हत्याकाण्ड मच्चाए छन् ।" हामी जहिले अपराधिभन्दा चार पाइला पछाडि हुन्छौ । के गर्ने आदेश नै ढिला हुन्छ । भनेर कुरा गर्दै त्यहाँको वातावरणलाई नियालेर हेर्न पुग्छन् । भोक लाग्यो भन्दै त्यहाँको बचेको भात खान्छन् । अनि मरेका लाशको भएका गरगहना र लुगाभित्र लुकाएर राखेको पाँचसय लिएर जान्छन् । लुकेर विस्तरामुनि बसेको निर्दोष अज्ञानी नाबालकले यो सबै दृश्य ट्यालट्वालती हेरिहेको हुन्छ । अर्को दिनको समचारमा त्यो सबै घटना गुन्जायमान हुनपुग्छ ।

तीन भागमा बाँडिएको कथावस्तु आतङ्कारीले बीभत्स हत्या गर्नुसम्म एउटा खण्ड अर्को बन्धुकधारीको समूहलाई लुटपात गरेको मध्य खण्ड र समाचारमा यो विवरण विभिन्न किसिमले व्यक्त गरिनु अन्त्य खण्डमा रहेको छ । यसरी सर्वसाधारण जनताले जनयुद्धको नाममा दुवै पक्षबाट भोगेका कारुणिक र बीभत्स पक्षलाई कथाले मुख्य विषय बनाएको छ ।

### २.४.२ एउटा रा, एउटा मो कथामा अभिघातपरक विषयवस्तु

बन्द, चक्काजाम र हडताललले आम श्रमजीवी नेपाली प्रमाणित भई उनीहरूको रोजिरोटी समाप्त भएको, भोकमरी र निरासाले छटपटिएर अनेक रोग र शोकका सिकार भएको कारुणिक कथावस्तु 'एउटी रा र एउटा मो' कथामा रहेको छ । उक्त कथामा कथावस्तुलाई एघार (११) वटा शीर्षकमा बाँडिएको छ । कथाका दुईओटा पात्र रा र मो को परिचयबाट कथावस्तुको परिचय दिइएको छ । दुवै युवावस्थाका पात्र भए पनि पीडा र निराशाले छियाछिया परेको सुकेको जीवन उनीहरूको रहेको छ । पाँच वर्ष पहिलेको कुरा हो रा विद्यालय पढ्न गएको बेला उसको भाइले बाटोमा फेला पारेको डल्लो वस्तु खेलाउँदा खेलाउँदै घरमा ल्याउँदा पड्केर भाइ, आमा र बुबाको एकै चिहान भएको खबर सुन्न पुग्छे । भक्कानिएर ऊ घरतिर फर्किदै गर्दा चौतारीमा ठोकिएर त्यही इन्तु न चिन्तु भएर लडेकी हुन्छे । त्यही चौतारीमा पत्रिका फिजाएर बेचिरहेको टुहुरो मो उसलाई उदार गरेर होसमा ल्याई घरमा पुऱ्याउँछ । राको घर र घरपरिवार सबै खरानी भइसकेपछि ऊ रालाई आफूसँगै राख्छ । त्यही समयदेखि उसको सानो झोपडी एउटा खाटमा रा र मो अटाएर जीवन चलाएका हुन्छन् । आज त्यही चौतारीमा टोलाएर बसेको रालाई मो एक्कासी साइकलमा हुइकिदै आएर शरचोक जान भन्छ र साइकलको अघिल्तिरको डण्डीमा रालाई राख्दै दुवै अघि बढ्छन् । भत्केको बाटोमा साइकल उछालिदै अघि जोरसँग बढेको हुन्छ । धेरै गारो परेपछि मोले एकाएक रुखको छहारीमा साइकल रोक्छ र राले उसलाई आराम गर्ने बाटोको छेउमा लग्छे । उनीहरू जीवनमा परेका समस्या र पीडालाई सम्भिmदै देशको बिग्रीदो अवस्थाले आफ्नो जीवन नै तहस नहस भएको कुरा गर्छन् । बन्द र हड्ताल धेरै दिन काम गर्न नपाएर तिमी भोकले लडेपछि केही काम नपाएर आफ्नो जीउ अरुलाई बेची खाने गुजेरा गरेको र त्यही समय एडस जस्तो प्राणघातक रोग सरेको कुरा रोले सुनाउँछे । त्यस्तै मोले पनि भट्टि पसलमा गएर जीवनका पीडा वा मेरो लागि तिमीले आफूलाई बेच्न थालेपछि त्यही छटपटाहटलाई भुल्न रक्सी खाएर ठिटीहरूसँग असुरक्षित यौन सम्बन्ध

राखेको र त्यही समय एड्स सरेको कुरा सुनाउन पुग्दछ । यसरी एकअर्कामा आफूले गलत वा अन्याय गरेको आत्मग्लानी व्यक्त गर्छन् । जसरी भए पनि अब हामीलाई अगाडि लगेरै जानेभो भन्दै अब मरेर पनि बाँच्नका लागि केही गर्न र मर्न जाऊँ भन्दै शर्चोकतिर जान्छन् । एड्सले हामीलाई मृत्युको मुखमा पारिसक्यो अब यहाँ मृत्युको मुखबाट शत्रुलाई जित्नुपर्छ भन्दै उनीहरू जोस र जागारका साथ शरचोक पुग्दछन् । त्यहाँ पुग्दा त शर्चोक विशाल वदशालामा परिणत भैसकेको हुन्छ । लोकतन्त्र र स्वतन्त्रताको नारा घन्काउँदै उर्लेको जनसागर एकातिर जरा नभएका रुखझैं ढलिरहेका र काटिएका खसीबोका झै छटपटाइरहेका हुन्छन् । अर्कोतिर मेसिनबाट बनेका राक्षसहरू (सुरक्षाकर्मी) अन्दाधुन्द मारकाट गरिरहेका हुन्छन् । त्यस प्रहारबाट जनमास तितर वितर भएको समयमै रा र मो पुग्छन् र कोही नभाग्नुहोस् आउनुहोस् हामी अघि लाग्छौ हाम्रो पछि आउनुहोस् मानव साङ्लो बनाएर अघि बढ्नु पर्छ । यसरी भाग्यौ भने हामीले प्राप्त गर्न चाहेको लोकतन्त्र प्राप्त हुँदैन । रोक्नुहोस् पाइला, भन्दै जोरजोरले लोकतन्त्र जिन्दाबाद भन्दै अघि बढ्दछन् । त्यो देखेर तितरवितर भएको मानव सागर फेरि एकजुट भई अघि बढ्छ । उताबाट ताकेको तोपको नालको बुझो भएर मो र रा बस्न पुग्दछन् । अरुलाई अन्तिम चरण पार गर्न भन्छन् । त्यही बेला तोप पढ्किन्छ र मोको शरीरको टुक्रा टुक्रा हुन्छ र एउटा ठूलो टुक्रा राँको कोखमा जान्छ । त्यही समयमा मो र राले राष्ट्र र स्वतन्त्रताका लागि साहादत प्राप्त गरिसकेका हुन्छन् । जनसागरले अन्तिम चरण पार गरी लोकतन्त्र प्राप्त गर्न पुग्दछ र रा र मो अम्मर रहुन नेपाली जनता जिन्दावाद भन्ने नारा लगाउँछन् । यसरी शारीरिक अभिघातपरक कथावस्तुको अन्त हुन्छ ।

## २.४.३ सीताहरू २३ कथामा अभिघातपरक विषयवस्तु

सीताहरू २३ कथाको कथावस्तु युद्धकालीन समयकै अपहरण, हत्या, हिंसाजन्य वातारणसँग सम्बन्धित रहेको छ । घरको मूलीको नै अपहरण गरेर कुनै अत्तोपत्तो नभएपछि त्यो घरका अन्य परिवार (केटाकेटी)को अवस्था कति दयनीय हुँदो रहेछ भन्ने कारुणिक विषयवस्तु कथामा व्यक्त गरिएको छ । म पात्रलाई सीता नामक सपनामा आएकी एउटी महिलाले आफ्नो अवस्था व्यक्त गरेको प्रसङ्गबाट कथाको सुरुवात भएको छ । एकालापीय रूपबाट सीताले आफ्नो श्रीमानलाई तीनवर्ष पहिले केही चिम्से केटाहरू आएर उहाँसँग काम छ भनी पस्केको भात समेत खान नदिई लछार पछार गरी लगेको र अहिलेसम्म नफर्केको गुनासो व्यक्र गरेको हुन्छ । म पात्रलाई तपाइँ प्रहरी निरक्षिक होइन भनेर

श्रीमानको खोजीको अपेक्षा समेत उसले गरेकी छे । साझको बेला उसको श्रीमानलाई लगेपछि उसले विहान भए पश्चात सम्पूर्ण गाउँमा खबर गर्छे । उसले धेरै ठाउँमा खोजीगर्दा पनि नभेटेपछि विभिन्न पत्रिकामा छपाउँछे । त्यस्तै गरी विभिन्न एनजियो गुहारियो तर कसैले केही भन्न सकेनन् । समय बित्तै गयो । हरेक खाना खाने बेला श्रीमानको याद आइरहने हुन्छ । त्यस्तै छोराछोरीले बाबा कता गएको कहिले आउने भन्ने जस्ता प्रश्न गरिरहने गर्छन् । बुबाकै अभाव वा बुबाकै पीडामा सानै छोरा कुलतामा फसकेको, छोरी घर छोडेर हिडेको हुन्छे । यही घटनाको कारण ऊ (सीता) आफ्नै जीवनबाट घाइते भएर कहिल्यै मर्न पुग्छे, त कहिले भौतारिएर कताकता पुग्छे । तर कतै श्रीमान फर्किन्छकी भने आसाले ऊ मर्न पनि सक्दिन । उसलाई दिन र रातसम्म थाहा हुँदैन । श्रीमानको बारेमा कहिले सुनौला स्मृति सगाल्छु फेरि होसमा आउँदा चारैतिर शुन्य पाउँछ भन्दै ऊ त्यही मुर्छा पर्छे अनि म पात्र आत्तिएर बिउझन पुग्छ ।

कथामा सन्त्रास र पीडाले भरिएका समग्र नेपाली समाजको तत्कालीक परिवेशको प्रतिनिधिमूलक यथार्थ अवस्थाका रूपमा उक्त कथाको कथावस्तु रहेको छ । मान्छे पक्रिने, थुन्ने, बेपत्ता पार्ने, हरेक समयमा केही पनि हुन सक्ने तर सोधखोज गर्ने कुनै ठाउँ हुँदैनथ्यो । बाचेकाहरू पनि शोक र पीडाले मरेतुल्य बन्नपुग्थे यही यथार्थमय विषयवस्तु यस कथामा रहेको छ ।

### २.४.४ निष्कर्ष कथामा अभिघातपरक विषयवस्तु

आख्यानपुरुष ध्रुवचन्द्र गौतम (२००१) द्वारा लिखित 'निष्कर्ष' कथा २०६२ चैत्रमा रचना गरिएको र प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत कथा हो । यस कथामा हजारौ वा लामो समयदेखि रहेको निरङ्कुश व्यवस्थाको प्रतीकको रूपमा खामोलाई देखाइएको छ । यस्तै अदृश्यमय शक्तिले देशमा समयसमयमा विभिन्न रक्तपातमय युद्ध भइरहेको तर त्यो कसले गराउँछ भन्ने दृश्यगत हुँदैन । केही समय हराउने, फेरि देखिने यस्ता युद्ध जब एक युवकले बलिदान हुनपुग्छ तब त्यो खामो ढल्दछ र युद्धको अन्य हुन्छ । यसरी कथामा युद्धको सूक्ष्म चित्रण गरेको पाइन्छ । युद्ध किन, कसरी, र कसबाट भैरहन्छन् त्यसको खोजी गरी युवाले त्यसको लागि आवश्यक पर्दा बलिदान दिन पनि तयार हुनुपर्छ अनिमात्र यस्ता निरङ्कुशताको अन्त्य हुने विचार वा उद्देश्य कथाको रहेको छ । लामो समयदेखिको रक्तपातमय युद्धको त्रासदीपूर्ण परिवेश भएको यस कथाको कथावस्तु यस प्रकार रहेको छ ।

कथा स्वयम् आख्यायीताले वाचनका रूपमा आफ्ना विचारलाई विभिन्न पात्रका माध्यमबाट अगाडि बढाएको पाइन्छ । एउटा भीषण युद्ध भएको हुन्छ । एउटा योद्धालाई सोधा उसले हामीले आफैले निर्माण गरेको खामा विरुद्ध युद्ध गरिहेका छौँ भन्ने गर्दछ । हाम्रै मलजलबाट ऊ बलियो भएको छ । त्यो अदृश्य युद्ध भयानक रूपमा भैरहेको हुन्छ । त्यही युद्धको भिडमा एउटा हतियार विहिन युवक आफ्नो हराएकी बहिनीलाई खोजिरहेको हुन्छ । हातहतियार सहित युद्धरत योद्धासँग मेरो बहिनीलाई देख्नुभयो भनेर सोधिरहेको हुन्छ । युद्धरत व्यक्ति उसकोतिर खासै ध्यानै नदिएर युद्धमा तोप खोज, मेसिनगन खोज कहाँ बहिनीलाई खोज्छौ भन्दै आफ्नै कार्यमा तल्लिन भइरहन्छन् । युवकले यस्तो युद्ध प्रथम पटक देखिरहेको हुन्छ । ऊ यही युद्धमा दिनदिनै बहिनीको खोजी गरिरहन्छ । ऊ बहिनी यही युद्धको भिडमा किन निस्केकी होली भनेर बहिनीप्रति रिस र चिन्ता पनि व्यक्त गरिरहन्छ । ऊ मनमनै बहिनी कुनै बलात्कार भन्दा फरक एकान्तमा फेला परोस् । अहिलेको समय भीडभन्दा एकान्तमा राम्रो पनि सोचिरहन्छ । कहिलैकाही हल्ला हुन्थ्यो, खामो अब ढल्यो अब युद्ध रोकिन्छ । ऊ युद्ध समाप्त भएको भए बहिनी खोज्न सजिलो हुनेछ भनी युद्ध समाप्तिको प्रतिक्षामा रहन्छ । तर युद्ध चलिरहेको हुन्थ्यो । फेरि एकै छिन पुरा युद्ध अदृश्य हुन्थ्यो न त यहाँ कुनै युद्धरत मान्छे न त कुनै युद्ध समाप्तिको सङ्केत न त कुनै प्राणी केही थिएन सबै अदृश्य हुन्थ्यो । एकछिन पछि फेरि उही युद्ध उही काटामार देखिन्थ्यो । युद्धकै बिचमा एकदिन विश्राम गर्थे सबै खानपिन आराम मनमोजामा सबै जुडेका देखिन्थे । यस क्षणको परिणाम कोही स्त्री गर्भधारण भएकी त कोही युद्धका लागि सन्तान जन्मिसकेका हुन्थे । यसरी युद्धकै खेल हरेक तरिकाले चलिरहन्थ्यो ।

युद्धयुद्धकै बिचमा शान्त, र हातहतियार विहिन त्यो युवकको टाउको माथि एकै चोटी लाठी बजारिन्छ । युद्ध पनि अलि परतिर भइरहेको हुन्छ । एकान्त ठाउँमा युवकको टाउकोमा लठी बजारिएपछि युवक त्यही ढल्छ र त्यहाँको अवस्था एकैछिन रक्ताम्य देखिन्छ । जब युकको टाउकोबाट रगत भुइँमा खस्छ । त्यही बेला त्यो अजय मानिएको खामो स्वतह हलचल हुँदै ढल्छ । युद्ध भने अझै चलिरहन्छ । कुनैयुवकले सोद्धा यस्ता खामा अझै बाँकी छन् सबै नढलुनजेल युद्ध बाँकी नै रहन्छ भनिरहेका युद्धरत व्यक्ति युद्धमै तम्सिएका हुन्छन् । र ती खामाहरू कता छन् भन्दा मानिसमा ती खामा रहेका कुरा व्यक्त गरिरहन्छन् । आफू युद्ध गर्न विवश भएको वा शान्तिको लागि पनि युद्ध गर्नु परेको कुरा युरद्धत व्यक्ति गरिरहेका हुन्छन् । अवस्था उस्तै पहिलेकै जस्तो काटमार छपाछप चलिरहेको हुन्छ । त्यही समयमा

एउटा केटी आफ्नो दाइ खोज्दै हिडिरहेकी हुन्छे । यसरी अन्त्यमा न दाइले बहिनी भेट्छ न बहिनीले दाइ, खोज चलिरहन्छ र युद्ध पनि । यसरी लेखकको शान्ति र अमनचयनको लागि मानवीय धारणा र आफैले निर्माण गरेको शाषकीय परम्परा भत्काउन युवा पिँढी लाग्नै पर्ने वैचारिक दृष्टिकोण यस कथामा शारीरिक अभिघातकपरक कथावस्तुका रूपमा व्यक्त गरिएको छ ।

### २.४.५ लोकुरी फेरि फुल्नेछ कथामा अभिघातपरक विषयवस्तु

राजेन्द्र विमल (२००३) द्वारा लिखित 'लोकुरी फेरि फुल्नेछ' कथा राजेन्द्र विमलका कथाहरू (२०६२) बाट साभार गरिएको हो । कथामा युद्धकालीन समयमा भोग्नु परेका पीडा र दुःखलाई देखाइएको छ । सर्वसाधारण वर्गले डर र त्रासको कारण आफ्नो घरबारै छोड्नु पर्ने अकालमै ज्यान जानु पर्ने, मान्छेको इजत र भावनाको प्रभाव नै नभएको दर्दनाक अवस्थाको चित्रण कथामा पाइन्छ । कथामा जस्तो सुकै कारुणिक अवस्था आए पनि मान्छे सुख र शान्तिको कल्पनामा जीवन बिताइने आशाका साथ बाचेको यथार्थता कथाले व्यक्त गरेको छ । कथाको कथावस्तु यसप्रकार रहेको छ ।

लाकुरी फेरि फुल्नेछमा पहाडको एउटा परिवार नै तहसनहस भएको कथावस्तु रहेको छ । कौडेले आफ्नो घरनजिकै भएको लाकुरीको रुखमुनि डरलाग्दा कुरा सुनेकोबाट कथावस्तुको थालनी हुन्छ । त्यही उसको वालसखा लाकुरीकै छायामा गाउँका धेरै मानिसका रमाइला अनुभव रहेका हुन्छन् । त्यही लाकुरीको छायामा उसले बहिनी चेउकुरीसँग लुकामारी खेलेको कुरा उसलाई स्मरण हुन्छ । आज त्यही बोटमुनि उसले माओवादीले पुरा देश राष्ट्रलाई कारुणिक र कुरूप आतङ्कमय बनाएर सारा नेपाली सोतर बनाएको मार्मिक कुरा सुनिरहेको हुन्छ । माओवादीले एक परिवारः एक मान्छेको नारा दिइएर युवायुवतीलाई लगी जनयुद्धमा होमेको कुरा सुनेर उसको आङ सिरिङ्ग हुन्छ । आकाशमा उडेको सेनाले हेलिकप्टर उडेको देख्ता सर्वसाधारण कसरी लुक्दा रहेछन्, कोही पर्चा बाडेको नाममा सेना र कोही सुराकीको नाममा माओवादीको गोली खान पुगेको नेपाली यथार्थमय परिदृश्य देखेर कौडे आतङ्कित बनेको हुन्छ । उसले आफ्नो बहिनी चेउकि र यो बाहिर सरसर र मरमर गर्ने लाँकुरीको रुखलाई दाज्न खोज्दछ । जसरी लाकुरीले बाहिरी रूपमा सरसर मरमर गरे पनि उसको भित्री बेदना कसैले नबुझे झै आफ्नी बहिनीले पनि अपहरणको त्रासले नेटो काटेर गई अलपत्र परी कहर काट्न बाध्य भएकी र उसले नै घरपरिवारको सम्पूर्ण

मेलापोतो गरेकी हुनाले ऊ गएदेखि घरव्यवहार पनि सबै भताभुङ्ग भएको पीडा कौडेको मनमा लाग्छ । चेउकुरीलाई घर छोड्न आमाले नै लगाएकी हुन्छे । चेउँकीले घर छोड्न नमान्दा आमाले मेरी छोरी माओवादीले अपहरण गरेर लगेपछि इजत र ज्यान दुवै जान्छ । त्यो भन्दा त बरु अरुको भाँडाकुँडा गरेर बस्दा हद भए इजतै जाला । “छदाखाँदाकी मेरी छोरी त बाँच्छे ।” भनेर सम्झाउँदा ग्वाँ-ग्वाँ रुदै गरेकी चेउँकीलाई आमाले नारायणसम्म छोडिकी हुन्छे । सातसात दिनसम्म केही नखाई आमाछोरी हिँडिरहँदा ज्यानै जाने अवस्था आउँछ । अन्तिममा आमाले पहिले किनकी दिएको चादिको एक औँठी बेचेर एकएक पेट भात खान्छन् । तर खाएपछि होटल अघिको बेच्चमै लडेर अचेत झै भएका आमाछोरी उठ्दा त उज्यालो भैसकेको हुन्छ । उठेपछि होटेल मालिक गुरुङ दाइसँग त्यही होटेलमा काम गर्ने कुरो मिलाएर आमा फर्केकी हुन्छे ।

केही समयपछि चेउँकी एउटा मारवाडीसित काठमाडौँ पुगेकी, रेस्टुरामा रक्सी बेच्ने भएकी, फेरि झापामा बार चलाउने एक जनासँग गएकी, गर्भवती भएकी, मधेसीसित भागेकीसम्म चेउँकीको खबर सुनिन्छ । त्यसपछि भने चेउँकी कता छे के गर्छे कुनै अत्तोपत्तो हुँदैन । यता गाउँमा एउटा थारो गोठको एक कुनामा गाईबाख्रा र अर्को कुनामा बुढा आमाबुबा हुन्छन् । बुबाको घरिघरिको खोकेको आवाजले कौडे चिन्तित हुन्छ । तर आफू पन्द्र वर्ष विदेश बस्ता पनि त्यहाँ जिउन नै गारो परेको र अन्तिममा अर्धबैसे भुँडेको हलुवाई पसलमा काम गर्दा पैसा माग्दा उल्टै पिटाई खाएर घर फर्केको हुन्छ । त्यसबिचका सम्पूर्ण घटना सुन्दा ऊ आँसु बगाउन बाहेक केही गर्न सक्दैनथ्यो । त्यही यावत कल्पनाका बिचमा गाईबाख्रा कराउँछन् । कौडेलाई माया लागेर बुबाआमको कोठामा जान्छ । घरमा केही खानेकुरा नभएको कति समयपछि छोरा घर फर्किदा पनि एक कचौरा मकै दिइयो । यी माहावादीले के गर्ने हुन, गाउँमा, सारै उत्पात बढी सक्यो भन्ने जस्ता बुबाआमका कुरा सुनेर ऊ फेरि फर्कन्छ र ओछ्यानमै गइ सुत्छ । सिङ्गो नेपाल एउटा अध्यारो कुवा जसमा आफू जस्ता गरिबीका किराको स्याउस्याउँती रहेको तितो अनुभव कौडेले गर्नपुग्छ । पल्लो कोठाबाट ख्वाक ख्वाकको फेरि आवाज सुनिन्छ । पानी परेको हुन्छ र बुबाले ए बाबु ढोका लगाइ दे हुन्डरी आउला जस्तो छ नभन्दै ठूलो चट्याङ्को आवाज आउँछ र लाकुरीका सबै हाँगा भाचिएका हुन्छन् । बुबाआमा बाबु तिमी मधेसबाट भर्खरै आएका छौ नभिज जरो आउँछ भन्दै उसको कोठामा आइपुग्छन् । कौडेले बहिनी चेउँकीको याद आएको कुरा बताउँछ । त्यो नभन्दै आमाबुबा उसलाई अगालो हाली रुनथाल्छन् । ऊ भन्छ बा यो

मुलुकमा लाँकुरीका हाँगा थुप्रिए झैं लासको थुप्रो मात्रै कहिलेसम्म रहने छ । कौडेको प्रश्नले स्तब्ध भएका बाबुले जसरी मुर्दा जस्तो बनाएको लाकुरीले भित्रैबाट नयाँ कोपिल, मजुरा पलाएर फेरि ढकमक्क फुल्नेछ त्यसैगरी तिमी जस्ता युवाले हिक्मत हार्नु हुँदैन भने पश्चात कौडे रात गएपछि मिर्मिरेमा हुरी तथा वर्षातले पखालिएको हिमाल फेरि हासेको मनोरम दृश्य हेर्न पाउने कल्पनामा हराउँदै सुन्दर संसारको कल्पनामा हराउँदै गर्दा कथाको अन्त्य भएको हुन्छ । यसरी कथामा युद्धकालीन वेदनाहरूको चित्रण गर्दै शान्ति छाउने वा ल्याउनुपर्ने विचार अभिव्यक्त भएको छ ।

### २.४.६ प्रत्यक्षदर्शी कथामा अभिघातपरक विषयवस्तु

भुवन ढुङ्गाना (२००३) ले लेखेको प्रत्यक्षदर्शी कथा २०६२ जेष्ठको नेपाल, साप्ताहिकमा प्रकाशित कथा हो । कथामा नेपालीहरूले शान्ति र स्वतन्त्रताको लागि गरेका युद्धहरू जति सुकै दबाउन खोजे पनि त्यो एक पश्चात अनेक युद्ध भैरहने र स्वतन्त्रताको लागि लडेका एउटा योद्धालाई मार्दा हजारौ रक्तबीज भएर पनि स्वतन्त्रता ल्याएरै छाड्ने, जनताको क्रान्तिलाई कसैले रोक्न नसक्ने विचार व्यक्त गरेको छ । जसमा प्रत्यक्षदर्शी प्रतीकात्मक पात्र गोलभेंडाले अनेक क्रान्ति देखेको र अन्तिममा उसैलाई सुरक्षाकर्मीले कुल्चिदा उसको इहलीलाको अन्त्यपछि उसकै बीजबाट अनेक गोलभैंडा उम्रिएको कथावस्तु रहेको छ । नेपाली युद्धकालीन समय, सडक, पेटी, क्रान्ति, सुनसान अन्धकारलाई कथाको परिवेशको रूपमा लिन सकिन्छ । कथामा प्रत्यक्षदर्शीले देखेझैं ढङ्गले कथावस्तु अगाडि बढेको छ ।

तरकारी थुप्रोबाट एउटा गोलभैंडा बाहिर उछिट्टिएर सडक छेउमा पुग्छ । उसले बोटमा फलेको हरियो अवस्थादेखि पाकेर तरकारी बजारको थुप्रोमा मिसिउन्जेलसम्मका सडकका सम्पूर्ण आन्दोलन सुनिसकेको हुन्छ । आज भने ऊ आफू एक्लै सडकको सबै रमिता हेर्न सडक पेटिमा उभिएको छ । सडकमा हातमा लौरो बोकेका पुलिस जवान तयारी अवस्थामा उभिएका हुन्छन् । पारिपट्टि क्याम्पस अगाडि एकहुल केटाहरू पुलिसलाई देखाउँदै हाँस्दै र कराउँदै थपडी बजाउँदै गरेका हुन्छन् । यो किन होला भन्ने कुराको टुङ्गो नलाग्दै गोलभैंडाले अर्को परिदृश्य देख्न पुग्छ । एउटा ट्याक्सी हुइकिएर केटाहरूतिर आउँदै गरेको हुन्छ केटाहरूले रुकाउँदा त्यो रुक्दैन । पछाडिबाट कसैले हानेको ढुङ्गा लागेर ट्याक्सीको पछिल्तिरको सिसा झ्र्‍याामझुरुम गएपछि मलिन भएको ट्याक्सी चालकलाई देखेर गोलभैंडा

झस्किदै रातो पहेंलो मिश्रित अनुहारले हेरिरहन्छ । पारितिरका पुलिस जवान यो देखेपछि छाती तन्काएर खापाजस्ता सिसाले, छाती र कपालको सुरक्षा गर्दै कुद्नेकी हिड्ने तयारी गर्छन् । सडकको छेउमा बसेको गोलभैंडाको टाउकोको हरियो चारतारे फेटा घामले ओइलिँदै जान्छ । सडक पेटिका मान्छे जुलस आयो भनेर हेरिरहेका हुन्छन् र गोलभैंडा पनि चनाखो हुँदै हेर्छ । सडकमा विभिन्न आवाजका साथ कुदेको आवाज आउँछ । गोलभैंडालाई नाघेर लत्याएर कयौं जुत्ता लगाएका नलगाएका पैतलाहरू ऐया, आथ्थु जस्ता चित्कारका र कयौं ढुङ्गाका टुक्राहरूको बसाईमा अगाडि बढिरहेका हुन्छन् । उसले यो सबै परिदृश्य देखिरहेको हुन्छ । कुनै भान्सामा पाकेर साबुत रगतको ढिकामा सेलाइसक्ने यो समयमा भने आज गोलभैंडा एउटा नयाँ अवस्थामा नयाँ दृश्य देखिरहेको हुन्छ । जुलुस गइसकेपछि सडक फेरि केही छिनका लागि सुनसान हुन्छ । खाली ढुङ्गा र इटाका टुक्राले मात्र भरिएको सडक र सडक पेटिमा एउटा कालो कुकुरको खुट्टामा ढुङ्गो लागेको चोटले कुइँकुइँ गरिहेका हुन्छ । आफ्नो तालुको फेटा पनि लत्रक भएर मुडुल्ले टाउकोको साथ गोलभैंडा अब यो सबै आफू सहितको सडकको परिदृश्य बेलुका सहरका मानिसले टेलिभिजनमा देख्न पाउनेछन् भन्ने कुरा सोचिरहेको हुन्छ । त्यहीबेला टाटेपाटे पोसाक लगाएका एक हुल पुलिस ऊतिरै आउँदै गरेको दृश्य गोलभैंडाले देख्छ । उसलाई अब तरकारी बजारमा कुनै कोमल आमाका हातले अब बोक्ने छैनन् । पुलिसले कतै कुनै कुनामा मिल्काइदिने हुन वा कुल्चिने हुन् भनी गोलभैंडा जीउको सुरक्षा खोजिरहन्छ । साँझमा प्रहरीको बुटको आवाज मात्र सुन्छ अध्यारोको कारण देख्दैन । त्यतिकैमा प्रहरीको बुटले उसको टाउको माथि किचिकै कुल्चिएर ऐया भन्न नपाउँदै इहलीला समाप्त हुन्छ । कथा यही नसिधिएर फेरि रक्तबीज जस्तै गोलभैंडाका बीज सडक पेटीमा छरिन पुग्छन् र त्यही बीजबाट फेरि अरु गोलभैंडा उम्रिन पुग्छन् । पेटिको चक्लाको कापबाटको एक चिम्टी माटोमा अर्को गोलभैंडाको जन्मभूमि बन्न पुग्छ । यसरी सडक र त्यसमा रहेको प्रतीकात्मक पात्रका रूपमा रहेको गोलभैंडाको प्रत्यक्ष जीवन व्यथाका रूपमा कथा तयार भएको छ ।

### २.४.७ कर्फ्यु कथामा अभिघातपरक विषयवस्तु

३२ श्रावण २०५८ नेपाल साप्ताहिकमा छापिएको सतन रेग्मी (२००४) को 'कर्फ्यु' मानसिक अभिघातपूर्ण कथावस्तु भएको कथा हो । यस कथामा निम्न वर्गीय नेपालीहरूले विरोध, नाकाबन्दी, चक्काजामका कारण आफ्नो ज्यालादारी कार्य गर्न नपाएको र आफ्नो राजनीतिक स्वार्थका कारण भड्काइएका वर्गबिचको जातीय, धार्मिक, दङगाले एक आपसको

सहयोग र सद्भाव समाप्त भई सङ्का र डरको कारण व्यक्ति मानसिक अभिघात हुन पुगेको विचार प्रकट भएको छ । कथाले आपसी सद्भाव र सहिष्णुता कायम राख्नु पर्ने सन्देश पनि दिन खोजेको छ । राजनीतिक द्वन्द्वको समयमा, तराईका विभिन्न जात र धर्मका मानिसहरू भौगोलिक रूपमा एउटै छिमेकमा रहेको स्थलगत परिवेश र त्यस्ता छरछिमेकमै आपसमा शङ्का र द्वन्द्वको वातावरण यस कथाको मुख्य परिवेशका रूपमा आएको छ । कथामा व्यक्त विषयवस्तुको विस्तारित रूप यस प्रकारको रहेको छ ।

सहरमा रामदीन पलेदार र अल्लरखा टाँगावालको घरसँगै जोडिएको छ । दुवै जनाका यी पुर्खौली घर हुन् । पुस्तौसम्म उनीहरू एकअर्कामा दुःखसुखका साथी थिए । एक मुसलवान र एक हिन्दु यी दुई परिवार चाहे तिहार दशैं होस् वा इद, रमजान जे भए पनि तेरो मेरो केही नभनी, खुसीका साथ मनाउने गरेका हुन्छन् । तर आज तीन दिन भएको हुन्छ । सहरमा कर्फ्यु लागेको हुन्छ । सेनाको गस्ती भैराखेकोछ । मुसलवान बाहुल्यता भएको टोलमा हिन्दु र हिन्दु बाहुल्यता भएको टोलमा मुसलवान आतङ्कित भएका छन् । खुल्ला मन्दिर र मस्जित रणनीति र सरसल्लाह गर्ने स्थल भएका हुन्छन् । आज रामदीन र अल्लारखा पनि त्यही आतङ्कमा परी एकअर्कामा सशङ्कित भएका हुन्छन् । दुवै घरमा एक्लै बसेका हुन्छन् । अल्लारखा घोडीको हेरविचार गर्न आउँदा रामदीन सशङ्किकत हुन्छ । त्यस्तै रामदीनको घरमा दुई जना मान्छे देख्योकी अल्लरखा सशङ्कित हुन्छ । उनीहरूको मनमा एकअर्काको माया र सद्भाव छ । तर पनि सहरको वातावरणले बोल्न सकेका हुँदैनन् । अल्लाखा आफ्नो घोडीसँग कुरा गर्ने नाममा मनको बह पोदथ्यो तर रामदीन नितान्त एक्लो हुन्थ्यो । अलारखा आफ्नो घोडीसँग तेरो त जात हुँदैन तर पनि तँ मसँग भएकोले मुसलवान भइसकी क्या हो आज दुई दिन भइसक्यो दाना पनि खान पाएको छैनस् । दानापानी ल्याउन कर्फ्युको कारणले सकेको छैन । तेरो अल्ला होकी ईश्वर वा पशुको केही अर्कै छ भने प्राथना गर । केही खान पाऊ, यो लुटपात, आतङ्क किन । यसबाट तैले, मैले, रामदीन आदि सबैले दुःख पाएका छौं, जस्ता कुराहरू घोडीसँग गरिरहेको हुन्छ । रामदीनले यो कुरा सुन्छ । अनि ऊ नजिकै आएर अल्लारखा यो सहरमा के भएको ? यस्तो आतङ्क, मर्नेमार्ने काम यसभन्दा पहिला त कहिलै भएको थिएन भन्न पुग्दछ । अनि अल्लारखाले रामदीनलाई तेरा हिन्दु नेतालाई सोध किन मुसलवान यसरी लुटिए मारिए भनेर भन्छ । अनि रामदीन पनि अल्लारखा भाइ के हिन्दु मात्र गलत हुन् । मुसलवान बहुलता भएको ठाउँमा हिन्दु पनि त मारिएका छन् । यहाँ त तिमी एक्लै छौ कसैले केही गरेको छैन त,

कुरो हिन्दु मुसलवानको होइन आतङ्कित र दङ्गा गर्ने भावना भएका मानिसको हो भन्छ । अनि अल्लारखाले पनि सहमत जनाउँदै भन्छ खै म त केही बुझ्दिन पहिले यस्तै युद्धमा सम्पूर्ण परिवार गुमाएँ । नेपालमा त यस्तो आतङ्क हुँदैन भनेर यता आएको कुरा बताउँछ । रामदीनले हामी मान्छे हुँ हामीले एक अर्कामा डराउनु हुँदैन, यस्तो भावना फैलाउने राक्षसहरू हुन् भन्छ । अल्लारखा रामदीनको कुरामा सहमति जनाउँदै भन्छ रामदीन तिमीले ठिक भन्यौ अहिले मानिस मन्दिर र मन्दिरमा विभाजित भई मनमा पर्खाल खडा गरेका छन् । मैले त भाइचारा नै हिन्दुबाट सिकेको हुँ भन्न पुग्दछ । त्यसपछि रामदीनले पनि यस्तो मन्दिर मज्जित हिन्दुस्तानबाटै नेपालमा भित्रिएको हो । यो मन्दिर र मस्जिदको धारणा नबनाउनु पर्ने धारणा उनीहरू राख्दछन् । राजनीति गर्ने नेताहरू धर्म र सम्प्रदायका आडमा हामीलाई विभाजित गर्दैछन् । दङ्गा फैलाई कर्फ्यु लगाउँदा काम गरी खाने वर्गको गाँस खोसिएको छ । भोकै मर्न परेको छ । हामीले यो कर्फ्युपछि यस्तो भावनाको अन्त्य गर्नुपर्छ । आफ्नो काममा बाधा भए पनि यो धारणा सबैमा पुऱ्याउनु पर्छ भन्दै रामदीन र अल्लारखा आआफ्ना घरभित्र पस्दै गर्दा कथावस्तुको अन्त्य हुन्छ । यसरी कर्फ्यु कथामा देशमा भएका राजनीतिक स्वार्थले समाजमा विभिन्न सम्प्रदाय खडा गरेको र ती बिच द्वन्द्व ल्याएर निम्न वर्गमा परेको मानसिक आघातलाई देखाएको पाइन्छ ।

### २.४.८ हिंसाको मौनता कथामा अभिघातपरक विषयवस्तु

दशवर्षे जनयुद्धमा महिलाले भोग्नु परेको आतङ्कको भार र त्यसको मर्मलाई आफ्नो उद्देश्य बनाएको हिंसाको 'मौनता' कथा असोज २०६३ को गरिमामा प्रथम पटक प्रकाशित भएको हो । यस कथाकी कथाकार शिल्प र शैलीको असल प्रयोगता पद्मावती सिंह (२००५) हुन् । प्रस्तुत कथामा पनि दशवर्षे जनयुद्धको कहालीलाग्दो परिवेशलाई कुशल शिल्पको प्रयोगद्वारा प्रस्तुत रिएको छ । युद्धकालीन समयमा गाउँलेहरूले त्यसमा पनि महिला वर्गले पाएको अभिघातलाई कथाको मुख्य मुख्य कथावस्तु बनाएको छ ।

कथाकी मुख्य पात्र निरमायाले भोगेको दर्दनाक जीवन कहाँनी नै कथाको प्रमुख विषयका रूपमा रहेको छ । अध्यारो कहालीलाग्दो रातमा निरमाया आफ्नो बिछ्यौनामा ओल्टेकोल्टे फेरिरहेको हुन्छिन् । यस्ता कतियौ रात उनले भय तथा दुश्चिन्ताले काटिसकेकी हुन्छिन् । उनको चिन्ताको एउटै कारण हो विद्रोहीहरू सितको दोहोरो भिडन्तामा बेपत्ता पारिएका उनका श्रीमानको मरे बाँचेको केही खबर पाएको हुँदैन । उनी यही चिन्तामा

अगेनाको भुङ्ग्रोमा खसेको माछा झै उनी जिउदै सल्किरहेकी हुन्छिन् । छरछिमेकले सान्त्वना दिँदा उनका आँखाबाट झन अविरल आँशुका धारा बहन्थे । तरपनि मास्टर बाजेले भनेका यस्ता भिडन्तमा लापता भएका थुप्रै मानिस पनि पछि सकुशल घर फर्केका छन् । त्यसैले आस नमारेस् निरमाया यस भनाइ पछि भने निरमायाका आँखा सधैँ घरको मूल ढोका र बाटोमा विछ्याएर बसेकी थिन । यस्ता घटना निरमायाको मात्रै थिएन पल्लो घरको बुढी आमैको एकमात्र छोरोलाई केही दिन अघि, सुरक्षाकर्मीले हत्या गरिदिएपछि उनको होस् थिएन । आधि रातमा सम्पूर्ण गाउँलेको निदै उड्ने गरी रुवाबासी चल्थ्यो । गाउँका विद्यालय, स्वास्थ्य चौकी, पुलिस चौकी जस्ता सबै सरकारी कार्यालय भिडन्तमा ध्वस्त भैसकेका थिए । निरमायालाई आजको रात अझैं बढी कहाली लाग्दो भएको हुन्छ । त्यही बेला एक्कासी बाहिरबाट एउटा पुरुष आवाजले ए ढोका खोल न भित्र पस्छु नभन्दै दुई जना विद्रोहीहरू भित्र परेका हुन्छन् । निरमायालाई खाना पकाउन लगाएर खान्छन् । त्यसपछि उनकै विस्तरामा पल्टाएर निरमायालाई दुवैले जरबजस्ती उसलाई बलात्कार गर्छन् । निर्मला कराउँछ, चिचाउँछ तर उसको त्यो आवाज कसले सुन्छ र उसकै घरको माथि चोटामा सुतिरहेको बुढो ससुरा समेत नसुनेझै विस्तरामा गुडुल्किरह्यो । आतङ्कारीले राभतर उसको बेहोस भएको शरीरमाथि खेलिरहे । उनी रग्ताम्य भइन पेटमा भएको तीन महिनाको भ्रुणको अकाल मृत्यु भयो । उनको होस् आउँदा उनले आफूलाई अस्पतालको बेडमा पाइन । उही मास्टर बाजेले रोइकराइ गरेर बेहोसी निरमायालाई अस्पताल पुऱ्याएका हुन्छन् । निरमायाले सबै गाउँलेलाई देखेर भक्कानो फुटाएर रुन थालिन । त्यो हृदय विदारक चित्कार सुनेर गाउँलेहरू पनि बोल्न नसकेर हेरिरहन्छन् । गाउँलेहरू उनलाई अस्पताल छोडेर फर्कन खोज्दा निरमायाले दुवै हात जोडेर मास्टर बाजेलाई आफू मरे त ठिकै छ बाँचे त्यो गाउँ नआउने र यही श्रीमान फर्के भने खबर पाऊ भनेर बिन्ति गर्छिन् निरमायालाई केही दिन पश्चात युद्धपीडितहरूको पुनः स्थापना केन्द्रमा पठाइन्छ र उनको अनुरोध अनुसार यो खबर गाउँमा मास्टर बाजेलाई दिइन्छ । पुनःस्थापना केन्द्रमा निरमायाले आफ्ना जस्ता युद्ध र द्वन्द्वको मारमा परी शारीरिक तथा मानसिक रूपमा घाइते भएका थुप्रै आइमाइ तथा बच्चालाई देखिन । सबै जना हिंसाको मौनता ओडेर अनिश्चित भविष्यको बाटामा निरीह रूपमा बसेका थिए । निरमायाले यो सबै देखेर एकछिन सहानुभूतिको आभाष हुन्छ र भन्न पुग्छिन् यसको जिम्मेवार को ? यसको उत्तर यहाँका पीडित कोहीसँग हुँदैन । निरमायाले त्यसको उत्तरको सट्टा त्यहाँ भएका थुप्रै महिलाका आफ्नो भन्दा पनि कहाँली लाग्दा घटना

सुन्न पुग्छिन् । विष्णुमायाको पतिलाई आफ्नै अगाडि सुराकीको आरोपमा घाँटी रेटेर मारेको, त्यस्तै रमनियाको घरमा आगजनी गरी उनको परिवारलाई घरबाट निकालिएको, लक्खीदेवीका दुवै युवा छोरालाई अपहरण गरी लगेको, मलखामाईको पुलिसको गोली लागेर आफ्नो घरमा आगो लगाई श्रीमानलाई मारेपछि विछिप्त भएर बोल्न नसकेको पीडा, पवनकलीलाई दिन दाहाडै मकै बारीमा लगेर सामूहिक बलात्कार गरेको राज्यसत्ता र विद्रोही दुवै पक्षले आफ्नो शक्ति प्रदर्शनको होडबाजीमा हत्या, हिंसा, अपहरण र बलात्कार जस्ता जघन्य अपराधको बाटोमा अन्धा भएर दौडिरहेको अवस्थाले निरमाया अझै सोच मग्न बन्न पुग्दछिन् । निरमाया आफ्नो त्यो सुन्दर गाउँको कल्पना गर्छिन र त्यो गाउँमा फेरि फर्किन पाइएलाकी जस्ता कुरा मनमा निम्त्याएर निरमाया डुब्न लागेको सूर्यलाई हेर्दै हुन्छिन् । त्यही बेला मास्टर बाजे सञ्चै छौ भनेर आफ्नो अगाडि उभिदा उनी आश्चर्य चकित हुन्छिन् । मास्टर बाजेले ऊ पर ढोकामा हेर त भन्दा ढोकामा आफ्नो श्रीमान देखेर निर्मलाको खुसीको सीमा रहँदैन उनी मलाई थाहा थियो तिमी एकपल्ट फर्कने छौं भन्दै हर्षका आँसु झार्दै श्रीमान बम बहादुरतिर गइन । बमबहादुरले को हौं तिमी ? भनेर अपरिचित भावमा भन्दा उनी झस्कदै म तिम्री श्रीमती निरमाया भनेर हेरिरहन्छिन् । उनको हेराइलाई वास्ता नगरेझैं बमबहादुर जान्छन् । निरमायालाई मास्टर बाजेले भिडन्तमा परेर टाउकोमा गहिरो चोट लागेपछि घाइते अवस्थामा उनलाई कसैले अस्पताल पुऱ्याएर ज्यान त बच्यो तर उनको स्मरण शक्ति नाश भइसक्यो उनले अतितका कसैलाई चिन्दैनन् भन्दा उनी भावविहल भएर आकाशमा एक निमेष झुन्किएर क्षितिजपारि बिलाएका चन्द्रसरि आफ्ना पतिलाई हेरिरहन्छन् । न त पतिलाई पछ्याएर जान सक्छिन्, एकोहोरो मौन रूपमा मात्र हेरिरहन्छिन् ? यही कथाको अन्त्य हुन पुग्दछ ।

### २.४.९ गोली कथामा अभिघातपरक विषयवस्तु

नरेन्द्रराज पौडेल (२००६) को सङ्ग्रह 'स्वप्नयात्रा' (२०६२) बाट साभार गरिएको गोली कथामा मानसिक अभिघात प्रस्तुत गरिएको छ । देशमा बढेको द्वन्द्व र युद्धका कारण व्यक्ति विस्तापित, पलायन र मृत्युका मुखमा पुगेका र अकल्पनीय त्रासदीका कारण मानसिक आघात बन्न पुगेको यथार्थता कथामा मुख्य उद्देश्यका रूपमा रहेको छ । कथामा गाउँदेखि सहरसम्मको परिवेश रहेको छ । युद्धकालीन समयको मानिसका घरघरमा बम र गोली वर्षन पुगेको सन्त्रासमय कथावस्तु पाइन्छ । त्यसै गरी घर, चिया पसले, सदरमुकामका

प्रहरी, कार्यालय आदि विभिन्न ठाउँलाई स्थानगत परिवेशका रूपमा लिइएको छ । कथाको विस्तृत विषयवस्तु यस प्रकार रहेको छ ।

एका विहानै मास्टर रामनाथ आफ्नो घरको बाहिर पिँढीमा घाम तापेर बसिरहेका हुन्छन् । त्यही समय उनको नाकको छेउबाट एउटा गोली आई भित्तामा बज्रेर झरेको हुन्छ । त्यो देखेर उनी के भयो अलमल्ल पर्छन् । एकछिन पछि त्यो खसेको वस्तु केरकार गर्दा गोली रहेछ । कसले किन केका लागि यस्तो गरेछ भनेर मास्टरका मनमा धेरै कुरा खेल्छन् । एकछिन पछि धर्मपत्नीलाई सबै वृतान्त सुनाएपछि दुवै जना भाव विह्वल हुन्छन् । घटना बारे सोच्दै जाँदा उनले यसबारे गाउँलेलाई गुहार्नै पर्ने सम्झेर सन्त्रास र आतङ्कको प्रतीक स्वरूप त्यो गोली हातमा लिई उनी सबै गाउँलेलाई घटना सुहाउन थाले । गा.वि.स.को केन्द्रमा रहेको चिया पसलमा जम्मा भएका सारा गाउँका, ठुलाबडा, भद्र भलादमी, कर्मचारी आदिलाई सुनाए पश्चात् त्यहाँ विभिन्न थरिकाले विभिन्न अन्दाजी कुरा गर्न थाल्छन् । त्यहाँ भएको प्रहरी केटाले उल्टै उनीलाई प्रहरी चौकी हिड्न भन्न थाल्यो । त्यो सुनेपछि साह्रै डराएका मास्टरलाई एक पूर्व सैनिकले खोका नभएको गोलीको केही बात कसुर नलाग्ने भनेपछि पुलिस पनि चुप बस्यो र मास्टर पनि अलि ढुक्क हुन्छन् । पूर्व सैनिककै सल्लाह अनुसार त्यो गोलीलाई गाड्न पुग्छन् । जीवनमा कसैलाई कुभलो नगरेको र गाउँका सबैका सहयोगीका रूपमा रहेका मास्टर आज कसले गोली प्रहार गऱ्यो उनी चिन्तित भए । फेरि गोली आफूसँग रहेको कुरा सबैले सुनिसकेपछि खरखजाना साथमा राखेको आरोप पो आउछ की भनेर पनि मास्टर छटपिटन पुग्छन् । हत्या, हिंसा र विध्वंसको प्रत्यक्ष मूर्ति लाग्ने गोली जस्तो संवेदनशील कुरा भेटिएपछि सरकारालई जाहेर गर्नुपर्थ्यो । गोली बुझाउनु पर्थ्यो भनेर उनी मानसिक तनाव लिन पुग्दछन् । विहानै पुरिएको गोली फेरि खोजी पूर्व सैनिकको घरमा सल्लाह लिन पुग्छन् । पूर्व सैनिकको सल्लाह अनुसार जिल्ला प्रहारी कार्यालयमा बुझाउन जान्छन् । उनी मानसिक रूपमा निकै कमजोर भइसकेको कारण जिल्ला प्रहरी कार्याल्यभित्र पस्न नै सक्दैनन् । उनी अन्यायास् रूपमा सदरमुकामका गल्लीमा भौतारिन्छन् । त्यतिकैमा उनले सिडियोसँग भेटेर सबै वृतान्त बताउने सोच गर्न पुग्छन् । सिडियो कार्याल्य पुग्दा उनी प्रजिशअसँग भेट गर्न डराएर बाहिरै ओहोर दोहोर गरिरहन्छन् । अनि एक जना अलि चिनेको खरदारलाई सुटुक्क होटलमा बोलाई खरदारसँग धेरै बेर कुराकानी गरी उसलाई चिया नास्ता गराएपश्चात उनीले अन्तिममा आजकल यो गोली गठ्ठाका कुरा ठुला हाकिमसँग भन्नु हुँदैन उल्टै आरोप लाग्न सक्छ भन्ने सल्लाह

पश्चात मास्टर झन डराउँदै घरतिर फर्किन्छन् । फर्किदा अघि सजिलै तरेको खोलामा उनी अहिले बग्न पुग्छन् र छेउछाउमा भएका गोठालाले उनको उदार गरी अस्पताल पुऱ्याउँछन् । उपचार पछि अलि ठिक भएपछि उनले छोरालाई सोध्दा बाबु मेरो कोटको खल्तीमा केही भेटायौ ? छोराले जवाफमा कोट त खोलाले बगाएर लिएको कुरा सुनाउँछ । यसपछि उनी घरि प्रसन्न घरि अध्यारो मुख लगाएर एकोहोरो हेरिहन्छन् ।

### २.४.१० अब तँ घर जान पाउँछस् कथामा अभिघातपरक विषयवस्तु

मधुवन पौडेलले वि.सं. २०६३ वैशाखमा रचना गरेको 'अब तँ घर जान पाउँछस्' कथा यही सङ्ग्रहमा प्रथम पटक सङ्ग्रहित भएको हो । कथामा हिंसाको चर्को रूपको कारण मानिस ज्यान बचाउन बाध्य भई विदेश जानु परेको र विदेशमा रातोदिन जोतिनु परेको विवशतालाई कारुणिक रूपमा व्यक्त गरिएको छ । नेपाली युद्ध र द्वन्द्वदेखि विदेशमा निकृष्ठ काम गर्न बाध्य भएका विभिन्न परिवेशलाई कथामा उल्लेख भएको छ । देशको डरलाग्दो अवस्थाको कारण देश छाडी बाहिर जान बाध्य भएका नेपाली युवाहरूको प्रतिनिधिमूलक दुईजना पात्रका माध्यमबाट कथावस्तु प्रस्तुत गरिएको छ। जुन यसप्रकार छ।

छेउछाउमा खजुरका रुखहरू र बिच सडकमा गाडी हाकिरहेका शरद र मुकुन्दको कुराकानीबाट कथाको थालनी भएको छ । शरदले गाडी हाक्न अल्छि लाग्ने कारणले नै विभिन्न बहानामा स्टियरिङ मुकुन्दलाई थमाउने गर्दछ । तर आजभने कुनै बहानाले नभ्याएर उसले गाडी चलाइरहेको हुन्छ । एउटा ठूलो ट्रान्सपोर्ट कम्पनीमा हेभी ड्राइभर बनेर लामो दुरीका गाडी चलाइ रहेका हुन्छन् । गाडी चलाउँदै र कुरा गर्दै उनी अगाडि बढिरहेका बेला विदेश चेकपोष्टमा रोकेर चिया खान आग्रह गर्दा पनि धन्यवाद भन्दै शरदलाई गन्तव्यमा छिटो पुऱ्याएर घरमा स्वास्नी र छोरीसँग कुरा गर्ने हतार भइसकेको हुन्छ । समयकै अभाव र घरमा फोन भएको कारण ऊ जति बेला चाह्यो त्यही बेला घरमा कुरा गर्न पाउँदैनथ्यो । तर मुकुन्दलाई भने श्रीमती माइतमै भएका र ससुरालीको घरमै फोन भएका कारण कुनै समस्या थिएन । बाटामा हरेक कुराकानी गर्दै गन्तव्यमा पुगेपछि मुकुन्द सवारी च्याप्दै कोठामा जान्छ भने शरद एक चक्कर बजारमा काटेर बल्ल कोठा पुग्दछ । कोठामा पुगेपश्चात् हतार गर्दै सुत्थ्यो भने कहिले भने पुरानो थोत्रो डायरीमा २-४ शब्द लेखी पल्टन्थ्यो । डायरीको भने छुट्टै इतिहास थियो । ६ वर्ष अगाडि शरद गाउँको एउटा विद्यालयमा पढाउँथ्यो । त्यही समयमा एउटा विद्यालय निरीक्षकले उनलाई दिएकी थिइन् ।

त्यो डायरी सधैँ हेरिरहँदा कहिलेकाही श्रीमती रमाले पनि के मायाको चिनो होकी कहिलै छोड्नु हुन्न भनेर छेडपेच हान्थिन् । त्यी निरीक्षक धैरै पछि आएर शरदलाई लिएर जान्छिन् । शरदको श्रीमती भने शरद जाँदा धैरै रोइकराइ गरेकी हुन्छिन् । शरदलाई ती पूर्व निरीक्षकले बाटामा पुऱ्याउँदा एउटा अर्को समूहबाट गोली चल्छ । शरदलाई खाल्टोमा फालेर स्याउलाले छोपेपछि हराएकी ती महिलाको पछिल्लो बिहान अलि पर लास फेला पर्छ । त्यसपछि भने त्यहाँबाट अचेत हुँदै फर्केको शरद पाँच दिनपछि घर पुगेको हुन्छ । घर फर्कदा ऊ हतास भएको हुन्छ । श्रीमतीले घरमा ५/७ दिनसम्म घरमा लुकाएर राखेकी हुन्छिन् र पछि रातारात गरेर मामाको छोराले बसमा चढाइ काठमाडौँ छोडिएको हुन्छ । गाउँमा दाइ र श्रीमतीलाई समयसमय धम्काइरहेको खबर ऊ सुनिरहन्थ्यो । उसले गाउँमा सुराकी र आतङ्ककारीको दुवकौ विल्ला पाएको थियो । यही समयमा काठमाडौँको गल्लीमा भौतारिरहदा मुकुन्दलाई भेटेको हुन्छ । उही मुकुन्दले केही गर्नु पर्दैन सबै दलालले गरिदिन्छ भनेर सबै सुनाए पश्चात दाजुले भाइको अवस्था देखेर आँसु झार्दै आफ्नो भागको जग्गा बन्दकी राखेर पैसाको व्यवस्था मिलाए पश्चात ऊ विदेश आएको हुन्छ । त्यही समयबाट दुवै जनाले विदेशमा हरेक कठिनाइका साथ साथमा काम गर्न थालेका हुन्छन् । शुरेसलाई लगाएको सुराकीकै आरोपको कारण घरजग्गा सबै कब्जा गरेपछि दाइ गाउँ छोडी सहरमा कठोर जीवन बिताइरहेका हुन्छन् । सुरेश, मुकुन्द जस्ता सम्पूर्ण विदेशिएका नेपालीले नेपालको अवस्था सुधार भई देश फर्किन पाउने आशा गरिरहेका हुन्छन् । त्यही समय मुकुन्द हतारिँदै पत्रिका ल्याउँदै समचार हेर्छन् । नेपालमा युद्धविराम भई शान्ति वार्ता सफल भएको भनेको हुन्छ । मुकुन्द र शरदको आँखा अगाडि आफ्ना सबै घरपरिवार आउँछन् र कथाको अन्त्य हुन्छ । यसरी नेपाली जनताले भोगेका पीडादायी अवस्थाको अन्त्य हुनुपर्ने कामना कथा रहेको पाइन्छ ।

### २.४.११ अर्कै मान्छे कथामा अभिघातपरक विषयवस्तु

नेपाली साहित्यमा मानवका सहजवृतिको गम्भीर अध्ययन गरेका ध्रुव सापकोटा (२००१) ले मान्छेका पाशविक चरित्र र नीचतालाई नजिकबाट छामेका छन् । यही प्रवृत्तिले सरल र सटिक रूप व्यक्त गरिएको कथा हो 'अर्कै मान्छे' । नोबेल साहित्य वार्षिक २०५९ मा प्रकाशित उक्त कथामा निम्न वर्गीय परिवारका व्यक्तिले युद्धकालीन समयमा कही गाँस बास नपाई युद्धमा होमिनु परेको र वेकालमै ज्यान गुमाउनु परेको निराशजन्य र विसङ्गतिलाई यथार्थपरक ढङ्गले देखाउने प्रयास गरेको पाइन्छ । द्वन्द्वकालीन समयमा

निम्न वर्ग कही बाहिर जान नसकेको र गाउँमा दोहोरो मारमा परेर कोही लास बनि सकेका र कोही लास बन्ने आफ्नो पालो पर्खेर बसेको कारुणिक अवस्थालाई व्यक्त गरेको छ । कथाको विस्तृत कथावस्तु यसप्रकार छ ।

कथाकी प्रमुख पात्र टुहुरी मङ्गलीको जीवन चर्चाबाट कथाको थालनी भएको छ । ऊ पात्रको घरमा काम गर्न थालेकी मङ्गली फरक स्वभावकी छे । पाँच महिनाको अवधिसम्म ऊ हाँसेको हुदिन । न ऊ धेरै बोलेकी हुन्छ । ऊ पात्रको घरको सर्वेसर्वा काम उसको काँधमा हुन्छ । घरपरिवारका हरेक क्षणमा ऊ बोलेकी हुदिन । यस्तो अवस्था देख्दा ऊ पात्र विभिन्न कल्पना गर्न पुगछ । किन ऊ बोल्दिन, किन उसको अनुहार सधै निचोरिएको कागति जस्तो हुन्छ, किन उसको अनुहार बादलले सधै ढाकेको हुन्छ आदि इत्यादि । गाउँले पाराको सुन्दर अनुहार पनि कताकता नमिलेको, बोलीमा कसैले ताल्चा मारेर साँचो अर्कैले लिएर गएको आभाष उसले गर्न पुग्दछ । उसले सबै कुरा सोचे पछि बोलाउन खोज्दा धेरै प्रयास पछि उसको आफन्त कोही नभएको र नाम मङ्गली भएकोसम्म कुरा थाहा पाउँछ । समय बित्तै गएपछि मङ्गलीले उसको घरको सहरीया वातावरण थोर थोरै बुझ्न थालिसकेकी हुन्छे । उसको फाटेर रगत गागिरहने कुर्कुच्चामा पनि थोरै सुधार भइसकेको हुन्छ । आएको एक महिना पुगेपछि उसले मङ्गलीलाई पैसा दिन खोज्दा मङ्गलीले अहिले चाहिँदैन भनेकी हुन्छ । अहिले ऊ पात्रको छोरा अमेरिका गइसकेको हुन्छ ऊ बारम्बार छोरासँग कुरा गरिरहेको हुन्छ । छोरा पनि उताबाट बारम्बार बुबालाई नेपालमा भ्रष्टाचार बढेको होला, राष्ट्रघाँती झन बढेका होलान भनेर कुरा गरिरहन्छ । ऊ पात्र आफ्नो श्रीमतीलाई सोध्छ, “मङ्गलीको उमेर कति भो होला” भन्दा श्रीमती बिस वर्ष भनेर बताउँछ । ऊ पात्र झस्किन्छ र सोध्छ बिस वर्ष कहिलै बार्दिन त भनेर प्रतिप्रश्न गर्छ । श्रीमतीले पनि सहज रूपमा बार्ने अवस्था नै आको छैन भनेपछि ऊ शङ्का गर्न पुग्छ । उसको घरमा एक हुल मानछे आएर दिदीलाई उठाएर लगे उसलाई पनि केही गरेर गएकी भोली हाम्रो घरमा पो बच्चा जन्माउने होकी,आफुलाई डर लागेको कुरा बताउँछ र भन्छ ‘झन्झट किन गर्ने छोडदिऊ’ । श्रीमतीले आफ्नो काममा सघाएकोमा नछोड्ने भनेपनि आखिर छोड्ने निर्णयमा पुग्छन र हामी अमेरिका जान्छौँ घर अर्कैलाई दिन्छौ जस्ता विभिन्न बहाना बनाएर उसलाई छोड्छन् । मङ्गलीले आफ्नो सहारा कोही नभएको र यही घरमा काम गरेर बस्छु सोचेको भन्दै रुन पुग्छे । मैले केही गल्ती गरेकी किन अकस्मात मलाई काम छोड्न भन्नुहुन्छ भनेर भक्कानिदै सोध्छे । जे जस्तो भएपनि अन्ततः ऊ पात्र

मङ्गलीलाई उसको गाउँमा भत्केको फाटो घरमा छोडेर आएको हुन्छ । घरमा छोडेको पाँच महिनापछि घरमा सपरिवार बसिरहेको बेला मङ्गली जस्तै हातमा बन्दुक लिएर कसैलाई ताकिरहेको तस्वीर टेलिभिजनमा देख्छन् । केही समयपछि घरमा काम गर्न साह्रै गाऱ्यो परेपछि मङ्गलीको खबर गर्न ऊ पात्र फेरि गाउँ जान्छ । जाँदा उस्तै पुरानो सबै झ्याल ढोका खुल्लै भएको मङ्गलीको घरमा ऊ पात्र मङ्गली भनेर कराउँछ । त्यतिकैमा एउटा वृद्धाले ऊसलाई नजिकैको एउटा चौर देखाउँछ । ऊ पात्र त्यहाँ पुग्छ । त्यहाँ धेरै गाउँले झुम्मिएका थिए । बिचमा थुप्रै लासहरू थिए । कसैका टाउका त कसैका हात आदि शरीरका अङ्ग थिएनन् । यस्तो बीभत्स अवस्था उसले आज प्रथम पटक देखेर, अचम्म र आश्चर्यमा परिरहेको हुन्छ । साथै ऊ पश्चाताप गर्दै यो त मङ्गली होइन, ऊ टेलिभिजनमा देखेको तस्वीरलाई हेरेर भन्छ । जो लास भैसकेको हुन्छ । त्यही बेला कसैले भन्छ । त्यो मङ्गलीकी दिदी हो । अनि मङ्गली कता छे, ऊ फेरि सोध्न पुग्छ र अर्को कुनैले थाहा नभएको कुरा बताउँछ । उसले निराश र पश्चातापको मिश्रित भावमा अघिकी वृद्धालाई आमा यहाँ मङ्गली छैन त भनेर सोध्दा, वृद्धाले गाउँका मानिस यति नै हुन् कोही लास भैसके कोही लास हुने आफ्नो पालो कुरी रहेका छन् भन्न पुग्छे । ऊ पात्र फेरि पनि झिनो आशाका साथ मङ्गली साँच्चै समाप्त भइसकी आमा यदि आएमा हामीले खबर गरेको र चिन्ता गरेको खबर सुनाइदिनु भन्दै घर फर्किन्छ । यससँगै कथाको अन्त्य हुन्छ । यसरी पुरा गाउँले सोतर भएको बीभत्स अवस्था कथाले देखाएको छ । जिउँदै मानिस र मरेका मानिसमा पनि केही फरक नभएको अभिघतित विषय कथामा व्यक्त भएको छ ।

### २.४.१२ जननी जन्मभूमिश्छ कथामा अभिघातपरक विषयवस्तु

'जननी जन्मभूमिश्छ' कथा नारायण ढकाल (२०१२) को सङ्ग्रह 'आत्महत्ता' (२०६२) बाट यस सङ्ग्रहमा सङ्ग्रहीत गरिएको हो । नारायण काल, सिर्जना, पत्रकारिता र राजनीति तिनै क्षेत्रमा उल्लेख्य नाम हो । युद्धकालीन एक दशकमा देशले भोगेका त्रासदी पूर्ण कथावस्तु प्रस्तुत भएका अत्यन्तै चर्चित कथाहरूको सङ्कलन हो 'आत्महत्ता' सङ्ग्रह । मानसिक आघात भएका पात्रको प्रयोग गरी लेखिएको कथा हो जन्मभूमिश्छ । यस कथामा देशका सुरक्षाकर्मी युद्धको त्रासले अभिघातित बन्न पुगेको र जसको कारणले अस्वभाविक परिवेश निम्त्याएको घटनालाई मुख्य कथावस्तुका रूपमा व्यक्त गरिएको छ । सुरक्षाकर्मीबाट अस्वभाविक रूपमा गरेका कारवाही आतङ्कवादी हो वा सर्वसाधारणको हो नछुट्याई एकनासले गरिएको र यस्ता घटनाको सोधी खोजीमा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका,

सञ्चारकर्मी कोही नलागेको यथर्थातालाई कथाले देखाएको छ । युद्धकालीन अवस्था र त्यस समयमा सरक्षाकर्मीले गरेका गस्ति र पहरा, अध्यारो रात्रीकालीन अवस्था र त्रासमय वातावरणलाई कथाको परिवेशको रूपमा रहेका छन् । कथाको मूल कथावस्तुको विस्तृतीकरण यस प्रकार रहेको छ ।

एउटा आज्ञाकारी राष्ट्र सेवकको मनोदशा भएको सिपाही पहरा दिइरहेको हुन्छ । खम्बा झैं अविचल भएको ऊ अचानक हलचल गर्दै हल्ट भन्न पुग्दछ । उसको कर्कश आवाज पछि कुनै प्रतिक्रिया आउँदैन । ऊ अझै बढी भयभीत भएर बन्दुकको कमानी दबाउन खोज्छ । तर कहाँनेर कसलाई कुनै निसाना भेटिदैन । एकछिन अघि मात्रै कालो छाया जस्तो देखिए जस्तो लागेको थियो । तर निष्पट अध्यारोमा छाया पनि कसरी मेरो भ्रम हो भन्दै लज्जाबोध गर्दै कमानीमा राखेको औला हटाउन पुग्छ । सिपाही आफ्नो कर्तव्य अनुसार आज कर्फ्युको तेस्रो रात पनि पहरामा संलग्न थियो । अघिल्ला दुई दिन ऊ सामुहिक गस्तिमा थियो । समूहमा हुँदा उसलाई केही डर भएन र गाडी पनि बलियो आयातित । आज भने एक्लो पहरामा उसलाई विभिन्न डर र कल्पनाले आघात भएको हुन्छ । त्यतिकैमा एउटा उज्यालोको मुस्लो हुत्तिएर उतिर पर्छ । नभन्दै बख्तरबन्ध एउटा ट्रक उसको अगाडि रोकिन्छ । उसको मनका सबै डर एकैछिन हराउँछन् । घर र स्वास्नीलाई पनि सम्झिन पुग्दछ । त्यतिकैमा ट्रकको अघिल्लो सिटबाट कप्तान साथ झरेर "वीर सिपाही सबै ठीक ठाक छ हैन" भनेर यहाँको सबै वस्तुस्थिति बुझ्छ । आतङ्कारीले ट्रान्सफरममा हानेकाले अध्यारो भएको खबर सिपाहीले सुनाए पश्चात देशभक्त वीरलाई के अध्यारो के उज्यालो "जननी जन्मभूमिश्छ" स्वर्गादपिगरियसी भन्दै कप्तानको गस्तिको ट्रक अगाडि बढ्छ । फेरि उही कालारात्री उही विविध कल्पना सुरु हुन्छ । सिपाही घर नगएको धेरै समय भएको छोरी पनि ठुलो भइसकेको होली गाउँमा कस्तो स्थिति होला जस्ता कल्पनामा बहकेको सिपाही दक्षिणबाट आएको प्रेसको भ्यानले जाग्छ । एकछिन्पछि फेरि युनिफाइड कमाण्डको जिप हुइँकिएर जान्छ । त्यसपश्चात भने एक छिन फेरि सडक परपरसम्म अध्यारोले बास लिन पुग्छ । सिपाहीको मनमा फेरि उही त्रास उही आक्रोस । त्यही समयमा ऊ फेरि छायाँ देख्न पुग्छ । अहिलेको छायाँ भने साच्चै चलमलाउँदै उसको नजिकै आइपुग्छ । डरले निथ्रुक्कै पसिनाले भिज्दै छायालाई सिपाही "हल्ट अघि नबड" एक पाइला पनि चले डोली खालास भन्छ । 'ए भाइ गोली नचलाऊ' उताबाट छाया पनि करायो । तँ को होस्, कर्फ्यु पास छ भनेर सिपाइ गराउँछ' । उसले म मध्य रातमा महाँनिर्माणका लागि हिँडेको

सिद्धार्थ हुँ, महाकवि हुँ मलाई एउटा चुरोट भए देऊ भन्दै छायाँ अगाडि बढ्छ । त्यतिकैमा सिपाहीले कप्तान सापको जननी जन्मभूमिश्छ भुस्याहा कुकुरलाई समेत नछोड्नु भन्ने वाणी सम्झन पुग्छ र ढ्याङ ढ्याङ गोली हान्छ । त्यतिकैमा मलाई किन गोली हानेको म त पशुपति नाथ हुँ । तिमीहरू सबैको कल्याण गर्न आएको भन्दै छायाँ ढल्छ । केही पछि बख्तरबन्द गाडी आयो र लास घिसार्दै अनकन्टार इलाकातिर लगिन्छ । घटनाको कटाक्षेप भएसँगै यो कथा पनि सिद्धिन्छ । घटनामा को मऱ्यो, बुद्ध ? महाँकवि ? पशुपतिनाथ या आतङ्ककारी कसैले केही प्रश्न गरेनन् । देशका सबै निकाय सुतेको वा आफ्नै धर्ममा हिडिरहेको यथार्थमय प्रस्तुति कथामा रोचक रूपमा प्रस्तुत भएको पाइन्छ ।

## २.४.१३ डाक्टरनी आमा कथामा अभिघातपरक विषयवस्तु

प्रदीप नेपाल (२०१०) द्वारा लेखिएको “डाक्टरनी आमा” कथाको रचनाकाल २८ भदौ २०६० मा हो । कथामा स्वास्थ्य, शिक्षा, समाजसेवा, जुनसुकै काममा लागे पनि त्यो व्यक्ति द्वन्द्वको सिकार भएको जसको कारण समाजमा शङ्का अविश्वास, अन्धकार बढेको र आतङ्क फैलिएको अवस्थाको चित्रण गरिएको पाइन्छ । आफ्नो जीवन सधैं अरुको भलाई र समाजसेवामा खँर्चेकी एउटी नारी डाक्टरनी आमा (रेलिमाई) को जीवन बर्बतापूर्वक अन्त्य भएको मर्मस्पर्शी कथावस्तु कथामा पाइन्छ । जसको विस्तृत विवरण यसप्रकार छ ।

दक्षिणतिर फर्केको एक पहारिलो र रसिलो ६० परिवारको एक गाउँ थियो । गाउँमा खानेपानीको योजना आउने हल्ला चलेको थियो । गाउँको एस.एल.सी. फेल भएर बसेकी रेलिमाई तामाङ्ले वडाध्यक्षसँग गाउँमा स्वास्थ्य चौकीको नितान्त आवश्यकता भएको जोड गरिन् । यस्तो अनकन्टार गाउँमा को अहेब आउँछ भन्दा रेलिमाईले पहिले चौकी त ल्याउनुस् अहेब क्या डाक्टर नै आउँछन् भनेर जवाफ दिएको केही समय पश्चात गाउँमा स्वास्थ्य चौकी आउँछ । तर अध्यक्षले भने झै गाउँमा केही अहेब आउन मानेनन् । रेलिमाई आफै अनमी पढेर गाउँ फर्केको दिनदेखि भने त्यस स्वास्थ्य चौकीको ढोका कहिलै बन्ध भएन । बर्सै दिनमा रेलिमाई गाउँलेहरूको जीवनदाता भइन् । गाउँमा झाडापखाला, सुत्केरी स्याहारको समस्याहरू पनि समाधान भए । रेलिमाईको विद्यालयका शिक्षकसँग बिहा पनि भयो । नहुँदै उसका दुई जना सन्तान पनि भइसके । रेरिमाई अब रेलिमाई नभई गाउँकी ‘डोक्टरनी आमा’ भइसकेकी थिइन् । घरको काम वा छोराछोरीभन्दा गाउँको सेवा र स्वास्थ्य

चौकीलाई समय दिनु रेलिमाइको दैनिकता थियो, त्यसमा उनका श्रीमानले पनि केही नाइनास्ति गर्न सक्दैनथे ।

२०४८ सालपछि श्रीमान बलबहादुरले पनि स्कुल छोडेर सक्रिय राजनीतिमा लागेका थिए । २०५० देखि सदरमुकामतिरै श्रीमान बस्न थालेका थिए र डाक्टरनी आमालाई सहरमै बस भन्दा र सहरतिरै सरुवा गर्न खोज्दा उनले गाउँ छोड्न मानेकी थिइनन् । छोरो ठूलो भएर पैसा कमाउन लाहुर हिडेर पैसा कमाए पश्चात सहरमा घर बनाएर गाउँको अवस्था देखेर आमालाई बोलाएको थियो । तर रेलिमाईले गाउँको सेवा नर्ग छोडेर कही पनि जान तयार हुदिनन् । घरमा एक्लै भएर पनि रेलिमाइ गाउँ छोड्न तयार नभई सेवामै जुटिरहन्छिन् । त्यसै बेला एकदिन बेलुकीपख गाउँका युवायुवतिलाई झाडापखालाको उपचारका लागि नुन चिनी पानी बनाउने तरिका सिकाउँदै गर्दा उनको आगनमा चार जना केटा र तीन जना केटीहरू आए र रेलिमाई आमै तपाई नै हो भनेर सोधे । उनले हो मै हुँ भन्न नपाउँदै अर्को केटाले तपाईको छोराले त बेलाइती सेनामा खुब पैसा कमाएर बसिराको छ रे । हामी क्रान्तिकारी हौ । छोराले धेरै कमाउँछ रे हाम्रो जनसरकारले सालको दुई लाख ट्याक्स तोकेको छ । एक हप्ता पछि तयार राख्नु हामी लिन आउँछौं । डाक्टरनी आमा छक्क पर्दै बाबु नानी हो म कसैको कमाइ खादैन र खाएकी पनि छैन । मेरो कमाइको ट्याक्स माग्छौं भने म दिन तयार छु अरुको जान्दैन । रेलिमाईले यति भन्न नपाउँदै, धेरै जान्ने भइ बोल्ने होइन, हामी एक हप्ता पछि आउँछौं तयार राख्नु भनेर उनीहरू गए । सबै गाउँलेहरूले डाक्टरनी आमाले नमान्दा नमान्दै पनि उनीलाई सहरमा ल्याई छोरा र उनका श्रीमानको जिम्मा लगाइ फर्कन्छन् । सहरमा गाउँका सबै आफन्तले क्रान्तिकारी र सुरक्षाकर्मीबाट पाएका दुःख र पीडाका खबर रेलिमाइले सुनिरहन्छन् । रेलिमाई केही समय पश्चात गाउँका आफन्तका एस्ता दुःख सुनेर म यहाँ सहरमा बस्न सक्दैन भन्दै गाउँ फर्किन्छन् । रेलिमाई गाउँ फर्केको चार दिनमा फौजीको एक समूह उनको औषधि पसल अगाडि आएर ए दिदी तपाईको पसलमा आतङ्ककारी औषधि लिन आउँछन् होला नि भनेर सोध्छन् । रेलिमाइले खै भाइ निधारमा कसैको लेखेको हुँदैन । औषधि ग्राहक त मेरा प्राय सबै गाउँले नै छन् भन्न पुग्छिन्, त्यसपछि उनीहरू यस्तो नचिनेको कोही आए हुलिया चिनी राख्नुहोस् है भनी जान्छन् । रात पर्नै थाल्यो अब पसल बन्द गरेर जाने बेला आगनमा जुत्ताको आवाज आउँछ । एकैचोटी ए भोटेनी हाम्रा काम्रेडहरूको संहार गराएर पुरस्कार थाप्न आइस हैन गाउँमा फेरि । त्यतिकैमा जङ्गल जिन्दावात गोलीको आवाजसँगै आउँछ ।

बदला लियौ । भन्दै उनीहरू बाटो लाग्छन् । रेलिमाईको बीभत्स शरीर घाटीमा दुई ठाउँ खुकुरीका घाउ र छातिमा तीनवटा गोलीले प्वाल पारेको मृत शरीर । गाउँलेले डाक्टरनी आमा गुमाइसकेका हुन्छन् । यसरी एक नितान्त समाजसेवामा लागेकी डाक्टरनी आमाको अन्त्यको साथसाथै कथाको पनि अन्त्य भएको हुन्छ ।

## २.४.१४ विप्लवी कथामा अभिघातपरक विषयवस्तु

वि.सं. २०१२ काठमाडौँमा जन्मेकी इल्या भट्टराई नेपाली कथा साहित्यकी नौलो आयामकी प्रतिभा हुन् । विशेषतया डायास्पोरा एवं समाजका सूक्ष्म तहभित्र पसेर भेटाइएका अनुभवहरूलाई इमान्दारीपूर्वक अभिव्यक्ति गर्ने इल्या भट्टराईद्वारा लेखिएको 'विप्लवी' महत्त्वपूर्ण कथा हो । 'अनि ...' सङ्ग्रह (२०६२) मा सङ्गृहीत कथा विप्वली जातीय एवं वर्गीय वैमनस्यता कारण निश्चल बालबालिकालाई दुःख दिएको अझै भन्ने हो भने द्वन्द्वकालमा माओवादीका मानमा विभिन्न तल्लो अछुत वर्गले उच्च वर्गमाथि गरेको विनातुकको अक्रमण र विप्लवी जस्ती नाबालिका माथि गरेको बलत्कारलाई जसको कारण जीवन अन्धकारमय बनेको परिघटना कथाको मुख्य विषयवस्तु बनेको छ ।

विप्लवीले आफ्नो नाम जसले राखिदिए उनीहरू र त्यो नामबारे सोचिरहेको प्रसङ्गबाट कथा सुरु हुन्छ । विप्लवी छटपटिएकी हुन्छ । ऊ त्यहाँ आएकी होइन । ल्याएदेखि त्यहाँको वातावरणसँग समायोजन हुन सकेकी हुँदिन । भर्खर तेह्र वर्षकी विप्लवी पढ्दै गरेकी हुन्छे । आफ्नो वरिपरिको हत्या, हिंसा, त्रास र दुर्गन्धगत परिवेशको बिच जीवन बिताएकी थिई । पढ्न थालेका बालबालिकालाई कक्षाकोठाबाटै आतङ्ककारीले लिन थालेपछि उसका आमाबाबुले छोरीलाई विद्यालय जान रोकेका थिए । विद्यालय जान नदिए पनि ढुक्क भने भइसकेका हुँदैनन् ।

एकदिन बेलुका आफ्ना टाट्नामा बाँधिएका खसीबार्खालाई घाँस हालिदिएर पिँढीमा बसिरहेको बेलामा आगनमा बुट बजार्दै पाँच, छ जना बन्दुकधारी आइपुग्छन् । पिँढीमा भएको अम्ख्वराको पानी घटघट पिउँदै एउटाले उसको बुबालाई हालखबर सोध्दै हाम्रो सारै शोषण गरेका थियौ नि, अझ पनि हामीलाई बाहिरै अलग्याएकै छौ कि आफ्नो भान्सासम्म जानदिन्छौ भनेर सोध्छ । बेलुकाको खाना पकाउन अराउँदै बन्दुकधारीले बेलुकाको खाना त्यही खान्छन् । जथाभावी भान्सामा जुत्तासँगै घरमा लापरवाही गर्न पुग्छन् । विप्लवीका आमाबुबा र विप्लवी एउटा कुनामा चुपचाप गुटुलिएर बस्छन् । खाना पश्चात उनीहरूको

नाइके जस्तोले विप्लवीतिर औला उठाउँदै यी केटी अब हामी हाम्रो जनमुक्ति सेनामा भर्ना गर्ने भएम् हामलाई दिनोस् । यिनी भाग्यमानी रहिछन् हामीसँग जनमुक्ति सेना हुन पाउने भइन् । यिनका लुगाफाटा दिनुहोस् । नाइकेको यो आवाज उसका आमाबुबालाई बज्र समान हुन्छ । एकछिन् त उनीहरू चेतना सुन्य हुनपुग्छ । एकछिन पछि उनीहरूले रुदै यो अहिले सानी छ, हजुर घरमा मुसो देखे त डराउने यो नाबालिकाले के युद्ध लड्छ ? अरु जे भन्नुहुन्छ हामी मान्न तयार छौं हजुर छोरीलाई छोडिदिनुहोस् भनेर ठुलो अनुरोध गर्न पुग्छन् । आफ्नी छोरीलाई रुकाउन आएका सबैका गोडा समाइ रोइकराइ गरेता पनि ती कठोर हृदयका क्रान्तिकारीले आफ्नो क्रान्ति बलियो बनाउन एउटा तेह्र वर्षिया केटीको बलि लिएरै छोडे । रातभरको हिडाइ पछि त्यो नाबालिकालाई अर्को दिन आफ्नो क्याम्पसमा पुऱ्याउँछन् । क्याम्पमा पुगेकै राती उसलाई अपहरण गर्ने त्यो नाइके उसलाई क्रान्तिमा अग्रसर गराउन आइपुग्छ । एउटी नाबालक यौनशोषणको शारीरिक र मानसिक पीडाले चिच्याउँदा त्यो चिच्याहटमा उसले देशका गरिब, निमुखा, सर्वहाराहरूको मुक्ति देख्दथ्यो । त्यसै कारण ऊ पीडाले जति चिच्याउँथी ऊ आनन्द तरिकाले यौनमा तल्लिन हुन्थ्यो । नाइकेको यौनको तृप्ति गरेर ऊ क्रान्तिको बाटो अग्रसर भएकी थिई । उसको नाम उसले विप्लवी राखिदिएको थियो । उसलाई क्रान्ति बारे निकै बताएको थियो । तर त्यस महान युद्धमा उसले गर्नुपर्ने क्रान्ति भने बेग्लै खालको रहेछ । भोकै पेटमा क्रान्ति गर्न नसकिने भएकाले उसले क्रान्ति सफल पार्न उनीहरूको भान्सा र उनीहरूको ओछ्यानमा बस्नु पर्ने रहेछ । यही नै उसको सर्वहाराको लागि गरेको क्रान्ति हो रे । आफ्नो शरीर उनीहरूको तृप्ति मेटाउन उत्सर्ग गर्नु नै उसको विप्लव हो रे यही कार्य उसले गर्न पुगेको प्रसङ्ग कथाको मुख्य विषयवस्तुका रूपमा रहेको छ ।

### २.४.१५ एकालापहरू कथामा अभिघातपरक विषयवस्तु

वि.सं. २०६१ को साउनमा 'नेपाल' साप्ताहिकमा प्रकाशित एकालाप कथाका कथाकार अविनाश श्रेष्ठ हुन् । उत्कृष्ट कविका रूपमा चिरपरिचित अविनाश श्रेष्ठले प्रयोगधर्मी कथा लेखेका छन् । यही प्रकृतिको रहेको छ कथा 'एकालाप' । देशमा अकारण बढेको आतङ्कले अल्पनीय त्रासदीको सिकार बन्दै ज्यानै गुमाउन पुगेको शारीरिक तथा मानसिक अभिघातजन्य कथावस्तुले कथा कारुणिक बनेको छ । कथामा सिधासाधा, निर्दोष, वेकसुर, पात्रलाई सुरक्षाको आरोप लगाउँदै निर्मम यातना दिइन्छ, उसको हत्या हुन्छ । परिवार तहसनहस हुन्छ । जसको विस्तृत कथावस्तु यसप्रकार रहेको छ ।

सदरमुकाममा जहाँ राज्यको सबैजसो आवश्यक अङ्गको उपस्थिति हुन्छ । तर त्यही सदरमुकाम नजिकै रहेको एउटा गाउँ हुन्छ । मुलुकका अनय अनकन्टार ठाउँ जस्तै थियो । सुनसान गाउँमा जहाँ तलको खोलाको सुसाइले एकोहोरो गाउँलाई गुञ्जायमान पारिरहन्थ्यो । त्यही गाउँको एक साधारण परिवारको एक सोझो अभिभावक हुन्छ म पात्र । आजको (कुनै एक दिन) रात म पात्रलाई अलि बिरानो देखिएको हुन्छ । अलि टेढो चालले चन्द्रमा उदाएको, सारा ताराहरूले पृथ्वीलाई गिज्याएको जस्तो आकाशमा मुस्काईरहेका हुन्छन् । साँझको साधारण परिवारको छाक कटान सकेर म पात्रका सबै परिवार आआफ्नो काममा लागिरहेका हुन्छन् । त्यस्तैमा मूलढोका जोडजोडजले ढकढक्याएको आवाजसँगै तलबाट ए ढोका छिटो खोल भन्ने आवाज सुनिन्छ । दुई छोरी, छोरा बुहारी, आफू र स्वास्नी भएको उसको परिवार सशङ्कित हुन्छ । आखिर तल गई ढोका खोल्छन् । ढोका खोल्न नभ्याउँदै कम्ब्याट पहिरेका हतियारधारीहरू आमाचाकरी गाली गर्दै भित्र आउँछन् । एउटाले म पात्रको घिच्रो समात्दै ए तँ फलानो होइनस् भनि सोध्छ । आफ्नै नाम सोधे पछि हो म नै हुँ भन्न पुग्छ । नभन्दै उसमाथि अनौठो गाली गर्दै बुट र बन्दुकका कुना उसमाथि बर्सिन्छन् । छोरी, बुहारी, छोरा र स्वास्नीको रोइकराइ र बिन्ति सबै उनीहरूको अगाडि निरर्थक बन्न पुग्छन् । म पात्र किन कुटिइदै छ, के कारणले यस्तो अपराध अन्याय कार्य हुँदैछ, यस्तो अमानवीय र बीभत्स कार्य गर्ने कम्ब्याट पोसाकधारी को हुन् (पुलिस, सेना वा माओवादी) केही जानकारी हुँदैन । धेरै पीडाजन्य पिटाइ पश्चात उनीहरूमध्ये एकले घरबाट बाहिर हुत्याउँदै ए ! यसलाई लिएर हिँड । उसको आँखामा पट्टि बाधिन्छ र घिसार्दै लगेर जान्छन् । म पात्रलाई लागेको ठाउँ ब्यारेक, जङ्गल, गुफा, मैदान केही जानकारी हुँदैन । खाली उसलाई यातना र क्रन्दनका चर्का यातना उसमा बसिरहन्छन् । तँ सेनाको सुराकी, होस् कि नाइ, तँ आतङ्ककारीको पतियार होस कि नाइ यावत प्रश्न सोध्दै उसमाथि भोकै प्यासै राख्ने, तताएको भ्mीरले डाम्ने, औंला सिलोटोमा थिच्ने, पिन गाड्ने गरियो । त्यतिमात्र होइन दाहिने खुट्टा घुडानेर भाँचेर अलग बनाइदिएका थिए । दाहिने आँखा राइफलका कुन्दाले हानी फुटाइदिएका थिए । अब भने म पात्र अर्धहोसी भइसकेको थियो । गर्दै नगरेको दोष लगाई उनीहरू म पात्र माथि विभिन्न यातना दिइरहेका थिए । कुन जन्मको मुक्तिका लागि म पात्रले यो दर्दनाक दण्ड भोग्नु परेको छ । किन मान्छे मान्छेका लागि यति क्रुर बनिदिन्छ खै । यस्तै किसिमका आलाप भावना गर्दैगर्दा म पात्रले सुन्न पुगेको हुन्छ । “त्यो त रहेन छ त्यसलाई किन ल्याएको यहाँ ! नाम त उही रहेछ कमरेड, दात, दारी, हुलिया सबै उस्तै

रहेछ साब" । साबले अब के गर्छौ यसलाई यही अचार हाल्छौ कि उही लिई छोडेर माफी माग्छौ ? साबले प्रश्न गरेपश्चात फेरि बिना कसुरीलाई यो हालतमा त्याहाँ ली छोड्नु भनेको त हाम्रो अस्तित्व मेट्नु हो । अर्को दिन एउटा खोल्सामा लास पाइएको समाचार आइपुग्छ । योसँगै कथा सिद्धिन्छ । यसरी कथामा भएको यस्तो कारुणिक कथावस्तुले कथा अभिघातपूर्ण रहेको छ ।

### २.४.१६ आतङ्कको आँसु कथामा अभिघातपरक विषयवस्तु

'आतङ्कको आँसु' कथा किशोर पहाडी (२०१३) द्वारा लेखिएको हो । वि.सं. २०६२ मङ्सिरमा रचना गरिएको यो कथा तत्कालीन युद्ध, अपराध एवं अपहरणसँग सम्बन्धित रहेको छ । कथामा एउटा निर्दोष व्यक्तिले शारीरिक एवं मानसिक यातनाको सिकार बन्न पुग्छ । यही भोगेको यातनाको अभिघातले उसलाई निन्तर पोलिरहेको विषयवस्तु कथामा व्यक्त गरिएको छ । चेत दाइ (उनी पात्र) खाना खान बसिरहेको बेलामा घरबाहिर आवाज आउँछ । फेरि त्यही आवाज दोहोरिएपछि उनी ढोका खोल्दै को ह ? तिमीहरू भन्न पुग्दछन् । सात आठ जनाको समूहमा आएका ती केटाले तपाईसँग केही कुरा गर्नु छ भनी केही तलसम्म लगेका हुन्छन् । यही भन्नुहोस् कता तल भन्दा उनलाई दुई/चार जनाले घिसार्दै घर मुनिको ठूलो फुटबल खेल्ने चौरमा लग्न पुग्दछन् । चौरमा लगेर उनको टाउकोमा हिर्काउँदै र गजल्ट्याउँदै दुर्गा गणका सिपाहीसँग हास्दै थियौ, हाम्रो सुराकी हो तिमी भन्दा उनी डरले काप्न थालिसकेका हुन्छन् । त्यसैमा थपिएको यातना र कडा शोधाइले उनीले होइन मैले कसको किन सुराकी गर्थे भन्न नपाउँदै बेहोस हुन्छन् । होस खोल्दा उनी सहरको अस्पतालमा हुन्छन् । खुट्टा भाँचिएको, गालामा ढाका च्याडा मारिएको सारा जीउ थिलोथिलो पारिएको थियो । त्यही कारणले उनी समयसमय अरुसँग डराउने गरेको हुन्छन् । यही कारण आज पनि उनी बाटोमा हिड्दा चिया खान बसेको पसलमा भेटाएका केटाहरूलाई देख्दा डराउन पुग्छन् । एक्लै हिँड्ने १०-१५ मिनेटको बाटोमा पनि डराएर एक्लै हिड्न गारो मान्छन् । टाढा हिँडेको मान्छेको सहाराले उसको नजिकै जान्छन् । त्यो मान्छेको नजिकै पुग्दा पहिले घरबाहिर बोलाई आफ्नो कपाल मुठ्याउने व्यक्ति जस्तै देख्छन् उनी डरले काप्न थाल्छन्, त्यतिकैमा त्यो व्यक्तिले पिरहेको चुरोट निभाउदै नमस्ते चेतदाइ भन्न पुग्छ अनि उनी झसङ्ग भएर यो होइन कि क्या हो सोच्न पुग्दछन् । र त्यो विद्यार्थीलाई आतङ्कले भरिएको आँखाले ट्वाल्ल हेर्दै गर्दा कथा टुङ्गिन्छ । आतङ्कमयी मानसिक दशाले छेदविछेद भएको यो कथामा युद्धकालीन समयको यथार्थता पाइन्छ ।

## २.४.१७ आकाश अझैं धुम्म थियो कथामा अभिघातपरक विषयवस्तु

सिर्जना शर्माको जन्म वि.सं. २०१३ काठमाडौँमा भएको हो । सूर्योदय नामको प्रथम कथा २०४९ बाट देखापरेकी सिर्जनाले आफ्ना कथामा समाजमा व्याप्त अशिक्षा, गरिबी र मानवको दीनहीन अवसथका विषयलाई प्रस्तुत गर्ने गरेकी छन् । यस्तै कथावस्तुले भरिएको कथा 'आकाश अझै धुम्म थियो' लेखको अन्त्यहीन पहिराहरू (२०६२) सङ्ग्रहबाट लिइएको हो । तत्कालीन परिवेश जहाँ देश र जनताको सुरक्षा दिन बसेका सुरक्षाकर्मी आफ्नै सुरक्षा गर्न गारो परिरहेको र उनीहरू मानसिक रूपले कमजोर भइसकेको अवस्थालाई कथाले चित्रण गरेको छ । जसमा जमुना उसको दाइ चन्द्रलाल, जमुनाकी भाउजु, चौकीका पुलिस (पाहुना) आदि पात्र रहेका छन् । मानसिक आघात भएका सुरक्षाकर्मी आफ्नो सुरक्षाको लागि गाउँलेको घरमा शरण लिन पुगेको अवस्थाको कथावस्तु रहेको यस कथाको विस्तृति यसप्रकार रहेको छ ।

जमुना माइत आइपुगेको बेला साझपख चारजना सुरक्षाकर्मी (पुलिस) उसको दाइको घरमा आइपुग्छन् र जमुनाको खबर सोध्छन् । भाउजु र दाजुसँगको सोधपुछ पछि नजिकैको चौकीका पुलिस भएको र बेलुका आफ्नो घरमा बस्न आउने गरेको कुरा दाइले बताएपछि जमुना दाइलाई रिसाउँदै पुलिस किन हाम्रो घर आएका हुन् ? घरमा नपल्काउनुस है, कुनै दिन घर सखाप होला भन्छे । चन्द्रलाल पुलिसलाई अबदेखि घरमा नआउन भन्छु भन्नलाई तयार हुन्छ तर त्यसो भन्न सक्दैन । उनीहरूले मिठो खान दिएको देखि घरको आगन बडार बुढाइ पारेको गुन देख्दा उसले त्यसो भन्न सकेको हुदैन । अर्को दिन पनि त्यसै गरी सुरक्षाकर्मी आएको देखेपछि जमुना मुख खोलेर भन्छे 'तपाईहरूको बस्ने चौकीमा होइन र किन हाम्रो घरमा सधैं आउनुहुन्छ' । उसको कुराले सिपाहीहरूको छातीमा गहिरो चोट पुग्छ । जसको भाव उनीहरूको अनुहारमा प्रष्ट देखिन्थ्यो । तर पनि उनीहरूमध्ये एक जनाले भन्यो । हो बैनी हाम्रो बस्ने चौकी हो । तर उसले मनमनै सोच्दछ । 'जनतालाई सुरक्षा दिने हामीले हो । तर के गर्नु चौकी हाम्रो लागि अहिले मृत्युको कठघरा बनाए विद्रोहीहरूले । वरपरका सबै चौकीहरू ध्वस्त भइसके र धेरै सिपाही साथीहरू पनि खरानी भइसके । यो जाबो बन्दुकले हाम्रो सुरक्षा दिन सकेन । जन्मेपछि ज्यानको माया कसलाई हुँदैन र त्यही जीवन सुरक्षाका लागि मात्र गाउँका घरघर घुस्रिएका हौं ।' अर्कोतिर फेरि जान्छौ बैनी जान्छौ हामी चौकी जान्छौ, गस्तिमा ढिलो भएपछि कहिलेकाही गाउँमै बस्छु यति मात्रै हो भन्दै सबै सिपाही अँध्यारो मुख लगाएर चौकीतिर जान्छन् । चौकीमा

पुगेपछि सबै सुन्ने तरखरमा लाग्छन् । बाचे भोली भेटौला हवल्दार भन्नपुग्छ । अर्कोले रेडियो लगाउँछ, अर्कोले समचार नसुनाउन अनुरोध गर्छ । यसै गरी क्रमशः कोही सुन्छन् र कोही त्रासका कारण जाग्राम रहन्छन् । सुत्ने मध्येको एउटा सिपाहीले सपना देख्नपुग्छ । उसले आफू मरेको र आफ्नो लासमाथि सबैले पुष्पगुच्छा र समाली चढाएको, साथै आफ्नो स्वास्नी आलाप बिलाप गरेको सपना देख्न पुग्छ र ऊ झस्किदै उठ्छ । सुनसान रातमा ऊ सपना पो रहेछ भनेर होसमा आउन खोज्छ । उसले सपना सुनाउँछ । अर्कोले नसुनाउ भगवान भरोसा हामीलाई केही हुँदैन । विहानी झिसमिसेमा एउटा सिपाही बाहिर बस्न जान्छ । ऊ अँध्यारोमा टाढा एउटा जमात देख्छ, हतारिँदै भित्र आउँछ र मानिसको हुल देख्छन् । एउटाले सतर्क भएर बस आइलागे उपाय गरेर ज्यान जोगाउनु पर्छ । उज्यालो हुन्छ त्यो केही देखिँदैन । सबैजना बाहिर निस्किन्छन् । आकाश अझै धुम्म नै देखिन्छ । यसरी मानसिक रूपमा छेदविछेद भइसकेको सिपाहीहरूको आत्मकथालाई कथाले मुख्य विषयवस्तु बनाएको छ ।

### २.४.१८ माओवादी कथामा अभिघातपरक विषयवस्तु

नेपाली साहित्यका सबै विधामा उत्तिकै कलम चलाउने साहित्यकार गोविन्द गिरी 'प्रेरणा' (२०१५) द्वारा लेखिएको 'माओवादी' कथा २०५७ जेष्ठको साधनामा प्रकाशित कथा हो । यही कथालाई प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहीत गरिएको छ । कथामा समाजका विसङ्गति, विकृति, दमन एवं शोषणले गाउँका सोझा साझा नेपाली जनताले कसरी निकृष्ट नसोचेको काम पनि गर्न बाध्य भएको कुरा अभिव्यक्त गरिएको छ । हरेक ठाउँमा ठक्कर खाएपछि विवशताले माओवादी बन्न बाध्य भएको कथावस्तु अभिव्यक्त भएको छ । त्यसै गरी एउटा सुरक्षाकर्मी जो राष्ट्रको सेवक हो र त्यसको परिवारले कति मानसिक रूपमा अभिघात खेप्नु परेको छ, भन्ने प्रसङ्ग पनि कथामा व्यक्त गरिएको छ । कथाको त्यो अभिघातित विषयको विस्तृतीकरण यस प्रकार छ ।

कथाको मुख्य म पात्र (इन्स्पेक्टर साब)को सरुवाको लागि अतिरिक्त महानिरीक्षकको कोठातिरको आगमनबाट कथावस्तुको सुरुवात भएको छ । अतिरिक्त महानिरीक्षकले अलि च्यालेन्जिङ ठाउँमा सरुवा भएको र अहिलेसम्मको तपाईको रेकर्ड राम्रो भएको भन्ने कुरा गर्दै रोल्पामा सरुवा भएको कागज थमाउनपुग्छ । रोल्पाको सरुवा पत्र बुझेपछि म पात्र आघातित मन लिएर घरमा पुग्दछ । विहानै श्रीमतीले नराम्रो सपना देखेको कुरा गर्दा

अन्धविश्वास भन्दै कराएको इन्स्पेक्टर साब अहिले श्रीमतीको अगाडि त्यो सरुवाको खबर नै सुनाउन डराउँछ । डराएरै भएपनि म पात्र आफ्नो सरुवाको खबर श्रीमतीलाई सुनाउन पुग्छ । श्रीमती त्यो खबर सुन्ने बित्तिकै रुवाबासी गर्न पुग्छे । एक हप्ता अघि मात्रै माओवादी र प्रहरी बिचको भिडन्तमा परी पाँच जना प्रहरी घाइते र दुई जना मरेको रोल्पामा सरुवा हुँदा सबै परिवार तथा आफन्तजन चिन्ताग्रस्त भएका हुन्छन् । श्रीमतीको रुवाबासी र आफन्तजनको चिन्ताका साथसाथै इन्स्पिेक्टर रोल्पा पुग्छ । त्याहाँका पुराना जवानले भर्खरै भएको युद्धमा आफू धन्नले बाँचेको र डराएको कुरा नयाँ इस्पेक्टर सापलाई सुनाउन पुग्छन् । एक दुई दिन पछि गाउँका नेताहरू भेट्न आउँछन् । प्रशस्त हतियार ल्याउनु पर्ने कुरा व्यक्त गर्दछन् । म पात्र सुनि मात्रै रहन्छ । जिल्लामै टेलिफोन लाइन विच्छेद भएको, पत्रपत्रिका पनि समयमा नपुग्ने कारण म पात्रले कुनै नयाँ समाचार र खबरबाट बेमुख हुनपुग्छ । स्थानीय जनताले पुलिसको गस्तीलाई वा प्रहरीलाई निरपेक्ष रूपमा हेरेको देखेर म पात्र अचम्म पर्दछ ।

यसै गरी उसको दुई हप्ता बितेको हुन्छ । एकदिनको कुरा हो म पात्र चौकी बाहिर मेचमा बसिरहेको बेला एउटा अर्धबैसे उमेरको व्यक्ति त्यतातिर आउँछ र म पात्रलाई कताकता देखेको जस्तो लाग्यो । साह्रै साधारण पहिरन जीवनबाट थाके जस्तो देखिने त्यो मान्छेले अविनन्दन गऱ्यो र आफू रामेश्वर छेत्री (म पात्रको पुरानो साथी) भएको कुरा बतायो । इन्स्पेक्टरले बस यार यो सुन्दर ठाउँमा कसरी भेट भयो भनेर म पात्रले हालखबर सोध्दा उसले व्यापारी प्रयोजनले यहाँ आएको कुरा बतायो । उनी त्रिचन्द्र क्याम्पसमा सँगै बिए पढेका साथी हुन्छन् । २०३६ सालको विद्यार्थी आन्दोलनमा लागेका थिए । पछि म पात्रको पुलिसको नोकरी भएपछि उसले राजनीतिमा विश्राम लिएको हुन्छ भने रामेश्वर भने झन झन सक्रिय हुँदै गयो । म पात्र विराटनगर सरुवा हुँदा यी दुईको भेट भएन । फेरि म पात्र काठमाडौं आउँदा रामेश्वरको गाउँमा पहिरोले सबै बगाएको र अहिले पुतली सडकमा एउटा रेस्टुरो खोलेको हुन्छ । त्यही कहिलेकाहीँ उनीहरूको भेट हुन्छ । केही समय पछि उसको रेस्टुरामा चोरी हुन पुग्छ । म पात्रले साथीको चोरीको सामानको क्षतिपूर्ति दिलाउन भर प्रयास गर्दा पनि म पात्र सफल हुँदैन । त्यसपछि म पात्र निरास हुनपुग्छ । २०४६ सालमा इन्स्पेक्टर (म पात्र) डोटी गई फेरि काठमाडौं फर्किदा रामेश्वरको श्रीमती र छोरी मात्र रेस्टुरामा थिए रामेश्वरलाई आन्दोलनमा गोली लागेर मरणावस्थामा अस्पताल भएको कुरा म पात्रले थाहा पाउँछ । केही समयपछि रामेश्वरलाई अलि ठिक भए पश्चात ऊ घर

आउँछ । ऊ आफ्नो राष्ट्रको र नेपाली जनताको लागि घाइते भएको कुरा सबै ठाउँमा राख्छ र आफूलाई सहयोग गर्न भन्छ तर उसको यो प्रयास पनि व्यर्थै हुन जान्छ । म पात्रले अब रानजीति गर्न छोड भन्दा, रामेश्वर त्यही राष्ट्र र राजनीतिले गर्दा जीवन आदा भइसक्यो अब नछोड्ने कुरा व्यक्त गर्दछ । राष्ट्रमा प्रजातन्त्र आइसकेको हुन्छ । विभिन्न नेता अभिनन्दन हुन्थे, प्रजातन्त्रको उपयोग गर्थे, तर रामेश्वरको नाम त्यसमा कहिले पर्दैनथ्यो । म पात्र विभिन्न भनसून र बुबाको कारण विदेश जान पायो र म पात्र फर्केपछि पुतली सडकमा जब रामेश्वरको रेस्टुरामा भेट्न भनेर पुग्यो । उसले त्यहाँ रामेश्वरको श्रीमती र छोरीको बलात्कार गरी मारिएको लासलाई हेर्न लागेको भीड देख्छ । रामेश्वरको अतापतो हुँदैन । पछि पोष्टमार्टमा मात्र रामेश्वर आइपुग्छ । म पात्र रुन्छ तर रामेश्वरको मन कठोर भइसकेको हुन्छ । रामेश्वर मन्त्रालय न्यायपालिका सबै ठाउँ न्यायको लागि धाउँछ तर कही न्याय पाउँदैन र म पात्र पनि यस पटक पनि रामेश्वरलाई न्याय दिलाउन नसकेपछि निरिह हुनपुग्छ । त्यसपछि भने रामेश्वर गायब हुन्छ । कही देखिएको हुँदैन । यस्तै पूर्व जीवनको याद गरिरहेको बेलामा केही नेताहरू आएर सँगैको गाउँका वडाध्यक्षको घरमा माओवादिले लुट्ने चिठी पठाएका थिए । लुट्न गए अब तपाईहरूल त्यो लुट्ने काम रोक्नु पर्‍यो भन्दछन् । इन्स्पेक्टर (म पात्र) ले के प्रमाण छ भन्दा उनीहरू राको बालेर गएको समूहलाई देखाउँछन् । म पात्र लगायत सात जनाको डफ्फा बन्दुक र पेस्तोल सहित त्यस राँके जुलुसतिर जान्छन् । केही समय पश्चात दुवै तर्फबाट गोली चल्न थाल्छ । म पात्रले नेतृत्व गर्दै गोली वर्षाउन थाल्छ । केही समयपछि उताबाट हृदय विधारक आवाज आउँछ । केही पछि उतातर्फबाट एउटा मान्छेलाई घिसार्दै लगेको देखिन्छ । सुरक्षाकर्मीले फाएर गर्दा फेरि चित्कार सुनिन्छ र अघि घिसारी रहेको त्यो मान्छेलाई त्यही छोडेर अन्य भाग्दछन् । त्यही छोडेको मानिसको दुई तीन ठाउँ गोली लागेको रहेछ । रक्ताम्य घोप्टो परेको त्यो मान्छेलाई घिसार्दै चौकीतिर ल्याउँछन् । त्यता आइसके पश्चात असइ लगायत अन्य प्रहरी जवान विजयको उत्साहित मुद्रामा हुन्छन् । एक जवान प्रहरीले त्यो घोप्टो परेको लासलाई उत्तानो बनाउँछ । जब म पात्र (इन्स्पेक्टर) त्यो लासको अनुहार हेर्छ ऊ रोल्पा सरुवा हुँदा जुन जमिन भासिएको अनुभव गरेको थियो । त्यस भन्दा हजार गुणा बढी जमिन भासिएको अनुभव गर्न पुग्छ । किनकी त्यो लास अरु कोही थिएन रामेश्वर छेत्री थियो । यसपछि कथा सिद्धिन्छ । कथामा मुख्य पात्र म (इन्स्पेक्टर) र सहायक पात्र रामेश्वर छेत्री

दुवै जीवन र समाजका विकृत व्यवहारदेखि अभिघात भएका पात्रको जीवन कहानिमा नै कथा टुङ्गिएको छ ।

### २.४.१९ निरीह कथामा अभिघातपरक विषयवस्तु

वि.सं. २०१५ भक्तपुरमा जन्मेका ध्रुव अधिकारी कविताबाट सिर्जना कार्यमा प्रवेश गरेर कथा र समालोचना क्षेत्रमा पनि कलम चलाएका छन् । कथा लेखनमा आकर्षित भएको कुरा व्यक्त गर्ने अधिकारीको निरीह कथा २०६३ असारमा समकालीन नेपाली साहित्यमा प्रकाशित भएको थियो । कथामा द्वन्द्वकालीन समयको आतङ्कको त्रासले बालबालिका विस्तापित हुन पुगेको, गाउँमा बस्न सक्ने वातावरण नमिल्दा सहरमा आएका र सहरको आतङ्कले उनीहरूको तहसनहस जीवन अत्यन्तः अज्ञात सहिद बन्न पुगेको अवस्था चित्रण गरिएको छ । कथाको विस्तृत कथावस्तु यसप्रकार छ ।

म पात्रले भेटेको निरीह ऊ पात्रसँगको सोधनीबाट कथा सुरु भएको छ । सुन धाराको बसपार्कमा अल्मलिरहेको एउटा पात्र जो गाउँबाट सहरको सपना बोकेर आएको हुन्छ । अलपत्र अवस्थामा रहेको ऊ पात्रसँग म पात्रले कहाँबाट आएको किन आएको जस्ता प्रश्न सोध्दा उसले केही जवाफ नदिएपछि म पात्र फेरि काम खोज्न आएको भन्छ ? यो प्रश्नमा ऊ पात्रले डराइडराइ 'हो' मात्र उत्तर दिन्छ । ऊ भएभित र कता जाऊँ भन्ने अन्योल ग्रस्त देखिन्छ । म पात्रले उसलाई नजिकैको चिया पसलमा लग्छ र चिया खिलाउँछ । म पात्र कतै त्यस्तै र बालक हराएको सूचनाको कल्पना गर्न पुग्छ । चिया खाइसके पश्चात म पात्रले उसलाई सोध्छ अब के गर्छौ ? कोही यता चिनेको छ भन्दा उसले बालाजुमा दाजु भएको कुरा बताउँछ । खोज्न सक्छौ ? जान सक्छौ ? गोजीमा कति पैसा छ भनेको प्रश्नको उत्तर भने ऊ दिन सक्दैन ? म पात्र आफ्नो दिन चर्यामा जान्छ । केही दिनपछि त्यही बाटोमा आउँदा ऊ पात्र त्यही चिया पसलमा भाडा माझि रहेको हुन्छ । म पात्र थोरै खुसी हुन्छ । जेहोस् काम त पाएछ । केही समयपछि सहरमा छिटफुट आन्दोलन, घटना, जुलुस, आसमभा जस्ता कार्यक्रम हुन थालेका हुन्छन् । प्रहरीको सक्रियता विस्तारै सहरमा बढ्न थालेको थियो । त्यस्तै आन्दोलन र जुलुसले पनि विस्तारै चर्को रूप लिँदै थियो ।

म पात्र त्यो दिन अलि चाँडै घर फर्किरहेको हुन्छ । अधिकांश पसल बन्द थिए । ठाउँ ठाउँमा प्रहरी दल सतर्क थिए । त्यही समयमा म पात्रले टाढाबाट एउटा ठूलो जुलुस आइरहेको देख्यो । उत्साहित मानव सागरले उफ्री उफ्री नारा लगाएका हुन्छन् । म पात्रले

पनि पछि पछि हुँदै त्यो हेरेको हुन्छ । त्यही समयमा एक्कासी ठूलो कोलाहल सुनिन्छ । अनौठो स्वर तथा चित्कारका साथै मान्छेहरू बेतोडले यताउति भाग्न थाले सालिकमा ढुङ्गा हानिरहेका मानिसहरू परबाट अन्धाधुन्ध तरिकाले छोडेका गोली लागेर ढलिरहेका थिए । त्यही समयमा एउटा रक्ताम्य हुँदै ढलेको चिरपरिचित अनुहारलाई म पात्र देख्न पुग्छ । म पात्र स्तब्ध हुनपुग्छ । त्यो ढलेको अपरिचित सहिद म पात्रले सुधारामा भेटाएको निरीह ऊ पात्र नै थियो । आन्दोलन सफल पनि हुन्छ । प्रजातन्त्र पनि आउँछ । देशको अवस्था सामान्य हुनपुग्छ । म पात्रले त्यसपछि त्यो ऊ पात्रले धुने भाँडा ऊ पात्रभन्दा पनि सानो र निरीह अर्को पात्रले धोइरहेको देख्छ । यसरी कथामा देशमा प्रजातन्त्र आएपनि जनजीवनमा भने परिवर्तन नआएको अवस्थासँग सम्बधित प्रसङ्ग पाइन्छ ।

## २.४.२० रितो कथामा अभिघातपरक विषयवस्तु

'रितो' कथाका कथाकार राजेन्द्र पराजुली (२०२१) हुन् । काठमाडौँमा जन्मिएका राजेन्द्र पराजुली कविता, कथा सिर्जनाका साथै पत्रकारिता क्षेत्रमा पनि संलग्न रहेका छन् । उनको सङ्ग्रह 'जाडोमा भोक' (२०६३) मा सङ्कलित कथा 'रितो' मा मुख्यतया द्वन्द्वकालीन समयमा निम्न वर्गीय व्यक्तिले पाएका पीडालाई व्यक्त गरिएको र ती मानिस कुनै राजनीतिक दर्शन वा सिद्धान्तका आधारमा नभई आफ्नो पीडाका कारण हतियार उठाउन पुगेको कारुणिक कथावस्तु व्यक्त गरिएको छ । समाजमा तल्लो वर्ग भोली हेपाहा चेपाहा गरेको व्यवहारको भोगाइले त्यस वर्गका मानिसहरू मानसिक रूपले तनावग्रस्त भएको अभिव्यक्ति कथामा पाइन्छ । कथाको विस्तृत कथावस्तु यसप्रकार रहेको छ ।

जीतबहादुर विक गाउँको हरेक संस्कार, मूल्य, मान्यता, ज्ञान, धन सबै कुरामा अगाडि बढेको पात्र हुन्छ । तल्लो जातको मान्छे त्यस्तो सबै कुरामा आफूभन्दा अघि बढेको देखेपछि माथिल्लो जातका मानिसहरू उदेखि जलेका हुन्छन् । अरु केही कुरामा उसलाई जित्न नसकेपछि कुजात भनेर उसलाई भनेर जिस्काउथे । जुन समयमा उसको मनमा यो ठाउँ छोडौं वा के गरौ भन्ने विभिन्न कल्पना आउने गर्थे । जीतबहादुरको स्वभाव र विवेकका कारण चालिस वर्षसम्म कहिलै एक्लो हुनु परेन । मन्दिर जाने, जीवनका संस्कारगत कार्य गर्ने सधैं ऊ सक्रिय थियो । सानैमा बुबाआमा गुमाएको कारण बुबाआमको श्राद्ध संस्कारलाई पनि हप्ता दिनबाटै चोखो खाएर पुरा गर्थ्यो । समय तुफानसँगै जीतबहादुरको पैत्तिसौ उमेर भैसकेको हुन्छ र एक छोरा एक छोरी जुम्ल्याहा सन्तान प्राप्त

गरिसकेको हुन्छ । समयको बगाई अब जीतबहादुर चालिस वर्षमा टेकेको हुन्छ । एक दिन ऊ थोरै कामको कारण सदरमुकाम गएको हुन्छ । फर्केर आउँदा उसको भन्नु केही रहेको हुँदैन । भिडन्तेहरूले उसको घरलाई कवज बनाएका रहेछन् । उसको घर र उसका आफन्तजन सबै त्यसका सिकार भैसकेका हुन्छन् । जीतबहादुर सात गाउँपरसम्म सुनिने गरी चिच्याउँछ । बेहोस् भएको जीतबहादुर धन्न सदाका लागि सन्तुलन गुमाउँदैन । गाउँ अमान्य भैसकेको हुन्छ । गाउँका संस्कारहरू सबै हराइसकेका हुन्छन् । जीतबहादुर शरणमा बस्तै आइरहेको घरमा पनि एउटा वृद्ध मात्रै थिए । घरमा १४ वर्षे अहिले मुग्लान पसेको नाति र ७० वर्षे वृद्ध बाहेक अरु सबै निर्दोष निहत्था मारिएका थिए । बृद्धको घरमा आफूलाई क्रान्तिकारी भन्नेहरूको सधैँ भीड लाग्ने गर्छ । यी घर परिवार सबै तहसनहस पारेको सेनाले हो भन्ने कुरा वृद्धलाई क्रान्तिकारीले विश्वास दिलाइसकेका थिए। जीतबहादुरलाई गाउँमा संस्कार हराउने, द्वन्द्व फैलाउने, धनी गरिबको विभेद गर्ने कार्यको निम्ति सरकारविरुद्ध बन्दुक उठाउनु पर्छ भन्ने थुप्रै कुराहरूमा सोझो जीतबहादुरले विश्वास गऱ्यो । तीन वर्षे मानसिक चेतना गुमाएको जीतबहादुरले जीवनको उत्तरार्द्धमा कहिलै एउटा चरा समेत नमारेको व्यक्ति मान्छे मार्ने बन्दुक बोक्न पुग्छ । दश वर्षको अँध्यारो यात्रामा जीतबहादुर स्वयम्लाई थाहा हुँदैन कि उसले कति मानव चेतनाको हत्या गऱ्यो, कति मन्दिर भत्कायो, कति संस्कार संस्कृति तोड्यो । कतिपय वियोगमा छटपटाइरहेका क्रन्दनमा जीतबहादुर झस्किन्थ्यो र यो मर्ने र मार्ने लडाइको विरोधको आवाज जीतबहादुर उठाउन खोज्थ्यो । तर उसका नाइके उसलाई तिमी तिम्रो घर तहसनहस पार्नेको विरुद्धमा तिमी लड्दैछौ जस्ता कुराले उसको दिमाख भुटिदिन्थे । अनि ऊ लड्न र मार्न आवश्यक ठान्थ्यो । यही अध्यारो यात्रा जारी रहेको थियो । लडाइका क्रममा हप्ता दिनसम्म भोको रहँदा शाकाहारी जीतबहादुर के के मांसाहार खान पुग्छ । ऊ आफ्नो जीवनको एक्लोपन र कहालीलाग्दो अत्यासले लडाईमा मार्ने भन्दा आफू मर्न अघि लाग्थ्यो । मृत्युदेखि डराउने थुप्रै मर्थे तर जीतबहादुरलाई भने अवचेतन जिजीविषाले सेनाको गोली सधैँ छेलिदिन्थ्यो र ऊ कहिलै मर्न सकेको हुँदैन । उसले भाग्न र लुक्न प्रयास गरेको हुन्छ, तर त्यो ठाउँ र अवस्था पनि उसले कही देखेको हुँदैन । यस्तै त्यो अँध्यारो यात्रामा उसका इमान्दारिता र लगनशीलता छटपटाइ रहेका हुन्छन् र ती प्रत्येक क्रुरताका घटना उसको दिमाखमा दिनदिनै आधिबेहेरीका रूपमा छछल्किरहेका हुन्छन् । एकदिनको घटना गाउँमा एउटा सिपाही छद्म भेषमा आएको खबर पश्चात त्यस इलाकामा जीतबहादुर र एक जना अर्कोलाई पठाइएको

हुन्छ । कुरो सही रहेछ, त्यो सिपाहीलाई फेला पारेर उनीहरू सोधपुछ गरेका हुन्छन् । सिपाही केही नबोल्दा उसकी आमाले बाबुहरू यो बिहाको दिन पनि घरमा बस्न पाएन, तुरुन्तै आउने आदेश पछि गैहाल्यो । आज एक दिनको लागि यो त्यहाँबाट भागेर आएको छ । मैले बुढेसकाललको साहारा मागेकी छु, जस्ता कुरा भन्न नपाउँदै जीतबहादुरसँगै आएको अर्को लडाकुले 'जे सुकै होस् यो हाम्रो शत्रु हो' भन्दै गोलीले उडाइ दिएको हुन्छ । त्यस बेलाको हृदयविधारक मातृचित्कार र पत्नी चित्कार सहन गर्न नसक्दा जीतबहादुरले आफ्नै साथीलाई भरेजति गोली सबै हानेर केही आत्मतृप्तिको महसुस गरेको हुन्छ । यी यस्ता घटनाको स्मृति र समाजमा हराएका संस्कार, संस्कृतिका परिदृश्यले ऊ झन छटपटाएको हुन्छ र अब बाँकी जीवन यिनकै पुनस्थापनामा बिताउने प्रयत्न गर्ने सोच्दै भएका कुकर्मले हराएको आफ्नो परिचय खोज्न पुग्छ तर भेटाउदैन अनि ऊ फेरि एक पटक सात गाउँसम्म पुग्नेगरी चिच्याउँछ । यतिकैमा कथा सिद्धिन्छ । यसरी कथामा मानसिक रूपमा अभिघातित बन्न पुगेको जीतबहादुर बिकको दर्दनाक पूर्व स्मृतिमा कथा अघि बढेको छ ।

## २.४.२१ सिपाही र सालिक कथामा अभिघातपरक विषयवस्तु

'सिपाही र सालिक' कथा महेश विक्रम शाहद्वारा लेखिएको हो । कक्षा क्षेत्रमा छाएको एक दशकमै समकालीन युवा लेखकको अग्रपङ्क्तिमा रहेका महेश विक्रमको जन्म वि.सं. २०१६ सालमा भएको थियो । उनले दशवर्से द्वन्द्व र युद्धसम्बन्धी अभिघात परक विषयवस्तु शक्तिशाली रूपमा कथामा समावेश गरेका हुछन् । जसमध्ये सिपाही र सालिकमा पनि सहरी जीवनमा आन्दोलन, हड्ताल, बन्द, नाकाबन्दीले पारेको आघातलाई देखाउन खोजिएको छ । जनतामा हिंसा, आतङ्क, आक्रोश र भय बढिरहेको र थामिनसक्नुको स्थितिमा आन्दोलन भइसकेपछि सुरक्षाकर्मी पनि एक स्थितिबाट अर्को स्थिति पुगेको परिवेशलाई कथामा प्रस्तुत गरिएको छ । उन्नाइस दिने जनआन्दोलनको अन्तिम दिनको चित्रण जसमा बर्सौ देखिको पीडा पखाल्न र निरङ्कुशताको प्रतीक सालिकलाई भत्काउन थामिनसक्नुको जनसागर सडकमा उत्रिएपछि सुरक्षाकर्मी समेत भीडसँगै जिन्दावाद र मुर्दावादको नारामा संलग्न भएको विषयलाई प्रस्तुत गरिएको छ । कथाको पूर्ण कथावस्तु यसप्रकार रहेको छ ।

देशमा निरङ्कुशता विरुद्ध उन्नाइस दिने आन्दोलन चलिरहेको हुन्छ । ऊ ( सुरक्षाकर्मीको कमाण्डर) दैनिक झै सहरको चोकमा रहेको सालिकको सुरक्षा दिन आफ्ना दस्ता सिपाहीसहित चोकमा आइपुगेको हुन्छ । ऊ विहान, बेलुका, राति वा भोक, प्यास, निद्रा कुनै नभनी त्यस सालिकको सुरक्षा दिइरहेको थियो । आजसम्म गल्ली र सडकमा निस्केका जुलुसबाट निस्केका आन्दोलनबाट सालिकलाई सुरक्षा दिन सकेकोमा गर्वान्वित पनि थियो । रातभर लागेका कर्फ्यु बिहानीपख केही समयका लागि फुकेको हुन्छ । ठूला पसल बन्द रहेपनि ससाना केही पसल खुलेका हुन्छन् । मानिसहरू आफ्ना अति आवश्यक सामग्री सङ्कलनको लागि खोलेका पसलमा झूमिएका हुन्छन् । त्यस्तै अन्य सडक, पेटी, चियापसल, समाचार सुन्ने र पढ्ने व्यक्तिको पनि लाम लागेको हुन्छ । त्यतिकैमा हेलमेट, डण्डा र विभिन्न हातहतियार बोकेका सुरक्षाकर्मीको रोडमा आगमन हुँदा त्यी प्रत्यय मानिस ससङ्कित हुन पुग्छन् । ऊ पात्रले सबैलाई कर्फ्युको समय भएकोले सबै जनाले चोक खाली गर्नुपर्ने कुरा आफ्नो सिटी बजाउँदै भन्छ । केही समयमै डियुटीमा खटिएका प्रहरी बाहेक सबैजना अलप भैसकेका हुन्छन् । शुन्य वातावरणमा उसले सालिकलाई नियालेर हेर्न पुग्दछ । सालिकको २/३ ठाउँमा इटा, ढुङ्गाका दागहरू देखेर त्यसलाई राम्ररी पुच्छ । सालिक सकुशल रहेको देख्दा अब ऊ आफ्नो जागिर जोगिने निश्चित हुन्छ । उसले तैनातमा खटिएका सिपाहीलाई चारैतिर सुरक्षा घेरा बनाएर बस्न आदेश दिन्छ । आफू टुसुक्क पेटिमा बसेर परपरसम्मको सुनसान सडक नियाल्न पुग्छ । ऊ कल्पना गर्छ त्यो लाखौ मानिस सडकमा कुद्ने गाडी, हिड्ने मानिस, दैनिक ज्यालादारी गर्ने यी व्यक्ति कहाँ कसरी जीवन बिताइरहेका होलान् । आफ्नै परिवार कहाँ र कसरी दिन गुजारहेका होलान् । उसले सम्पूर्ण नागरिकको दयाको कल्पना गर्न पुग्छ । ऊ पात्रले आफू नागरिकको सेवाको लागि सिपाही भएको उल्टै त्यी नागरिकलाई घरभित्र थुनेर संवदेनहीन र जडवत् सालिकको रखवारी गरेको कुरा मनन गर्नपुग्दछ । यही सालिकको सुरक्षाका लागि समय समयमा थुप्रै जनतालाई मारिएको कल्पना समेत ऊ गर्न पुग्दछ । ऊ पात्र यसरी सबै झ्याल ढोका थुनेर बसेका यी लाखौं मानिस एकै चोटि आए भने के यो सालिकको सुरक्षा गर्न सकिन्छ भन्ने ऊ कल्पना गर्न पुग्दछ । उसले कल्पना गर्दैगर्दा उसको हातको ह्यान्डसेटबाट, जुलुस अगाडि बढ्न नदे, नारा लगाउनेलाई समात, ठोक ठोक जस्ता आवाज आउँछ र ऊ तर्सिन पुग्छ । ऊ तयारी नहुँदै उताबाट जुलुस आएको हुन्छ । त्यतिकैमा चारैतिरबाट जुलुस आइरहेको हुन्छ । ऊ आदेश पछि त्यी मासिनलाई लठी चार्ज गर्न लगाउँछ । सबै

तितरबितर हुन्छन् एकछिन फेरि त्यसको चौगुनाबढी ठूलो जुलुस आउँछ । सुरक्षाकर्मी थप आई सयौं राउण्ड अस्त्रुग्याँस र गोली बर्साए, केही जुलुकारी ढल्छन्, केहीको भागदौड हुन्छ तर त्यो मानव सागर झन झन बढ्दै जान्छ । ऊ पात्र एकछिन त्यहाँतिर टोलाएर हेर्न पुग्छ । सबैका आँखा आगो ओकलिरहेका थिए । शताब्दीयौंदेखि रहेका कुण्ठा, आफूमाथिको दमन, शोषण अत्न्यको कठोर चाहाना सबैको अनुहारमा झल्केको देख्छ । ऊ त्यही जुलुसमा नेपाली सहिद, साहित्यकार, इतिहासकार, नेता, सबै देख्न पुग्दछ, त्यही समयमा ऊ पात्रले सिपाहीलाई आदेश दिन्छ र सुरक्षाकर्मी पनि जुलससँगै शान्तिको नारा लगाउन थाल्छन् । जुलुस चोकबाट अघि बढिसके पश्चात सयौँ शताब्दीदेखिको सालिक धुलोमा परिणत भैसकेको हुन्छ र कथाको विषयवस्तुले पनि यही विश्राम लिएको हुन्छ । यसरी कथाको मुख्य पात्र सिपाही कमाण्डर(ऊ पात्र) को जनआन्दोलनताको मानसिकता र कार्यशैलीको अभिव्यक्तसँग सम्बन्धित छ ।

### २.४.२२ मैले कुखुरा बासेको सुनैँ कथामा अभिघातपरक विषयवस्तु

अमोद भट्टराई (२०२२) द्वारा लेखिएको कथा 'मैले कुखुरा बासेको सुनैँ' कथा यस सङ्ग्रहमा सङ्ग्रहीत कथाभन्दा फरक परिवेश र फरक प्रकृतिको रहेको देखिन्छ । मूलतः आख्यानकारका रूपमा चिरपरिचित अमोद भट्टराईको सङ्ग्रह छातीमा टाप राखेर (२०६१) बाट साभार गरिएको 'मैले कुखुरा बासेको सुने' कथा नेपाली युद्ध परिवेशमा मात्र सीमित नभई विश्वभरी भएका विभिन्न युद्धको परिणामस्वरूप देखा परेका यातनाका अनेक स्वरूपको अभिव्यक्ति हो । युद्ध, द्वन्द्व र हिंसाको चपेटामा परी आफ्नो घरबार नै गुमाइ शरणार्थी शिविरमा नारकीय जीवन बिताइरहेका युद्धबन्दीहरूको दुर्दशालाई कथाले आफ्नो विषय बनाएको छ । कथाले विभिन्न महत्त्वाकांक्षा, विचार वा साम्राज्यवादी स्वार्थी सोचका कारण विश्वमा अनेक युद्ध भइरहन्छन् । यी सबै अस्थायी हुन् तर मानवीय सद्भाव, मानवस्रोत जस्ता आस्था, स्थायी हुन्छन् भन्ने उद्देश्य कथाको रहेको छ । कथाको विस्तृत कथावस्तु यस प्रकार रहेको छ ।

एउटै देशका दुई जातबिच वा वर्गबिच युद्ध भएको र रणमैदानबाट युद्धबन्दी बनाइएका हुन्छन् । उनीहरूको जीवन कारुणिक र अत्यासमय बनेको हुन्छ । त्यही युद्धबन्दीका अवस्थालाई अध्ययन गर्न अन्तर्राष्ट्रिय मानवतावादी संस्थाले म पात्र, आस्वी निगरोव र मार्टिनलाई खटाइएको हुन्छ । ठूलो युद्धबन्दी इलाकामा जहाँ युद्धबन्दीको अवस्था

कठिन, कारुणिक रूपबाट गुज्रिरहेको हुन्छ, त्यहाँ यी तीन पात्र जोखिमका साथ पुग्छन् । त्यहाँको भग्नावेशको अवस्था, आगोको लाप्काले निलेका रुखविरुवा र आशङ्काले ग्रस्त युद्धबन्दी मानिसका अनुहार देखेर आस्वी निगरोव निरास भएकी हुन्छे । तीन जना पात्रमा बीभत्स, अभाव, भोक र विसङ्गति जस्ता पक्षसँग अनुभवी मार्टिनले अन्य दुई पात्र (म र आस्वी) लाई यही निराशलाई जीवनदर्शनको रूपमा नलिनुहोस् अभैm कति कुरूप अवस्था देख्न बाँकी छ । जीवन त सुखी र सुन्दर पनि त छ त्यसरी पनि हेर्ने प्रयास गर्नुहोस् भनेर सम्झाउन पुग्छ । लामो छलफल पश्चात दिएको अनुमतिपछि उनीहरूले बन्दीगृहको सम्झौताअनुरूप कडाइका साथ निरीक्षण गरेका हुन्छन् । चारैतिर टिनको पाताले घद्धेरेको अग्निकुण्ड जस्तो रापिलो एकै ठाउँमा ४०-५० जना बन्दी खादिएका हुन्छन् । उनीहरूको खाने, बस्ने मात्रै नभएर शौचालय समेत त्यही ठाउँमा हुन्छ । ४५ दिनसम्मको लामो समयमा त्यो ठाउँ फोहोर, दुर्गन्ध मात्रै होइन मृत्युको मुखतिर उन्मुख भएको हुन्छ । म पात्र आस्वी र मार्टिनलाई देखेर केही सैनिक जवान बाहेक उभिन नसक्ने भैसकेका सुनौलो भविष्यको सपना बोकेका नाबालक र वृद्धहरूले उनीहरूलाई घेर्न पुग्छन् । युद्धबन्दीहरू तपाई को हो ? किन तपाईलाई हामी जस्तो गरेको छैन ? सम्मानजनक व्यवहार गरी भित्र पठाइएको छ भन्ने जस्ता प्रश्न गर्न पुग्छन् । मार्टिनले आफूहरू तपाईको अवस्थाको अध्ययन गर्न र छुट्कारा‌को प्रयत्न गर्न आएको कुरा बताउँछ । यस्तो कुरा सुनेपश्चात युद्धबन्दीहरू कोही हामीलाई उपहास गर्न आउनु भएको भनेर कराउन थाल्छन् भने कोही झिनो बाँच्ने आशा लिएर छिटो उदार गरिदिन आग्रह गर्न पुगेका हुन्छन् । हाम्रो सक्दो प्रयास तपाईहरूको उदारमा रहने छ भनेर सम्झाए पश्चात युद्धबन्दीसँग आत्मियता बढ्न पुग्दछ र उनीहरू तीनैजना क्रमिक रूपमा युद्धबन्दीहरूको नाम र हितको यथार्थ विवरण भर्न थाल्छन् । बन्दीगृहमा जीवनमा गहिरा चोट परेका वृद्धदेखि बालक, गर्भवती महिला जो सबैको जीवनको कथाकहाली लाग्दो र अहिले मरणासन्न अवस्थामा रहेका विवरण देखा पर्न पुग्दछन् । बिसन्चो, पीडा, ग्लानी, आक्रोश नभएको त्यहाँ कोही हुँदैन र यस्तो अवस्था देखेर आस्वी, मार्टिन र म पात्र स्वयम् युद्धरोगको सिकार भएजस्तो अनुहार बनाएका हुन्छौँ । यी तीनै जना पात्रले युद्धबन्दीको विवरण पश्चात बाहिर बन्दुक ताकेर बसेका सुरक्षाकर्मीसँग कुरा गर्न थाल्छन् । सुरक्षाकर्मीहरूले पनि सुरुमा कुरा गर्न नमाने पनि पछि तपाईहरूका बन्धुबन्धकलाई पनि हाम्रो संस्थाले तपाईहरूका विरोधी पक्षको बन्दीगृहमा गएर उदारको कार्य गर्दै गरेको कुरा बताए पछि उनीहरू रौसिएर आत्मीयका साथ कुरा गर्न पुगेका हुन्छन् ।

निकै बेर पछिको छलफल पश्चात अब बन्दीहरूलाई शौचालयका साथै बन्दीगृहको अवस्था सुधार्ने बचन दिन सुरक्षाकर्मी तयार हुन पुगेका हुन्छन् । संस्थाको जेनेभास्थित सचिवालयमा दुवै पक्षका प्रतिवेदन प्रस्तुत पश्चात उनीहरूलाई खाने, नुहाउने र शौचालयको व्यवस्था हुनु पर्ने व्यवस्था समेत भएको हुन्छ र हामी (आस्वी, मार्टिन र म) तीनै जना पात्र आआफ्ना घर फर्कुन्जेलसम्म बन्दुक र बमका आवाज पनि बन्द भएका हुन्छन् र बन्दीहरू मुक्त हुने पनि विश्वास गरिएको हुन्छ । पर कतै कुखुरा बासेको सुनिन्छ र कथा यही समाप्त हुन्छ । यसरी कथामा म, आस्वी र मार्टिन लगायत, सुरक्षाकर्मी, युद्धबन्दी थुप्रै पात्र रहेका छन् । जसमा कुनै न कुनै डर, त्रास जस्ता अभिघातित कुण्ठाहरू कथावस्तुका रूपमा रहेका छन् ।

### २.४.२३ धराप कथामा अभिघातपरक विषयवस्तु

नेपाली साहित्यमा विगत तीन दशकदेखि सिर्जनशील भएका रोशन थापा 'नीरव' (२०२४) द्वारा लिखित कथा 'धराप' उनकै सङ्ग्रह 'तेस्रो विश्वयुद्ध' (२०६२) बाट लिइएको हो । यस कथामा वर्तमान परिस्थितिले मान्छेको जीवन डरमर्दो तथा त्रासमय बनेको यथार्थलाई विश्लेषण गरिएको छ । द्वन्द्व र युद्धले जताततै हतियारको प्रयोग भयो र विस्फोट, धराप, र मृत्यु जस्ता कुराहरू दैनिक बढ्दै गएपछि, मान्छे आतङ्कित बन्न पुगे जसले मानव जुनसुकै वस्तुलाई बम, वा कुनै हतियार सम्झने मनोवैज्ञानिक अभिघातित बन्न पुगेको कथावस्तु यस पाठको मुख्य विषय बनेको छ ।

कथाको मुख्य पात्र ऊ साँझको बेलामा कतैबाट घर फर्किदै हुन्छ । गल्लीमा छिर्नुभन्दा पहिलेको मोडमा ऊ टक्क अडिन पुग्छ । कारण केही हुँदैन मात्रै उसले कुनै एउटा डल्लो डल्लो वस्तुमा टेकेको हुन्छ । ऊ झसङ्ग हुँदै त्यतातिर हेर्न पुग्छ केही समयपछि उसको दिमाखमा कसैले साउती गरेर बम बम भने जस्तो लाग्छ । त्यसपछि चिसोको मौसममा पनि उसको निदारमा चिटचिट पसिना छुट्न थाल्छ । यो कुल्चेको वस्तु छोड्दा बित्तिकै विस्फोट भएर ऊ सखाप हुने कुरा सोच्न थाल्छ । ऊ हलचल गर्न नसक्ने अवस्थामा पुगिसकेको हुन्छ । उसले आमाबुबा जसलाई औषधि बोकेर आएको हुन्छ । तिनलाई सम्झयो । त्यसपछि उसले आफ्नी यही महिनामा बिहे हुन लागेको प्रेमीकालाई सम्झदै भन्न पुग्छ प्रेमीका मलाई छेमा गर अब यो जुनीमा म तिम्रो नभई आजै अन्त्य हुँदैछु । उसले खुट्टा हल्लाउन सक्दैन जसरी बममा टेकेको छ त्यसलाई दरोगरी त्यसै

टेकिरहन्छ । जो खुट्टा एक इन्च मात्र उचाल्ने बित्तिकै पट्किने छ, जस्तो उसलाई लागिरहेको हुन्छ । भाइबहिनीका आफूसँग राखेका विभिन्न माग र उनीहरूको सम्झना पनि ऊ गर्न थालेको हुन्छ । एकछिनमा घाँटी रुग्ण हुनपुग्छ र आँखामा सरर पानी आउँछ । हे मातृभूमि मलाई क्षमा गर मैले मेरो राष्ट्रको लागि केही गर्न नसक्दै आज जाने भइयो भन्न पुग्दछ । हिमाल, पहाड, तराई वा मेचीदेखि महाकालीसम्म देशलाई दृश्यवत गर्छ । यसरी यो सारा जीवन, राष्ट्र र आफन्त सबै सारा उसका सम्झनाका लहरहरू एकैछिन आँखामा दौडिन पुग्छन् । उसलाई सारा जीवनदर्शन एकैसाथ आउन पुग्छ । ऊ सोच्छ एक दिन त मर्नु नै छ यो फोहोर बमदेखि किन डराउने । उसले बुद्ध, अमरसिंह, भीमसेन, पृथ्वीनारायणलगायत आफ्ना मातापिता, भाइबहिनी सम्झन पुग्छ र बाँच्नु छ भने केही त गर्नै पर्छ भनेर भए भरको बल लगाइ एक लात दरो तजुकले ला, जा भन्दै त्यो फोहोर बमलाई हान्न पुग्दछ । उसले सोचेको हुन्छ, त्यो ठुलो आवाजका साथ विस्फोट हुनेछ । तर त्यो त भुक्को सानो आवाजका साथ अलि पर उछिन्टिन पुगेको हुन्छ । त्यहाँ विभिन्न फोहोर जम्मा गरेको फोहोरको पोको हुन्छ । ऊ निधारको पसिना पुछ्दै हाँस्न पुगेको हुन्छ । ऊ यस्ता फोहोर नै सार्वजनिक ठाउँमा फाल्ने नेपाली प्रवृत्तिप्रति पनि घृणा गर्न पुग्दछ । यस्तो फोहोरको पोकोलाई पनि बम मानेर डराउनु पर्ने परिस्थितिप्रति पनि आक्रोश भाव व्यक्त गर्न थालेको हुन्छ र यही अवस्थामा कथाको अन्त्य हुनपुग्दछ । यसरी कथामा ऊ मुख्य पात्रको मानसिक अभिघातका कारण मनमा उब्जेका विभिन्न भावना तथा शङ्का र डर त्रासलाई लिएर कथा तयार पारिएको छ ।

### २.४.२४ अज्ञात सहिद कथामा अभिघातपरक विषयवस्तु

प्रदीप मेन्याङ्बो (२०३१) द्वारा लेखिएको कथा 'अज्ञात सहिद' उनको 'पुरुषगन्ध' (२०६०) बाट प्रस्तुत सङ्ग्रहमा साभार गरिएको हो । कथामा राजनीतिक आन्दोलन, हड्ताल, चक्काजाम, कर्फ्युले काम गरेर आफ्नो दैनिक जीविका चलाउने मजदुर र ज्यालाकर्मीको जीवन तहसनहस भई अन्तिममा सडकमा भौरारिएर आफ्नो ज्यानै गुमाउनु परेको कारुणिक परिस्थितिलाई विषयको रूपमा देखाइएको छ । एउटा ठेलावालाले अनेकौ दिनको कर्फ्यु र नेपाल बन्दले भोकै मर्ने स्थितिमा उसले बसेको सहर छोडी अर्को सहर पस्ने विचार बोकी ठेला ठेल्दाठेल्दै पुलिसको गोली लागेर जीवन समाप्त गरेको छ । जसको विस्तृत कथावस्तु यसप्रकार रहेको छ ।

वीरबहादुर जो आफ्नो दैनिक हातमुख जोड्ने जोहो एउटा ठेलागाडा चलाएर गरेको हुन्छ । त्यही वीरबहादुर आज कुनै अकस्मात आफूमाथि कुनै ठूलो समस्या परेजस्तो आतिएको उदास अनुहार लिएर रितो ठेलागाडा लिएर डेरामा आइपुगेको हुन्छ । नेपाल बन्दको कारण यस्तो फर्किने काम उसको आज सातौं दिन भइसकेको हुन्छन् । यस्ता नेपाल बन्द त आजकाल प्रायः सधैं भइरहन्थे तर यति लामो बन्द भई उसलाई भोकले मर्नुपर्ने अवस्था भने यो पहिलो चोटि परेको हुन्छ । सहर, सडक, गल्ली, एकदम खाली चकमन्न छन् । वीरबहादुरजस्ता श्रमिक मजदुरवर्ग भयाक्रान्त छन् । यो सहरमा वीरबहादुर पसेको बिस वर्ष भइसकेको छ । पुरानो सहरले आधुनिकतामा परिवर्तन भइसकेको हुन्छ । वीरबहादुरको भने उही हालत उही अवस्था रहेको हुन्छ । उसमा पनि वर्तन छ भने केबल हिजोको कसिलो अनुहार र पाखुरा आज चाउरिएको कमजोर अवस्थामा परिवर्तन भएको छ । वीरबहादुर यो नेपाल बन्द कसले गर्छ किन गर्छ यस्ता यावन कुरा पनि केही थाहा हुँदैन । यसपालीको नेपाल गरिबी सुधार पार्टी भन्नेले पनि उसको एकछाक खाने जाउलो खोसिदियो । हिजो अस्ति नेपाल बन्दले सामान्य पसल आदि इत्यादि बन्द रहेता पनि आज त झन हिजो अस्तिका बन्दकर्ता र सुरक्षाकर्मीको झडपका कारण कर्फ्यु लागेको हुन्छ । सडकका चोकभरि आधुनिक हातहतियारले सुसजित सुरक्षाकर्मी मात्र रहेका हुन्छन् । यता वीरबहादुरलाई भने यति लामो बन्दले सासै लिन्छ जस्तो भएपछि उसले बिस वर्षे गुजेरा गरेको सहर छोड्ने विचार गरी अर्को सहरमा सायद यस्तो बन्द हुँदैन कि सोचेर ऊ अर्को सहरतिर लाग्न थालेको हुन्छ । आफ्नो थोत्रिएको ठेलागाडा निकाली खाली पेटलाई दुई हातले कस्तै आफ्नो कम्पनी नामको फाटो भाडाकुडा र पीडादायी मन लिएर ठेला धकेल्न पुग्छ । छिटो छिटो अर्को सहरमा पुग्ने मनसायले ऊ चोकतिर अघि बढ्छ । ऊ एक गास भातको खोजीमा एउटा सहर छोडी अर्को सहर जादै हुन्छ । चोक पुग्न लगभग दुईसय मिटर यतै उसलाई उताबाट ए ! को हो ? यो ठेलागाडा ल्याउने, आज कर्फ्यु लागेको थाहा छैन भन्ने आवाज सुनिन्छ । वीरबहादुर नरोकी हिडी रहेको हुन्छ, उसलाई जसरी पनि यो सहर छोड्नु थियो । त्यतिकैमा उताबाट ए के हेरिरहेको ठोक छिटो सालेलाई भन्ने आाज सुनिन्छ र आवाजका साथसाथै ड्याम्म ड्याम्म आवाज आउँछ र वीरबहादुर रक्ताम्मे अवस्थामा आफ्नो के कारण यस्तो भयो थाहै नपाई त्यही ढङ्रङ्ग ढल्न पुग्दछ । बेलुका कर्फ्यु खुल्ला भएपछि नेपाल गरिब सुधार पार्टीले उसलाई वीर सहित घोषणा गर्दै लास माथि आफ्नो पार्टीको झण्डा ओडाएर सहर परिक्रमा गराउने तयारीमा लाग्न पुग्छ । यसरी

कथाको एक मात्र मुख्य पात्र वीरबहादुरको शरीरिक एवं मानसिक अभिघातपूर्व अवस्थामा कथाको अन्त्य भएको पाइन्छ ।

## २.४.२५ बन्दुक बोकेकी सुन्दरी कथामा अभिघातपरक विषयवस्तु

'बन्दुक बोकेकी सुन्दरी' कथाका कथाकार फूलमान बल हुन् । फूलमान बलको जन्म वि.सं. २०३६ सालमा काभ्रेपलान्चोककमा भएको हो । द्वन्द्वको आगोलाई नजिकबाट हेरेका फूलमानले युद्धका कष्टकर जीवनका व्यथालाई कथाका विषयवस्तु बनाएका छन् । यस्तै विषयवस्तुमा आधारित 'बन्दुक बोकेकी सुन्दरी' कथा कथाकारको 'काजोल खातून' ( २०६१) बाट प्रस्तुत अध्यनीय सङ्ग्रहमा साभार गरिएको हो । उक्त कथामा एउटै नेपाली दाजुभाइ दिदीबाट ती विभिन्न कारण दुई अलगअलग समूहमा गएर एक अर्कोको लागि दुस्मन बनेको अवस्थालाई चित्रण गर्न खोजेको छ । युवायुवतीहरू लडाइमा आवेगमा र अपरिपक्व सोचमा शस्त्रास्त्रतिर लम्केको र अनायासमै जीवनलीला समाप्त गरेको अवस्थालाई कथाले व्यक्त गरेको छ ।

कथा दुई जना बालसखा सुन्दरी शशिकला र सुम्निमाको जीवन भोगाइसँग सम्बन्धित छ । टन्टलापुर घाम र रातीमाटे जङ्गलको डरलाग्दो उकालो हुन्छ । त्यो उकालीमा पहिला पहिला टोक्मामा भारी अड्याउँदै उकालो लाग्नेको लर्को हुन्थ्यो । आजकाल भने घनघोर बन्दै गएको जङ्गल र असुरक्षित वातावरणका कारण त्यो बाटो खाली हुने गर्छ । आज त्यही उकालोमा कम्ब्याट ड्रेस लगाएका पाँच युवती र दुई युवक खलखल्ति पसिना गाड्दै हिडिरहेका हुन्छन् । सुनसान वातावरणलाई नजिकै बगिरहेको फागु खोलाको आवाजले विथोलिरहेको हुन्छ । त्यही वातावरणमा युवकयुवतीले त्यो उकालोमा कसैलाई नभेटाइ काटेका थिए । सशस्त्र फौजमा भर्ती भएका महिलाहरूको टोली सायद पहिलो भएको हुन्छ । महिना अगाडि नै चारजना तालिम गर्दा गर्दै भागिसकेका हुन्छन् । युद्धविरामको अघि सहज परिवेश भएका कारण इन्स्पेक्टर रस्मिलाको यो टोली सहज परिस्थितिमा पात्रै पठाइन्थ्यो । आज यही टोलीलाई इन्स्पेक्टर रणवीरको नेतृत्वमा सिरानी गाउँको गस्तिको लागि यो उकालो चढ्न लागेको हुन्छ । उकालो सिद्धिएपछि आफू गतसाल एम्बुसमा परेको ठाउँ देखाउँदै रणवीर सितल आएपछि आराम गर्न बस्दछन् । शशिकला आफूलाई कताकता डर लागिरहेको कुरा गर्न पुग्छे । त्यही समयमा अर्को साथी तिनीहरू फेरि पनि एम्बुलेन्स थाप्न सक्छन् भन्न पुग्दछ । सबै डराएको अनुहार देखेपछि रणवरीरले यो युद्धविरामको बेला हो ।

त्यस्तो केही नहुने आस्वासन दिँदै आज सिरानी गाउँ पुगेरै फर्किनु पर्ने कुरा बताउँछन् । शशिकलाले पानी प्यास लागेको कुरा बताएपछि, अलिपर खोलामा पानी भेटिन्छ त्यही पिउने सल्लाह भएपश्चात सबै जना जऱ्याकजुरुक उठेर हिँड्छन् । शशिकलाको मन एकाएक बिग्रिदै गइरहेको हुन्छ । सशस्त्र फौजमा भर्ना हुनु अघि उनी गाउँकै एक मात्र एसएलसी पास गर्ने युवती भइ सहरमा क्याम्पस पढ्न गएकी थिईन । पढाइ पश्चात उनी गाउँकै प्राथमिक स्कुलकी शिक्षिका थिइन । जीवनमा हरेक कठिनाइ र समस्याले सताइएकी शशिकला स्कुलमा ज्ञान बाड्न पाएकोमा खुसी रहेको थिइन । गाउँको वातावरण बिग्रिदै गाउँका व्यक्ति दोहोरो पक्षको मारमा परेर बसिनसक्नु भएपछि शशिकला एकाएक गाउँबाट हराइन । उनी तीनजना मिल्ने साथीका साथ सशस्त्र तालिम केन्द्रमा गइ सुरक्षाकर्मी बनेर आज रातमाटेको गाउँको गस्तिमा हिँडिरहेकी छिन् । पानी तिर्खाले बेहाल भइसकेकी शशिकला फागु खोला पुगेपछि साथीहरूसहित पानी खाए । पानी खाई हातमुख धुँदै गर्दा शशिकला एकै चोटी झस्किन । माथिको चुलि डाँडाबाट कम्ब्याट ड्रेस लगाएका टाउकोमा पाँच कुने तारा चम्किरहेको समूहले उनीहरूलाई निशाना दागिरहेका हुन्छन् । उनी विस्मित भइन् । उनका आँखा उनीलाई निसाना लगाइरहेको उनको अति आत्मीय बालसखा सुम्निमासँग जुध्नपुग्छन् । उनीले यो आफ्नो साथीतिर हेरिन साथीहरू मज्जाले पानीमा लेखिरहेका हुन्छन् । उनले नसाथीहरूलाई भनिन् न आफूले हतियार उठाइन् । शशिकला र सुन्निमा बालसखा थिए । कलासमा प्रथम र दोस्रो भइरहने सुम्निमा आठ कक्षा पढ्दा पढ्दै पढाइ छोडेकी थिइन् । शशिकला सहरबाट फर्किदा उनी जङ्गल पसिसकेकी हुन्छिन् । उनीहरूको भेट नभएको पाँच वर्ष बितिसकेको हुन्छ । शशिकलाको दिमागमा विगतका सुम्निमासँगको बितेका हरेक पलको याद आउँछ । पानी छ्याप छ्याप गरी साथीहरू अझै हातमुख धोइरहेका हुन्छन् । यतिकैमा हेर्दा हेर्दै माथिका निसानाधारी सुम्निमाको टोली गायब हुन्छन् । सुन्निमाको यादमा डुबिरहेकी शशिकलाको आँखाबाट एक्कासी आँशु बहन पुग्दछ । ऊ दगुर्दै पानीमा पखाल्न पुग्छ । त्यतिकैमा एउटा ठूलो आवाज आउँछ । सबै जना आवाजतिर बन्दुक सोझ्याउन पुग्छन् तर त्यतातिर केही हुँदैन खाली आकाशमा धुँवा मात्र । एकछिन पछि रणवीर सहितको त्यो टोली बन्दुक सोझ्याउँदै प्रतिरक्षात्मक अवस्थामा पछि फर्किन पुग्दछन् । गस्तिबाट फर्केपछि शशिकलाका मनमा धेरै कुरा खेलिरहे । उनी टोलाइरहिन । उनले खाना पनि खाइनन् र उनको शरीर अस्वभाविक रूपमा तातेपछि उनको स्वास्थ्य परीक्षण हुन्छ । अर्को दिन स्वास्थ्यकै कारण उनी कहीँ गस्ति पनि नभएर

आराम गरिरहन्छन् । बेलुका पख उनी छतमा गइन, समाचार सुन्दै थिइन । समाचारमा सुरक्षा फौजलाई लक्षित गरी प्रहार गर्न खोजेको ग्रिनेट हातैमा विस्फोट हुँदा सिरानी गाउँ इलाकाको रातमाटे जङ्गलमा आक्रमणकारी सुन्निमा राईको मृत्यु भएको आवाज बजिरहेको हुन्छ । त्यही समाचार सुनाइको साथसाथै कथाको अन्त्य भएको हुन्छ । कथामा मानासिक रूपमा त्रसित भएकी पात्र शशिकला र उसका साथीहरूको मानसिक अन्तरद्वन्द्वलाई कथावस्तुको रूपमा अभिव्यक्त गरिएको छ ।

प्रस्तुत सङ्ग्रहले द्वन्द्वकालीन उक दशकभित्रका द्वन्द्व र युद्धसँग सम्बन्धित घटनालाई प्रस्तुत गरेका छन् । देशमा चलेको युद्धले गाउँ, सहर कही छोडेन । त्यस्तै युद्धको असर बालबालिका, युवायुवती, वृद्धवृद्धा सबैमा पऱ्यो । सबैभन्दा बढी त युद्धमा संलग्न दुवै पक्ष (माओवादी र सुरक्षाकर्मी) मा असर पारेको देखाइएको छ । देशमा चलेको युद्धका कारण सर्वसाधारण मजदुरी गरिखाने वर्गले खानै नपाएर मरेको यथार्थ अभिघातपरक घटनाहरु कथामा रहेका छन् । केही थोरै कथामा निरङ्कशु विरुद्ध थालेको जनआन्दोलन र राष्ट्र एवम् अन्तर्राष्ट्रिय परिवेशमा चलेका साम्प्रदायी युद्धलाई पनि विषय बनाइएका छन् । समग्रमा भन्नुपर्दा जनयुद्ध, जनआन्दोलन, साम्प्रदायिक द्वन्द्वले निम्त्याएका हत्या, हिंसा, करुणा, त्रास जस्ता अभिघातका पक्षलाई प्रस्तुत सङ्ग्रहका कथाहरूले आफ्ना विषयवस्तु बनाएका छन् ।

## २.५ निष्कर्ष

गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित *द्वन्द्व र युद्धका कथा* (२०६३) नेपाली साहित्यको प्रथम युद्धगत अभिघातमुखी विषयवस्तु भएको कथाहरूको सङ्ग्रह हो । २५ जना कथाकारको एकएक ओटा कथा सङ्कलित यस कथा सङ्ग्रहका कथाहरू लेखकको जन्मको आधारमा कालक्रमानुसार प्रस्तुत गरिएका छन् । कथाहरूको लेखनीको समय दशवर्से जनयुद्ध २०५२ देखि २०६३ वैशाखसम्म रहेको छ ।

वि.सं. २०५२ देखि २०६३ सम्म माओवादी युद्धले देश अवसाद त बन्यो नै यसै समयमा देशमा ठुला राजनीतिक एवं ऐतिहासिक घटनाहरू घट्न पुगे । जसमा निरङ्कुश विरुद्ध जनआन्दोलन लगायत विश्व परिवेशमा विभिन्न जातीय एवं धार्मिक, सांस्कृतिक सम्प्रदायबिच पनि युद्ध भए । यही युद्धका दशा, पीडा, अवसाद, दुःख, वेदना, भय, आतङ्क र मृत्यु जस्ता राजनीतिक र सामाजिक सन्दर्भ यस सङ्ग्रहका कथाहरूको मुख्य विषयवस्तु बनेका छन् । सङ्ग्रहका धेरैजसो कथाहरूको मुख्य विषयवस्तु भने माओवादी जनयुद्धका

सन्त्रास, करुणा, आतङ्कलाई बनाइएको छ । कथामा भएका २५ ओटा कथामा १८ ओटा कथा माओवादी जनयुद्धसँग सम्बन्धित विषयवस्तुमा आधारित छन् । माओवादी जनयुद्धसँग सम्बन्धित कथाहरूमा पनि युद्धरत पक्षलाई समर्थन गरी लेखिएका कथा, राज्य वा सुरक्षाकर्मीलाई समर्थन गरी लेखिएका कथा र धेरैभन्दा धेरै द्वन्द्वशील दुवै पक्षप्रति निरपेक्ष रही द्वन्द्वपीडित सर्वसाधारण वर्गप्रति सहानुभूति राखी लेखिएक कथाहरू रहेका छन् । १८ कथामध्ये ती दुई निर्दोष आँखाहरू, सीताहरू २३, लाँकुरी फेरि फुल्नेछ, हिंसाको मौनता, गोली, अब तँ घर जान पाउँछस्, एकालाप, डाक्टरी आमा, विप्लवी, आतङ्कको आँसु, निरीह, धराप जस्ता कथाहरूका द्वन्द्वशील दुवै पक्षप्रति निरपेक्ष रही सर्वसाधारण वर्गप्रति सहानुभूति राखी लेखिएका कथा हुन् । त्यस्तै अर्कै मान्छे, माओवादी, रितो र बन्दुक बोकी सुन्दरी जस्ता युद्धरत पक्षलाई समर्थन गरिएका कथा हुन् भने जननी जन्मभूमिश्छ र आकाश अझै घुम्म थियो सुरक्षाकर्मीलाई समर्थन गरिएका कथा हुन् । यसै गरी प्रस्तुत कथा सङ्ग्रहमा सङ्कलित कथाहरूमा निरङ्कुश विरुद्ध जनआन्दोलनको घटनालाई विषयवस्तु बनाएका कथाहरूमा एउटी रा, एउटा मो, निष्कर्ष, प्रत्यक्षदर्शी, सिपाही र सालिक तथा अज्ञात सहिद रहेका छन् ।

यी कथाहरूमा पनि सिपाही र सालिकमा सुरक्षाकर्मीको मनोदशालाई अभिव्यक्त चित्रण गरेको छ । सङ्ग्रमा सङ्गृहीत २५ कथाहरूमा 'कर्फ्यु र मैले कुखुरा बासेको सुने कथामा भने सम्प्रदायबिचको साप्रदायिक युद्धको विषयवस्तु रहेको छ । *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूमा अधिकांश पात्र कुनै न कुनै सन्त्रास पीडाको कारण अभिघातित बनेका छन् । कथामा ग्रामीण भेगका अधिकांश पात्र रहेका छन् भने, केही मात्रामा सहरिया पात्र पनि छन् । महिला र केटाकेटी वृद्धवृद्धा पात्रहरू बढी त्रासदी रहेका छन् । कथाहरूलाई परिवेशगत रूपमा अध्ययन गर्दा धेरै स्वदेशीय स्थान रहेको छ भने अब तँ घर जान पाउँछस् र मैले कुखुरा बासेको सुनैं दुईओटा कथाको परिवेश भने देशभन्दा बाहिरको रहेको छ । परिस्थितिगत हिसाबले सबै कथामा सन्त्रास, आतङ्क, करुणा र बीभत्स पक्ष रहेका देखिन्छन् ।

# तेस्रो परिच्छेद

# द्वन्द्व र युद्धका कथा सङ्ग्रहका अभिघातजन्य पक्ष

## ३.१ विषयप्रवेश

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूमा राजनीतिक, सामाजिक, आर्थिक जुनसुकै विषयसँग सम्बन्धित कथावस्तु भए पनि कथामा सङ्लग्न पात्रहरू कतै न कतैबाट अभिघातित बन्न पुगेका छन् । विशेषतः दशवर्से द्वन्द्व र युद्धसँग सम्बन्धित घटनाक्रममा आधारित भई लेखिएका यस सङ्ग्रहका कथामा सन्त्रास, आतङ्क, कारुणिक र बीभत्स पीडाको विषय पाइन्छ । देशको राजनीतिक घटनाक्रमले समाजमा एक किसिमको असर पार्दछ । त्यही असर समाजमा सिर्जित हुने विभिन्न साहित्यमा समावेश हुनजान्छ । मुख्यतया *द्वन्द्व र युद्धका कथा* २०५० को दशकदेखि देशमा चलेको माओवादी युद्धले निम्त्याएको सन्त्रास, आतङ्क र कारुणिक अवस्थाको यथार्थ चित्रण हो । प्रस्तुत परिच्छेदमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत कथामा समावेश भएको सन्त्रासपूर्ण वातावरण तथा कारुणिक अवस्थालाई केलाइएको छ । उक्त कथाहरूमा कस्ता किसिमका सन्त्रासयुक्त अवस्थाले पात्रमा के कस्तो क्षति पुऱ्याएको छ त्यसको चित्रण गरिएको छ । कथाका पात्रमा युद्धकालीन समयमा आतङ्कले भरिएको डर र त्रासले पारेको असरलाई विश्लेषण गर्ने प्रयास गरेको छ । समग्रमा भन्दा दोहोरो पक्षको युद्धमा परेर सर्वसाधारणमा छाएको त्रास, करुणा तथा बीभत्स पक्षलाई कथाहरूमा जस्ताको तस्तै रूपमा प्रतिनिधिमूलक पात्रहरूको माध्यामद्वारा प्रस्तुत गरिएको छ । त्यही कुन पात्रमाथि कुन कारणले कस्ता किसिमका घटना घटेका हुन् त्यसको अध्ययन विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ३.२ सन्त्रास एवम् आतङ्क

सन्त्रास एवम् आतङ्क भन्नाले सामान्य रूपमा डर वा त्रास, छटपटी भन्ने हुन जान्छ । कुनै विशेष अप्ठेरो वा त्रासदीपूर्ण वातावरणका कारण मानिसमा उत्पन्न हुने भय, शङ्का, रोग, मानसिक वा शारीरिक दुखाइलाई आतङ्क भनिन्छ । सामान्य रूपमा सन्त्रास भन्नाले हडबढाएको अवस्था, व्याकुलता वा छटपटी ठूलो डर र आतङ्क भन्नाले, सन्देह, आशङ्का, कुनै महामारी वा कठोर अत्याचार आदिबाट हुने डर, कष्ट, बेचैनी हुने बुझाउँछ । खास गरी सन्त्रास र आतङ्क शब्दलाई एउटै अभिघातित बनाउने पक्षका रूपमा यहाँ लिएको छ

(क्यारुथ, सन् १९९६, पृ. ७२-७५) । अभिघात साहित्यको विश्लेषण गर्ने सिद्धान्त निर्माणका क्रममा क्यारुथले अभिघात विश्लेषणका आधारका पक्षका रूपमा सन्त्रास एवं आतङ्कमय परिवेशलाई प्रमुख रूपमा लिएकी छन् ।

*द्वन्द्व र युद्धका कथा*मा युद्धकालीन समयावधिको नेपाली भूमिको सन्त्रास एवं आतङ्कमय यथार्थ परिवेशको चित्रण पाइन्छ । युद्धरत पक्षबाट उत्पन्न विभिन्न परिणामलाई स्वयम् भोग्ने वा नजिकबाटै देख्ने अवसर समकालीन कथाकारहरूले पाएका थिए । यस्ता जीवन्त अनुभव वा परिवेशलाई प्रभावकारी रूपमा आफ्ना कथाहरूमा प्रस्तुत गरेका छन् । द्वन्द्वले सृजना गरेका हत्याहिंसाका कारण समाजमा निर्माण भएका विभिन्न किसिमको जटिल अवस्था र द्वन्द्वग्रस्थ वातावरणको यथार्थ चित्रण यस कथा सङ्ग्रहका कथाहरूमा पाइन्छ । निर्दोष जनताको मृत्यु, अपहरण र धम्काइका कारण व्यक्तिमा विभिन्न किसिमका डर, त्रास अन्त्य भएको थियो । एकअर्कोमा अविश्वास, सन्देह उत्पन्न भयो । जसको कारण सर्वसाधारणमा सन्त्रास र आतङ्कको वातावरण फैलियो । यही सन्त्रासयुक्त यथार्थको स्थितिलाई तत्कालीन कथाकारहरूले कथामा जस्ताको तस्तै रूपमा उतारे । जसको एउटा उदाहरणीय नमुनाका रूपमा प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहलाई लिन सकिन्छ ।

प्रस्तुत सङ्ग्रहका कथामा विशेषतः मध्यम र निम्न वर्ग जसले मजुरी तथा ज्यालादारी गरेर जीविका गरेका हुन्, उनीहरूमा परेको द्वन्द्वको दोहोरो चपेटाको सन्त्रासमय वातावरणलाई यथार्थपरक ढङ्गले देखाइएको पाइन्छ । यस्तो सन्त्रास एवं आतङ्क *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत प्राय सबै कथामा भेटिन्छ । कुनै कथाका पात्र सामान्य रूपमा आतङ्कमा परेकका छन् भने कुनै कथाका पात्र दर्दनाक रूपमा आतङ्कको चपेटामा परेका छन् । उक्त सङ्ग्रहभित्रका ती दुई निर्दोष आँखाहरू, निष्कर्ष, लाँकुरी फेरि फुल्नेछ, प्रतयक्षदर्शी, कर्फ्यु, गोली, अब तँ घर जान पाउँछस्, अर्कै मान्छे, जननी जन्मभूमिश्छ, विप्लवी, आतङ्कको आँसु, आकाश अझै धुम्म थियो, रित्तो, सिपाही र सालिक, मैले कुखुरा बासेको सुनें, धराप, अज्ञात सहिद जस्ता कथामा रहेको सन्त्रास एवं आतङ्कलाई यहाँ तल क्रमशः विश्लेषण गरिएको छ ।

### ३.२.१ ती दुई निर्दोष आँखाहरू कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत 'ती दुई निर्दोष आँखाहरू' रमेश विकलद्वारा १० माघ २०६१, नेपाल साप्ताहिकमा प्रथम पटक प्रकाशित कथा हो । प्रस्तुत कथाले द्वन्द्वकालीन समयमा नेपाली समाजमा छाएको युद्धको आतङ्क र त्रासमय परिवेशको प्रतिनिधित्व गरेको छ । कथामा द्वन्द्वकालमा पहाडी गाउँपाखामा अत्याधिक काटमार, अपहरण जस्तो डरलाग्दो वातावरण सृजना हुन थालेपछि कथाको पात्र बिर्खबहादुर र उसको परिवार तीन वर्षे छोरो र स्वास्नी दिलमाया सहर नजिकैको गाउँमा बसाइँ सरेका हुन्छन् । त्यही अर्काको काम गरेर छाक टार्ने बिर्खबहादुर र उसकी स्वास्नीलाई द्वन्द्वका कारण कामै नपाएर भोकै बसिरहेका हुन्छन् । त्यसै समयमा घरमा दुई जना बन्दुके पसेर बिर्खबहादुर र उसकी स्वास्नीलाई हाम्रो सुलसुले भन्दै साङ्घातिक आक्रमण गरेर ज्यान लिए पछि त्यहाँ सन्त्रासको वातावरण सृजना भएको हुन्छ । आतङ्क र सन्त्रासको कारणले गाउँ छोड्नु परेको हुन्छ । सन्त्रासकै कारण अन्य पात्रहरूले विभिन्न समस्या भोगेका हुन्छन् । आमा बाबुको बीभत्स हत्यापछि तीन वर्षको बच्चा डरले विस्तराभित्र अर्धहोस् अवस्थामा लुकेको हुन्छ ।

लामो समयसम्म मजदुरी नपाउँदा भोक र शोकले तड्पिएको बिर्खेको परिवारले आज धेरै दिनपछि ठेकेदारबाट केही पैसा पाएपछि भोकले रोइरहेको बच्चा र बिर्खेका बुढाबुढी भोक मेट्ने तरखरमा लाग्छन् । खाना पाकिसकेपश्चात खाने तयारी गर्दै गर्दा दुई जना बन्दुके घरमा आई बिर्खेको घाटीमा खुकुरी तेर्स्याउदा, घरमा सन्त्रासको माहोल बन्न जान्छ । बिर्खेलाई विना कारण समातेको देखेपछि दिलमाया नजिकैको खुर्पा समातेर रणचण्डीझैँ गर्जदै उनीहरूमाथि जाइलाग्छ । त्यही बेला आएका एउटाले दिलमायाको हात बेसरी बटारेर खुर्पा खसाउँदै भूइमा पर्छाछ । यत्तिकैमा पछाडिबाट अर्का बन्दुकधारीले बिर्खेको घाँटी कसाइँले राँगो-बोको रेटेझैँ रेटेर टाउको छुट्याइसकेको हुन्छ । मझेरीमा रगतको ताल बनिसकेको हुन्छ । श्रीमान्को हत्यापछि श्रीमतीलाई पनि पालैपालो गरेर इजत लुटी गोली बसाई हत्या गरिदिन्छन् । यस सन्त्रासमय घटनापश्चात अर्को दुई बन्दुकधारी आएर मृत अवस्थाकी दिलमायाका गहना सुन र धोतिको गाँठोको पाँच सय कुनै धाक र सङ्कोच नमानी झिकेर लग्छन् ।

कथामा यसरी बाबु आमाको आफ्नो साम्ने हत्या गरेको देखेको बच्चा संज्ञानहीन हुनु, आधा रातमा घरमा पसी बीभत्स हत्या गर्नु, रातको भिडन्तमा दुई जना बन्दुकधारी मारिनु, मध्यरातको द्वाङ, द्वाङ आवाजले सर्वसाधारण गाउँलेको मुटुको चाल बन्द हुनु जस्ता घटनाले सन्त्रास एवं आतङ्कमय पक्षको पुष्टि गर्दछ । अझै डरलाग्दो चकमन्न रातमा युद्धका त्रासले निद्रा नआएका सर्वसाधारणमा रातका कहालीलाग्दा हाँ हाँ र हुँ हुँ को आवाजसँगै द्वाङ, द्वाङ जस्ता दोहोरो युद्धका आवाजले कथालाई पूर्ण सन्त्रासयुक्त बनाएको छ ।

### ३.२.२ निष्कर्ष कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहीत निष्कर्ष कथा २०६२ चैत्रमा ध्रुवचन्द्र गौतमद्वारा रचिएको हो । कथामा युगौँयुगदेखि चल्दै आएको निरङ्कुश विरुद्धको लडाई जनआन्दोलनको विषयवस्तु रहेको छ । कथामा एक भयङ्कर रक्तपातमय युद्धको दृश्य रहेको छ । युगौँयुगदेखि चलेको निरङ्कुशलाई खामोको प्रतीकको रूपमा लिइएको र त्यो खामो ढाल्न समय समयमा अनेक युद्ध हुने फेरि गायब हुने, फेरिने जस्ता घटना देखाइएको छ । यसरी अनेकौं जनताले ज्यान गुमाउनु परेको सन्त्रासको प्रसङ्ग पनि कथामा रहेको छ । एउटा कहालीलाग्दो युद्धमा बलात्कृत बहिनी खोज्न दाइ दिनहुँ निस्किन्छ । तर बहिनी भने युद्धको अन्त्यसम्म दाइले भेट्न सक्दैन ।

सूक्ष्म युद्धको वैचारिक दृष्टिकोण रहेको निष्कर्ष कथामा अदृश्य युद्धमा बहिनीलाई खोज्दा खोज्दै अनयास दाजुको टाउकोमा ठूलो प्रहार हुन पुग्छ । एकछिन पछि बलात्कृत बहिनी अर्धमुर्छित दाइको खबरमा हिँडिरहेको हुन्छ । दाइ भने चिन्ने र चिनीने अवस्थामा रहेको हुँदैन । रक्ताम्य अवस्थामा रहेको दाइको अवस्था र चारैतिरको काटामारको अवस्थाले कथामा सन्त्रासको अवस्था निम्त्याएको देखिन्छ ।

कथाको सुरुवातसँगै सम्पूर्ण सेवा समाप्त भई टड्कारो एकान्त रहनु, महाभारतको युद्ध तथा विश्वयुद्धको चर्चा गरिनु, लट्ठीदेखि खुकुरी, भाला र बन्दुक जुधिरहेको रणस्थलको चर्चा गरिनुले कथाको सुरुमै सन्त्रास तथा आतङ्कको परिवेश उत्पन्न भएको छ । कथाको सुरुवात खण्डमै खुकुरीले छप्काइ रहेको रणभूमिको योद्धासँग बहिनीको बारेमा सोध्दा “युद्धमा बहिनी खोज्छौ ? तोप खोज, मसिनगन खोज .. (४६) ।” भन्ने साक्ष्यबाट कथामा सन्त्रासको वातावरण सशक्त रूपमा रहेको देखिन्छ ।

### ३.२.३ लाकुँरी फेरि फुल्नेछ कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा सङ्ग्रहीत 'लाकुरी फेरि फुल्नेछ' कथामा माओवादी द्वन्द्वकालीन समयमा सर्वसाधारणलाई प्रत्येक घरबाट युद्धमा लाग्नुपर्ने नारा लिएपछि गाउँघर छोडेका युवायुवती विशेष गरी युवती सन्त्रास तथा आतङ्कको सिकार भएका थिए । यही मनोवैज्ञानिक पीडा र डर उत्पन्न भएको नेपाली सर्वसाधारण वर्गको प्रतिनिधिमूलक पात्र चेउँकीको परिवारको कहालीलाग्दो परिस्थितिलाई कथाले विषयवस्तु बनाएको छ ।

देशमा अपहरण जस्तो जगण्य आतङ्क मच्चिएपछि इज्जत र ज्यान दुवै जान सक्ने सन्त्रासमा गाउँ, सहर तथा प्रदेशमा कारुणिक जीवन बिताउन थालेको देखिन्छन् । कथाकी मुख्य पात्र चेउँकीको घरमा यस्तै त्रास फैलिएको छ । निम्न लिखित साक्ष्यले यो कुरा पुष्टि गर्दछ ।

> आज दिनभरि यस लाँकुरीको रुखमुनी डरलाग्दा कुरा सुनेर बसेको थियो । कौडे ... माओवादीहरूले ठाउँठाउँमा पुलहरू, कलकारखानाहरू, टेलिफोन र बिजुली घरहरू, ठाना र कार्यालय भवनमा बम विस्फोट गरी तहसनहस पारेको कुरा, धरापमा पारी मान्छे मारेको कुरा, सुरक्षा फौजसित दोहोरो भिडन्तमा हजारौँ नेपाली मारिएको कुरा ... । हिजो सन्तले ठीकै भन्थ्यो- "गोलीको विवेक हुँदैन भाइ । फौजी होस् कि माओवादी मर्ने हामी नेपाली नै त हौँ ।" (पृ. ५२)

वर्गद्वन्द्वले गाउँलाई पारेको सन्त्रासको असर यस साक्ष्यमा प्रष्ट पाइन्छ । कथाको पात्र कौडेलाई देशमा भएको आतङ्क र त्रासको असर परेको छ । ऊ विद्रोही पक्षबाट भएका बमबारी, धराप, भिडन्तमा हजारौँ सर्वसाधारणको ज्यान गएको, गाउँमा यातायात, सञ्चार र बिजुली जस्ता सबै पक्ष तहसनहस भएको कुराबाट डराएको छ । आफ्नी बहिनी त्यही माओवादी युद्धको सन्त्रासले घर छोडेर हिँडेकी कुराको कल्पनाले ऊ लगायत गाउँका सर्वसाधारण आतङ्कित बनेका छन् । यही अवस्थाका कारण कथामा अत्याधिक मात्रामा सन्त्रासमय वातावरण रहेको पुष्टि हुनजान्छ ।

चेउँकीका आमाबुबामा सन्त्रासकै कारणले छोरीलाई घरबाट निकासी गुरुङ दाइको जिम्मा लगाउनुले उनीहरूभित्रको सन्त्रास देखिएको छ । त्यसै गरी उनीहरूमा आफूले छोडेको ठाउँबाट छोरी अज्ञात ठाउँमा हिँडेपछि पनि सन्त्रास छाएको छ । कथामा अब पहाडमा बस्नै गाह्रो भयो भन्नु, सबै अन्धकार लाग्नु, सिङ्गो नेपाल एउटा अध्यारो कुवा लाग्नु जस्ता अभिव्यक्तिले कथामा सन्त्रास तथा आतङ्क बढेको देखाउँछ । कथामा राजनीतिक युद्धको सन्त्रास मात्र नभएर पहाडै थर्काउने गरी आँधीबेरी चल्नु, चट्याङ्क पर्नु, हुन्डरी आउनु, लाकुरीका हागा भाँचिनुले कथामा सन्त्रासको वातावरण पैदा गरेको देखिन्छ ।

### ३.२.४ प्रत्यक्षदर्शी कथामा सन्त्रास एवम् आतङ्क

भूवन ढुङ्गानाद्वारा २०६२ जेष्ठ नेपाल साप्ताहिकमा प्रकाशित 'प्रत्यक्षदर्शी' कथा सहरी जीवनका घात प्रतिघात तथा सन्त्रासलाई समेटिएको कथा हो । आन्दोलनको समयमा भएको सहर बजारको सन्त्रासमय वातावरणलाई यस कथामा देखाइएको छ । एउटा गोलभेडालाई प्रत्यक्षदर्शीका रूपमा प्रस्तुत गरिएको प्रतीकात्मक कथा हो । सहर र गाउँ चारैतिर प्रतिगमन विरुद्ध जनआन्दोलन तीव्र भएको जसमा प्रत्यक्षदर्शी गोलभैंडा सर्वसाधारण जनताको प्रतीकको रूपमा रहेको छ । चर्को आन्दोलनको प्रत्यक्ष अवलोकन गर्न गएको गोलभैंडा अवलोकनको क्रममै रातको अन्धकारमा प्रहरीको बुटले कुल्चिएर उसको मृत्युहुन पुगेको छ ।

कथामा आन्दोलनकारीले प्रयोग गरेको हतियार माटो र गोलभैंडा भएको कुरालाई देखाउन खोजेको छ । एकातिर सशस्त्र सुरक्षाकर्मी त अर्कोतिर सशस्त्र माओवादीको निरीह युद्ध भइरहँदा सर्वसाधारणमा उत्पन्न भएको डर र त्रासलाई कथाले देखाएको छ । सशस्त्र आन्दोलनकारी, सशस्त्र प्रहरी र आन्दोलनरत जनता सबै पक्ष आतङ्कित भएको कुरा कथामा पाइन्छ । कथामा आतङ्ककारी सशस्त्र सुरक्षाकर्मीबाट त्रसित छन् भने सशस्त्र सुरक्षाकर्मी आतङ्ककारीबाट त्रसित छन् । त्यसै गरी आन्दोलनकारी तथा गोलभैंडा जस्ता सर्वसाधारण जनता ती दुवै सशस्त्र फौजको आतङ्कबाट त्रसित भएको विषयवस्तु कथामा रहेको पाइन्छ । यी सन्त्रासका पक्षलाई तल दिएका कथाका केही सन्दर्भले पुष्टि गर्दछ ।

> एउटा ट्याक्सी हुइकिएर केटाहरू भएतिर आउँछ । केटाहरूको हुलले त्यसलाई 'रोक ! रोक !' भन्दाभन्दै ड्राइभरले ट्याक्सी अगाडि हुइक्याउन खोज्छ । पछाडिको सिसामा कसैले बुङ्ग हानेको आवाज आउँछ सिमा

> झन्यामभुरूप हुन्छ । एउटा नमीठो सङ्गीतको ध्वनिले गोलभेडा झसङ्ग झस्किन्छ । परर थपडी बजेको आवाज आउँछ । गोलभेडाको रातो रङ सङ्कोचले झन रातो हुन्छ । ट्याक्सी चालक मलिन र हतासिएको अनुहार सम्झिएर गोलभेडाको रङ पहेलो हुँदै जान्छ । उसको अनुहारमा रातो पहेलो मिश्रित रङको भाव धेरै बेरसम्म रहिरहन्छ । यस घटनालाई देखेर पारिपट्टिका पुलिस जवानका आँखाहरूले पनि पछ्याउँछन् । त्याले भिरेको छाती तनक्क तन्काउँछन्, भ्यातका खापाजस्ता सिसा छाती अगाडि तेर्स्याउँछन्, अब हिड्ने वा कुद्ने तरखरमा छन् । .... मानिसको हुल ऊ भएतिर नै आइरहेछ । हठात खैलाबैला मच्चिन्छ पाइतालाहरू कुदेको आवाज आउँछ । गोलभेडालाई नाघेर, छोएर, लघारेर, कैयन जुत्ता लगाएर, नलगाएका, पाइतालाहरू दौडिरहेछन् । ऐया, आथ्थु र चीतकारको बिचमा ढुङ्गाका टुक्राहरू असिना वर्षेझैं बर्सिरहेछन् । (पृ. ६१)

माथिको साक्ष्यमा एकातिर आन्दोलनकारीबाट काम गरी खाने मजदुर र सर्वसाधारण वर्ग आतङ्कित एवं त्रसित भएका छन् भने अर्कोतिर आन्दोलनकारीबाट सशस्त्र सुरक्षाकर्मी पनि त्रसित भएको पुष्टि हुन जान्छ । त्यसै गरी कथाको अन्त्यमा प्रतीकात्मक पात्र गोलभेडाको टाउको प्रहरीको बुटले किचिक्क कुल्चिएर उसले ऐया पनि भन्न नपाई मरेको घटनाले कथालाई झनै सन्त्रास एवम् आतङ्कित तुल्याएको छ ।

### ३.२.५ कर्फ्यु कथामा सन्त्रास एवम् आतङ्क

सनत रेग्मीद्वारा ३२ श्रावण २०५८, नेपाल साप्ताहिकमा प्रथम पटक प्रकाशित 'कर्फ्यु' कथामा नेपालगञ्जमा भड्केको जातीय दङ्गाबाट उत्पन्न भएको सन्त्रास एवम् आतङ्कलाई विषय बनाइएको छ । गरिबीले पिल्सिएका हिन्दु मुसलवानलाई आफ्नो स्वार्थ पुरा गर्न खोज्ने केही वर्गले थालेको धार्मिक तथा सम्प्रदायिक द्वन्द्वले आपसमा लडाएको कुरा कथाले मार्मिक रूपले व्यक्त गरेको छ । दङ्गाको कारणले भएको नाकाबन्दी, हड्ताल र दङ्गाले दुवै पक्षलाई प्रभावित पारेको देखिन्छ । एउटै घर आगन, मेलापात भएका सोझा हिन्दु तथा मुसलवानबिच आपसी सद्भाव, सहयोगको अन्त्य भई डरको भावना व्यक्त भएको घटनावली कथामा पाइन्छ । कथामा गरिबीले पिल्सिएका एउटै आगन भएका हिन्दु पात्र रामदीन पल्लेदार र मुस्लिम पात्र अल्लारखा टाँगावाल लामो समयदेखि मिलिजुली

सरसहयोगका साथ साझा रूपमा जग्गाकिनी घर बनाएर बसेका हुन्छन् । समाजमा सल्केको जातीय सम्प्रदायी युद्धमा उनीहरू पनि फसेको कथानकको विवरणमा नै कथा निर्माण भएको छ ।

नेपालगञ्जमा जातीय दङ्गा भएपछि समाजमा दुई समुदायबिच झडप हुनपुग्छ । त्यसकारण समाज दुई ध्रुवमा विभाजित हुन्छ । हरेकले एकअर्काप्रति आरोप पत्यारोप लगाउन थाल्छन् । द्वन्द्व हुन्छ, र समग्र समाज आतङ्कित हुन पुग्छ । त्रासका कारण मानिस घर बस्न समेत सक्दैनन् । मन्दिर र मञ्जित मानिसको बासस्थान बन्न पुग्छन् । यही सन्त्रास कथाको प्रमुख पात्र रामदीन र अल्लारखामा जागृत भएको पाइन्छ । एउटै आगन भई एकअर्कामा सदा सदाचार हुने रामदीन र अल्लारखा धार्मिक दङ्गापश्चात एकअर्कामा शसङ्कित हुनपुगेका देखिन्छन् । रामदीनको घरमा दुई जना देख्दा अल्लारखा सशङ्कित हुन्छ र अल्लारखाको घरमा दुई जना मानिस देखिँदा रामदीन सशङ्कित हुन पुग्छ । शङ्कैशङ्कामा दुवै जनामा सन्त्रास छाएको मात्र होइन बोलचाल बन्द भएको छ । श्रीमती समेत मरिसकेका यी दुवै जनाका आफन्त वा बोली बोल्ने समेत कोही हुँदैनन् । कथामा दुई जना मात्र निमुखा, कोही सहारा नभएका र ती दुई बिच पनि सशङ्का र बैमनस्यता रहनुले कथामा सन्त्रासको अभिव्यक्ति उच्च रहेको देखिन्छ । कथाको सुरु आतङ्क र सन्त्रासयुक्त परिवेशबाट गरेको छ । जस्तैः

> सहरमा कर्फ्यु लागेको तीन दिन भयो, तर सहरमा अझै तनाऊ समाप्त भएको छैन । प्रहरी गस्तीले नियन्त्रण गर्न नसकेर दिउँसै सहरमा सेनाको गस्ती भइरहेको छ । सहरका मुख्य नाकाहरूमा सशस्त्र प्रहरी तैनाथ छन् । मानिसहरू आआफ्नै घरमा कैद छन् । मुस्लिमबहुल टोलमा हिन्दुहरू आतङ्कित छन् भने हिन्दुबहुल टोलका मुस्लिमहरू पनि उत्तिकै आतङ्कित छन् तर जहाँ जसको बहुमत छ, त्यहाँ त्यसै वर्गमा उत्तेजना बढेकै छ... । (६४)

कथामा हिन्दु र मुसलवान कुनै पनि पक्षलाई सन्त्रास फैलाउने दोषी वा निर्दोषीका रूपमा नदेखाई स्वार्थी, शोषण र सामन्त स्वभावका मानिसलाई आरोप गरिएको छ । सहरमा सामान्य सुरक्षाकर्मीले नसकेर सेनाको गस्ती रहेको, जसमा सर्वसाधारण व्यक्ति आतङ्क वा सन्त्रासको कारण अभिघातित समेत बन्न पुगेको पाइन्छ ।

### ३.२.६ गोली कथामा सन्त्रास एवम् आतङ्क

बढेको हिंसा र आतङ्कको कारण पात्रहरू आघात बन्न पुगेको कथा 'गोली' नरेन्द्रराज पौडेलको 'स्वप्नयात्रा' (२०६२) कथासङ्ग्रहबाट साभार गरी प्रस्तुत सङ्ग्रहमा सङ्कलित गरिएको हो । राष्ट्रमा भएको माओवादी युद्धका कारण खाने औषधीलाई मात्र गोली भनेर जानकारी पाएका सर्वसाधारणको लागि बन्दुक र बन्दुकको गोलीको पहिचान सहज भयो । तर गोली भनेपछि जीवन दिने होइन जीवन लिने आतङ्क र सन्त्रासको संज्ञाको रूपमा लिन थालियो । देशमा युद्धले सर्वसाधारणमा विना कारण विस्थापन, पलायत र मृत्यु बढेको छ । जसको कारण जनताहरू अकल्पनीय त्रासदीको सिकार भएका छन् । 'गोली' कथामा यही देशले भोगेको दर्दनाक अभिधातित परिवेश तथा कथावस्तु रहेको छ । शिक्षण पेशामा आबद्ध एउटा सोझो व्यक्ति यस्तै सन्त्रासका कारण अभिधातित बन्न पुगेको छ ।

पिँढीमा घाम तापेर बसिरहेको रामनाथको नाकै छोलाजस्तो गरी कतै बाहिरबाट आएको गोली उसको घरको भित्तामा बज्रेर भुँइमा झरेको हुन्छ । जसको कारण रामनाथको मनमा सन्त्रासको विजारोपरण हुनपुग्दछ । आएको बन्दुकको गोलीको खोकालाई ऊ ओल्टाइपल्टाइ हेर्छ । आफ्नै घरमा आफू नजिकै यसरी गोली आउँदा कसैले आफूमाथि आक्रमण गर्न थालेको कुराको ऊ पक्कापक्की गर्न पुग्दछ । ऊ विभिन्न शङ्का र अड्कल गर्नपुग्दछ । अन्तिममा कसैले आफ्नो हत्या गर्ने प्रयास गरेको कुराको शङ्काले ऊ आतङ्कित बन्न पुग्दछ । ऊ यस्तै डरका कारण काप्न थाल्छ । ऊ मात्र नभएर उसको बिनाकसुर उसलाई कसैले गोली चलाएर मार्ने प्रयास गरेको कुरा सुनेपछि उसका घर परिवार एवं सर्वसाधारण गाउँले समेत त्रसित भएको कुरा स्पष्ट हुन्छ । भित्तामा लागेको गोलीको खोका रामनाथले आफ्नी धर्मपत्नीलाई देखाउँदै विभिन्न भयानक आफ्ना अनुमान सुनाउन पुग्दछ । श्रीमान्का त्यस्ता डरलाग्दा अडकलबाजी सुनेपछि रामनाथकी धर्मपत्नीको मनमा पनि एक किसिमको सन्त्रासको बास हुनपुग्दछ । रामनाथ सन्त्रासका कारण त्यो गोली राखेर घरमा बस्न सग्दैन ।ऊ घरभन्दा पर चोकको चिया पसलमा जान्छ । चिया पसलमा पनि आफ्नो वृतान्त सुनाउँछ । रामनाथको गोलीको वृतान्त सुनेका गाउँलेहरूमा पनि एक किसिमको सन्त्रासको भावना उत्पन्न भएको कुरा कथाबाट बुझ्न सकिन्छ । रामनाथले यो घटनाको विवरण गा.वि.स. जस्तो गाउँका सबै जस्तो पेशा र चरित्र भएका मानिस जम्मा भएको ठाउँमा समेत भने । यहाँ जम्मा भएका गाउँले कोही डराए भने कोही

हतारिएर घरतिर लागे । जम्मा भएका मानिसमध्ये एक जना प्रहरी केटाले रामनाथलाई गोली बोक्न नपाउने भन्दै उल्टै चौकी जान भनेपछि त रामनाथ पूर्ण रूपले डराउँदै मानसिक अभिघात बन्न पुगेको देखिन्छ ।

रामनाथलाई पूर्व सैनिकको खोका नभएको गोलीको केही बातकसुर नलाग्ने कुरा सुनाएपछि केही डरलाग्न छोडे तापनि ऊ फेरि त्यो गोली जिल्ला प्रहरी कार्यालयमा बुझाउनु पर्ने कुराबाट त्रसित भयो । ऊ जिल्ला प्रहरी कार्यालय जाँदा बाटोमा पर्ने चौकी देखेपछि टाढा खेत हुँदै जानुले पनि उसमा सन्त्रासले निकै जरा गाडेको प्रमाणित हुन पुग्दछ । सदरमुकाम प्रहरी कार्यालयमा पुगेपछि आफूले भेट्न चाहेको प्रहरी प्रमुखको कार्य कक्षाभित्र पस्न नसकेर यताउता भौतारिएनु, एउटा प्रहरीले उसलाई नराम्ररी झपार्नु, खरिदारको सुझावपछि उसले फेरि भेट्न खोज्दा पनि कार्यालय भित्र पस्न नसक्नु, घर फर्किनु, नदीमा पुगेपछि खुट्टा छोड्नुबाट उसमा गहिरो सन्त्रासले अभिघातित बनाइसकेको पुष्टि हुन्छ । नदीले बगाएपछि त उनमा झन सन्त्रास बढेको कुरा कथाले देखाउन खोजेको छ । यसरी प्रस्तुत कथाका अन्य पात्रमा पनि रामनाथको कुराले केही सन्त्रास छाएको देखाए पनि मुख्य सन्त्रासको सिकार भने मुख्यपात्र रामनाथमा नै देखिन्छ ।

### ३.२.७ अब तँ घर जान पाउँछस् कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत 'अब तँ घर जान पाउँछस्' कथा मधुवन पौडेलद्वारा २०६३ वैशाखमा रचा गरिएको हो । प्रस्तुत सङ्ग्रहमा सङ्कलित कथाहरूमध्ये यो कथा फरक पृष्ठभूमिमा रहेको छ । प्रस्तुत कथामा देशमा भएको द्वन्द्व र युद्धको सन्त्रासले नेपाली युवा अरबको खाडीमा कारुणिक एवम् अभिघातपूर्ण जीवन बिताउन बाध्य भएको सन्दर्भ रहेको छ । देशमा आतङ्कले सीमा नाघेपछि जीवन असुरक्षित ठानेर अत्याधिक नेपालीहरू विदेशिएका र विदेशमा अत्याधिक सन्त्रास एवं दुःखका दिन बिताउँदै घर फर्किन पाउने अत्याधिक आशा बोकेका वर्गहरूको अवस्थालाई कथाले विषयवस्तु बनाएको छ । कथाका मुख्य पात्र शरद र मुकुन्दको अवस्था यस्तै रहेको छ । उनीहरू दोहोरो पक्षको डर र त्रासको कारण देश छोड्न बाध्य भएका छन् । त्यही त्रसित मन लिएर खाडीको मुलुकमा बाध्यकारी जीवन बिताइरहेको आतङ्कमयी कथावस्तु यस कथामा रहेको छ ।

कथामा सयौँ युवाले देश बाध्यताले छाड्न परेको र जीवन र मृत्युको साँधमा तड्पिरहनु परेको जीवनको व्यथा यसमा पाइन्छ । कथाको सुरुवात विदेशको भूमिमा त्रसित

अवस्थामा रहेको तथा कथाको पूर्वकथनको जानकारीमा समेत स्वदेशमा रहँदा स्वदेशको अवस्था झन त्रसित रहेको देखिन्छ । कथामा एकजना पूर्व विद्यालय निरीक्षिकाले "शरदजी, म त तपाईंलाई लिन आएकी (पृ.९०) भन्ने युक्तिले कथामा एक किसिमको सन्त्रास उत्पन्न भएको देखिन्छ । त्यही सन्त्रासका कारण शरदकी पत्नी रमा रुँदारुँदा बेहोससमेत बन्न पुगेकी हुन्छे । त्यस सन्त्रासले कथामा ती महिलासँगै लम्किरहेका दुईजना हतियारधारी आएपछि त शरदको समग्र घरपरिवारमा सन्त्रास छाउँन्छ । शरद घर छोडेको पाँच दिनपछि मध्यरातमा घरमा आई आफूलाई लिने सबै भिडन्तमा मरेका र आफू धन्न ज्यान जोगाएर घर फर्केको प्रसङ्गले कथालाई सन्त्रास तथा आतङ्कले चरमबिन्दुमा पु¥याएको छ । त्यसपछि गाउँमा दोहोरो पक्षको डर र त्रासका कारण शरद कहिले बुइगल त कहिले भकारीमा लुकेर बस्नुले पनि कथा सन्त्रास बन्न पुगेको छ । रातारात गरी सहर पस्नु, त्यहाँबाट विदेश प्रस्थान गर्नु, विदेशमा पनि डराएर बस्नुले समग्र कथा नै सन्त्रासमय बन्न पुगेको छ ।

कथाको अर्को मुख्य पात्र मुकुन्दको पनि विदेशगमनको कारण देशको यही आतङ्कमय अवस्था नै थियो । देशको यही सन्त्रस्त वातावरणलाई मनमा पालेर दुवै पात्र विदेशमा बसिरहेका थिए । जसको पुष्टि निम्न साक्ष्यमार्फत गर्न सकिन्छ ।

> "ए शरद सुनिस् ? नेपालमा त गजब भएछ नि ।" मुकुन्द हस्याङफस्याङ गर्दै हातमा अङ्ग्रेजी पत्रिका लिएर कोठाभित्र पस्तै थियो । "के होला र ? उही हड्ताल घेराबन्दी, जुलुस, कर्फ्यु, तोडफोड र टायर बालेका कुरा त होलान् नि ? मलाई त सुन्न पनि मन लाग्न छोड्यो । रमाले एक हप्तादेखि पसल खोल्न पाएकी छैन रे दाइले ढलानका लागि किनेको चालिस हजारको काठ पनि बालिदिएछन् । उल्टो धम्काएर दश हजार चन्दा पनि लगेछन् । यहाँ आफू पसिना काडेर खाइनखाई जगेर्ना गर्ने अनि कमाइमा अर्काले त्यसरी रजाइँ गर्ने ?" (पृ.९२)

आफू विदेश बसिरहेको बेलामा पनि देशको आतङ्कले पात्रको मनमा आघात पु¥याएको यस साक्ष्यबाट पुष्टि हुन्छ । मुकुन्दले देशमा लोकतन्त्र आएको शान्ति भएको खबर लिएर जाँदा पनि शरद आतिन्छ र देशले र परिवारले पाएको आतङ्कको परिणाम फलाकिरहन्छ । शरदले नेपालमा जति पनि समाचार सुनेको हुन्छ त्यही हड्ताल, घेराबनदी,

कर्फ्यु, तोडफोडमा यति मरे, उति मारिए भन्ने समाचार मात्र सुनेको हुन्छ । भर्खरै केही दिन अघि आफ्नो घरमा श्रीमती रमाले पसल खोल्न नपाएको, दाइको घर बनाउन तयार पारेको काठ जलाएको र अझै धम्काएर चन्दा मागेको आतङ्कजन्य घटनाले उसको मनमा सन्त्रास फैलिएको हुन्छ । यी सबै आतङ्कको कारण भने देशमा चलेको द्वन्द्व र युद्ध नै भएको पुष्टि हुन्छ ।

### ३.२.८ अर्कै मान्छे कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत 'अर्कै मान्छे' कथाका लेखक ध्रुव सापकोटा हुन् । नोबेल साहित्य वार्षिक २०५९ मा प्रथम पटक प्रकाशित उक्त कथा युद्धजन्य अभिघातलाई चित्रण गरिएको कथा हो । कथामा सन्त्रास तथा डरका कारण मुख्य पात्र अभिघातित बनेको देखिन्छ । मुख्य पात्र मङ्गली, सहायक पात्र श्रीमान्, श्रीमती लगायत कथाका गौणपात्र बुढी र गाउँलेहरूमा समेत सन्त्रास एवं डर देखा परेको पाइन्छ । डरकै कारण मनमा अभिघात जागेको भएर मङ्गली कसैसँग बोलचालसम्म गर्न नसक्ने भएकी हुन्छे । त्यसै गरी विभिन्न शङ्का एवं डरको भावना श्रीमान् श्रीमतीमा पनि रहेको पाइन्छ । जसको कारण उनीहरूले मङ्गलीलाई समेत चाहादाचाहदै पनि घरमा राख्न सक्दैनन् । त्यसै गरी कथामा समावेश भएकी पात्र बुढीमा पनि सन्त्रासको भावना रहेको कुरा उसले मङ्गलीलाई लिन आएको मान्छेसँग गरेको कुराबाट पुष्टि हुन जान्छ । कथाका गौण पात्र गाउँलेले पनि डर तथा सन्त्रासको कारण गाउँ खाली गराएका हुन्छन् ।

मङ्गलीको घरमा एकरात आएका मानिसहरूले उसकी दिदीलाई लिएर गएदेखि उसमा गहिरो सन्त्रास पैदा हुन्छ र ऊ घरमा बस्न सक्दैन । त्यही कारण ऊ गाउँघर छोडेर सहरमा श्रीमान् श्रीमती भएको घरमा काम गर्न पुग्छे । उसको महिनावारीको कारण देखाइ उनीहरू उसलाई कामबाट निकाली गाउँमा छोडदिन्छन् । उसको महिनावारीको कारण पनि श्रीमान् श्रीमतीबिच एक प्रकारको त्रासको भाव पैदा भएको हुन्छ त्यसकारण मङ्गलीलाई विभिन्न बहाना बनाई घरबाट निकाल्न पुग्दछन् । श्रीमान् श्रीमती डराएको कुरा निम्न कथांशबाट प्रमाणित हुन जान्छन् ।

> श्रीमतीजी । त्यति सजिलो उम्कन मिल्दैन । यसको बिहे भएको छैन । पेट बोकेकी छे । अनि हाम्रो घरमा बच्चा जन्माई भने टोल छिमेकले के भन्लान् ?" ... लोभमा परेर त्यसले मेरो नाम लिई भने ? (पृ.९९)

तत्कालीन परिस्थितिको कारण नगरेको काममा पनि डराउनु पर्ने गरेको काममा पनि डराउनु पर्ने अवस्थाको यस साक्ष्यबाट प्रमाणित हुनपुग्दछ । कथाका पात्र श्रीमान् श्रीमतीमा यस्तै सन्त्रास पैदा भएको पाइन्छ । उनीहरू मङ्गली नबार्ने कुरामा आफूबाट कुनै पनि गल्ती कार्य नभएको हुँदाहुँदै पनि बिनासित्ति डराएर उसलाई घर छोड्न लगाउँछन् । प्रत्यक्ष रूपमा घर छोड भन्न नसक्नुको पछाडि पनि कतै डर लुकेको देखिन्छ । त्यसैले उनीहरू विदेश जाने बहाना बनाएर उसलाई घर छोड्न लगाउँछन् ।

कथामा सहायक पात्रका रूपमा आएकी वृद्धाको मन पनि डर र त्रासले अभिघातित बन्न पुगेको छ । त्यसैगरी गौण पात्रका रूपमा आएका गाउँले पात्र पनि त्रासमय अवस्थामा रहेका छन् । वृद्धा र गाउँलेले आफ्नो जीवनको कतिखेर अन्त्य हुने हो भन्ने केही निश्चितता नभएको कुराले त्रसित भएको अवस्था देखिन्छ ।

> "यो गाउँका मान्छे त्यति हुन् कि त लास भैसकेका छन् कि त लास हुने ।
> आफ्नो पालो पर्खेर बसेका छन् ।" बृद्धाले भनी ...(पृ.१०३) ।

कथाको यस भनाइबाट तत्कालीन समाज पूर्ण रूपले सन्त्रासपूर्ण रहेको अभिव्यक्ति पाइन्छ । मानिसले आफू बाँचिन्छ भन्ने कुरा ह्रास खाइसकेको अवस्थाको चित्रण हुन्छ । श्रीमान् पाँच महिनापछि मङ्गलीलाई लिन गाउँमा जाँदा मङ्गलीलाई कही फेला नपारेर पछि ऊ सशङ्कित हुन पुग्दछ र बृद्धालाई त्रासमय भावले सोध्दा वृद्धाले पनि डर, त्रास र सशङ्कित भावले गाउँका मानिस त्यहाँ मरिसकेका र नमरेका पनि मर्ने लाइनमा छन् भन्ने त्रसित विचार व्यक्त भएको छ ।

### ३.२.९ जननी जन्मभूमिश्छ कथामा सन्त्रास एवम् आतङ्क

नारायण ढकाल (२०१२) द्वारा लिखित कथा 'जननी जन्मभूमिश्छ'मा युद्धकालीन नेपाली भूमिको वास्तविकता चित्रण गरेको छ । सरकारी सेना र माओवादी लडाकुबीचको युद्ध, एक अर्काबिचको ज्ञास र सर्वसाधारण जनताले विनासितै ज्यान गुमाउनु परेको अवस्था कथाको मुख्य कथावस्तु रहन पुगेको छ । सन्त्रास, करुणा, त्यसै गरी शारीरिक एवं मानसिक अभिघातको समन्वयात्मक रूपमा कथाको रचना गरिएको छ । कथामा रातीको समयमा डर र सन्त्रासका कारण साधारण कुनै प्राणी, मानव वा कुनै वस्तु भाव देख्दा पनि डरले होस् हवास उड्ने गरेको सुरक्षाकर्मीको मानसिक सन्त्रासलाई मुख्य विषय बनाएको छ । राती

पहरामा बनेको सुरक्षाकर्मीले डरका कारण अध्यारोमा कुनै छाया जस्तो देख्ने र बन्दुकको कमानी तिर औंला लिँदै आफैं तर्सिन पुग्छ । तर छायामा केही हुँदैन उसको खाली भ्रम सावित हुन पुग्दछ। यस्तो डरको भ्रम कथाको सुरुमा नै रहेको छ। जस्तै:

> कालो भूत जस्तो मध्यरात थियो । पहारा दिइरहेको एउटा सिपाही अचानक चल्न लाग्यो । त्यसभन्दा अघि ऊ सिमेन्टीको खम्बाझैं अविचल र कठोर थियो । सायद परमकर्तव्य बोधले ओतप्रोत थियो । तर अचानक ऊ चलमलायो। हल्ट, बन्दुक ताक्दै ऊ करायो। सुनसान सडकमा उसको भय मिश्रित तर कठोर गर्जनका लहरहरू फैलिए । आकाशमा चट्याङ् पर्दा चिरिएको दृश्यजस्तो ध्वनिका धर्का निकै टाढासम्म बगे तर कतैबाट पनि कुनै प्रतिक्रिया आएन। नजिकैका सबै घरभित्र अँध्यारो कैद थियो र घरका अट्टालिकाहरू सुनसान थिए। (पृ.१०५)

उद्धृत कथांशमा युद्धकालीन समय सारा भयभित र सुनसान वातावरण रहेको देखाइएको छ । अरुको सुरक्षा दिन खटिएको सुरक्षाकर्मी आफैं डर र त्रासले अभिघातित बन्न पुगेको छ। आफ्नो कार्यमा खटिएको सुरक्षाकर्मी भयभित भएर रातीको समयमा केही छाया देख्ता तर्सिएर हल्ट हल्ट भन्दै आवाज गरेको छ। सुरक्षाकर्मीको त्यो आवाज डर वा त्रासको अभिव्यक्तिको रूपमा निस्केको हुन्छ। प्रस्तुत कथामा डर र त्रासका विभिन्न पक्षहरू रहेका पाइन्छन् । विशेषतयाः कथामा पहरा वा सुरक्षामा खटिएका सुरक्षाकर्मीमा रहेको त्रासदीपूर्ण अवस्थाको चित्रण गरेको पाइन्छ । उक्त अवस्थाको साक्ष्यको रूपमा निम्न उद्धरणलाई लिन सकिन्छ।

> एक घण्टा जतिको अन्तरालका युनिफाइड कमाण्डको एउटा मात्र जिप हुँइकिएर आयो र कतै नरोकिकन अँध्यारोमा बिलायो । त्यसपछि पट्यारलाग्दो समय र अँध्यारो मात्र बाँकी रह्यो। उसको सामु अँध्यारोमा पुनः ऊ र डर समानान्तर रेखामा आएर बसे। अनि वरिपरीका घरहरू निश्चल भुताहन छायाँमा बदलिए । यसरी रातको निशब्दतामा उसका आँखाहरू दोस्रो पटक हल्लिन थाले आँखाअगाडि थियो- छायाँ, छायाँ र छायाँ। यसरी भदौ महिनाको नरम तापक्रम भएको रातमा पनि ऊ पसिनै पसिनाले निथ्रुक्क भिज्यो। (पृ.१०८)

कथांशमा सुरक्षामा तैनाथ सुरक्षाकर्मीले आफू नै सुरक्षित नभएको जस्तो सन्त्रासयुक्त अनुभव व्यक्त गरेका छन् । आफ्नो सहयोगीको फौज आइपुग्दा ऊ एकछिन भएमुक्त हुनजान्छ । एकैछिनमा जिप गइसकेपछि फेरि उसलाई त्यो कहाली सुनसान रात असैह्य बन्न पुग्दछ । अँध्यारो त्यो रातमा वरिपरीका घर पनि निश्चल भूताहा जस्ता बन्दछन् कथामा सन्त्रासै सन्त्रासको परिवेश बन्न पुग्दछ ।

### ३.२.१० विप्लवी कथामा सन्त्रास एवम् आतङ्क

इल्या भट्टराईद्वारा लिखित प्रस्तुत *द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा सङ्ग्रहीत 'विप्लवी' कथा आतङ्ककारीहरूले मच्चाएको हिंसाको आतङ्क र सुरक्षा दिने नाममा सुरक्षाकर्मीहरूको ज्याजती बेहोरेको सर्वसाधारण नेपाली जनताको सन्त्रास एवम् कारुणिक अवस्थाको यथार्थ प्रस्तुति हो । यस कथामा विप्लवी र उसका बाबुआमाको सन्त्रास, डर र करुणाको चित्रण गरेको छ । क्रान्तिको नाममा आतङ्ककारीले समाज वा गाउँमा फैलाएको आतङ्कवादको यथार्थ विवरण यस कथामा पाइन्छ । उच्च जात वा बाहुनको छोरी भएकै कारण विप्लवी र उसको परिवारले पाएको दुःख तथा अन्यायको प्रस्तुति पनि कथामा व्यक्त भएको छ ।

कथामा देशको परिस्थिति सन्त्रासमय भइरहेकै बेला विप्लवीका परिवार आफ्नो त्यही डर मनमा बोकेर आफ्नो दैनिकी गुजारिरहेका हुन्छन् । त्यही समयमा साँझको समयमा घरमा आएका आतङ्ककारी घरमा आई आतङ्क मच्चाएको समयको चरम त्रासलाई कथाले अभिव्यक्त गरेको छ । माओवादका नाममा केही तल्लो वर्ग वा जातमा मानिसले माथिल्लो वर्ग वा उच्च जातहरूमाथि पूर्वाग्रही रूपमा गरेको चरम अन्याय यस कथामा अभिव्यक्त गरेको छ । यही पूर्खा पहिलेको समयमा गरिएको केही मतभेदलाई लिएर गाउँका सोझा साझा एवं गरिब माथिल्लो वर्गलाई सताएर क्रान्ति सफल हुन्छ भन्ने मानसिकता भएका वर्गको ज्याजतिलाई निम्न उदाहरणले देखाउन खोजेको छ ।

> अनि, बाजे, के छ हालखबर ? अहिले पनि हामीजस्तालाई बाहिर अलग्याएकै छौ कि, आफ्नो भान्छामा पनि लगेका छौ ? अनि भरेलाई के पकाउन ला छौ ? लौ ! हाम्लाई पनि पकाएर ख्वाऊ । अहिले त तिमरको पनि बुद्धि आयो होला नि ! कि अझै पनि हाम्लाई आफ्नो भान्छाबाट लखेट्दै छौ । (पृ. १२५)

साँझको बेला हातमा बन्दुक लिएका पाँच-सात जना यस्तो किसिमको भाषा बोल्दै घरमा पुगेपछि विप्लवीका आमाबुबा र विप्लवीमा उक किसिमको सन्त्रास फैलिन्छ । उनीहरू डरले अमूक भई एक ठाउँमा बसिरहन्छन् । आतङ्ककारी बुट बजार्दै उनीहरूको भान्छामा पस्दछन् । भान्छामा जथाभावि छुने खाने कुनै कुराको सीमा रहेको हुँदैन । विप्लवीको परिवार उनीहरूको आतङ्क देखेर घरको उक कुनामा डल्लो परेका हुन्छन् । दिनभरि काम गरेर भोकाएका भए पनि डरको कारण तीनै जनाको मनबाट भोक मेटिसकेको हुन्छ । डरले सास पनि जान्छ जस्तो अवस्था भएको हुन्छ । यस्तो सन्त्रासको अवस्थाको बिचमा बन्दुकधारीहरूको नाइके भनाउँदाले विप्लवीलाई आफूहरू लैजाने र आफ्नो महान क्रान्तिमा सङ्लग्न गराउने कुरा गरेपछि भने त्यहाँको आतङ्कमयी वातावरणले सीमा नाघ्छ र विल्पवीको परिवारको त्रास र पीडाको रोदन बाहिर निस्किन्छ । नाबालिकालाई नलिदिनुहोस् बदलामा जे गर्न पनि तयार छु भन्ने विप्लवीको परिवारको बिलौना आतङ्ककारी नाइकेको अगाडि बालुवाको पानी झैँ हुन्छ । वन्दुकधारीको डफ्फा त्यो पनि रात पर्न थालेको समयमा घरमा जबरजस्ति पस्ताको अवस्थाले कथामा त्रासदीपूर्ण सन्नाटा देखिनपुग्छ । विप्लवीलाई लिसकेपछि त झन उता विप्लवी र यता घरमा आमाबुबाको त्रास र डरको सीमा नै रहेको हुदैन । यसरी प्रस्तुत कथा डर तथा सन्त्राससमय बनेको छ ।

### ३.२.११ आतङ्कको आँसु कथामा सन्त्रास एवम् आतङ्क

किशोर पहाडीद्वारा लिखित 'आतङ्कको आँसु' २०६२ तिर लिखित कथामा युद्धकालीन समयको नेपाली भूमिमा देखिएको द्वन्द्वको दुरावस्था अथवा सन्त्रास र आतङ्कको अवस्था प्रस्तुत गरिएको छ । यस कथाको पात्र ऊ(चेतदाइ) देशको युद्धका कारण अत्याचार, दमन, त्रास, रोग र शोकमा बाँचेको पात्र हो । ऊ पूर्ण रूपमा आतङ्कित बनेको छ । आफूले कसैको केही विगार नगरेको विश्वास भएपनि दुई महिना अघिको साँझको समयमा भएको बाहिर बोलाएर विनाकारणको आरोपित गर्दै मरणावस्थामा पुऱ्याएको घटनापछि ऊ सन्त्रातित बनेको छ । त्यही घटना पश्चात उसले कुनै शङ्कालाग्दा मानिस देख्दा उसको मन भयावह बन्न पुग्दछ । यही सन्त्रासको अभिव्यक्ति यस कथाको एउटा प्रमुख पाटो हो । कथाको सुरुवातमै जब चेतनाथलाई बोलाउँछन् र साँझको समय घरभन्दा टाढा जवरजस्ती लैजान्छन् तब भयको अवस्था जागृत हुनपुग्छ । जसलाई कथामा यसरी व्यक्त गरेको छ ।

> ... होइन अझै उता जाऊँ "दुई जनाले उनको पाखुरा समाए । उनी चिसो भए । नाइँ म जान्नँ", उनी फुत्कन खोजे, तर उनीहरूले उनलाई लगभग घिसारे । अब उनी अर्द्धमृत भए । उनको घरमुनिको ठूलो फुटबल खेल्ने चौरमा पुगेपछि एक जनाले भन्यो, "यही ठिक हुन्छ अग्निजी" .. अनि त्यसपछि दुई जनाले च्याप्प अट्ठ्याए उनलाई र अग्नि चाहिँले कपाल मुठ्यायो चेतदाइ डराएर काप्दै रहे । घोसेमुन्टे लगाएर चुप थिए । बूढा भनेर छाडि राखेका थियौँ तर चार दिन अघि तिमीलाई दुर्गा गणका सिपाहीहरूका साथमा माथि चौतारोमा हाँसीहाँसी कुरा गरिरहेका देख्यौँ । कुरा गरिरहेको ? ... थरथर काँपे चेतदाइ । कुनै बोली नै फुटेन । (पृ.१४३)

जनयुद्धको सुरुवाति चरणमा घरमा आएर बाहिर बोलाउँदा पनि मानिस अब जिउँदो घर फर्किदैन भन्ने भयले काप्न थाल्थे । पछिपछि तँ घरमै आएर यस्ता आतङ्ककारी व्यवहार गरिन थाले । त्यही व्यवहारको डरले मानिसलाई कसै अपरिचित मानिसलाई देख्दैमा डराउने खालको अवस्था समाजमा थियो । यस्तै खालको अवस्थालाई प्रस्तुत कथामा देखाएको छ । चेतदाइलाई घरबाट बोलाउँदै ऊ डराइसकेको देखिन्छ । त्यसैमा टाउको मुठ्याइसकेपश्चात झन उसको डरले आफूले नगरेको कुरालाई पनि होइन भन्न सक्दैन । डरको कारण नै अचेत बन्न पुगेको चेतदाइ उनीहरूको यातनाले पूर्ण विहोस हुन्छ । कथाको यस घटनापश्चात चेतदाइमा डरले अभिघात भएको देखिन्छ । कथाको प्रमुख यो घटना लगाएत त्यसपछिका चोकको चिया पसलमा नयाँ केटा देख्दा चेतदाइ तर्सेर हिड्नु, घर जाँदा बाटोमा नयाँ मानिस देख्दा डरले झसङ्ग हुनु जस्ता घटनाले कथालाई सन्त्रासमय बनाएको छ ।

### ३.२.१२ आकाश अझै धुम्म थियो कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत '*द्वन्द्व र युद्धका कथा*मा' सङ्ग्रहीत कथा जिर्जना सर्माको सङ्ग्रह अर्न्तहीन पहिराहरू (२०६२) सङ्ग्रहबाट लिइएको हो । कथा माओवादी युद्धकालीन समयमा राष्ट्र र जनताको सुरक्षाको प्रत्याभूत दिलाउने सुरक्षाकर्मी आफैं असुरक्षित ठानेर त्रास वा भयले अभिघातित बन्न पुगेको कथावस्तुमा आधारित छ । सुरक्षाकर्मी (प्रहरी) आफ्नो बासस्थान ( चौकी) छोडेर अन्यन्त्र लुक्न जाने त्रासमय अवस्थालाई यहाँ प्रस्तुत गरेको छ । चौकीमा कुनै पनि समय हमला हुन सक्ने अवस्थाबाट त्रसित बनेका प्रहरी गाउँको चन्द्रलालको घरमा

बस्न जाने गरेका हुन्छन् । चन्द्रलालले केही बोल्न नसके पनि उसकी बहिनी जमुनाले 'पुलिसको बस्ने घर त चौकी होइन र' भन्ने जस्तो प्रश्न पुलिसहरूको सामुन्य राखिसकेपछि, पुलिसहरू उक्त घर छोडी चौकी नै फर्किन्छन् । उनीहरू सन्त्राश्रित हुँदै चौकी पुग्दछन् । तब उनीहरूमा भएको भयले चरम सीमा लिन्छ । जसका कारण उनीहरूमध्ये कोही नसुतेर बस्छन् । कोही सुते पनि सन्त्रासमय सपना देख्न थाल्दछन् ।

द्वन्द्वकालको त्रासदीको कारण अरुलाई सुरक्षा दिन जागिर खाएका आर्मी, पुलिस वा सुरक्षाकर्मी जागिरै छोड्न तयार देखिन्छन् । यस्तो भावना यस कथाका सिपाही पात्रको निम्न अभिव्यक्तिबाट प्रष्ट हुन्छ ।

> ... 'घरमा स्वास्नी' आजभोलि सुत्केरी हुने भएकी छ । आमा पनि बुढी भइसक्नु भो । अहिलेको बेलामा राजिनामा पनि स्वीकृत हुँदैन । जागिर छाडेर भागौ भने पनि के गर्नु, हातमुख जोर्ने अर्को उपाय छैन । कुन दिन जङ्गलीहरूको सिकार भइने हो । (पृ. १४९)

कथामा एकातिर गरेको जागिर छोडे आफ्नो आर्थिक अवस्थाको डर र अर्कोतिर जागिर गरिरहँदा आफ्नो जीवन कै निश्चित नहुने दोहोरो भय रहेको स्पष्ट हुन जान्छ । सुरक्षाकर्मी आफ्नो बस्ने वा रहने चौकीलाई आफ्नो मृत्युको कठघेरा भएको महसुस गरिरहेका देखिन्छन् । यस्तो त्रासदयी अभिव्यक्ति एउटा अर्को प्रसङ्गमा यसरी आएको छ ।

> हाम्रो बस्ने थलो चौकी नै हो बैनी । तर के गर्ने अहिले त चौकी पनि हाम्रो लागि मृत्युको कठघरा बनाए विद्रोहीहरूले । वरपरका सबै चौकीहरू ध्वस्त भइसके । धेरै सिपाही साथीहरू पनि खरानी भए । सिपाहीको कर्तव्य जनतालाई सुरक्षा दिने हो । तर हामी आफैँ सुरक्षित नभए अरुलाई के कसरी सुरक्षा दिउँला ? (पृ. १५१)

सुरक्षाकर्मी भने पछि पुरा गाउँ सहर थर्कमान हुन्थ्यो । तर देशमा निम्ताएको युद्धका कारण सुरक्षाकर्मी उल्टो डराउनु पर्ने अवस्थाको चित्रण यस कथामा अभिव्यक्ति भएको पाइन्छ । सिपाहीहरू आफू चौकीमा बस्नुभन्दा बाहिर गाउँमा वा कतै बाहिर गस्तिमा जाँदा बाँचिन्छकी भन्ने सोचले, बाहिर गाउँमै बस्न लागेका देखिन्छन् । तर गाउँमा पनि दिनदिनै

कसैको घरको आश्रय लिँदा त्यो घरै ध्वस्त हुने डर गाउँलेलाई रहने देखिन्छ । यही सन्त्रस्त अभिव्यक्ति आकाश अझै धुम्म थियो कथामा पाइन्छ ।

### ३.२.१३ रित्तो कथामा सन्त्रास एवम् आतङ्क

*द्वन्द्व र युद्धका कथा* कथासङ्ग्रहमा सङ्गृहीत 'रितो' कथा राजेन्द्र पराजुलीको सङ्ग्रह 'जाडोमा भोक' (२०६२) बाट लिइएको हो । कथामा युद्धरत समयमा भएका समाजका सन्त्रास, करुणा तथा अभिघातमय अवस्थाको चित्रण गरिएको छ । कथामा जितबहादुरजस्ता सुख एवं सन्तुष्टिपूर्ण आफ्नो जीवन बिताइरहेका नेपाली जनताहरूको जीवन द्वन्द्व र युद्धले सन्त्रास एवं करुणामय भएको यथार्थ पक्षलाई व्यक्त गरिएको छ । कथाको मुख्य पात्र जितबहादुर समग्र सर्वसाधारण नेपाली जनताको प्रतिनिधिमूलक पात्र हो । युद्धकालीन समयमा समग्र देशले भोगेको सन्त्रास र अभिघातलाई देखाउनु यस कथाको मुख्य उद्देश्य रहेको छ । सामान्य लेखपढ, संस्कार र संस्कृति भनेपछि हुरुक्कै हुने जितबहादुर ऊ सदरमुकाम गएर फर्कदा उसको घर र घरका सदस्य कोही पनि रहेका हुँदैनन् । भिडन्तेहरूले उसको घरको अवस्था यस्तो बनाएको देखेपछि ऊ हृदयविधारक आवाज निकालेर चिच्याउँछ । डरलाग्दो उक्त घटना पश्चात जितबहादुरको जीवनले फरक मोड लिन पुग्दछ ।

रित्तो कथामा विशेषतया अभिघात तथा यसले पात्रमा ल्याएको परिणाम देखाएता पनि कथामा सन्त्रास पनि रहेको पाइन्छ । कथाको सुरुवात नै त्रासदीपूर्ण अभिव्यक्तिबाट सुरुवात भएको पाइन्छ । युद्धकालीन समयको कहालीलाग्दो त्रासको समग्र अभिव्यक्ति कथाको सुरुवात मै यसरी व्यक्त गरिएको छ ।

> ... कालो-बाक्लो धुवाको जालो फैलिएको हुन्थ्यो आकाशमा । सशङ्कित पर्यावरण तोप र बन्दुकको आवाजले सधैँ आतङ्कित लाग्दथ्यो । मान्छे मात्र होइन, घर गोठमा गाइवस्तुहरू प्रकृतिका सारा यायावर प्राणीसमेत भयभीत थिए । बोटविरुवाहरू कुनै आफ्नो रूप रङ्गमा थिएनन् । सबै लाछिएका ... माडिएका ... मानौ बलात्कृत अस्तव्यस्त । ... !! ऊ पनि आफ्नो घरमा थिएन । घर त दोहोरो भिडन्तमा सम्पूर्ण आफ्नोपन गुमाएर बिल्कुल बिरानो बनिसकेको थियो । ऊ आफ्नै गाउँको पराई घरमा बसेको थियो । यद्यपि पराई के भनौं । त्यस घरका १४ वर्षे नाति र ७० वर्षे वृद्धबाहेक

> अन्य चार जना सबै निर्दोष निहत्या मारिएका थिए । आफ्नाको चिहानमाथि कुल्चेर त्यो १४ वर्षे ठिटो भने मुगलन हिँडेको थियो । हजुरबाउलाई छोडेर । सम्भवतः त्यो ठिटो यतिखेर दिल्लीको कुनै होटलमा जुठा भाँडा माझ्दै होला । थुप्रै ठिटाहरू पलायन भएर मुग्लान भासिएको हुन सक्ने अनुमानका लागि यथेष्ट यथार्थहरू छोडेको छ त्यो बेलाको स्थितिले । (पृ.१७६)

कथाले युद्धमा समग्र देशले भोकेको त्रासको यथार्थ प्रस्तुतिबाट कथाको सुरुवात गरेको छ । त्यसै गरी कथाका बिचतिर पनि त्रास व्यक्त भएको पाइन्छ । परिवार भेट्न आएको सिपाहीका घरमा जितबहादुर सहित दुई जना माओवादी जब प्रवेश गर्छन् त्यस बेला पनि त्यो घरमा सिपाही उसकी आमा र श्रीमतीमा एक प्रकारको भयावह अवस्था देखिन्छ । यसरी कथामा आतङ्क एवं सन्त्रास अभिव्यक्त भएको पाइन्छ ।

### ३.२.१४ सिपाही र सालिक कथामा सन्त्रास एवम् आतङ्क

'सिपाही र मालिक' कथा नेपाली द्वन्द्व वा युद्ध साहित्यका प्रमुख कथाकारका रूपमा स्थापित महेश विक्रम शाहद्वारा समय साप्ताहिक पत्रिका (२०६३) जेठमा प्रकाशित भएको कथा हो । त्यसपछि भने *द्वन्द्व र युद्धका सङ्ग्रह*मा समावेश गरियो । कथामा युद्धको समयमा नेपाली जनता तथा तल्लो ओदाका सुरक्षाकर्मीमा देखिएको सन्त्रासलाई व्यक्त गर्ने प्रयास गरिएको छ । कथाकार स्वयम् पनि सुरक्षाकर्मीमा सङ्लग्न व्यक्ति भएर पनि होला माथिल्लो ओदाको आदेश र जनताको क्रान्तिको बिचमा परेर दुईतर्फी सन्त्रासमा परेको निम्न एवं मध्यम ओहदा सुरक्षाकर्मीको अवस्थाको चित्रण कथामा पाइन्छ । कथामा प्रतिगमन विरुद्ध जनआन्दोलन २०६३ को जल्दोबल्दो समस्या देखाइएको छ । नेपाल बन्द, हड्ताल, कर्फ्यु जस्तो अवस्थाले जनजीवन अस्तव्यस्त रहेको सुरक्षाकर्मी आफ्नै सुरक्षा गर्न असमर्थ भएको देशको अवस्था देखाइएको छ । कथालाई आतङ्क तथा सन्त्रासका दृष्टिले हेर्दा दुई पक्ष एउटा सर्वसाधारण जनता र अर्को मध्यम ओहदाका सुरक्षाकर्मीमा रहेको सन्त्रासलाई देखाउन खोजिएको छ ।

कथाको मुख्य पात्र ऊ (सुरक्षाकर्मी) जनआन्दोलनको समयमा चोकमा रहेको सालिकको सुरक्षार्थ खटिएको हुन्छ । उसलाई निरङ्कुशताको प्रतीक सालिक भत्काउन जति ठूलो जुलुस आए पनि सुरक्षा गर्ने आदेश आएको हुँदा ऊ सालिकको सुरक्षाको लागि ठूलो चिन्ता लिएको हुन्छ । एकातिर सालिकमा लागेको दाग देखेर ऊ डराउँछ भने अर्कोतिर

जुलुस सालिकतिर अघि बढेको देख्दा पनि ऊ त्रसित हुन पुग्छ । जसको साक्ष्य यसप्रकार रहेको छ ।

> उसले सालिकको सम्पूर्ण जीउ नियाल्यो । दुई-तीन ठाउँमा इटा र ढुङ्गाका दागहरू थिए । ती देखेर ऊ त्रसित भयो । उसलाई आफ्नो जागिर खोसिएको अनुभूति हुनथाल्यो । उसले हतारहतारमा आफ्नो डाङ्ग्रीको बाहुलाले रगेड्दै सालिकमा लागेको दाग मेट्यो र दागरहित सालिकतिर हेऱ्यो । ... ऊ एक चित्तले चोक वरिपरी बुट बजार्दै सालिकको सुरक्षामा खटिरह्यो, तर मनलाई जति सम्झाउन खोजे पनि वरिपरिको चकमन्नता र कहालीलाग्दो निःशब्दताले उसलाई उराठ लागिरहेको थियो । दिउँसो अजिङ्गर झैँ लम्पसार परेको सुनसान सडक, झ्यालखानामा परिणत भएका मानव आवासगृहहरू र मसानघाट झैँ प्रतीक हुने सापेक्षित शुन्यता र रिक्तताले उसको मनलाई बेचैन तुल्याइरहेको थियो । (पृ. १८४, १८६)

कथामा सालिकको सुरक्षामा खटिएको सुरक्षाकर्मीलाई एकातिर, आफूभन्दा माथिको आदेशअनुसार काम नगरे आफ्नो जागिर खोसिने भय छ जसको अभिव्यक्ति पहिलो साक्ष्यले प्रष्ट पारेको छ । अर्कोतिर उसलाई सडक सुनसान हुँदा पनि उसलाई त्रास भएको छ र कतिखेर कताबाट मानव सागर उर्लेर आउँछ भन्ने पनि उसलाई त्रास छ । यसरी कथामा तत्कालीन जनताको सुरक्षा दिने सुरक्षाकर्मीले उल्टै जनतालाई घरमा थुनेर राख्ने र यातना दिनुपरेको आतङ्कमयी व्यवहार जसबाट स्वयम् त्यो सुरक्षाकर्मी पनि सन्तुष्ट छैन त्यो त्रासदीपूर्ण परिस्थितिको चित्रण कथामा पाइन्छ ।

'सिपाही र सालिक' कथामा जनान्दोलनको क्रममा समग्र नेपाली जनतामा छाएको सन्त्रासलाई पनि देखाएको पाइन्छ । सर्वसाधारण आफ्नो कुनै न कुनै पेशा गरी खाने वर्गमा बन्द, हड्ताल र कर्फ्युको सन्त्रास छाएको देखिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म यहीँ अवस्थालाई देखाएको छ । कथाको सुरु हड्तालको समयको बिहानी पख सामान, सडक पेटीमा हतारहतार सडकतिर हेर्दै सामान बेचिरहेका प्रसङ्गबाटै कथामा सन्त्रासको आभाष पाइन्छ । यही अवस्था जब सुरक्षाकर्मीले सिटी फुक्यो । तब ती गरी खाने वर्गहरू त्रासको कारण गल्ली र गल्छेडाभित्र अलप हुन पुग्छन् । डर र भयको कारण सडक सुनसान हुन पुग्दछ । यस्तो अभिव्यक्ति पाठमा यसप्रकार रहेको छ ।

> .... सधैँ गाडी र मानिसहरूको चहलपहलले व्यस्त सडक सुनसान भएको धेरै दिन भइसक्यो । सधैँ हतारहतार सडकमा हिँडिरहेका मान्छेहरू नहिँडेको धेरै दिन भइसक्यो । विभिन्न रङ्ग र ढाँचाका कपडा पहिरेर स्कुल जानलाई हतारहतार बस चढिरहेका फूलजस्ता नानीहरूका मायालु अनुहारहरू नदेखेको धेरै दिन भइसक्यो । एकाविहानै खर्पनमा ताजा तरकारीको भारी बोकेर सहरमा छिर्ने किसानहरूको लाम नदेखेको धेरै दिन भइसक्यो । विहानै चोक र गल्लीमा दुध बोकेका ट्रकहरू नभुल्केको र थानकोटको प्रवेशद्वारबाट उपन्वका छिर्ने इन्धनका ट्याङ्करहरू नभित्रेको पनि धेरै दिन भइसक्यो । कहाँ हौलान ती असङ्ख्य मानिसहरू ? कहाँ थन्काइएका होलान् सडकमा गुड्ने ती असङ्ख्य गाडीहरू कहाँ होलान् सडकको पेटीमा चार पाङ्ग्रे ठेला घिसारी चाट र पानीपुरी बेच्ने घुमन्ते पसलेहरू कहाँ होलान् एकाविहानै पशुपति धाउने धर्म मान्छेहरू ? कहाँ होलान् प्रत्येक दिन सडकका पेटीहरू नाप्दै हिँड्ने मयालु जोडिहरू ? र कहाँ निसास्सिइरहेका होलान् बाटोघाटो र चौरमा बुर्कुर्सी मार्दै उफ्रने अबोध नानीहरू । (पृ. १८५)

यी प्रत्येक प्रश्नात्मक अभिव्यक्तिबाट प्रत्यक्ष आतङ्क तथा सन्त्रासको अभिव्यक्ति नभए पनि घुमाउरो किसिमले यही पक्षको अभिव्यक्ति पाइन्छ । आफ्नो दैनिकी छोडेर मानिस अलप हुनु नै कसैको धम्की, डर वा त्रास रहने कुरा प्रष्ट हुन जान्छ । यही त्रासको प्रभाव प्रत्येक पेशेवर नेपाली समुदायमा परेर आफ्नो दैनिकी नै बन्द गरेको अवस्थाको अभिव्यक्ति प्रस्तुत कथामा पाइन्छ । यातायात कृषि, शिक्षालय, व्यापार आदि राष्ट्रका हरेक क्षेत्रमा आन्दोलन एवं कर्फ्युको त्रास परेको अभिव्यक्ति यस कथामा पाइन्छ ।

### ३.२.१५ मैले कुखुरा बासेको सुनेँ कथामा सन्त्रास एवम् आतङ्क

नेपाली आधुनिक कथामा यात्राकथा जस्तो नौलो अवधारणा ल्याउने कथाकार अमोद भट्टराई (२०२२) द्वारा लिखित *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत प्रस्तुत 'मैले कुखुरा बासेको सुने' कथा अन्य कथाभन्दा फरक प्रसङ्ग र फरक परिवेश रहेको छ । कथामा कथाकारले भित्र्याएको नौलो प्रवृत्ति यात्रा कथाका रूपमा रहेको छ । कथामा विश्वमा भएका धार्मिक, जातीय तथा सम्प्रादायबिचको भयानक युद्ध र नेपालभन्दा बाहिरको परिवेश रहेको छ । जातीय सङ्घर्षमा परी बन्दी बनाइएकालाई मानव अधिकारवादी संस्थाद्वारा

खटाइएका तीन जना मानवतावादी आस्वी निग्रोह, मार्टिन र 'म' पात्रले गरेको अनुगमनको 'म' पात्रद्वारा नियात्रात्मक शैलीमै कथा प्रस्तुत गरिएको छ । कथामा बन्दीगृहमा देखिएको सन्त्रास तथा आतङ्कलाई कथाले विशेष ढङ्गले व्यक्त गरेको छ ।

कथामा बन्दीगृहका बन्दीहरूको अवस्था देखेर करुणा उत्पन्न हुन्छ । ती बन्दीहरूलाई बन्द गर्नु पूर्वको कटु सन्त्रासलाई कथामा स्वयम् बन्दीहरूले व्यक्त गरेका छन् । कथामा पूर्वस्मृतिको रूपमा सन्त्रासलाई व्यक्त गरिएको छ । गृहयुद्ध वा जातीय युद्ध हुँदा युद्धकर्मीहरूले विपक्षहरूमाथि गरेको आतङ्कलाई यहाँ प्रस्तुत गरेको छ । जसलाई कथामा यसरी व्यक्त गरिएको छ ।

> ... ४०-४५ दिन अगाडि उसको पेटमा गर्भ थियो । वर्षातको एक शनिबाट राति अचानक उसको गाउँमा आफ्नै देशको तर अर्कै जात र धर्म मान्ने एक अनियन्त्रित हुलले आक्रमण गऱ्यो । उसको श्रीमान्ले आफ्नी दुई जीउकी श्रीमतीलाई घर पछाडिको ढोकाबाट हतारहतार भयायो । तर उनीहरू निष्फल भए... हुलले उनीहरूलाई पक्रियो । श्रीमान्लाई सम्मिमाकै अगाडि निर्ममतापूर्वक मारियो र सम्मिमालाई सामूहिक बलात्कार गरियो । ... सम्मिमाको पेटबाट गूड झऱ्यो । अहिले सम्मिमा मुस्किलले बोल्छे । सधैं मुख छोपेर रोइरहन्छे । (पृ. १९६)

कथामा आतङ्ककारी जस्तो व्यवहार देखाउने फरक जात धर्मले गर्दा समुदाय वा व्यक्तिमा फैलाएको आतङ्क र त्यस आतङ्कको कारण सिर्जित डरलाई व्यक्त गरिएको छ । अरुको घरमा पसेर परिवारलाई देखाइ देखाइ काटेर वा रेटेर मार्नु, बलात्कार गर्नुले यहाँ आतङ्कको चरम सीमा नाघेको देखिन्छ ।

### ३.२.१६ धराप कथामा सन्त्रास एवम् आतङ्क

रोशन थापा 'नीरव' द्वारा लेखिएको कथा धराप लेखकको सङ्ग्रह 'तेस्रो विश्वयुद्ध' (२०६२) बाट उद्धृत गरी *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा प्रस्तुत गरिएको हो । झूट सुन्दा कथाको शीर्षक नै अलि शङ्खा र त्रासपूर्ण सुनिने गर्छ । वास्तविक रूपमा समकालीन समाज व्यक्ति वा समग्र राष्ट्र त्रासदीय धरापको अवस्थामा थियो । देशमा जब जनयुद्धको थालनी भयो तब गाउँ सहर वा अझै विकट क्षेत्रका मानिसको जनजिन्दगी दोहोरो दवाब र

सङ्कटको धरापमा थियो । देशमा जहाँतही आतङ्क, लुट, डकेइती, मार, काट चलिरहेको थियो । विशेषतया धराप, विस्फोट, गोला, बमको शिकार हुनु, देशमा सामान्य भैसकेको थियो । मानिसहरूको इहलीला कतिखेर समाप्त हुने कुनै निश्चित थिएन । देशमा दोहोरो युद्ध वा भिडन्तका कारण यी हातहतियारको प्रयोगले कति खेर मरिने हो भन्ने डर सर्वसाधारणमा ठुलो अभिघात भैसकेको थियो । यही परिस्थितिलाई विषयवस्तु बनाएको यस कथाको मुख्य पात्र ऊ यस्तै त्रासको सिकार भएको पाइन्छ । साँझपख हिड्दै गर्दा खुट्टामा लागेको ओसिलो ठोस वस्तुको डल्लो ऊ पात्रको खुट्टाले जब कुल्च्यो तब ऊ झसङ् तर्स्यो । उसको दिमाखमा आफूले बम कुल्चे झैँ लाग्यो । उसलाई आफ्नो खुट्टामा बम परेको जसलाई थोरै हल्लाउँदा वा छोडेमा त्यो विस्फोट भएर आफ्नो शरीरको टुक्रा टुक्रा हुने त्रासले निर्जिव वस्तु झैँ विना हलचलको उभिन पुग्छ । यस्तो आपतकालीन अवस्थामा उसले मर्ने बाहेकको अरु कुनै विकल्प मनमा सोच्दैन । मर्ने कुराको डर र त्रासले उसका मनमा अरु केही कुरा आउँदैनन् । उसले आफ्ना औषधी बाहेक बाच्न नसक्ने आमाबुबादेखि सम्पूर्ण घरपरिवारलाई अन्तिम अवस्थामा सम्झिन खोज्छ । त्यस्तै आफ्ना जीवनका थुप्रै सपना, आफन्त आदि सम्पूर्ण कुरालाई सम्झिन पुग्छ । मानसिक त्रासको यति ठुलो रूप बनाइएको छ कि जसमा ऊ पात्रको शरीरमा पसिना त सामान्य हो शरीर रक्ताम्य अवस्थाझै रातो निलो भएको हुन्छ । यी त्रसित कल्पनालाई कथामा यसरी व्यक्त गरिएको छ ।

> अनि एक्कासी घाँटीभित्र अमिलो उम्रेर चपक्क अँठ्यायो । घाँटी दुखेर कोक्क्यायो । आँखामा सर्र पानी उम्लेर आयो । यो के ? म रुँदै छु । किन ? एक दिन मर्नुपर्ने जीवन । आज म ... यो धराप ... यो त्रास ... उफ ... चाडै जाने भएँ । हे देश, हे मेरो मातृभूमि मलाई क्षमा गर, ... मलाई कति बाँच्नु छ, तिम्रा लागि । देशका लागि कति दिन मिहिनेत गर्नु छ मलाई, तर आज ... ? त्यो पुरा नहुने भयो । देशमा छाएको अन्योल ... भ्रष्ट राजनीति महँगो ... डर ... ज्ञास कहिले खतम हुने हो ... ? (पृ. २०२)

कथाले यस्तै देशमा छाएको युद्धको चिन्ता, त्रास र ग्लानिलाई अभिव्यक्त गरेको छ । गोली र बमले देश आक्रान्त भइरहेको अवस्थामा मानिसको मन कति डरपोक वा त्रासदीपूर्ण भइसकेको छ भन्ने कुरालाई कथाले देखाउन खोजेको छ । एउटा फोहोरको पोको

खुट्टाले कुल्चिदा पनि त्यसलाई फोहोर बम सम्झिएर ऊ पात्र कति त्रसित भएको छ । यस्तै सन्त्रास कथाको सुरुदेखि अन्त्यसम्म अभिव्यक्त भएको पाइन्छ ।

### ३.२.१७ अज्ञात सहिद कथामा सन्त्रास एवम् आतङ्क

प्रस्तुत सङ्ग्रह *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत कथा 'अज्ञात सहिद' प्रदीप मेन्याङ्बोद्वारा लेखिएको हो । कथाकारको सङ्ग्रह 'पुरुषगन्ध' (२०६०) बाट लिइएको प्रस्तुत कथामा निरङ्कुश विरुद्ध चलाइएको जनआन्दोलनअन्तर्गतको प्रसङ्गलाई कथावस्तुको आधार बनाइएको छ । जनआन्दोलनको नेपाल बन्द र त्यसैमा सुरक्षाकर्मी वा सरकारको तर्फबाट कर्फ्युको घोषणाले लाखौँ श्रमजीवीहरूले भोगेको पराकाष्ठालाई प्रस्तुत गरिएको छ ।

कथामा आन्दोलन र कर्फ्युले त्राहित्राहि भएको र भोकको ब्याकुलताले छट्पटाएको एउटा ठेलो गाडा चलाएर आफ्नो छाक टार्ने वीरबहादुर लामो बन्द र कर्फ्यु पश्चात छाक टार्न केही उपाय नभए पछि यो सहर छाड्ने विचारमा ऊ ठेला धकेल्छ । कर्फ्युको जानकारी नभएको वीरबहादुरलाई कर्फ्युको उल्लङ्घनको आरोपमा गोली हानेर मारिन्छ र हिजोसम्म उसको भोकमा साथ नदिने गरिब सुधार पार्टीले उसलाई आफ्नो झण्डा ओढाई सहिद घोषणा गर्दछ । यसरी आन्दोलनकारी र सुरक्षाकर्मीप्रति निरपेक्ष रही गरिब सर्वसाधारणको पक्षपोषण कथामा गरेको पाइन्छ । कथामा वीरबहादुरजस्ता काम गरी खाने वर्ग सहर र सडक खाली हुँदा बन्द र कर्फ्युको अभिघातमा परेका सर्वसाधारण फेरि डराउने तत्कालीन अवस्थालाई देखाइएको छ । सधैँ हल्ला र जाम भइरहने नेपाली सडकको वातावरण शान्त र सुनसान हुँदा अब आफ्नो रोजिरोटी बन्द हुने, तथा दिनभरि नग्रा खियाएर बेलुकाको छाक टार्ने वर्गलाई एक किसिमको डर पैदा हुने अवस्थालाई कथामा यसरी अभिव्यक्त गरिएको पाइन्छ ।

> सात दिनदेखि यता सहर शान्त छ । कोलाहलमय सहर शान्त हुँदा वीरबहादुर जस्ता ठेलावालाहरू भयक्रान्त बन्छन् । सहरको ओल्लो छेउदेखि पल्लो छेउसम्म राम्ररी देखिने भएका छन् । कालो धुवाँ छाड्दै ठूलो आवाज निकालेर हुईंकिने बस, ट्रक, कार, जिपहरू सबका सब ग्यारेजमा आराम गरिरहेका छन् । झ्यालहरू बन्द छन् । फलामे गेटहरू बन्द छन् । (पृ.२०५)

हल्लाहल्लैको सहर र जामै जामको सडक कर्फ्युको समय खाली र शान्त भएता पनि त्यो आफ्नो हातमुख जोड्ने समस्याको रूपमा रहेको चिन्ताका साथै बन्दकर्ता र कर्फ्युकर्ता

को कसको कतिखेर सिकार भइने हो भन्ने त्रास जनतामा रहेको अभिव्यक्ति यहाँ पाइन्छ । यही कुरालाई कथाको अर्को एक साक्ष्यले पनि प्रष्ट्याएको छ ।

> हिजोसम्म त नेपाल बन्द भनेर पसलहरू बन्द थिए । यातायात बन्द थिए, तर आजदेखि त झन आपतकालीन कर्फ्यु नै घोषणा भएको छ । डरले मानिसहरूको हिँड्डुल नै बन्द भएको छ । सकडभरि, चोकभरि, गल्लीभरि सुरक्षाकर्मीहरू अत्याधुनिक हतियार जडित ट्याङ्क लिएर घुम्न थालेका छन् । हिजोसम्म नेपाल गरिब सुधार पार्टीले थुप्रै के-के मागहरू राखेर नेपाल बन्द मात्र गरेको थियो । त्यो बन्दलाई सरकारले खुलाउन बल प्रयोग गरेपछि पार्टीका नेता र कार्यकर्तासँग राजधानीमा ठूलो झडप भयो । लामो समयसम्म दुई तर्फी झगडा भएको थियो । स्थिति नियन्त्रणभन्दा बाहिर पुगेपछि सरकारले एकाएक अनिश्चितकालीन कर्फ्युको घोषणा गरिदियो र भनियो । कोही पनि व्यक्ति घरबाहिर निस्किएमा गोलीको निसाना बनाइनेछ । (पृ. २०७)

कथामा सरकार र बन्दकताको युद्धमा सर्वसाधारण वा श्रमिक वर्गले सन्त्रासयुक्त अवस्थामा बाँच्नु परेको अवस्थालाई अभिव्यक्त गरेको छ । देश बन्द हुनु, कर्फ्युको घोषणा गर्नु, घरबाहिर निस्किएमा गोलीको निसाना बनाइनेछ भन्नुले कथामा आतङ्क तथा भयको वातावरण सिर्जना गरेको पाइन्छ ।

सन्त्रास एवं आतङ्कको दृष्टिमा उपर्युक्त कथाहरूमा सशस्त्र द्वन्द्वका कारण व्यक्ति, परिवार, समाज र समग्र राष्ट्र सन्त्रास एवं आतङ्क बढेको देखिन्छ । देशमा भएको माओवादी युद्धले हत्या, हिंसा बढेको र त्यस हत्या हिंसाको दोहोरो चपेटामा सर्वसाधारण वर्ग परेर उनीहरूमा देखिएका सन्त्रास एवं आतङ्कलाई कथामा प्रतिनिधि पात्रको प्रयोग गरी प्रस्तुत गरिएको छ । कथामा सबैभन्दा बढी महिला, केटाकेटी तथा वृद्धवृद्धामा रहेको सन्त्रासलाई देखाइएको छ । सन्त्रास तथा आतङ्कको कारण कोही घरबार विहिन भएका त कोहीले देश नै छोडेर विदेशीनु परेको यथार्थ घटनालाई कथाहरूमा अभिव्यक्त गरिएको छ । कथाहरूमा सबैभन्दा बढी आतङ्कमा परेका सर्वसाधारण वर्गलाई देखाइएको छ भने कुनै कुनै परिवेशमा सुरक्षाकर्मी एवं विद्रोही पक्ष पनि परेको देखाइएको छ ।

### ३.३ कारुणिक र बीभत्स पक्ष

द्वन्द्वकालमा लेखिएका थुप्रै साहित्यहरूमा अभिघातको प्रयोग गरिएको देखिन्छ । अभिघातभित्रको वर्णनीय अर्को प्रमुख पक्ष कारुणिक र बीभत्स हो । *द्वन्द्व र युद्धका कथा* कथा सङ्ग्रहका कथाहरूमा कारुणिक दुःख र बीभत्स पक्षको चित्रण पनि पाइन्छ । द्वन्द्वका मारमा परेर तमाम नेपाली वृद्ध, बालक, युवा, वर्गको जीवन दुःख र करुणाले भरिएको दर्दनाक पक्षलाई प्रस्तुत कथा सङ्ग्रहका कथाहरूमा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । परिवार विहिन, अभिभावक विहिन, काखबाट छोराछोरी खोसेर रितो कोख भएका आमाबुबा, खादै गर्दा खाना खोसिएका व्यक्ति, सँगैसँगै सुतेको श्रीमान्को हत्या वा श्रीमतीको बलात्कार भएका परिवार, दोहोरो युद्धको मारमा घरबार विहिन भएका वर्ग, विस्थापित परिवारका पेपत्ता पारिएका परिवार आदिको करुणाले भरिएका गहिरा पीडाहरूलाई कथामा अभिव्यक्त गरिएका छन् । त्यसै गरी दोहोरो युद्धमा परेर मृत्यु, अङ्गभङ्ग, घाइतेहरूले पुरा राष्ट्र नै बीभत्स भएको अवस्थाको चित्रण पनि कथामा पाइन्छ । यी कारुणिक र बीभत्स पक्षका कथाहरूमा ती दुई निर्दोष आँखाहरू, एउटी रा एउटा मो, सीताहरू- २३, लाँकुरी फेरि फुल्नेछ, कर्फ्यु, हिंसाको मौनता, अर्कै मान्छे, विप्लवी, एकालापहरू, माओवादी, निरीह, रित्तो, सिपाही र सालिक, मैले कुखुरा बासेको सुनैँ, अज्ञात सहिद पर्दछन् । यस परिच्छेदमा यिनै कथाहरूमा रहेको कारुणिक र बीभत्स पक्षलाई अध्ययन विश्लेषण गरिएको छ ।

#### ३.३.१ ती दुई निर्दोष आँखाहरू कथामा कारुणिक र बीभत्स

प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहीत ‘ती दुई निर्दोष आँखाहरू’ कथा रमेश विकलद्वारा लेखिएको हो । कथामा एकजोडी दुःखी गरिब एवं विस्थापित परिवारको दुःखलाई कारुणिक र बीभत्स तरिकाले व्यक्त गरेको छ । कथामा सुराकीको आरोपमा पतिलाई घाँटी रेटेर मारेपछि सामूहिक बलात्कार पश्चात श्रीमतीलाई क्षतविक्षत पारी मार्छन् । यस्तो दर्दनाक दुःख, कहाली र बीभत्स घटनाको प्रत्यक्ष दर्शी अरु कोही नभई उनीहरूको संज्ञानहीन नाबालक बच्चा हुन्छ ।

पश्चिमी पहाडको गाउँमा जेनतेन गुजारा चलाएको बिर्खेबहादुर र दिलमाया विस्तापित भएर मैदानतिरको सहर नजिकै गाउँमा झरेका हुन्छन् । नयाँ बसाइँका क्रममा केही काम नपाएपछि उनीहरूको जीवन निकै भोकमरी र पीडादायी बन्दै गइरहेको थियो । कसैको काम गरे हातमुखको भेट हुन्थ्यो, नत्र त्यो पनि सम्भव थिएन । काम गरेको ज्याला

समयमा नपाए नाबालक छोराको क्रन्दन एकातिर हुन्थ्यो भने अर्कोतिर लोग्नेस्वास्नीको पनि बेजोग हुन जान्थ्यो । यस्तो दयालाग्दो कारुणिक अवस्थाको अभिव्यक्ति पुष्टि गर्ने साक्ष्य यसप्रकार छ :

> यसपल्ट बिर्खेले ठेकेदारबाट झण्डै एक महिनादेखिको ज्याला पाएको छैन । त्यसैले उसको भण्डारमा एकमुठी चामल पनि छैन । ऊ ज्याला उठाउन गएको फर्केको छैन । दिलमाया आफ्नै करेसाबारीबाट तिहुन ल्याएर केलाउन लागेकी छ । सानो छोरो भुन्टे भोक लाग्यो भनेर रोऱ्याइँ गरिरहेको छ । "आमा भात किन नपका ? हामलाई भोक लाग्यो भन्या भात दिनु हामलाई ।" (पृ.२०)

घरमा खाने कुरा नामको केही हुँदैन । श्रीमान् काम गरेको ज्याला माग्न गएको समयमा छोराले यस्तो अभिव्यक्ति गर्छ । दिलमाया छोरालाई बाबालाई ठेकेदारले पैसा दिएपछि दाल, चामल किनेर ल्याउनुहुन्छ अनि बनाएर खाऔँला भन्न पुग्छ । यस्तो अभिव्यक्तिले कथामा दया वा करुणाको अभिव्यक्ति दिइएको देखिन्छ । काम गरेर पनि समयमा ज्याला नपाएर घरपरिवारमा नाबालक भोकले रोइकराइ गरेको नेपाली समाजको वास्तविक तथा काारुणिक अवस्थाको चित्रण कथामा मार्मिक रूपबाट अभिव्यक्त भएको पाइन्छ ।

एकातिर यसरी रोग भोगको कारुणिक पक्ष कथामा उल्लेख भएको छ भने अर्कोतिर दुवै युद्धरत पक्षले सर्वसाधारणलाई गरेको व्यवहार वा अपराधको पराकाष्ठाले कथामा कारुणिक तथा बीभत्स पक्ष निम्त्याएको छ । दुवै पक्षले सर्वसाधारण जनतालाई विभिन्न आरोप पत्यारोप गर्दै उनीहरूको जीवन तहसनहस पारेको कारुणिक अवस्था कथामा अभिव्यक्त छ । बिर्खेको घरमा आएका दुई जनाले बिर्खेलाई सुराकीको आरोप लगाउँदै उसको घाटी रेटेको र त्यसपछि श्रीमती बलात्कार गरेर मारेको बीभत्स परिदृश्य यस प्रकार छ ।

> ... खुर्पा भुइँमा खस्यो । यति जेलसम्म पछिल्लोले बिर्खेबहादुरको घाँटी कसाइँले राँगो-बोको रेटेझैँ रेटेर टाउको छुट्याइ सकेको थियो । मझेरीमा

> रगतको ताल बनिसकेको थियो । दोस्रो चाहिले दिलमायालाई जकडेर विवश तुल्याएर भित्तामा अँचेटेको थियो ... । (पृ. ३२)

कथामा आतङ्ककारीद्वारा गरिबीले थिलो परेको परिवारलाई उल्टै सुराकीको आरोपमा बीभत्सपूर्ण घटना घटाएको छ । यसरी एकातिर बीभत्सपूर्ण घटना छ भने अर्कोतिर भोकले रन्थनिएको नाबालक छोराको अगाडि उसको आमा बुबाको हत्याले अब उसको जिन्दगी भरिको खाना उसबाट छिनेको पीडादायी आभाष कथामा पाइन्छ । यसरी कथामा गरिबी हुनु, विस्थापित हुनु, मुख्य पात्र बिर्खेबहादुर र दिलमायाको हत्या गर्नु, मरेको लासबाट पैसा र गहना छिन्नु, भोकले तोरीको फूल देख्नु, बालकलाई टुहुराको बाल घरमा राख्नु आदि घटनाले बीभत्स र कारुणिक पक्षलाई देखाएको पाइन्छ ।

### ३.३.२ एउटी रा, एउटा मो कथामा कारुणिक र बीभत्स

चैत्र २०६२ तिर लिखित प्रस्तुत कथाका रचनाकार मोहोनराज शर्मा हुन् । प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा प्रथम पटक प्रकाशित यस कथामा निम्न वर्गीय ज्यालाकर्मी तथा मजदुर वर्गमा आएको भोकमरी, भय र निराशालाई अभिव्यक्त गरेको पाइन्छ । कथाका मुख्य पात्र एउटी रा एउटा मो को एकातिर युद्धको बम बारुदले सर्वनास भई टुहुरा भएका हुन्छन् भने त्यसैमा ती टुहुराले गरी खाने र बाँच्ने मजदुरी तथा ज्यालाको काम पनि चक्काजाम, हड्ताल, नेपाल बन्दले खोसेको दर्दनाक अवस्था जगजाएर गरेको पाइन्छ ।

कथाको सुरुवाती खण्ड रा को समाख्याताले दिइएको परिचय जसमा रा सुकेको पातझैँ हुनु, आफैभित्रको पीडाबाट छियाछिया हुनु, सडक छेउमा बस्नुले कथामा करुणा भाव उत्पन्न गरेको छ । त्यस्तै मो को परिचयमा बेलाबेलामा मो मा निराशाको कालो बादलले घेरिनु, लाटिएर बस्नु, यताउता भौतारिनुले पनि पीडा र करुणाको सङ्केत गर्दछ । त्यसै गरी रा को पूर्वदृश्यको विश्लेषणमा उसको कान्छो भाइले डल्लो परेको वस्तु खेलाउँदै घरभित्र पुऱ्याउँदा त्यो पड्केर, उसका भाइको शरीर मासुका साना साना चोक्टा भएर छरिनु, आमा रगतको मुस्लो भएर ढल्नु, बुबा-काटिएको बोकाझैँ छटपट गर्दै मर्नु, घर धुलो पिठो हुनु, स्कुल गएको राले खबर पाउँदा बेहोस्ले दौडिदा बाटोमा मुर्छा परेर लड्नु, वा समग्रमा भन्दा नाबालिका रा टुहुरी हुनुले कथालाई कारुणिक तथा बीभत्स तुल्याएको पाइन्छ । मोको पूर्वदृश्यमा पनि मो टुहुरो हुनु, हातमुखको जोहो गर्न पत्रिका बेच्नु, रा सँगको दुःखद मेलन घटनाले कथालाई कारुणिक बनाएको देखिन्छ ।

कथाको सबैभन्दा कारुणिक अवस्थालाई भन्नुपर्दा सातादिनको नेपाल बन्दले जताततै काम खोज्दा नभेटेपछि रा र मो भोकले थालिन पुगेका छन् । केही उपाय नलागेपछि आफ्नो भोकले थलिएको ज्यान जोगाउन रा जिउ बेच्न पुगेकी छे । जिउ बेच्दा एडस रोगले ग्रसित हुन्छे । रा ले यस्तो कार्य गर्न पुगेको पीडाले मो पनि रक्सी पिउन भट्टीमा पुगेर नसाको तालमा यौन कार्यमा संलग्न भई एड्स रोग ल्याउँछ । त्यसपछि यी दुवैको जीवन अस्वस्थ्य, अन्योल हुन पुग्दछ । यसरी रोग, भोक, शोकले गलेको रा र मोको कारुणिक जीवनगाथा यस कथाको मुख्य विषय बन्न पुगेको देखिन्छ । कथामा रा र मोले भविष्यमा आफ्नो जस्तो अवस्था अरु गरिबले भोग्न नपरोस भनेर सरचोकको पुलिसको कर्फ्यु तोडेर आफ्नो जीवनको उत्सर्ग गर्न पुग्दछन् । तोपको मुखमा परेपछि उनीहरूका शरीरका मासुका टुक्रा चोक्टा चोक्टामा परिवर्तन हुन पुग्दछन् । यसरी कथाका मुख्यपात्र रा र मो का जीवनका दुःखलाग्दा घटनाले कथालाई कारुणिक बनाएको छ भने राको परिवार एवं रा र मो को शरीरका मासुका टुक्रा र चोक्टाको प्रसङ्गले कथालाई बीभत्स तुल्याएको छ ।

### ३.३.३ सीताहरू- २३ कथामा कारुणिक र बीभत्स

परशु प्रधानद्वारा २०६२ तिर रचना गरी २०६३ मा प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत कथा 'सीताहरू- २३' द्वन्द्वकालीन समयमा भोगेका समग्र नेपाली महिला वर्गका दुःख र पीडालाई प्रतिनिधित्व गरेको छ । प्रस्तुत कथाकी पात्र सीता द्वन्द्वकालीन समयको मार खपेको दुःखदायी पात्र हो । पस्केको खाना पनि खान नदिएर अपहरणकारीले लछारपछार गरेर लगेको तीन वर्ष बितिसक्दा पनि श्रीमान् नफर्केपछि आफू र नाबालक बच्चाको जीवन असहाय कहालीलाग्दो अवस्थामा भएको कुराको सोचाइले सीता मानसिक रूपले छेदविछेद भएकी छे । यही सीताको श्रीमान्लाई काम छ भन्दै अपहरण गरी लगेको लामो समयसम्म पनि बाचेमरेको कुनै पत्तो नपाएपछि सीताले दुःख र पीडाको आबेगमा आत्महत्या गर्न समेत खोजेको करुणायुक्त भाव कथामा उल्लेख छ ।

सीताको श्रीमान्को अपहरण पछि सीताले गाउँघरदेखि सहर, कारखाना कतै पनि श्रीमान्को पत्तो लाग्दैन । उसले विभिन्न पत्रपत्रिका, संघ संस्था पनि गुहारेकी हुन्छ । यसरी कथामा घरको मूल मानिसको नै अपहरण भएपछि घरपरिवारको अवस्था चिन्ताजनक भएको देखिन्छ । कथामा यस्तो भाव तल उल्लेखित घटनाले पुष्टि गर्दछ ।

> छोराछोरी सोध्छन्- आमा ! बा कहिले आउनुहुन्छ भनेर । म तिनलाई के जवाफ दिऊँ ? रात-रातभर निद्रा पर्दैन, उहाँको अनुहार आएर सोधिरहन्छ- तिमीलाई कस्तो छ, छोराछोरी राम्रै छन् कि छैनन् ? जसरी पनि पढाउनू/हेर्नोस न बाह्र तेह्र वर्षको छोरो लागूपदार्थ खाने भइसकेको रहेछ । आफ्नो बाबु अचानक बेपत्ता हुनुको पीडाले ऊ कूलतमा फसेको हो । मेरो केही लागेन । अनि छोरीले पनि पढाइ मात्रै छाडिन घर पनि छाडी... । (पृ.४०)

कथांशमा उल्लेखित छोराछोरीको विलापयुक्त सोधाई र सपनामा पनि श्रीमान् आउनु, छोराछोरी कुलतमा फस्नु सबै कथनका पछि करुणायुक्त भाव रहेको पाइन्छ । यति मात्र नभएर सीताले मर्न खोज्नु फोटो हेरेर रुनु, उसतै जिउडालको मान्छे देख्नु पूर्ण पीडा वा दुःखले अभिघातित बनिसकेको कारुणिक अवस्थाको अनुमान गर्न सकिन्छ ।

### ३.३.४ लाँकुरी फेरि फुल्नेछ कथामा कारुणिक र बीभत्स

राजेन्द्र विमलका कथाहरू (२०६२) बाट प्रस्तुत *द्वन्द्व र युद्धका कथा* कथा सङ्ग्रहका लागि छनोट गरिएको लाँकुरी फेरि फुल्नेछ कथामा पहाडी एउटा गरिबी, अभाव र अज्ञाताले निलेको एउटा परिवारको कारुणिक अवस्थाको चित्रण गरिएको पाइन्छ । माओवादी युद्धले गाउँ दोहोरो युद्धको रणमैदान भएपछि गाउँमा सर्वसाधारणको उठीबास भएको दयनीय घटनाको ज्वालन्त उदाहरण हो यो कथा । गाउँको एउटा सानो परिवार जसमा छोरो कौडे र छोरी च्याउँकीको युद्धको डरले आफ्नो घर छोडेर भाग्न विवश भएको मार्मिक कहानी एकातिर छ । अर्कोतिर बुढा र रोगी आमाबुबा आफ्ना सहाराका रूपमा रहेका छोराछोरीले घर छोडेपछि दुवै हात काटिएको सहाराविहिन अपाङ्ग झैँ बनेको मार्मिक एवं कारुणिक घटना कथामा पाइन्छ । कथामा एकातिर गरिबी, अभाव र अज्ञानी परिवारको करुणामय कहानी पाइन्छ भने अर्कातिर छोरा कौडेले घर छोड्नु परेको प्रदेशमा गएर पनि साहुले पिट्ने, गाली गर्ने र काम गरेको ज्याला समेत नदिएको अर्को दयनीय अवस्थाको चित्रण पाइन्छ । बहिनी च्याउँकीले अपहरण भई इज्जत र ज्यान दुवै जान सक्ने डरका कारण घर छोडी होटेल, रेष्टुराँ, बार हुँदै अर्काको पेट बोकेर बेपत्ता भएको प्रसङ्गले त कथा अति मार्मिक देखिन्छ ।

कथामा कौडेलाई आफू र लाँकुरीको रुखमा केही फरक नभएको, चेउँकीले गाउँ छाड्न लाग्दा लाँकुरीको फेद समातेर निकै बेरसम्म डाँको छाडेर रुने, कुखुरे देउरालीबाट हाम फाल्ने, सिस्ने खोलामा डुबेर मर्ने, नारायणगणमा आमाछोरी पुग्दा खानेकुरा केही नपाएर रोएको, सात दिनपछि चादिको औँठी बेचेर खाना खाएके आमाले छोरीलाई होटेल मालिक गुरुङको जिम्मा लगाएर हिड्नु आदि प्रसङ्गले कथालाई अत्याधिक कारुणिक बनाएको छ । यी प्रसङ्गहरूमध्येको एक अति घतलाग्दो प्रसङ्गको पाठ्यांश यस प्रकार छ ।

> ... दाम्लो समाती जति घिसारे पनि बाच्छिले नयाँ मालिक कहाँ जान नमानेझैँ चेउँकीले पनि बूढाबूढी बाबुआमालाई छोडेर जान नमानेपछि आमाले सम्झाउनु भएको थियो अरे चेउँकी मेरी छोरी ! माओवादीले अपहरण गरेर लगेपछि इज्जत र ज्यान दुवै जान्छ भन्छन् । त्यो भन्दा त बरु अरुको भाडाकुँडा गरेर बस्दा हद भए इज्जतै जाला । छँदाखाँदाकी मेरी छोरी त बाँच्छे । एक दिन कसो मेरो काखमा फर्केर नआउली । (पृ. ५४)

माओवादी युद्ध र अपहरणको डरले पीडित परिवारको विछोडको कारुणिकता यस कथामा अभिव्यक्त भएको छ । यसै गरी कथामा कौडे धेरै वर्षपछि घर फर्किदा घरमा बहिनी नहुनु, आमाबुबाको अवस्था गम्भीर हुनु, बुबाको खोकाइले कौडेले विभिन्न रोगको आशङ्का गरेर पनि केही गर्न नसक्नु, हुन्डरी आउनु, घरले पानी रोक्न नसक्नु वा घरको अवस्था जीर्ण हुनु, परदेशबाट आएको एकदिन पनि भुटेको त्यो पनि एक कचौराले तीन जनाको छाक टार्नु, चेउँकीको यादले तीनै जना रुनु जस्ता घटनाले पनि कथामा थप कारुणिक अवस्था छाएको स्पष्ट हुन्छ ।

### ३.३.५ कर्फ्यु कथामा कारुणिक र बीभत्स

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत कर्फ्यु कथा सनत रेग्मीद्वारा २०५८ नेपाल नामक साप्ताहिक पत्रिकाको लागि लेखिएको हो । कथा नेपालगञ्जमा भड्किएको जातीय एवं धार्मिक दङ्गालाई मुख्य विषयवस्तु बनाइएको छ । कथामा हिन्दु र मुस्लिम बिचको धार्मिक एवं साम्प्रदाकि मतभेदले एक समुदायदेखि अर्को समुदाय आतङ्कित, त्रसित र सशङ्कित बनेको देखाइएता पनि निम्न, गरिब तथा ज्यालादारी वा काम गरिखाने वर्गमा दङ्गाको कारण लामो समयसम्मको कर्फ्युले दया र दुःख लाग्दो अवस्था पनि देखापरेको पाइन्छ । धार्मिकता र साम्प्रदायिकताका पक्षधर बनेर स्वार्थ पुरा गर्ने सङ्कुचित भावना

भएका केही व्यक्तिका कारण सदिकौ मिलेर बसेका मुस्लिम र हिन्दु जातिबिच सद्भाव समाप्त भएको कथावस्तु यस कथामा रहेको छ । जसको सिधा असर सोझासाझा आफ्नो काम गरिखाने वर्गमाथि पर्न गएको छ । हिन्दु र मुस्लिमको झगडाले उग्ररूप लिएपछि नगरमा कर्फ्यु लगाइएको जसको असर असल, सहयोगी र मिलनसार रूपमा बसोबास गरेर बसेका हिन्दु र मुस्लिममा परेको छ । कथाको मुख्य पात्र हिन्दु रामदीन पल्लेदार र मुस्लिम अल्लारखा टाँगावालसँगै जग्गा किनी घर जोडेर बसेका हुन्छन् । असल छिमेकी मात्र नभइ एक अर्काका सहयोगी समेत रहेका रामदीन र अल्लाखामा नेपालगञ्जको जातीय दङ्गाको असर परी आपसी सहयोग र सद्भाव समाप्त भएको कुरा कथामा अभिव्यक्त छ ।

सहरको जातीय दङ्गापछि रामदीन र अल्लारखा एक अर्कामा सशङ्कित हुन पुग्दछन् । उनीहरू एक अर्कालाई सशङ्कित नजरले हेर्न पुग्दछन् । कसैको घरमा नयाँ मान्छे आयोकी शङ्काको हेराइले हेर्छन् । एकअर्काप्रति लाग्ने माया र मनमा आउने सद्भावलाई पनि लुकाउन पुग्दछन् । उनीहरूमा खाने खाना हुँदैन बाहिर सहरमा कर्फ्यु र दङ्गा भएकाले न रामदीनले कुनै काम पाएको हुन्छ न त अल्लारखाले टागा चलाउन पाएको हुन्छ । यस्तो अवस्थामा उनीहरू करुणाको पात्र बनेका हुन्छन् । मनको करुणाका कुरा र समस्या न त कसैलाई व्यक्त गर्न पाएका हुन्छन् । उनीहरूको मनको कुरा सुनिदिने समेत कोही हुँदेनन् । यही कथावस्तुका कारण कथामा करुणाभाव रहेको देख्न सकिन्छ । अल्लारखाको तलको अभिव्यक्तिले कथामा दया वा करुणा अभिव्यक्त भएको छ ।

> अल्लारखा पनि आफ्नो अभिव्यक्ति पोख्न घोडीलाई सुमसुम्याइरहेको छ र दुःख पोख्दै छ- खै रामकलिया, तेरो त जातधर्म हुँदैन । पशुजातिकी तँ पनि मुसलमान भइसकि क्या ? म अल्लारखासँगै तैले पनि दुःख पाउनु पऱ्यो । आज दुई दिन भयो तैले पनि दानापानी खान पाएकी छैनस् । दिनदिनको कमाइले तेरो लागि दानाभुजा किन्नुपर्ने तर यो कर्फ्युले काही निस्कन पाइँदैन । (पृ.६५)

कथाको यस अंशमा गम्भिर कारुन्य भाव रहेको देखिन्छ । अलारखाले आफू र आफ्नो घोडा धेरै दिन भोकै बस्नु परेपछि यो भाव अभिव्यक्त गरेको हो यसै गरी कथाको पछिल्लो भागमा भएका रामदीन र अल्लारखा बिचको संवादमा पनि दया, सद्भाव र उनीहरूको पीडाको अन्तरवेदना कथामा छरपष्ट भएको पाइन्छ ।

### ३.३.६ हिंसाको मौनता कथामा कारुणिक र बीभत्स

२०६३ असोज महिनाको गरिमा पत्रिकामा प्रथम पटक छापिएको 'हिंसाको मौनता' कथा प्रस्तुत *द्वन्द्व र युद्धका कथा* (२०६३) मा सङ्ग्रहीत गरिएको हो । पद्मावती सिंहद्वारा लिखित उक्त कथामा द्वन्द्वकालीन समयमा युद्ध र हिंसाको मारमा परि अभिघातित भई बाचेका महिलाहरूका दुःख र पीडालाई कारुणिक तवरले अभिव्यक्त गरेको पाइन्छ । कथाका पात्र निरमाया, बुढीआमै, विष्णुमाया, रमनिया, लक्खीदेवी, मलखामाइ, पवनकली सबैको अवस्था दर्दनाक पीडाले भरिएको छ । निरमायाको पति बमबहादुर विद्रोहीसँगको दोहोरो भिडन्तमा बपेत्ता भएदेखि उसको अवस्था दयनीय बनेको छ । बुढी आमैको एक मात्र सन्तान वीरेको केही दिन अघि मात्रै सुरक्षाकर्मीद्वारा मारिएको खबर सुनेपछिको आर्तनादले प्रत्येक रात र मान्छेलाई छोएको छ । पति र दुईजना केटाकेटीसँग सुतेका बेला दुई जना आतङ्ककारीले पतिको घाटी रेटेर मारेदेखि विष्णुमायाको जीवन झन कारुणिकताले भरिएको छ । त्यसै रमनियाको घरमा आगजनि गरी पतिलाई लखेटेपछिको उनको जीवन पनि दुःखदायी बनेको छ । लक्खीदेवीको दुवै छोरालाई अपहरण गरेदेखि उसको जीवन पनि तहसनहस बनेको छ । सबैभन्दा हृदय विधारक जीवन त मलखामाईको रहेको छ । उसको श्रीमानलाई जलाइ जलाइ आफ्नै अगाडि मारिदिएपछि ऊ विछिप्त बनेकी छ, न बोल्न सक्छ न केहीलाई चिन्न सक्छ । पवनकली पनि दिनदाहाडै घिसार्दै मकैबारीमा बलात्कार गरेपछि लाजले गाउँ छोडेकी उसलाई सहरमा पनि यौन दुरव्यवहारमा परी विछिप्त बनेकी छ । यसरी कथामा रहेका हत्या, हिंसा, अपहरण र बलात्कारका सिकार भएका यी सबै पात्रका जीवन कहानी नै कारुणिक एवं बीभत्समय रहेका छन् ।

कथामा द्वन्द्वकालका महिलाहरूले भोगेका पीडादायी मार्मिक घटनाहरूलाई अभिव्यक्त गरिएको छ । कथाकी मुख्य पात्र निरमाया कथाको सुरुदेखि अन्त्यसम्म दयनीय अवस्थामा रहेकी छे । त्यस्तै अख्याताले व्यक्त गरेका अन्य पात्रको पनि दैनिकी करुणामय रहेको देखिन्छ । कथाको सुरुमै चकमन्न रात र खोलाको गडगडाहतमा निरमाया अत्यन्त चिन्तित र विचलित भई विस्तारामा ओल्टेकोल्टे फेरिरहँदै भुङ्ग्रोको माछाझैं तड्पिएकी हुन्छिन् । उनको यस्तो अवस्थामा छिमेकीबाट मिलेको सान्त्वनाले पनि केही काम गर्दैनथ्यो । श्रीमान्को बेपत्ताले यस्तो हालत भएकी निरमाया माथि विद्रोहीहरू रातमा आएर खानापिना पकाएर देएकी निरमायामाथि बलात्कार गरी पेटको तीन महिने भ्रुण पनि खेर जान्छ र उनी बेहोस् हुन पुग्छिन् । जसलाई पाठमा यसप्रकार अभिव्यक्त गरिएको छ ।

> चु ... चु ... चु लोग्ने बेपत्ता छ रे ... ? बेपत्ता भए त के भो ? हामीलाई नै लोग्ने ठाने र भैहाल्यो नि । यसो भन्दै एउटाले निरमायाको फरियाको सप्को उनको मुखमा कोच्तै उनलाई भुइँमा लडायो र अर्कोले उनलाई नङ्ग्याएर बलात्कार गऱ्यो । ती दुई आततायीले जथाभावी उनको शरीरसित खेलेर त्यहाँबाट कुलेलम ठोके । उनको स्त्रीत्वमाथि जथाभावी अतिक्रमण हुँदा पनि रातको सन्नाटाको ओड्ने ओढेर सुतिरहेका गाउँलेहरूले केही सुइको पाएनन् । उनको आत्मबाट निस्केको हृदयविधारक पुकारलाई कसैले सुनेनन् । (पृ. ४७३)

कथाकी मुख्यपात्र निरमायामाथि भएको अपमान, आतङ्क र बलत्कारको आर्तनादले कथालाई कारुणिक एवं बीभत्स बनाएको पाइन्छ ।

### ३.३.७ अर्कै मान्छे कथामा कारुणिक र बीभत्स

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत 'अर्कै मान्छे' ध्रुव सापकोटाद्वारा नोबेल साहित्य वार्षिक २०५९ का लागि लेखिएको कथा हो । कथामा नेपाली ग्रामीण भेगका मान्छेहरूले द्वन्द्वकालमा घरबार विहिन भएर मानसिक अभिघात भोग्न तयार भएका दुःख र पीडालाई अभिव्यक्त गरेको छ । कथाकी मुख्य पात्र मङ्गलीको मार्मिक जीवनकहानीलाई मुख्य कथावस्तु बनाएको छ । गाउँमा आफन्त विहीन र बस्न कठिन भएपछि सहर पसेकी मङ्गली विगत ५ महिनादेखि सहरको एक घरमा काम गरिरहेकी हुन्छ । कथामा व्यक्त भएअनुसार उसले हासो, मिठो बोली, हराइसकेकी, देख्दा पनि दुबली, पातली ख्याउटी कुनै ठुलो पीडामा विह्ल भएजस्ती मङ्गली देख्दैमा ऊप्रति करुणा भाव जाग्न पुग्दछ । सोधेको अनिवार्य जवाफमा मात्र एक बचत बोलने, खाली ऊ भनेको काम इमान्दार र कुशलतापूर्वक गर्दछे । कथामा अभिव्यक्त उसको व्यवहार दयनीय छ जसले कथालाई कारुणिक बनाएको छ ।

मङ्गली युद्धको समयमा एक रातमा केही मान्छेहरू आएर उसकी दिदीलाई लिएर गएपछि ऊ एक्ली भई । एक्ली भएपछि ऊ सहरको एउटा श्रीमान् श्रीमती भएको एउटा घरमा काम गर्न पुग्छे । केही नबोल्ने अह्राएको काम गर्ने गाउँले सरल टुहुरी केटीदेखि ती लोग्ने स्वास्नी खुसी भएपनि मङ्गलीको महिनावारी नभएको कुरालाई लिएर उसमाथि शङ्का गरी घरमा नराख्ने निर्णय गर्छन् । मङ्गलीकी दिदीलाई रातमा लिन आएकाहरूले

मङ्गलीसँग पनि उनीहरूले यौन तृष्णा मेटाए होलान् र गर्भ बोकेको कारण महिनावारी रोकिएको होला भन्ने शङ्का गरी मङ्गलीलाई आफ्नो घर जाऊ भन्ने कुरा श्रीमतीबाट राख्न श्रीमान् लगाउँछ । मङ्गली कोही र केही नभएपछि आफ्नो गाउँ छोडेकी थिई र गाउँ कहिल्यै नफर्किने मनसायले सहर आएर त्यो घरको नै सेवा गरेर जीवन काट्ने विचार गरेकी थिई । अब पाँच महिना नपुग्दै यो घरकाले घरजाऊ भनेपछि मङ्गलीको अवस्था फेरि कठिन बन्छ । उसको जाने भन्ने ठाउँ कही नभएपछि उसको कारुन्य स्वरले यसो बोल्न पुग्छे ।

> "मैले केही गल्ती गरेँ हजुर" मङ्गलीको प्रश्न के भनौं जिज्ञासा थियो । ... यही घरमा हजुरहरूको सेवा गरेर जीवन बिताउनेछु भन्ने अठोट गरेकी थिए । ... मलाई गाउँ जान मनै लागेको छैन । मङ्गलीले आफ्नो व्यथा व्यक्त गरी । ... ऊ फेरि बेसहारा बनेकी थिई । (पृ.९९-१००)

कथाको सुरुबाट बेसहारा देखिएकी मङ्गलीको जीवन कहानीले कारुणिक बनेको कथा काम गरेर नोकरै भए पनि सहारा पाएकी मङ्गलीलाई काम गर्ने घरबाट निकालिए पछिका उसको यो माथिको अभिव्यक्तिले कथा झनै कारुणिक बनेको देखिन्छ ।

कथा करुणामय मात्र होइन बीभत्समय पनि देखिन्छ । मङ्गली गाउँमा फर्केको पाँच महिनापछि फेरि घरमा काम गर्ने मङ्गली जस्तै मान्छेको आवश्यकता परेपछि श्रीमान् (ऊ पात्र) मङ्गलीको खोजिमा गाउँ गएर गाउँमा भेटिएकी बृद्धाले सुनाएको सारा गाउँ खाली भैसकेको कोही लास भैसकेका र कोही लास बन्ने पालो पर्खेर बसेका जस्तो कुराले त कथा कारुणिक मात्र होइन बीभत्स बन्न पुगेको छ । जुन साक्ष्य यसप्रकारको छ ।

> कहाँ गईहोली मङ्गली ? उसले सोध्यो ।
>
> ऊ त्यहाँ "वृधाले एउटा चउर देखाई ।
>
> त्यो चउरमा ऊ पुग्यो त्यहाँ चउरमा गाउँका सारा मान्छे जम्मा भएका थिए । थुप्रै लासहरूका वरिपरि तिनीहरू झुम्मिएका थिए । एउटै ठाउँमा यति धेरै लास एकै पटक उसले देखेको थिएन । यो दृश्य ज्यादै दिक्दार लाग्दो थियो । ऊ बीभत्स दृश्य हेरिरहेको थियो । आफैंलाई धिक्कारिरहेको थियो ऊ । आफैंलाइ प्रश्न गरिरहेको थियो ऊ । त्यो मङ्गली होइन ? ...

त्यो मङ्गलीकी दिदी हो । नजिकै ती बीभत्स लास हेरेर दिक्दार मानेर बसेका मान्छे मध्येको कसैले जवाफ दियो । केही लासहरू टाउको काटिएका थिए । शरीर छोडेर टाउँको काटेर लानुको रहस्य उसले बुझ्ेन । (पृ.१०२)

कथामा मङ्गलीको गाउँको हकिगत दृश्यले कथालाई दर्दनाक एवं कारुणिकता मात्र होइन जुगुत्सा भाव उत्पन्न गराउने बीभत्स तुल्याएको देखिन्छ । जसका साक्ष्यका रूपमा माथिको गाउँको चउर जहाँ विभिन्न किसिमका शरीरका अङ्ग प्रत्यङ्ग छिनालिएका लासहरूलाई लिन सकिन्छ ।

### ३.३.८ विप्लवी कथामा कारुणिक र बीभत्स

इल्या भट्टराईको सङ्ग्रह 'अनि ...' (२०६२) बाट प्रस्तुत विश्लेषणीय सङ्ग्रहमा साभार गरिएको कथा 'विप्लवी' जनयुद्धमा गाउँका नाबालक नाबालिकालाई क्रान्ति गर्न भनी जवरजस्ती र अपहरण गरी उनीहरूमाथि यौन शोषण जस्ता अपराधिक कार्य गरेको कुरा कथाको मुख्य विषय बनाएको छ । महान् जनयुद्धका नाममा पुरानो जातीय प्रतिशोध लिन बुबाआमाको काखबाट जवरजस्ती बालबालिकालाई लिँदा आमाबुबाको हृदय विधारक क्रन्दन, विन्तिभाव, जस्ता कुराको करुणा र ती लिइएका बालबालिकालाई विद्रोही लडाकुका नाइकेका भान्से र राती विस्तराका यौन सन्तुष्टिका साधनको रूपमा प्रयोग गर्दा ती बालबालिकाको पीडाको चिच्याहटलाई कथाले करुणामय भावबाट अभिव्यक्त गरेको छ । कथाकी मुख्य पात्र विप्लवी यस्तै करुणाकी पात्र हो । तेह्र वर्ष नपुग्दैको उमेरमा विप्लवीलाई क्रान्ति गर्न भनी घरबाट जबरजस्ती लगियो र उसमाथि घरबाट लिएकै रातबाट बलात्कारको हिंसा सुरु गरियो । यस्तै परिवेशको प्रयाप्त हत्या, हिंसा र बलात्कारको त्रास र दुर्गन्धको बिचमा आफ्नो उमेरको बाह्र वर्ष बिताएकी थिइ । युद्धकालीन समयको देशले भोगेको दर्दनाक पीडाको एउटा प्रतिनिधिमूलक एउटा पात्र मात्र हो विप्लवी ।

गाउँमा युद्ध अपहरण अझै विद्यालयबाटै विद्यार्थी लान थालेपछि विप्लवीका बाबुआमाले छोरीलाई विद्यालय रोकिदिएका थिए । एक्ली नाबालक छोरीलाई लिन्छन् भने उनलाई ठुलो चिन्ता थियो । त्यही समयमा एकदिन बेलुका पाँच-छ जनाको समूह हातमा बन्दुक बोकी बुट बजाउँदै विप्लवीको आगनमा आए । के पाक्यो बाझे तिम्रो बुद्धि आयो आएन, अझै पनि हामीलाई आफ्नो भान्सामा जान नदिने त गरेको छैनौ नि भन्दै भान्सामा बुटसँगै गएर

खाना पकाउ भन्दै सबैले खाना खाए र खाना खाइसकेपछि विप्लवीलाई हाम्रो महान क्रान्तिमा सहभागी हुनुपर्छ भन्दै हिड्न भने । विप्लवीका आमाबुबालाई बज्र खसेसमान भयो । एक ठाउँमा डल्लो जस्तो परेका आमाबुबा र विप्लवीको आर्तनादको सीमा रहने । उसका बुबाले अरु जे भने पनि हामी तयार छौँ तर यो नाबालक छोरीलाई युद्धमा लिने कुरा नगर्नुहोस् बिन्ति छ । ठुलो रोइकराइका साथ बिन्ति गर्दा पनि उनको विन्ति बालुवामा पानी हालेझैँ भयो । उनीहरूले विप्लवीलाई लेगरै छोडे । आफ्नो क्याम्पमा पुगेपछि क्रान्तिका लागि ल्याइएका विप्लवीलाई नाइकेसँगै सुताइयो र विप्लवीको यौन शोषण गरियो । नाबालक विप्लीको पीडाको चित्कारमा उसले क्रान्ति सफल भएको सम्झन्थ्यो र झनझन यौन कार्यमा मग्न हुन्थ्यो । यसरी विप्लवी कथाको कथावस्तु नै मार्मिक, पीडा र दुःखले भरिएको कारुणिक रहेको देखिन्छ ।

कथाकी मुख्य पात्र विप्लवी नाइकेको यौन तृप्ति गरेर ऊ क्रान्तिको बाटोमा अग्रसर भएकीबाट नै कथा कारुणिक भएको छ । क्रान्तिमा लागेदेखिको उसका प्रत्येक दिन मर्मस्पर्शी रोधन र चित्कारले भरिनु कथाको अर्को दुःखदायी पाटो बन्न गएको छ । समग्रमा भन्नुपर्दा विप्लवीको परिवार डराउनु, डरले छोरीलाई स्कुल छुटाउनु, बेलुका घरमा आई धम्काउनु, विप्लवीलाई क्रान्तिमा लाग्नु पर्ने आदेश दिनु, उसलाई जवरजस्ती लिनु, विप्लवीका आमाबुबा र विप्लवी चित्कार छोडी रुनु, विन्ति भाव गर्नु, विप्लवी रातमा उनीहरूसँग हिँड्नु, क्याप्मा पुगेकै रात यौन शोषणको शारीरिक र मानसिक पीडाले चिच्याउनु, आदि प्रसङ्गले कथालाई कारुणिक एवं बीभत्स तुल्याएको पाइन्छ ।

### ३.३.९ एकालापहरू कथामा कारुणिक र बीभत्स

नेपाल साप्ताहिक पत्रिकामा २०६१ साउनमा प्रथम पटक छापिएको 'एकालापहरू' कथा २०६३ मा प्रस्तुत सङ्ग्रह *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा साभार गरिएको हो । सर्वसाधारण निर्दोष नेपाली जनतालाई सुराकीको आरोप लगाई क्रुरताको चरम यातना दिई, अभिघातित पारेको तत्कालीन यथार्थ पक्षलाई कथामा देखाइएको छ । निर्दोष, बेकसुर जनतालाई दिएको चरम यातनाले कथा कारुणिक बन्न पुगेको छ । दश बाह्र जनाको कमब्याट पहिरनमा आएको समूहले एकाएक 'म' पात्रको घरमा प्रवेश गरी भोको गिद्धले आफ्नो मिठो आहारमा जाइलागे जस्तै गरी 'म' पात्र माथि अश्लील गालिगलोज सहित निर्मम तरिकाले पिट्दै लछार्दै आँखामा पट्टि बाँधेर लैजान्छन् । घरपरिवारको र 'म' पात्रको

को ? के ? किन ? यस्तो गरेको भन्ने कुराको कुनै जवाफै नदिई एकोहोरो पिँटाइले 'म' पात्रको अवस्था नाजुक भैसकेको हुन्छ र पनि उनीहरू घिसार्दै अज्ञात स्थानमा लैजान्छन् । कथा यही गाली र चर्को पिटाइले कारुणिक बनाएको पाइन्छ । जसको साक्ष्यको रूपमा यी हरफहरूलाई लिन सकिन्छ ।

> त्यसपछि उनीहरू मलाई आफूसँगै घिसार्दै लिएर हिँड्छन् । छोरीहरू छोराबुहारी र श्रीमतीको चर्को रोदनसित मिसिएको असहाय हारगुहार अन्तिमपटक मेरा कानमा ठोकिन आइपुग्छ । (पृ. १३४)

एकजना सर्वसाधारण बेकसुर व्यक्तिलाई हतियारधारी अज्ञात समूहले यसरी निर्मकतापूर्वक पिट्दै घिसार्दै अज्ञात ठाउँमा लिदा परिवारमा उत्पन्न पीडा, चिन्ताले सीमा नाघेको छ भने अर्कोतिर 'म' पात्रको चोटको चित्कारले र परिवारसँगको यो अन्तिम भेट मात्रै पनि हुन सक्ने देखिन्छ । जसले गर्दा कथा अझै मार्मिक देखिएको छ । 'म' पात्रलाई कहाँ कुन स्थान लगेको थाहै हुँदैन, तर उसलाई दिएको यातना भने एउटा मानवले कल्पना पनि गर्न सक्दैन । तीन दिनसम्म पानी खाना केही नदिएर राख्छन्, हातखुट्टा चिरेर नुन खुर्सानी छर्किन्छ, हातखुट्टा भाँचिसकेका हुन्छन्, आँखो बन्दुकका कुन्दाले हानेर फुटाइ दिएका हुन्छन् । 'म' पात्र कति रुन्छ, कति कराउँछ, बिन्ति भाउ, हारगुहार गर्छ, म पनि मान्छे हुँ मैले के गरे किन, तर प्रत्येकको जवाफ, त्यही नयाँनयाँ प्रकारको यातनाले दिइन्थ्यो । यस्ता मार्मिक वा पीडादायी थुप्रै अभिव्यक्ति मध्यको एक साक्ष्य यसप्रकार छ ।

> साहुको बीस रुपियाँ रिन भाको म्यादभित्र तिर्न नसक्दा बाखाको खोरमा दिनभरि थुनिएका मेरा बुबाको ग्लानि भरिएको अनुहार आँखाको डिलमा सुकेका आँसु र लाजले झुकेको गर्दन झल्यास्स सम्झन्छु । क्रूर सामन्तीहरूको अपमानजनक प्रताडना खेप्ने निरीह बाबुको निर्धनता र तिरस्कार उत्तराधिकारमा पाएको म एक जना निमुखो निर्धो नेपालीले कसको के बिगार गरिदिए र यस्तो सास्तीको भागी बनेको छु । के मलाई आफू जन्मेको देशमा आफ्नो र आफ्नो परिवारको जिन्दगी इज्जत साथ निर्धक्क बाँच्ने अधिकार छैन । (पृ.१३७)

आफूलाई भएको असहाय पीडा पश्चात 'म' पात्र आफैँमा विभिन्न कल्पना गर्न पुग्दछ । यातनाले आधा शरीर मरिसकेका अङ्गले ऊ चल्न र बोल्न त असक्षम भैसकेको थियो । मनमा सोच्न र कानले सुन्न मात्र सक्ने स्थितिमा उसले आफ्नो बुबाको समयदेखि आफ्नो परिवारले कहिल्यै राज्यको विरुद्ध लागेका विद्रोही समूहबाट पाएको पीडालाई ओकली रहेको छ । जसको अभिव्यक्तिले कथालाई अझै कारुणिक एवं बीभत्स बनाएको देखिन्छ ।

अपहरण र दैनिक यातना दिइरहेको सत्ताइसौँ अठ्ठाइसौँ दिनतिर कुनै कमाण्डरले जङ्गिएर पड्किएको आवाज सुनिन्छ । किन ल्याएको त्यसलाई त्यो होइन रहेछ । अर्काको आवाज थियो नाम, हुलिया, दारी, दात, सबै उस्तै थियो कमरेड साब । अब के गर्छौ, भन्दा फेरि अर्कोले भन्यो अब यस्तो हालतमा बेकसुरी भनेर छोड्नु भनेको हाम्रो लागि खतरा हो साब । यो आवाजले अब उसको शरीरका बाँकी अङ्गले काम गर्ने थोरै केही मिनेट मात्र हो भन्ने 'म' पात्रले चिश्चय गर्छ र भन्छ ।

> मेरो सन्ताउन्न वर्षको लामो जीवन अनुभव बोकेको अस्तित्वलाई मेट्ने निर्णयमा पुग्न उनीहरूले सात मिनेट पनि नलगाएको देख्दा म छक्क परेको छैन । खालि सोचिरहेको छु, मान्छेको जीवन साँच्चै कति सस्तो भैसकेछ । अब म मरिने निश्चित छ । सायद भोलि बिहानको सूर्य मेरो निम्ति नउदाउन पनि सक्छ । मभित्र अब कुनै डर वा मृत्युभय शेष छैन । एउटै अन्तिम प्रार्थना गर्छु कुनै न्यायकर्ता वा नियन्ता छ यस जगतमा भने 'निश्प्रयोजन, निरपराध मारिने यस पृथ्वीको अन्तिम व्यक्ति म नै बनूँ । मेरो जस्तो अर्थहीन, तुच्छ मृत्यु अन्य कुनै मान्छेको नियति फेरि नबनोस् ।" इति (पृ. १३८)

कथामा 'म' पात्रको अन्त्य हुने निश्चित भएपछि 'म' पात्रले यस संसारमा म जस्तो विना गल्तिको सजाय भोगेर मर्ने कोही नहोस् भनेर दिएको गम्भीर सोचाइ प्रकट गरेको यो मार्मिक र पीडादायी अभिव्यक्तिले कथालाई अति कारुणिक बनाएको देखिन्छ ।

## ३.३.१० माओवादी कथामा कारुणिक र बीभत्स

*द्वन्द्व र युद्धका कथा* कथासङ्ग्रहमा सङ्ग्रहीत कथा माओवादी गोविन्द गिरी प्रेरणाद्वारा लेखिएको हो । कथामा माओवादी युद्धमा संलग्न व्यक्तिहरूको पीडालाई अभिव्यक्त गरेको छ । कथामा तल्लो तहका सुरक्षाकर्मी जसले माथिल्लो तहकाले भनेको आज्ञा पालन आफ्नो ज्यानको बाँजी लगाएर पनि पुरा गर्नुपर्ने यथार्थ कुरा पनि देखाउन खोजिएको छ । कथामा पत्रातन्त्र पछिको भ्रष्टाचारी, चाकडीबाज र नेताहरूको नातावाद, कृपावाद आदि कारणले देशमा जनयुद्ध र विभिन्न आन्दोलन गर्नु परेको आशय पनि पाइन्छ । पाठको मुख्य पात्र इनिस्पेक्टर साब ('म' पात्र) एक आफ्नो पेशामा इमान्दार, कर्तव्यनिष्ट एवं इमान्दार पात्र भएको र अरुको चाकडी र चाप्लुसी नगरेको कारण उसको दुर्गम र जटिल ठाउँमा उसको सरुवा गरिएको हुन्छ । त्यति मात्र नभई त्यस्तो ठाउँमा पनि प्रजातन्त्र पश्चातका साधारण झोले नेता र आफ्नो ठुला पदले स्वतन्त्र र रूपले काम गर्न दिएका हुँदैनन् । यस्तै कतिपय प्रसङ्गमा कथामा दया र करुणाका भाव दिखिन पुगेको छ । त्यसभन्दा पनि कथाको अर्को पीडा रामेश्वर छेत्री हो । रामेश्वरको सम्पूर्ण जीवन कहाँनी नै करुणाले भरिएको पाइन्छ ।

कथामा 'म' पात्रको माओवादी द्वन्द्व चरम बिन्दुमा पुगेको तत्कालनि रोल्पामा सरुवा हुनु र त्यहाँ जान लाग्दा उसको आफन्तजनले गरेको बिदाइको सुवाबासीले कथालाई कारुणिक तुल्याइको देखिन्छ । 'म' पात्र रोल्पामा पुगेको केही दिन पश्चात उसको पढ्दाको हितैशी मित्र रामेश्वर उसकै कार्यालयमा भेट्न आएर सामान्य कुराकानी पछि ऊ त्यहाँबाट बिदा हुन्छ । रामेश्वर कहाँबाट एकै चोटी यो दुर्गम दुरदराजको ठाउँ पुगेछ भन्ने 'म' पात्रको मनमा कुरा खेल्छन् र रामेश्वरको पूर्वअवस्था उसको मानसपटलमा एकैचोटी सलबलाउन थाल्छन् । रामेश्वर र 'म' पात्रसँगै पढ्दै थिए । त्रिचन्द्र क्याम्पसबाट सँगै बी.ए. पास गरेपछि 'म' पात्र प्रहरी सेवामा (इनिस्पेकटर) प्रवेश हुन्छ । तर रामेश्वर भने राजनीतिमा लाग्छ । २०६३ को आन्दोलनबाट राजनीतिमा प्रवेश गरेको रामेश्वर २०४६ मा गोली लागेर मृत्युको मुखबाट धन्न बाच्न पुग्दछ । प्रजातन्त्र पश्चात देशमा झन बढी विकृति विसङ्गति हत्या, द्वन्द्व बढेर जान्छ । रामेश्वरको अवस्था पनि देशको जस्तै जर्जर हुन थाल्छ । उसको गाउँ घरखेत गाइवस्तु सबै पहिरोले लिएछ । श्रीमती र छोरी माइत गएको बेला परेर धन्न बाँचे । पुतली सडकमै रेष्टुराँ खोलेको रामेश्वरको त्यो पनि चोरी हुन्छ । प्रजातन्त्र पछि नौकरी पनि

भनसुनका आधारमा पाइने कारण रामेश्वरको ठुला नेताले विविध आवश्वासन दिएपनि नौकरी कही भएन । एकातिर रेष्टुराँको चोरी, काठमाडौँको बसाइ, र कही जागिरको पनि ठेगाना नलागे पछि रामेश्वरका अवस्था एकदमै नाजुक दुःखदायी बन्न पुग्दछ । त्यतिले मात्र नभइ केही समय पश्चात आफ्नै रेष्टुराँमा रामेश्वरकी छोरी र स्वास्नीको बलात्कार पश्चात हत्या गरिएको पाइयो । रामेश्वर कहाँ थियो अत्तोपत्तो थिएन । रामेश्वर एकै चोटी लासको पोष्टमार्टम गर्दा देखा पर्‍यो । यस किसिमका घटनाले कथालाई करुणा र बीभत्सको चरम बिन्दुमा पुर्‍याएको देखिन्छ । जसको साक्ष्य यसप्रकार रहेको छ ।

> रामेश्वरकी छोरी रगतको आहालमा मुर्दाझैँ भूँइमा तेर्सिएकी थिई र श्रीमती चाहिँ सारीको पासोमा झुण्डिएकी थिइ सिलिङ पङ्खामा । ... रामेश्वर त एकैपटक वीर अस्पतालमा लासको पोस्टमार्टम गरिसकेपछि देखा पर्‍यो । उसका आँखामा आसु थिएन, अनुहारमा भाव थिएन । ओठमा शब्द थिएन, शरीरमा कुनै किसिमको स्पन्दन थिएन । मैले उसको हात च्याप्प समाते तुरुक्क दुई थोपा आँसु चुहाएर उसले मेरो हात जोडसँग समात्यो । उसको पारिवारिक जीवन छेदविच्छेद भएको थियो । छिन्नभिन्न भएको थियो, चकनाचुर भएको थियो भनौँ समाप्त नै भएको थियो । (पृ. १६६)

कथामा सम्पूर्ण रामेश्वरको जीवन कहानी नै करुणायुक्त भए पनि यो पाठ्यांशले त झनै कथा मार्मिक तुल्याएको देखिन्छ । यसरी आफ्नै जीवनदेखि दिग्दार भएको रामेश्वर अन्तिममा माओवादी युद्धमा मारिएको लासको रूपमा परिणत भएकोले पनि कथा कारुणिक बन्न पुगेको छ । यसरी समग्रमा भन्दा रामेश्वरको जीवनमा घटेका घटना : राजनीतिमा लागेर जिउँदो सहिद बन्नु, राजनीतिद्धक दलले पनि संरक्षण नगर्नु, घरखेत सबै पहिरोले लग्नु, रेष्टुराँ चोरी हुनु, आर्थिक अभाव पर्नु, छोरी र स्वास्नीलाई बलात्कार गरेर मार्नु, अन्तिममा जीवनदेखि दिग्दार भैसकेको रामेश्वरको दुःखद निधन हुनुले कथा कारुणिक र बीभत्स बन्न पुगेको छ ।

### ३.३.११ निरीह कथामा कारुणिक र बीभत्स

ध्रुव मधिकर्मीले समकालनि नेपाली साहित्य २०६३ का लालि लेखिएको कथा 'निरीह' त्यही साल प्रस्तुत *द्वन्द्व र युद्धका कथा*मा समायोजन गरिएको थियो । कथा २०६२/०६३ को जनआन्दोलन र जुलुसको परिवेशमा चरिएको छ । आन्दोलनमा ज्यान दिने गरिब, बेसहारा

वर्ग नै रहेको कुरा देखाउन खोजिएको छ । अर्कोतिर मानिस क्रान्ति वा आन्दोलनमा हुमिनाको कारण उसको अभाव, अशान्ति वा गरिबी नै रहने भाव पनि कथामा अभिव्यक्त भएको छ । कथामा कही दुरदराज गाउँबाट भागेर सहरमा पसेको एक नाबालक जसको कुनै बस्ने खाने ठेगाना छैन उही बालकको कारुणिक कहानी रहेको छ । 'म' पात्रले सडकमा भेटेको त्यो सडक बालक तत्कालै सडकमा भएको आन्दोलनमा सुरक्षाकर्मीको गोली लागेर मृत्यु भएको छ । एकातिर घरबार विहिन सडक बालक, धेरै दिनको सडक बासपछि एउटा चिया पसलमा भाडा माझ्ने काम पाएको र काम पाएको केही दिनपछिको सडकमा निस्केको विशाल जुलुसमा गोलीको सिकार बन्न गएको मार्मिक प्रसङ्ग कथाको विषयवस्तु हो । कथाको सुरुवात नै मार्मिक प्रसङ्गबाट उठान भएको छ । जस्तै साक्ष्यको रूपमा कथाको प्रथम अनुच्छेद :

> उसले आफ्नो नाउँ भनेन र मैले पनि थप सोधिनँ । सोधेँ भने पनि डरले ऊ आफ्नो नाउँ लुकाउन सक्थ्यो । त्यसो त उसको अनुहार अबोध, निरीह र अज्ञानताले लफ्रक्क भिजेको थियो । केही सोधूँ जस्तो लाग्ने अनुहार केही कोट्याऊँ जस्तो मुखमुद्रा । यद्यपि कुनैपनि प्रश्न, विना उत्तर खोज्न सकिने खालको उत्तरपुस्तिका जस्तो थियो । त्यसको अनुहार गाउँको केटो काम नपाएर सहर झरेको लाहुरेको पूर्वरूप, एकजोर लुगा र दुई छाक गाँसका लागि घरबाट लुसुक्क भागेको एउटा विद्रोही जिन्दगी । (पृ.१७१)

कथाको सुरुवातमा आख्याता स्वयम् 'म' पात्रले दिएको परिचयको क्रममा ऊ पात्र घरबार विहिन हुनु, उसको अनुहार अबोध, निरीह र अज्ञानताले भरिनु, भोक, रोग र शोकले सहर पस्नु जस्ता प्रसङ्गले कथाको सुरुवात नै कारुणिक बन्न पुगेको छ । 'म' पात्रले प्रथम पटक सुनधाराको बसपार्कमा उसलाई एक्लै, चकित, भयभीत तथा सशङ्कित रूपमा ठिङ्ग उभिएको देख्यो र उसप्रति सहानुभूति पैदा हुन्छ । उसले नजिकैको चिया होटलमा लिएर चिया खुवाउँछ । त्यसपछि उसलाई केही प्रश्न सोध्ने प्रयास गर्छ । 'म' पात्रको धेरै प्रश्नको जवाफ नआएपछि ऊ पात्रको कोही सहारा नभएको गाउँबाट आएको निरीह पात्र भएको कुरा प्रस्ट हुन्छ । 'म' पात्र त्यही बाटो हिँड्दै गर्दा केही दिन पछि 'म' पात्रले चिया खुवाएको होटलमा भाडा माझेको देख्छ । समयको क्रममा केही दिन पछि सहरमा आन्दोलन हुन जान्छ । एक दिन ठुलो जुलुसमा कोलाहल हुन पुग्छ । मानिसहरू सालिकमा ढुङ्गा

हानिरहेका थिए । उताबाट सुरक्षाकर्मीले गोली बर्षाए । त्यतिकैमा एउटा विचित्रको चित्कार सहित एउटा परिचित हनुहार गल्याम्म रगतका फाल्सासहित ढल्न पुग्दछ । 'म' पात्रले नियाल्दै हेर्न पुग्छ । त्यो त अरु कोही नभएर त्यही सडकको बेसहारा 'ऊ' पात्र नै हुन्छ । यसरी कथामा एउटा नाबालक बच्चा खान-लाउन नपाएर सहरमा काम पाउने आशाले सहर पस्नु, सहरमा उसले घृणा र तृष्णा पाउनु, आन्दोलन वा जुलुसमा पनि बाठाटाठाहरूले सिधासाधा बालकहरूको प्रयोग गर्नु, उनीहरू गोलीका सिकार हुनु आदि घटनाले कथा एकदमै कारुणिक बनेको छ । कथाको अन्तिम अनुच्छेदमा अभिव्यक्त रगतका फाल्साहरू सडकभरि भलभल्ती बगेको घटनाले कथालाई बीभत्स पनि बनाएको छ ।

### ३.३.१२ रित्तो कथामा कारुणिक र बीभत्स

राजेन्द्र पराजुलीको सङ्ग्रह 'जाडोमा भोक' (२०६२) बाट प्रस्तुत सङ्ग्रहमा साभार गरिएको रित्तो कथा अभिघातित पक्ष करुणा एवं बीभत्स पक्षले ओतप्रोत भएको छ । कथाको मुख्य पात्र जितबहादुरको जीवनको समग्र घटनावलीलाई हेर्दा कथा कारुणिक बन्न पुगेको देखिन्छ । जितबहादुरको जीवनमा घटेका कारुणिक एवं बीभत्स घटनाले ऊ मानसिक अभिघातित बनेको छ । यति मात्र नभएर जितबहादुर दश वर्षे युद्धमा लाग्नुको कारण पनि उसका जीवनका हृदयविधारक घटनाको कारण ऊ मानसिक अभिघतित भएर लागेको देखिन्छ । कथामा देखाएका जितबहादुर शरण लिन पुगेको घरको पनि १४ वर्षे नाति र ७० वर्षे बृद्धबाहेक अन्य चारजना सबै निर्दोष निहत्या पारिनुले पनि कथा मार्मिक करुणामय बन्न पुगेको छ ।

गाउँका केही डाहा गर्ने मानिस बाहेक सबैले मान्दै आएको र आफ्नो संस्कार मूल्य मान्यतामा अति विश्वास गर्ने जितबहादुर काम विशेषले ४/५ दिनको लागि सदरमुकाम गएर घर फर्किदा भिडन्तेहरूले उसको घरलाई कवच बनाएर उसको छोराछोरी, स्वास्नी लगायत सम्पूर्ण परिवार मात्र होइन घर समेत खरानीमा परिणत भएको हुन्छ । त्यो सबै एक्कासी देख्दा आफ्नो मानसिक सन्तुलन गुमाउँछ । त्यसपछि जितबहादुर आफ्नो मूल्य, मान्यता र संस्कार सबै छोडेर १० वर्ष युद्धमा बिताउँछ । यी दिनहरूमा जितबहादुरले गरेको हिंसात्मक व्यवहारका कारण टुहुरा, विधवा, अनाथ बन्न पुगेका मानिस देख्दा वा सम्झिदा जितबहादुर झस्किदै एकदम पश्चाताप गर्न पुगेको कुरा कथामा वर्णित छ । जसले कथालाई कारुणिक एवं बीभत्स तुल्याएको छ । युद्धका समयमा पाँच दिनसम्म भोको रहँदा साहाकारी

जितहादुरले के के अनौठौँ जीवको मांसाहार गरेको र आफन्त विहीन जितबहादुरका जीवनका कहालीलाग्दा घटनाको परिणाम स्वरूप युद्धमा अगाडि लागेको ताकी चाँडै यो इहलिलाबाट ऊ विदायी हुन चाहेको मर्म स्पर्शी कुरा कथामा अभिव्यक्त भएको छ ।

कथामा जीतबहादुरले आफ्नो युद्धको समयमा गाउँमा आएको छद्मरूपी सिपाहीको गाउँ आउने कारण सोध्दा, उसकी बुढी आमाले बोलेका छोराको विवाहकै दिन कता लडाइ खेल्न बोलाएकोले बस्न पाएन र मेरो बुढेसकालको एउटा सहाराको लागि एक दिन बोलाएको र छोरा पल्टनबाट भागेर एक रातको लागि आएको नमार्नु भन्दा भन्दै जितबहादुरसँगै गएको अर्को साथीले जे भए नि हाम्रो सत्रु भनेर बुढी आमा र स्वास्नीको अगाडि गोली हानेर मारेको प्रसङ्गले कथा अति कारुणिक बन्न पुगेको छ । यसरी समग्रमा भन्दा कथाका प्रत्येक घटना, युद्धकालीन समयमा मान्छे पात्र नभई, घर र गोठका गाईवस्तुहरू लगायत सम्पूर्ण प्रकृतिका सारा यायावर भयभीत हुनु, मुख्य पात्र जितबहादुरको जीवन तहसनहस हुनु, जितबहादुरले शरण पाएको घरका सम्पूर्ण परिवार निहत्था मारिनु, १४ वर्षे बालक घरमा बस्न नपाएर मुग्लान पस्नु, मानिसहरू आफ्नो संस्कार छोडी हत्या, हिंसामा लाग्नु, समाजमा जतातततै पतिवियोग, टुहुरा, पुत्रवियोगका क्रन्दन सुनिनु, बुढी आमा र स्वास्नीको अगाडि लामो समयपछि भेट्न आएको सिपाहीलाई गोलीले उडाउनु जस्ता घटनाले कथालाई अत्याधिक कारुणिक र बीभत्स तुल्याएको छ ।

### ३.३.१३ सिपाही र सालिक कथामा कारुणिक र बीभत्स

महेश विक्रम शाहद्वारा लेखिएको सिपाही र सालिक कथा २०६३ सालमा प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्गृहीत गराएको हो । कथाको मुख्य विषयवस्तु निरङ्कुश विरुद्धको १९ दिने जनआन्दोलन र त्यो आन्दोलनमा जनताहरूले बर्षौंको पीडा पखाल्न र शान्ति स्थापना गर्न अन्तिम लडाईं लड्दै गरेको तथा त्यो आन्दोलनमा सालिकको सुरक्षार्थ भोक, प्यास र निद्रासमेत बिर्सेर आफ्नो ड्युटीमा लागेको प्रसङ्ग रहेको छ । जनताहरू माथि भएको अन्याय, आन्दोलनमा घाइते तथा मारिएको प्रसङ्ग र सबैभन्दा बढी एउटा सालिकको सुरक्षामा खटिएको कनिष्ट ओदाको सुरक्षाकर्मीको दयालाग्दो अवस्थाको चित्रणले कथा कारुणिक बनेको छ । त्यसै गरी आन्दोलनमा गोलीका बर्साले कोही काटिएका कोही थिचिएका कोटी रगतका भाल्सा ओकल्दै मरेको प्रसङ्गले कथा बीभत्स बन्न पुगेको छ ।

लामो आन्दोलन र कर्फ्युको कारण सर्वसाधारण मानिस घरभित्रका भित्रै भोक, प्यास जस्ता अनेक पीडाले थिलोथिलो भएका हुन्छन् । आज १९ औँ दिन बिहान केही समयका लागि कर्फ्यु खुलेको बेला सर्वसाधारण आफ्नो केही कुराको जोहो गर्न बाहिर निस्केका हुन्छन् । केही समय सिपाहीले सिटी फुक्दै चोक, सडक खाली गर्नुहोस् भन्ने डराउँदा फेरि सबै मान्छे अलप हुन्छन् । सिपाही सुनसान समयमा सालिकलाई नियालेर हेर्छ सालिक अरु दिन भन्दा केही फरक देख्छ । सालिकमा केही चोटका दाग देखेपछि ऊ हतार हतारमा आफ्नो बाहुलाले रगडेर सफा गर्छ । सालिक सफा देखेपछि ऊ आफ्नो जागिर नखोसिएको महसुस गर्छ । यसरी एउटा सानो डफ्फाको नाइके सिपाहीको दैनिकी जसले माथिल्लो तहको आज्ञा पालनमा आफ्नो दिलो ज्यान दिनुपर्ने कुराले कथा कारुणिक बन्न पुगेको छ । सिपाहीले सालिकमा लागेको सानो दागले उसको जागिर खोसिने कुरा कथाले अभिव्यक्त गरेको छ । यस प्रसङ्गले पनि कथा मार्मिक बनेको छ ।

कथामा अभिव्यक्त सडक सुनसान, काठमाडौँ भित्रिने गाडी, दैनिक सडक पेटिमा हिड्ने मानिस र ज्यालादारी गर्ने वर्ग, साना खुद्रा व्यापारी कता गए होलान् भन्ने पाठको प्रसङ्गले पनि एकातिर सन्त्रासको वातावरण पैदा गर्छ भने अर्कोतिर करुणा बोध हुन गएको देखिन्छ । पाठको मुख्य पात्रले आफ्नो घरको आफ्ना छोराछोरी, स्वास्नी र परिवारलाई नभेटेको पनि धेरै समय भएको र आफू भोक, निद्रा, तिर्खा केही नभनी सालिकको पहरेदारा गरिरहेको प्रसङ्गले कथा मार्मिक बनेको देखिन्छ । त्यसै गरी आज १९ औँ अन्तिम दिनको विशाल जुलुस जसमा सिपाहीलाई माथिबाट जुलुस रोक्ने कडा आदेश सडकमा प्रत्येक घरबाट निस्केको आगाको मुस्लो जस्तो मानिसका हुललाई एउटा सानो सिपाहीको जमातले रोक्न नसक्नु र सिपाही दोहोरो मारमा पर्नुले पनि मुख्य पात्र सिपाहीप्रति करुणा भाव उत्पन्न हुन जान्छ । त्यसै गरी सिपाहीका सयौँ राउन्ड अश्रु ग्याँस, गोलीले रक्ताम्य भएर छट्पटाइएको घाइतेहरूको करुण चित्कारले त्यहाँको वातावरण बीभत्स र मर्माहित भएको छ । जसका कारण समग्र कथा नै कारुणिक र बीभत्स बनेको पाइन्छ ।

### ३.३.१४ मैले कुखुरा बासेको सुनेँ कथामा कारुणिक र बीभत्स

प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहीत 'मैले कुखुरा बासेको सुने' प्रस्तुत सङ्ग्रहका अन्य कथाभन्दा फरक परिवेशमा लेखिएको कथा हो । यस कथाका कथाकार प्रमोद भट्टराई हुन् । विश्वका अनेक देशले भोगेको साझा पीडाको अभिव्यक्ति यस कथामा पाइन्छ । विश्वमा

भइरहेका धार्मिक, जातीय वा साम्प्रदायिक युद्धमा परी शत्रु पक्षको शिविरमा युद्ध बन्दीको रूपमा रहँदा भोग्नु पर्ने दर्दनाक अवस्थाको अभिव्यक्ति कथामा पाइन्छ । एउटा सम्प्रदायले अर्को सम्प्रदायमाथि गरेको आतङ्क बीभत्सत संहारको कारुणिक अवस्था देखाउँदै त्यस्तो अवस्थाको अन्त्यको लागि विश्व मानवतावादी सङ्गठनले खेलेको भूमिकाको बारेमा पनि कथामा चर्चा गरेको पाइन्छ । कथामा ती युद्धबन्दीहरूको चित्रण अत्याधिक मार्मिक रूपले गरेको पाइन्छ । जसका कारण समग्र कथा अत्याधिक कारुणिक बनेको छ ।

कथामा 'म' पात्र, इन्डोनेसियाकी आश्वी निगरोव र अष्ट्रेलियाका मार्टिनले गरेको युद्धबन्दीहरूको अवस्थाको अध्ययन र त्यस बन्दी गृहभित्रको बीभत्स अवस्थाको कारुणिक चित्रण कथाको मुख्य विषय रहेको छ । कथाको सुरमै 'म' पात्रको टोलीलाई डुङ्गा तार्ने माझिको परिचयले शोकाकुल बनाएको छ । सुकेको शरीर, अप्राकृतिक रूपमा कालो हुँदै गएको उसको अनुहार युद्ध, जातीय सङ्घर्षले भयातुर उसको अनुहार जस्तो परिचयले दयाको भावना जागृत गराउन पुग्दछ । क्रमशः 'म' पात्रको समूह युद्धबन्दी शिविरमा पुगेको र त्यहाँको वास्तविक अवस्थाको गरिएको चित्रणले त कथा मर्माहित बन्न पुगेको छ । यस्ता कथाका केही साक्ष्य यसप्रकार छन् :

> हामी तीनै जना एकै चोटि भित्र छिर्नासाथ त्यहाँ उकै छिन् कल्याङमल्याङ आवाज सुनियो । सायद उनीहरूलाई अत्यन्त आश्चर्य लाग्यो किनभने हामीसँग कुनै बन्दुक थिएन हतियार थिएन । त्यहाँ थुनिएकामा सबै सैनिक जवान मात्र थिएनन् र कोठा त्यति ठुलो पनि थिएन । कोही यसै बसिरहेका थिए त कोही आलसतालस भएर भुइँमा लडिरहेका थिए । बन्दीहरूमा अधिकांश ४५ दिनदेखि एकै ठाउँमा थुनिएका थिए र त्यो ठाउँ उनीहरूको खाने र बस्ने मात्र नभएर शौचालयसमेत भएको थियो । जताततै फोहोर थियो, दुर्गन्ध थियो र मृत्युको मुखतिर उन्मुख अमानवीय वातावरण थियो । ... त्यहाँ आफ्नो शरीर आफैँ थाम्न नसक्ने भइसकेका बूढाबूढी थिए, स्वच्छ हृदय भएका बालबालिका, यौना अवस्थामा केके नगरौँला भन्ने विचार भएका दोष रहित युवक-युवतीहरू थिए । ... के हामीले साँचिकै मुक्ति पाउछौँ त ? मलाई त पटक्कै विश्वास लाग्दैन । अब पनि हाम्रो भाग्यमा खुला आकाश र स्वच्छ वातावरण लेखेको होला र ? ... बाबु ! एक छाक पनि पेटभरी खाएको छैन । म त अब मर्छु होला । ... वर्षातको एक

शनिवार राति अचानक उसको गाउँमा आफ्नै देशको तर अर्कै जात र धर्म मान्ने एक अनियन्त्रित हुलले आक्रमण गऱ्यो । उसको श्रीमान्ले आफ्नी दुई जीउकी श्रीमतीलाई घर पछाडिको ढोकाबाट हतारहतार भगायो । तर उनीहरू निष्फल भए... हुलले उनीहरूलाई पक्रियो र श्रीमान्लाई सम्मिमाकै अगाडि निर्ममतापूर्वक मारियो र सम्मिमालाई सामूहिक बलात्कार गरियो । (पृ. १९५-१९६)

कथामा यस्ता मार्मिक एवं कारुणिक घटनाका उदाहरण थुप्रै रहेका छन् । जसमध्ये केही प्रतिनिधिमूलक साक्ष्यको रूपमा यी माथि लिइएका छन् । जसमा केही 'म' पात्रले उनीहरूको विवरण दिने बेला व्यक्त गरिएका कारुणिक प्रसङ्ग छन् भने धेरै साक्ष्य स्वयम् युद्धबन्दीले व्यक्त गरेका मर्मस्पर्शी कथा व्यथा रहेका छन् । निचोडको रूपमा भन्नुपर्दा शत्रु पक्षको बन्दगृहमा पर्नु र त्यसभित्रको दयनीय अवस्थाको चित्रण गर्नुले कथा कारुणिक र बीभत्स भएको पाइन्छ ।

### ३.३.१५ अज्ञात सहिद कथामा कारुणिक र बीभत्स

प्रदीप मेन्याङ्बोद्वारा लेखिएको पुरुषगन्ध (२०६०) सङ्ग्रहबाट साभार गरी प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत भएको कथा हो । कथामा द्वन्द्व र युद्धको समयमा ज्याला-मञ्जुरी गरिखाने वर्गको भएको वास्तविक हविगत देखाएको छ । 'अज्ञात सहिद' एउटा प्रतीक पात्र हो । जसमा पूर्वी नेपालमा भएको युद्धकालीन समयको कारुणिक तर यथार्थ परिस्थितिलाई देखाएको छ । बन्दकर्ता र सुरक्षाकर्मीको कारण आफ्नो ठेलागाडा चलाएर जीविका गर्ने वीरबहादुरको दुःख र करुणाले भरिएको जीवनगाथालाई प्रस्तुत गरिएको छ ।

नेपाल बन्द भएर आफ्नो दैनिक कार्य गर्न नपाएको आज एक हप्ता भइसकेको हुन्छ । भोकले रित्तिएको पेट हातले कस्तै उसले विगत बिस वर्षदेखि यही ठेलागाडा चलाएर उसका काटिएका छाक ऐले बन्द भएको छ । एक हप्ताको नेपाल बन्दपछि झन कर्फ्यु लागेपछि उसको हातमुख जोड्ने कुनै उपाय रहँदैन त्यसपछि ऊ आफ्नो कोठामा भएका आफ्ना थोत्रा भाडाकुँडा ठेलामा राख्न पुग्छ । राखीसकेपछि वीरबहादुर यो बिस वर्षदेखिको आफ्नो जीवन धानेको छिडिभरको कोठा घर मात्र होइन त्यो सहर नै छोडेर जान थाल्छ । उसलाई त्यो सहर किन बन्द भएको हो, कसले गराएको हो कहिले खुल्नेकि नखुल्ने यावत

कुरा केही थाहा पाएको हुँदैन । उसलाई सात दिन देखिको भोको पेटले मात्रै सताएको थियो । उसलाई लामो बन्दले मात्र महसुस भएको थियो कि अब हातमुखको भेट गर्नु छ भने यो सहर पक्कै छोड्नु पर्छ । ऊ आफ्नो ठेलागाडा लिएर एक गास भातको लागि सहर छोड्ने तयारीमा हिड्छ । उसलाई कर्फ्युको कुनै जानकारी हुँदैन । ऊ रोजमा विहानै सडकमा ठेलागाडा ठेल्दै हिडिरहेको बेला उताबाट किन हिँडेको कोहोस् भन्दै गोली आउँछ । हप्तादिनदेखिको उसको भोको शरीर त्यही ढल्छ र जीवन लिला समाप्त हुन्छ । यसरी एउटा व्यक्तिले हातमुख जोड्न नपाउनु, हातमुख जोड्ने व्यवस्थापनमा हिड्दा गोलिको सिकार बन्नु जस्ता घटनाले कथालाई कारुणिक बनाएको छ ।

कथाको कुनै एकै ठाउँनेर कारुणिक घटना नभए पनि समग्र घटना कारुणिक लाग्दो छ । खासगरी वीरबहादुरको जीवन भोगाइमा नै कारुणिक रहेको छ । कथावस्तुका आधारमा भन्ने हो भने ठेलागाडा चलाएर जीविका चलाउनु, त्यसैमा पनि नेपाल बन्द र कर्फ्युले उसको गास खोसिनु, खाली पेटलाई हातले थिचेर पीडा व्यक्त गर्नु, बिस वर्षमा सहर रङ्गीन भएता पनि वीरबहादुरको जीवन अझै दुःखले भरिनु, सहरका कुनै घटना थाहै नहुनु, एक दुईदिने बन्दमा एनकेन झोल-पानीले भए पनि गुजेरा चलाउनु आदि घटनाले कथालाई दर्दनाक करुणातिर उन्मुख गराएको छ । सात दिने बन्दसम्म पानी र एक टुक्रा पाउरोटीले काम चलाउनु, त्यही पनि सकिनु, सम्पत्तिको नाउँमा बिसवर्से पुराना पकाउने कालोनकालो एक जोडा भाँडा हुनुले पनि कथालाई मार्मिक तुल्याएको छ । त्यसै गरी बन्द कर्फ्युमा परिणत भएको थाहै नपाएको भोकमरीबाट बाँच्ने उपाय एउटा मात्र यो सहर छोड्नु पर्ने उपाय सोचेर गाडा ठेल्दै हिँडेको वीरबहादुरमाथि साले कर्फ्युमा हिँड्ने भन्दै गोलीहानी मार्नुले त झन कथालाई कारुणिक एवं बीभत्स तुल्याएको छ ।

कारुणिक र बीभत्स पक्षको चित्रण गरेर लेखिएका उपर्युक्त कथाहरूले युद्धकालीन समयमा जजसले ठूलो पीडा भोग्न पुगे तिनै वर्गको कारुणिक अवस्थाको अभिव्यक्ति पाइन्छ । देशमा चलेको दोहोरो युद्ध वा द्वन्द्वको चपेटामा परी भोगेका गरिब वर्गका कारुन्य भावलाई प्रस्तुत गरिएको पाइन्छ । कुनै कथामा देशको परिवेशको कारण व्यक्ति घर र देश छोड्न बाध्य भएको अवस्था चित्रण गरिएको छ । त्यसैगरी त्यही परिवेशको कारण कोही नचाहँदा नचाहँदै माओवादी युद्ध लड्न बाध्य भएका र त्यस युद्धमा यसको जीवन दर्दनाक पीडा सहदै बीभत्स मृत्युवरण गर्न पुगेको अवस्थाको चित्रण पनि पाइन्छ । आफ्नो परिवारको गरिबी निवारण तथा रोजिरोटीको लागि सुरक्षाकर्मीको जागिरी खाएका व्यक्ति वा उनका

परिवारको चिन्ताको विषयलाई पनि कथामा व्यक्त गरिएको छ । समग्रमा भन्दा उपर्युक्त कथाहरू करुणा र बीभत्सपीडाको यथार्थ प्रतिबिम्ब बन्न पुगेका छन् ।

## ३.४ निष्कर्ष

प्रस्तुत अध्ययनमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरूमा भएको सन्त्रास एवम् आतङ्क र कारुणिक तथा बीभत्स पक्षलाई विश्लेषण गरियो । सङ्ग्रहका पच्चीस ओटा कथामध्ये सत्रओटा कथामा अध्याधिक मात्रामा सन्त्रास एवम् आतङ्क रहेको पाइएको छ । सन्त्रास र आतङ्कको कारण हत्या, हिंसा, अपहरण जस्ता युद्धसँग सम्बन्धित पक्ष रहेका छन् । कथामा सन्त्रास तथा आतङ्कित हुनेमा केटाकेटी र महिला वर्ग बढी रहेका छन् । यी केटाकेटी र महिलावर्ग कोही स्वयम् भोक्ताको रूपमा र कोही द्रष्टाको रूपमा आतङ्कित बनेको कुरा यी कथाहरूमा देखाइएको छ । अध्यायमा विश्लेषित अर्को महत्त्वपूर्ण कारुणिक र बीभत्स पक्ष कथा सङग्रहका पन्ध्रओटा कथामा अध्ययन गरिएको छ । यी कथाहरूमा दशवर्से युद्धका दर्दनाक तथा अप्रिय घटनाले निम्त्याइएका कारुणिक पीडा र कुरूप पारेको बीभत्स जीवनलाई देखाइएको छ । जबरजस्ती युद्धमा भर्ती हुन लैजाँदा, अपहरण गरी यातना दिँदा, मारिदा, विस्तापित तथा शरणार्थी हुनुपर्दा, घातपूर्ण शारीरिक हमला गर्दा उत्पन्न भएको करुणा तथा बीभत्सलाई कथाहरूमा देखाइएको छ । युद्धका कारण घरको मुख्य सदस्य, अपहरण, बेपत्ता वा मारिदा घरमा केटाकेटी र महिला वर्गको अवस्था दयनीय बन्न पुगेको कुरा प्रायः कथाहरूमा रहेको छ । कथाहरूमा यस्ता सन्त्रास र कारुणिक अवस्थामा रहेका पात्रहरू प्रायः सबै सर्वसाधारण एवं निम्न मध्यम वर्गका छन् । समग्रमा भन्दा द्वन्द्वकालीन सन्त्रस्त र आतङ्कमय वातावरणले हरेक पल भय वा त्रासमा बाँच्नु पर्ने कारुणिक जीवनको अभिव्यक्ति रहेका कथाहरूको अध्ययन विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

# चौथो परिच्छेद

# द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा शारीरिक अभिघात

## ४.१ विषयप्रवेश

शारीरिक रूपमा देखिएका विभिन्न पीडायुक्त घाउ, चोटपटकलाई शारीरिक अभिघात भनिन्छ । मानवीय वा प्राकृतिक विविध कारण दुर्घटना हुनगई मानिसको शरीरमा भएका कुनै पनि अङ्ग टुटफुट हुन पुग्छ त्यहीबाट शारीरिक अभिघातको सुरुवात हुन पुग्दछ । जुन माध्यम, कारण वा प्रयोजनले भए पनि शरीरका अङ्गहरू थिचिन सक्छन्, दबिन सक्छन्, चिथरिन पुग्छन् वा काटिन पुग्छन् र शरीरमा पीडाको महसुस हुन पुग्दछ । त्यहीँबाट शारीरिक अभिघातको सुरुवात हुन जान्छ । यस्ता शरीरिलाई चोटपटक पुऱ्याउने वस्तु वा कारण विभिन्न हुन सक्छन् । मानव निर्मित विभिन्न हतियार, विष्फोटक पदार्थ, प्रमाणु, रसायनिक शस्त्रास्त्र, विषालु पदार्थ, मेसिनरी सामग्री आदिबाट शारीरिक अभिघात हुने गर्दछ । यस्ता सामग्रीको प्रयोग पनि कहिले काहीँ स्वयम् व्यक्तिले जानिनजानी प्रयोग गर्दा पनि शारीरिक अभिघात हुन जान्छ भने कहिले काहीँ अन्य व्यक्ति, वर्ग वा समुदायकै प्रहारबाट पनि शारीरिक अभिघात हुनु पुग्दछ । द्वन्द्व र युद्धको समय वा अवस्थामा यस्तो फरक व्यक्ति समुदाय, वा वर्गबाट शारीरिक अभिघात हुने गर्दछ । अभिघातका मुख्य दुई प्रकार शारीरिक अभिघात र मनोवैज्ञानिक अभिघातमध्ये शारीरिक अभिघात पुरानो र आधारभूत अभिघातको रूपमा लिने गरिन्छ । कुनै पनि राष्ट्र, समाज वा समुदायमा कुनै प्रकारको द्वन्द्व र युद्ध भयो भने त्यहाँ सबैभन्दा बढी अभिघात देखापर्दछ । *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह पनि वि.सं. २०५२ फागुन १ देखि २०६३ मङ्सिर ५ गतेसम्म चलेको सशस्त्र युद्धले निम्त्याएको अवस्थाको यथार्थ प्रस्थापना हो । यस सङ्ग्रहका कथाहरूका पात्रहरूमा युद्धले पारेको पीडा, सन्त्रास, दर्द, करुणालाई कथाको विषय बनाएको पाइन्छ । कथाहरूमा द्वन्द्व र युद्धसँग संलग्न दुवै पक्ष वा असंलग्न सर्वसाधारण वर्गले भोगेको शारीरिक अभिघातलाई देखाएका छन् ।

## ४.२ द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा शारीरिक अभिघात

प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा युद्धकालीन समयले सृजना गरेका शारीरिक दुःख र पीडालाई कथा रचनाको विषय बनाएको पाइन्छ । राष्ट्रमा गोली, बारुद्ध, बम, बन्दुक, अश्रु ग्याँस, लट्ठीजस्ता हतियार प्रयोगका कारण चोटपटक, अङ्गभङ्ग, तथा हत्या

जस्ता घटनाका कारण शारीरिक अभिघात भएको पाइन्छ । यही अभिघातका पक्षलाई कथामा चित्रण गर्नु यस कथा सङ्ग्रहका कथाहरू सफल भएका छन् । मुख्यतया माओवादी जनयुद्ध र जनआन्दोलनका समयका विभिन्न भिडन्त, आन्दोलन, हमला, आक्रमण, यातना आदिको असरले उत्पन्न भएको अभिघातलाई यस कथा सङ्ग्रहका कथाले अभिव्यक्त गरेका छन् । कथामा प्रस्तुत २५ ओटा कथामध्ये ती दुई निर्दोष आँखाहरू, एउटी रा एउटा मो, निष्कर्ष, लाँकुरी फेरि फुल्नेछ, हिंसाको मौनता, एकालापहरू, माओवादी, निरीह, सिपाहि र सालिक, मैले कुखुरा बासेको सुनेँ, अज्ञात सहिद, कथामा प्रचुर मात्रामा शारीरिक अभिघात रहेको पाइएको छ । ती कथामा रहेको शारीरिक अभिघातलाई क्रमशः विश्लेषण गरिएको छ ।

### ४.२.१ ती दुई निर्दोष आँखाहरू कथामा शारीरिक अभिघात

रमेश विकलद्वारा लेखिएको प्रस्तुत कथा युद्ध र द्वन्द्वसँग सम्बन्धित अभिघातपूर्ण कथा भएकै कारण प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहको प्रथम पाठ बन्न पुगेको छ । युद्धकालीन समयमा नेपाली मञ्जुर किसान काम गरिखाने वर्गले गाउँ, सहर कही पनि बसिखाने अवस्था नरहेको यथार्थतालाई कथाले विषयवस्तु बनाएको छ । कथामा शारीरिक एवं मनोवैज्ञानिक दुवै अभिघातपूर्ण पात्र रहेका छन् । कथाका मुख्य पात्र बिर्खे, दिलमाया र उसको सानो तीन वर्षे छोरा पुन्टे तीनै जना पीडित वा अभिघातित पात्र बन्न पुगेको देखिन्छ । युद्धकालमा पहाडमा मारकाट चलेपछि उनीहरू सहर नजिकैका एउटा गाउँमा बसेर मजदुरी गरेर जेनतेन छाक टारेका हुन्छन् । साउले मजदुरी गरेको पैसा नदिएर भोकमरीले शारीरिक एवं मानसिक अभिघात खेप्न पुगेका बिर्खेको घरमा दुई जना बन्दुकेको प्रवेशले आतङ्क नै मच्चिन्छ ।

कथामा दुई जना आतङ्ककारी बन्दुकेले सुराकीको आरोपमा दिइएको यातनाले बिर्खे र उसकी स्वास्नी अभिघातित बन्न पुगेका छन् । कथा बिर्खेलाई असीम कुटपिट गर्नु, हात बटार्नु, घाँटी रेटिरेटी मार्नुले अभिघातपूर्ण भएको छ । त्यसै गरी बिर्खेलाई दिएको शारीरिक यातना पश्चात् दिलमायामाथि गरेको शारीरिक यातनाले कथालाई झनै अभिघातपूर्ण बनाएको छ । दिलमायालाई भित्तामा अचेट्नु, हात बाध्नु, मुखमा बुझो कोच्नु, मझेरीमा लडाउनु, पाशविक तरिकाले यौनकार्य गर्नु, दिलमायाको पीडाको कारण अचेत भएको शरीरमा गोलीहानी पूर्ण मृत्यु तुल्याउनु जस्ता घटनाले कथालाई पूर्ण रूपमा शारीरिक अभिघातमूलक बनाएको देखिन्छ ।

### ४.२.२ एउटी रा, एउटा मो कथामा शारीरिक अभिघात

प्रस्तुत *द्वन्द्व र युद्धका कथा*मा सङ्गृहीत 'एउटी रा, एउटा मो' कथाका लेखक मोहनराज शर्मा हुन् । कथाकार शर्माले निरङ्कुश विरुद्ध जनआन्दोलनमा देशले भोगेको यथार्थतालाई देखाउन खोजेको छ । आन्दोलन, बन्द, हड्तालले गरिब निमुखाको अवस्था नाजुक भएर मर्नु परेको कारुणिक अवस्था यहाँ अभिव्यक्त भएको छ । कथाका मुख्य पात्र रा र मो यही बन्द, हड्तालले खान बस्न गह्रो भएपछि उनीहरू आफ्नो शरीर बेच्न बाध्य हुन पुग्छन् र एड्स जस्तो प्राणघातक रोगको सिकार बन्न पुग्दछन् । अन्तिममा आन्दोलनमा होमिएर जीवनको उत्सर्ग गर्न पुग्दछन् ।

शारीरिक अभिघातपूर्ण अवस्थाबाट जीवनकै अन्त्य गरेका मुख्य पात्र रहेको यस कथामा प्रशस्त रूपमा शारीरिक अभिघात भएको पाइन्छ । कथामा रा को पूर्वदृष्टिको पाँच वर्षअघिको स्मरणका रूपमा आएको प्रसङ्गमा अभिघातको प्रयोग गरिएको छ । जसको अभिघातपूर्ण घटनाका कारण 'रा' को सम्पूर्ण परिवारले मृत्युवरण गरी ऊ टुहुरी बन्न पुगेकी थिई । यस घटनामा भाइको शरीरको चोक्टा भएर छरिनु, आमा रगतको मुस्लो भएर ढल्नु, बुबा काटिएको बोकाझैँ छटपटाउनु, रा चौतारीमा ठोकिएर इन्तु न चिन्तु हुनु जस्ता घटनाले कथालाई शारीरिक अभिघात तुल्याएको पाइन्छ । त्यसै गरी थोरै साइकल चलाउँदा पनि स्वाँ स्वाँ पार्ने एड्सले अभिघात पारेको म को शरीरको प्रसङ्गले पनि शारीरिक अभिघात अभिव्यक्त गरेको पाइन्छ ।

अर्कोतिर कथामा आन्दोलनमा भेल रोक्ने क्रममा टाउको फुटाउने, गर्दन भाँच्ने, ढन्डेसो खुस्काउने र भूँडी फोर्ने आदि कार्यले पनि कथालाई शारीरिक अभिघात युक्त बनाएको छ । पाठको अन्तिममा समेत आएर रा र म को शरीरको स्वाँस्वाँ र तोपले शरीरका चोक्टा चोक्टा भएको प्रसङ्गले कथालाई बीभत्स र शारीरिक अभिघातपूर्ण बनाएको पाइन्छ ।

### ४.२.३ निष्कर्ष कथामा शारीरिक अभिघात

प्रस्तुत कथा सङ्ग्रह *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्कलित गरिएका कथाहरू मध्ये ध्रुवचन्द्र गौतमद्वारा लेखिएको 'निष्कर्ष' कथा एउटा भयङ्कर रक्तपातमय युद्धको कथा हो । सारा देश युद्धको रणमैदानमा जलेको देखाउन खोजिएको प्रतीकात्मक कथा निकर्ष हो ।

कथामा निरङ्कुशताको प्रतीक खामोलाई ढाल्ने युद्ध आदिकालदेखि चल्ने रोकिने क्रम जारी रहेको घटना देखाइएको छ । यही युद्धको क्रममा युगौंदेखि लड्ने, घाइते हुने वा शारीरक अभिभघातित हुने कुरा देखाइएको छ ।

कथामा ग्राफाइटभन्दा पनि बलियो खामो रूपी निरङ्कशु शाषन व्यवस्था रहेको देखाइएको छ । जसलाई ढाल्ने उद्देश्यले समय समयमा रक्तपात मच्चिएको र हाल पनि यो युद्धमा देश जलिरहेको छ । त्यही युद्धको बिचमा एउटा बहिनी दाइलाई खोजिरहेकी छे । अर्कोतिर दाजु फेरि बलाकृत बहिनी खोजिरहेको हुन्छ । अत्यमा त्यी युवकहरूको बलिदानी हुन्छ । कथामा यसरी दोहोरो माराकाट, युवायुवतीको मृत्यु निरङ्कुश शाषनको प्रतीक खामो ढल्नुले शारीरिक अभिघातको सङ्केत गराउँदछ । दाइले युद्धमा तल्लिन युवाहरूलाई मेरी कलात्कृत बहिनी देख्नुभयो भन्ने प्रसङ्गले बहिनीमा शारीरिक अभिघात भएको पुष्टि हुनजान्छ । त्यसैगरी युद्धको परिणाम स्वरूप कतिपय स्त्रीले गर्भ धारण गर्नु र काम गर्न नसक्नुले पनि कथामा शारीरिक अभिघातको आभाष गराउँदछ । त्यसैगरी कथाको पात्र युवकको टाउकोमा लट्ठी बजारिनुले त कथालाई पूर्ण अघिभातित बनाएको छ । जसको साक्ष्यको रूपमा यस अनुच्छेदलाई लिन सकिन्छ :

> अपरान्तको एउटा खास समय भन्नु पऱ्यो अघि युवकको टाउकोमाथि एक्कासि कसैले लट्ठी हान्यो । युवक ढल्यो । केही मानिस जम्मा हुनु स्वभाविक थियो । अलिक अचम्म लाग्दो कुरो के थियो भने त्यहाँ युद्ध पनि भइरहेको थिएन । युद्ध केही पल्तिर भइरहेको थियो । एकान्त जस्तै थियो । त्यहाँ त्यो दुर्घटना भएको थियो । ... युवकको टाउकोबाट रगत जसरी बगिरहेको थियो, त्यसबाट अवस्था रक्ताम्य देखिन्थ्यो । (पृ.४९)

कथामा युद्धको बिचमा बहिनी खोज्दै हिडेको युवकको टाउकोमा लट्ठी हान्नु, युवक ढल्नु, रक्ताम्य अवस्था देखिनु, आदि घटनाले कथालाई शारीरिक अभिघातमुखी बनाएको छ । यसका साथै कथाको समग्र कथावस्तु वा घटनाक्रमलाई हेर्दा पनि युद्ध, काटामार, बलात्कार, लट्ठी प्रहार, हत्या जस्ता प्रसङ्गले कथालाई अभिघातित बनाएको देखिन्छ ।

### ४.२.४ लाँकुरी फेरि फुल्नेछ कथामा शारीरिक अभिघात

राजेन्द्र विमलको 'लाकुरी फेरि फुल्नेछ' कथा शारीरिक तथा मनोवैज्ञानिक अभिघातपरक हो । देशमा माओवादी क्रान्ति चलिरहेको दोहोरो भिडन्तको परिवेशमा विशेषतः सर्वसाधारण वर्गले घर छोड्नु पर्ने बाध्यकारी अवस्थामा भोग्नु परेको शारीरिक पीडालाई देखाएको छ । देशमा चलेको द्वन्द्वले गर्दा मानिसहरूको सुन्दर जीवन पनि अङ्गभङ्ग भएको तथा खान, लाउन नै नपाएर शारीरिक अशक्तका पीडालाई कथामा भिव्यक्त गरिएको छ । कथाको पात्र आमा र छोरी चेउँकीले इज्जत र ज्यान जोगाउने हेतुले गाउँ छोड्दा बाटोमा भएको निम्न प्रसङ्गले शारीरिक अभिघातको अवस्थालाई बोध गराउँछः

> नारायणगढ पुग्दा आमा-छोरीका गोडा सुनिएर कोलभ्कै भएका थिए - हात्ती पाइलेको रोगी जस्ता । एक ठाउँमा बसी एक अर्कालाई हेरी मात्र रहे । दुबैका आँखाबाट आँसुका धारा साउने बलेनी भ्कै ओइरिए । पेटमा मुसा कुदेका थिए तर खाने कुरो केही थिएन । खाई नखाई सात सात दिनको बाटो हिड्दा कुष्ठरोगीको छालाभ्कै जीउ लाटो भएको थियो । केही सीप नलागेपछि आमाले भन्नुभयो - "मेरी छोरी ! पहिले किनिदिएको त्यो चाँदीको औँठी भ्किकेर दे । हामी अब भोकले मर्ने भयौं ।" (पृ.४४)

उद्धृत कथांशमा माओवादी युद्धले गाउँमा अपहरण भिडन्तमा पर्ने डरले छोरीलाई सहरमा भाडा माभ्न होटेलमा लिन थालेको आमा छोरीले बाटोमा पाएको शारीरिक पीडा व्यक्त गरिएको छ । त्यसैगरी कथाको मुख्य पात्र चेउँकीको दाइ कोडेले पनि केही वर्ष पहिले द्वन्द्वकै कारण घर छोड्दा प्रदेशमा जादा मालिकले गाली गर्दै पिटेको प्रसङ्गले पनि कथामा शारीरिक अभिघात देखिन्छ । त्यसका साथसाथै कथामा कोडेको बुबा र आमाले खान नै नपाएर शारीरिक असक्त वन्नु, कोडेका बाबु ख्वाक .... ख्वाक गरी खोकिरहनु, हुन्डरीले दुःख दिनु जस्ता कथाका घटनावली शारीरिक अभिघातको अवस्था हो ।

### ४.२.५ हिंसाको मौनता कथामा शारीरिक अभिघात

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत कथा हिंसाको मौनता कथा पद्मावती सिंहद्वारा लेखिएको १२ वर्षे माओवादी जनयुद्धमा विशेष गरी नेपाली महिला वर्गले भोगेको दर्दनाक शारीरिक अनि मानसिक पीडालाई प्रस्तुत गरेको कथा हो । घरमुली वा घरको पुरुष

सदस्य युद्धकालमा विभिन्न घटनामा मारिएपश्चात महिलाले भोग्ने पीडालाई निरमाया, विष्णुमाया, मलखामाइ, पवनकली जस्ता प्रतिनिधिमूलक पात्रका उदाहरण दिँदै अभिव्यक्त गरिएको छ । यी बीभत्स एवं कारुणिक दर्दनाक कथाहरूभित्र भएको शारीरिक अभिघात यसप्रकार रहेको छ ।

> निरमाया आतङ्कित र आक्रोशित अनि चेतनाशून्यझैँ भई भुइँमा पसारिएर पीडाको सगरमाथा उक्लिरहिन् । अथाह व्यथाको समुन्द्र उनको दुवै आँखाबाट उर्लिरह्यो । उनीभित्रको संयम चकनाचुर भयो । सयौँ टुक्रामा उनले आफूलाई नाङ्गिएकी देखिन । उनी हिंसाको मौनतामा बलात्कारको सिकाइलाई आफ्नो पेटमा पीडाको महासागर नै उर्लेझैँ अनुभव गरी दुवै हातले पेट थिचेर बेहोस् भइन । उनको योनीबाट रक्तश्राप हुनथाल्यो । उनको कोखमा बास बसेको तीन महिने भ्रुणको अकाल मृत्यु भयो । तीन महिने भ्रुण तुहियो, जब होस् फर्क्यो, उनी त रगतको आहालमा डुबेकी थिइन् । उनी भएभरको बल गरी एक पटक चिच्याइन तर उनको त्यस दुर्गतिलाई हेर्न अरु त के उनका ससुरा पनि देखा परेनन् । उनले उठ्नका लागि प्रयत्न गरिन् तर मूर्छित भई फेरि ढलिन । (पृ. ७४)

कथामा श्रीमान् दोहोरो भिडन्तमा परी बेपत्ता भएको चिन्ताले पीडित भएकी निरमायाको घरमा विद्रोहीहरू घरभित्र जवरजस्ती पसेर निरमायामाथि जवरजस्ती हिंसापूर्ण बलात्कार गरेर निम्त्याएको शारीरिक अभिघातलाई यहाँ अभिव्यक्त गरेको पाइन्छ । आतङ्ककारी जवरजस्ती घरमा आएर निरमायालाई खाना बनाउन आदेश गरी खानपिन गर्दछन् । तेरो पुलिस लोग्ने खै भनेर सोध्न पुग्दछन् । तिमीहरूले अस्तिको भिडन्तमा मार्‍यौ कि कुन्नि बेपत्ता छन् भने कुरा निरमायाले भन्न नपाउँदै उनीहरूले निरमायाको फरियाको सप्को उनकै मुखमा कोच्दै उनलाई भुइँमा लडाएर अर्कोले नङ्ग्याएर बलात्कार गर्‍यो । यसै गरी रातभर पालैपालो हिंस्रक बलात्कार गरिरहे । यही पशुवत बलात्कारको पीडाले, निरमाया चेतनाशुन्य भइन् । पेटमा भएको भिषण पीडाले पेट थिच्न पुगिन, योनीबाट रक्तश्राव भइरह्यो । पेटमा भएको भ्रुणको अकाल मृत्यु हुनपुग्यो यस्ता यी घटनाले कथालाई शारीरिक अभिघात तुल्याएको पाइन्छ ।

कथालाई अभिघातपूर्ण बनाउन कथामा अभिव्यक्त अन्य पात्रका घटनाले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । विष्णुमायाको श्रीमान्लाई घाँटी रेटेको घटना, रमनियाको घरमा आगजनि गरेर परिवारलाई यातना दिँदै लखेटेको घटना, मखलामाइको श्रीमान्लाई गोली हानेको र जलाई जलाई मारेको घटना, पवनकलीको दिन दहाडै घिसार्दै मकै बारीमा लगेर सामुहिक बलात्कार गरेको निरमायाको श्रीमान् टाउकोको गहिरो चोटको कारण विछिप्त भएका मुटु नै हल्लाउने घटनाले कथालाई कारुणिक, बीभत्स मात्रै होइन शारीरिक अभिघातपूर्ण बनाएको पाइन्छ ।

### ४.२.६ अर्कै मान्छे कथामा शारीरिक अभिघात

प्रस्तुत सङ्ग्रह *द्वन्द्व र युद्धका कथा*मा सङ्ग्रहीत ध्रुव सापकोटाको कथा अर्कै मान्छेमा शारीरिक अभिघात रहेको पाइन्छ । गाउँको दर्दनाक युद्धबाट शारीरिक एवं मानसिक अभिघातित भैसकेको मङ्गला थोरै माात्रमा भए पनि राहत पाउने उद्देश्यले सहरको लोग्ने स्वास्नी भएको परिवारमा काम गर्ने उद्देश्यले आश्रय लिइरहेकी र त्यही आश्रयबाट पनि उनीहरूले निकाली दिए पछि फेरि त्यही गाउँमा नर्क रूपी जीवन बिताउन बाध्य भएको कारुणिक घटना कथामा पाइन्छ । द्वन्द्वकालीन समयमा गाउँका सर्वसाधारण वर्गले पाएको दुःखको यथार्थ रूपमा प्रतिनिधित्व गरेकी पात्र मङ्गलीलाई कथामा उपस्थित गराएको पाइन्छ । कथाको समग्र कथावस्तुले कथालाई शारीरिक अभिघातपूर्ण बनाएको पाइन्छ । कथामा मङ्गलीलको शारीरिक बनोटको वर्णन गर्ने क्रममा आएको निम्न प्रसङ्गले कथा अभिघाति बनाएको देखिन्छ । लिनी निकै दुब्लो छिन् तिनका हात र खुट्टा मात्र होइन शरीर नै सिक्ने छ तिनका कुर्कुच्चा फुटेका छन् । उसले बेलाबखत देख्थ्यो ती फुटेका कुर्कुच्याबाट रगत बगिरहेको छ । नराम्रोपनको जरो कहाँ छ ? स्वतः थाहा हुन्छ ।

कथामा मङ्गलीको शरीर जहाँतही पीडाले भरिएको कुरा यस कथनबाट पुष्टि हुन्छ । त्यसैगरी कथामा मङ्गलीको गाउँ र गाउँलेको चर्चा गर्ने क्रममा यस कथामा अभिघात देखिन्छ । कथाकी पात्र बुढीले देखाएको गाउँको चउरमा बीभत्स लासहरू हुनु, कसैका टाउका त कसैका हात खुट्टा काटिनु, कोही लास बनेको र कोही लास बन्ने पालो पर्खेर बस्नु जस्ता प्रसङ्गले कथा पूर्ण अभिघातित बनेको छ ।

### ४.२.७ एकालापहरू कथामा शारीरिक अभिघात

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत अविनाश श्रेष्ठको कथा एकालाप शारीरिक अभिघातपूर्ण कथा हो । युद्धकालीन समयमा सर्वसाधारण वर्ग कहिलै सुराकिको नाममा माओवादीबाट र कहिलै विद्रोहीको नाममा सुरक्षाकर्मीबाट भोगेको क्रुर यातनाको स्थिति देखाइएको कथा हो । अत्याधिक यातनाको कारण मुख्य पात्र शारीरिक अभिघात हुन पुगेको यथार्थ अवस्था रहेको छ । सीधासाधा बेकसुर पात्रलाई राती कम्ब्याटमा आएका दश, बाह्र जनाको समूहले कुन, किन भन्ने कारण नै नबताई अत्याधिक पिटाइ गर्छन् । हात, बुट, लट्ठी, राइफलका कुन्ना आदि जे जे थियो त्यसले 'म' पात्रलाई निर्मम पिटाइ गरेपछि 'म' पात्रको अवस्था नै अर्धचेतन हुन पुग्दछ । आँखामा पट्टि बाँधेर घिसार्दै लिएर जान्छन् । राती कुनै अपरिचित ठाउँमा लिएर 'म' पात्रलाई हुलिन्छ । यातनाका क्रममा उसको खुट्टा भाचिन्छ, एउटा आँखा फुटाइन्छ, नङ्मा किला ठोकिन्छ । शरीर चिरेर नुन छर्किन्छ । यसरी विना कारण नै 'म' पात्रको जीवन कारुणिक एवं दर्दनाकपूर्ण यातना दिँदै जीवनकै अन्त्य गरिन्छ । कथामा सबैभन्दा बढी शारीरिक अभिघात भएको एउटा अनुच्छेद साक्ष्यको रूपमा यसप्रकार रहेको छ ।

> कुट्नु कुटिएँ म थङ्थिलो पारिएँ । मेरा हातका औंलाहरू थिलोथिलो हुने गरी सिलौटामा राखेर हानिए । दाहिने खुट्टो घुँडानिरबाट ठुनुक्कै पारेर भाँचिदिएका छन् । आँखा एउटा राइफलको कुन्नाले हानेर फुटाइएको छ । (पृ. १३६)

कथामा देखाइएको पिट्नु, लछार्नु, कटिनु, थङिथलो पार्नु, औंला सिलौटामा राखेर हानिनु, खुट्टो घुँडानिर भाचिनु, आँखा फुटाउनु आदि घटनाले कथालाई शारीरिकपूर्ण अभिघात तुल्याएको छ ।

### ४.२.८ माओवादी कथामा शारीरिक अभिघात

गोविन्द गिरी प्रेरणाद्वारा २०५७ जेठ 'साधनामा' प्रकाशित कथा 'माओवादी' मा समग्र राष्ट्रले जनआन्दोलन २०३६ देखि २०४७ हुँदै विशेष गरी माओवादी जनयुद्ध समयको देशमा भएको करुणा सन्त्रास एवं अभिघातपूर्ण अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । अझै भन्ने हो भने तत्कालिन समयको देशको राजनीतिक र सामाजिक परिवेशभित्रका विकृति

विसङ्गतिलाई व्याङ्ग्यात्मक तरिकाबाट प्रस्तुत गर्न खोजिएको छ । देशको सुरक्षार्थमा खटिएका सुरक्षाकर्मीभित्र भएका पक्षपातिपूर्ण व्यवहार, आन्तरिक दुःख, पीडालाई कथाले एकातिर देखाउन खोजेको छ भने अर्कोतिर सर्वसाधारण वर्ग राजनीतिक पक्षपोषणमा भएको अन्याय र विकृतिको कारण बाध्यतावश माओवादी जनयुद्धमा लाग्नुपरेको तितो यथार्थलाई पनि कथाले व्यक्त गरेको छ । कथामा एउटा व्यक्तिमाथि भएको अन्याय वा उसको सर्वस्व हुइन्जेलसम्म पनि केही न्याय निसाफ नपाएपछि यस्ता विकृतिको अन्त्य वा मुक्तिको लागि माओवादी जनयुद्धमा होमिएको कारुणिक अवस्था व्यक्त गरिएको छ । मानवीय कुन्ठा, भावना र करुणालाई अभिव्यक्त गरिएको यस कथामा केही मात्रामा शारीरिक अभिघात पनि देखाएको पाइन्छ । कथामा प्रहरी माओवादी दोहोरो भिडन्तमा परी गम्भिर घाइते भएको प्रसङ्गले त्यहाँ शारीरिक अभिघात व्यक्त गरेको देखिन्छ । त्यसैगरी २०४६ सालको जनआन्दोलनमा पेटमा गोली लाग्नु, असहैय पीडाको बाबजुत पनि बाँच्नु, रामेश्वरको छोरी र श्रीमतीको रक्ताम्य छेदविछेद लास देखिनुले कथालाई अझै शारीरिक अभिघातपूर्ण बनाएको देखिन्छ । कथाको अन्तिमतिरको दोहोरो युद्धको चित्कार माओवादीको शरीरमा तीनचार गोली लाग्नु, रगतले शरीर लतपत हुनु गोलीको कारण शरीर लास हुनु आदि घटनाले कथामा शारीरिक अभिघात रहेको देखिन्छ ।

### ४.२.९ निरीह कथामा शारीरिक अभिघात

प्रस्तुत गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत ध्रुव मधिकर्मीद्वारा लिखित 'निरीह' करुणा र शारीरिक अभिघातपूर्ण कथा हो । देशमा भएको युद्ध र हिंसाको सन्त्रासले बालबालिका युवा वर्ग गाउँ छाड्न बाध्य भएको प्रसङ्ग अभिव्यक्त भएको छ । युवा विदेश र बालबालिका सहर पसेर जीवन कारुणिक रूपमा बिताउन बाध्य भएको प्रसङ्गलाई कथाले मुख्य विषय बनाएको छ । विस्तापित बालबालिका सहरमा गरिब दुःखी जीवन बिताइरहेको र निर्दोष बालक क्रान्तिमा होमिएर जीवनै अन्त्य गरेको अभिघातपूर्ण घटना रहेको छ ।

सडकमा बेवारिसे देखिएको बालकमाथि दया गरेर छेउकै होटलमा 'म' पात्रले चिया पिलाएको 'म' पात्रले केही दिनपछि त्यही होटलमा भाँडा माझेको देखिन्छ । त्यही भोलिपल्टको क्रान्तिमा उत्सर्ग प्राप्त गरेको देखिन्छ । यसरी देशमा निम्तेको क्रान्ति र त्यसको कारण विभिन्न वर्गले भोग्नुपरेको अभिघात कथामा अभिव्यक्त भएको छ । कथामा निहित शारीरिक अभिघातको साक्ष्यको रूपमा यो अनुच्छेदलाई लिनसकिन्छ ।

... सालिकनिर गोलीका पर्राहरू छुट्दै थिए र मान्छेहरू आँधीबेहरीको रुख झैँ भकाभक ढलिरहेका थिए । एकछिन त म तेतनाशुन्य भएँ । ... म हेर्दै थिएँ मान्छेहरू सालिक हल्लाउँदै थिए । ढुङ्गाले हान्दै थिए र गोली खाएर ढल्दै पनि थिए । यस्तैमा मैले एउटा परिचित अनुहारलाई गर्ल्याम्म ढलेको देखेँ । रगतका फाल्साहरू सडकभरि भलभल्टी बग्न थाले । म त्यसलाई देखेर स्तब्ध भएँ । यो अनुहार सायद त्यही केटोको थियो, जसलाई म प्रायः चिया पिउने होटेलमा देख्थेँ, जसलाई पहिलो पटक काठमाडौँ झर्दा मैले भेटेको थिएँ, तर जसको नाउँ आजसम्म मैले थाहा पाएको थिइनँ । (पृ. १७४)

उपर्युक्त अनुच्छेदमा व्यक्त भएको गोलीले मानिस आँधीबेहरीको रुखझैँ भकाभक ढल्नु ढुङ्गाले हान्नु, गोली खाएर ढल्नु, रगतका फाल्साहरू सडकभरि भलभल्ती बन्नु जस्ता प्रसङ्गले कथामा शारीरिक अभिघात अभिव्यक्त भएको देखिन्छ ।

### ४.२.१० सिपाही र सालिक कथामा शारीरिक अभिघात

महेश विक्रम शाहद्वारा लिखित तथा प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत कथा सिपाही र सालिक निरङ्कुश विरुद्ध जनआन्दोलनको परिवेशमा तयार पारिएको कथा हो । उन्नाइस दिने जनआन्दोलनमा अन्तिम दिन भएको काठमाडौँको यथार्थ माहोललाई कथाले ओगटेको छ । जनताले थालेको आन्दोलनले आफ्नो ज्यानको प्रवाह नगरी अन्तिम दिनमा गरेको वृहत प्रदर्शन र निरङ्कुशको प्रतीक सालिक ढाले । निरङ्कुशतन्त्र अन्त्य भएको प्रतिकात्मक अर्थ कथाले दिन खोजेको छ । सालिकको सुरक्षार्थमा खटिएका सुरक्षाकर्मी समेत जनताको अघि सर्न सक्दैनन् र आन्दोलनको सपोर्ट गर्न पुग्दछन् । यसरी कथामा आन्दोलनमा भएका यथार्थपरक अवस्थाका साथै व्यक्तिमा भएको शारीरिक अभिघातलाई पनि प्रष्ट रूपमा देखाएको पाइन्छ ।

कथामा सालिकलाई सुरक्षा दिइरहेको सुरक्षाकर्मीले सुरक्षा दिइसकेको समयको उसको मनमा पूर्वस्मृतिका रूपमा आएको विभिन्न कालखण्डमा स्थूल सालिकको रक्षाका लागि सिपाहीले प्रहार गरेको गोलीबाट नागरिक मारिनु, कयौँ अशक्त र घाइते हुनु, कयौँ आहत बनाइनुले कथामा शारीरिक अभिघातको सुरुवात भएको पाइन्छ । त्यही क्रममा सालिककै अगाडि बन्दुकको प्रहारले ढलेका रगतपिच्छे लास हुनु, घाइतेको करुण क्रन्दन सुनिएका जस्ता प्रसङ्गले पनि कथालाई शारीरिक अभिघात तुल्याएको पाइन्छ । त्यसै गरी

त्यस अन्तिम दिनको आन्दोलनमा भएको सयौँ राउन्ड अश्रुग्यास र गोलीले भएको र घाइतेको भागादौड हुनु, गोली लागेर केही भुइँमा ढल्नु, कोही घाइते बनेर छटपटाउनु, घाइतेको करुण चित्कारले त्यहाँको वातावरण नै मर्माहत बन्नुले कथा पूर्ण रूपमा शारीरिक अभिघात रहेको देखिन्छ ।

## ४.२.११ मैले कुखुरा बासेको सुनेँ कथामा शारीरिक अभिघात

प्रस्तुत कथा अमोद भट्टराईद्वारा २०६१ मा प्रकाशित कथा २०६३ मा प्रस्तुत सङ्ग्रह *द्वन्द्व र युद्धका कथा*मा सङ्गृहीत भएको हो । *द्वन्द्व र युद्धका कथा* नामक कथा सङ्ग्रहका कथाहरूमध्ये फरक पृष्ठभूमि र फरक प्रसङ्गसँग सम्बन्धित रहेको छ । विश्व परिवेश र संसारका प्रायः सबै मानव समुदायले भोगेको साझा पीडालाई यस कथाले परिवेश र विषय बनाएको छ । युद्धमा परास्त भएर शत्रुको कब्जामा रहेको अवस्थाको दर्दनाक करुणाको बीभत्स चित्रण यस कथामा अभिव्यक्त भएको पाइन्छ । यस्ता संसार भरिका घटनालाई कम र साम्य पार्न खोज्ने मानवतावादी विचारलाई देखाउने प्रयास गरिएको यस कथामा विशेषतः बन्दगृहका बन्दीहरूको मानसिक तथा शारीरिक अभिघातलाई अभिव्यक्त गरेको छ । उनीहरूमा रहेको त्रासदयी र कारुणिक अवस्थालाई कथाले निकै मार्मिक रूपमा प्रस्तुत गर्न खोजेका छन् ।

कथामा भएको शारीरिक अभिघातलाई भन्नुपर्दा मुख्य गरी बन्दीगृहको वातावरणले असर पारी स्वास्थ्यमा आघात पारेको साथै युद्धमा जितेकाहरूले हार्नेहरूलाई दिएको यातनाको कारुणिक रूपबाट चित्रण पाइन्छ ।

प्रस्तुत कथामा सर्वप्रथम बन्दीगृहभित्र ४५ दिनदेखि ४०-५० जनाको समूह एकै ठाउँमा हुलेर राखेको र त्यही दिसा त्यही पिसाबको दुर्गन्दका कारण सबैको शरीरमा कुनै न कुनै असर देखापरेको पाइन्छ । जसले कथालाई शारीरिक अभिघातमुखी बनाएको देखिन्छ । त्यसै गरी कथाभित्रका प्रत्येक घटनाहरू अभिघातपूर्ण भएका छन् । बिस वर्षकी सम्मिमा पेट दुख्ने, व्यथाले पीडित भएकी, पेटमा गर्भ हुनु, अचानक अर्कै जातले आक्रमण गर्नु, श्रीमान् निर्ममतापूर्वक मारिनु, सम्मिमालाई सामूहिक बलात्कार गर्नु र भ्रुणको हत्या गर्नुले कथालाई शारीरक अभिघात मात्रै होइन हिङ्स्रक तथा दर्दनाक बनाएको छ । त्यसै गरी सत्तरी पचहत्तर वर्षकी बुढी आमाको ज्वरोले रन्थनिनु, तीन महिना अगाडि मात्रै सुत्केरी भएकी सन्निमाको चिसोको कारण हातखुट्टा सुनिनु, बालकले भोक र शोकको असैय पीडाका

कारण रुनै नसक्नु, चौध वर्षकी जुरिना र बाह्र वर्षका उनका भाइलाई पनि सञ्चो नहुनु, एक मुठी चिउरा र दिसापिसाब सहितको भुइँको सुइताले शिक्षको जीउ पनि अस्वस्थ हुनु, आदि स्वास्थ्य सम्बन्धी देखिएका विभिन्न घटना र प्रतिघटनाले कथा शारीरिक अभिघातसँग सम्बन्धित देखिन्छ । कथामा शारीरिक अभिघातको मुख्य कारण, बन्दी बनाइनु र त्यसमा उनीहरूलाई एउटा टिनको गर्मी न गर्मी खोरमा हुलिनु, जसमा न शौचालय न पानी यस्तो असैहय अवस्था रहेको देखिन्छ । यसरी कसैलाई युद्धको चोट र बाँकी सबैलाई बन्दीघरको अव्यवस्थित रखाइले कुनै न कुनै शारीरिक पीडा खेप्नु परेको देखिन्छ ।

### ४.२.१२ अज्ञात सहिद कथामा शारीरिक अभिघात

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रहीत 'अज्ञात सहिद' कथा प्रदीप मेन्याङ्बोको पुरुषगन्ध (२०६०) बाट साभार गरिएको कथा हो । निरङ्कुश शासन विरुद्ध भएको कयौं दिनसम्म चलेको, चक्काजाम, विरोध प्रदर्शन, हड्ताल र नेपाल बन्दले सडकमा काम, मजदुरी व्यापार गरिखाने वर्गले भोग्नु परेको भोकमरी, भय र निराशालाई बेहाल भएको कथावस्तुलाई ओगटेको पाइन्छ । कथामा बिसौं वर्षदेखि यो सहरमा एउटा ठेलो चलाएर आफ्नो छाक टार्ने वीरबहादुर एक हप्तासम्मको बन्दमा न एकमुठी चिउराले छाक टार्छ तर अझै बन्द लम्बिएपछि अब उसको बाँच्ने कुनै आधार रहँदैन र उसले यो सहर छोड्ने निर्णय गर्छ । हिजोको बन्द आज कर्फ्यु लागेको उसलाई थाहै हुँदैन र ऊ एका बिहानै त्यो ठेलो र आफ्नो सम्पत्ति नामको फाटाटुटा पकाउने भाडाकुँडा लिएर निस्किन्छ । सडकको चोकमा उसलाई रोक भन्दै ऊ अघि बढ्दै गरेको अवस्थामा गोली लाग्छ र प्राण त्याग्न पुग्दछ ।

कथामा भोक, रोग र शोकले थिलाथिला परेको वीरबहादुरको शरीरमा कुनै शस्त्रअस्त्रको प्रयोग भन्दा कम अभिघातपूर्ण पीडा छैन । त्यसैमा फेरि उसमाथि प्रहार भएको गोलीले कथालाई पूर्ण अभिघातित पारेको देखिन्छ । जसलाई साक्ष्यको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

> अघिकै आवाजसँगै ड्याम...ड्याम ... दुई गोली उसको छाती पार गरेर गए । उसले आफूलाई गोली लागेको थाहा नै पाएन एक छिनसम्म त जब रगतको मूल फुट्यो छातीबाट, तब मात्र थाहा पायो, साच्चै गोली लागेछ

> तर उसलाई किन गोली हानियो । उसलाई थाहा भएन । उसले बुझ्न खोज्दा-खोज्दै चोकमा ढल्यो ढङ्रङ्ग । (पृ. २०८)

कथामा भोक र अभावले निम्त्याएको वीरबहादुरको शारीरिक अभिघातमा थप गोली लाग्नु, पीडाले छट्पटिनु, छातीबाट रगतको मूल फुट्नु, चोकमा ढल्नु आदि घटनाले पूर्ण अभिघातित बनाएको छ । यसरी द्वन्द्वकालमा भएको नेपाली जनताले अझै गरिखाने मजदुरवर्गले केही प्रत्यक्ष हतियारद्वारा भएको शारीरिक पीडा र केही मात्रामा बन्द, हड्ताल, कर्फ्यु जस्ता कारणले आफ्नो दैनिकी चलाउन नपाएर रोगको र भोकको कारण शरीर अभिघातपूर्ण भएको मार्मिक अवस्था यस कथाले देखाएको पाइन्छ ।

## ४.३ निष्कर्ष

उपर्युक्त कथाहरूले विभिन्न कारणले कथाका पात्रमा परेको शारीरिक चोटपटकलाई देखाएका छन् । कथामा द्वन्द्व र युद्धका कारण सर्वसाधारण व्यक्तिमा परेको शारीरिक अभिघातलाई कथाहरूमा देखाइएको छ । त्यसैगरी युद्धरत पक्षमा पनि दोहोरो युद्ध वा भिडन्तमा परेर भएका शारीरिक चोटपटकलाई देखाएको छ । सशस्त्र द्वन्द्वले सृजना गरेका शारीरिक चोटपटकका कारण मृत्युसम्म हुन पुगेको विषय उपर्युक्त कथाहरूमा अभिव्यक्त छ । सबैभन्दा बढी सर्वसाधारण वर्गलाई समर्थन गरी लेखिएका कथाहरूमा शारीरिक अभिघात रहेको छ । केही कथामा निरङ्कुशता विरुद्ध चलेको जनआन्दोलनमा आन्दोलनकारी तथा सुरक्षाकर्मीले भोगेको शारीरिक अभिघातलाई व्यक्त गरेको छ । समाजका सामन्त वर्ग वा निरङ्कुश व्यवस्थाका कारण सर्वसाधारण वर्गमा शारीरिक हिंसा भएको कुरा पनि यस परिच्छेदका विश्लेषित कथाहरूले देखाएका छन् । निरङ्कुशता विरुद्ध चालेको आन्दोलनमा परेर आन्दोलनकारी र सुरक्षाकर्मी दुवै अभिघाति बनेका घटना पनि केही कथामा पाइएको छ । मुख्यतः माओवादी युद्ध र जनआन्दोलनको घटना नै शारीरिक अभिघातको मुख्य कारक तत्त्वको रूपमा रहेको पाइन्छ । कथाहरूमा मैले कुखुरा बासेको सुनेँ कथा भने फरक परिवेशमा साम्प्रदायिक युद्धका कारण शारीरिक अभिघात भएको देखाइएको छ । समग्रमा उपर्युक्त सबै कथाहरूको शारीरिक अभिघातले पात्रहरूमा नकारात्मक असर पारेको कुरा कथाहरूमा देखाइएको छ ।

# पाँचौं परिच्छेद

# द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा मानसिक अभिघात

## ५.१ विषयप्रवेश

साहित्यको क्षेत्रमा मनोवैज्ञानिक अभिघातले नै मुख्य प्रविष्टि पाएको हुन्छ । अर्थात अभिघात साहित्यले मनोविज्ञानलाई बढी प्राथमिकता दिइएको पाइन्छ । विभिन्न युद्ध, हिंसा होस् वा विभिन्न दुर्घटनाले होस् मानिसको मनमा चोट पर्नुलाई मानसिक अभिघात भनिन्छ । छोटो रूपमा भन्दा मानसिक रूपमा चोट वा क्षति हुनुलाई मानसिक अभिघात भनिन्छ । मानसिक अभिघातग्रस्त भएपछि मानिसको अवस्था असामान्य किसिमको हुनजान्छ । यसरी भन्नुपर्दा तनावपूर्ण घटनाको परिणाम स्वरूप भएको मानसिक अभिघात कुनै दीर्घकालीन रूपमा हुन्छ भने कुनै विस्तारै सुधारात्मक तवरले सामान्य अवस्थामा पनि आउन सक्छ । कुनै व्यक्तिगत चिन्ता लिने प्रवृत्ति शारीरिक चोटपटक, विभिन्न सामाजिक घटना परिघटना, युद्ध, हिंसा, द्वन्द्व आदि विभिन्न कारणले मानसिक अभिघात हुनजान्छ । प्रस्तुत *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह यस्तै द्वन्द्व, युद्ध र आन्दोलनले पारेको मानसिक अभिघातको विषय समावेश गरिएको कथाको सङ्ग्रह हो । यस सङ्ग्रहमा समावेश भएका समग्र कथा द्वन्द्व र युद्धसँग सम्बन्धित छन् । अझै माओवादी जनयुद्ध तथा जनआन्दोलनको समयभित्र लेखिएका कथाहरू रहेका छन् ।

## ५.२ द्वन्द्व र युद्धका कथा सङ्ग्रहका कथामा मानसिक अभिघात

प्रस्तुत सङ्ग्रहमा समावेश भएका २५ ओटा कथा माओवादी युद्धसँग जनआन्दोलनसँग र अन्तर्राष्ट्रिय युद्ध, हिंसा जोसँग सम्बन्धित भए पनि उक्त सङ्ग्रहका कथाहरूमा मानसिक अभिघात रहेको पाइन्छ । युद्धकालीन समयमा विद्रोही समूह वा सुरक्षाकर्मी दुवैका कारण पीडित भई अभिघातित बनेका पात्रहरू कथामा समावेश भएका छन् । कही सुराकीको आरोपमा, त कही माओवादी समर्थनको आरोपमा सर्वसाधारण वर्गले भोग्नु परेको हिंसाजन्य व्यवहारबाट उत्पन्न मानसिक अभिघात यी कथामा प्रस्तुत गरेको पाइन्छ । यातनाले पात्रमा देखिएका पलायनवादी मानसिकता भय, डर, असुरक्षाको अनुभूति, नैरास्यता विद्रोहात्मक मनस्थिति, आत्मविश्वासको कमी प्रतिवादको भावना जस्ता मानसिक असर देखिएको पाइन्छ । कथाहरूमा कही यस्ता हिंसामा स्वयम् आफू परेर अभिघातित बनेको देखाइएको

छ भने कतै परिवारजन यस्ता युद्ध र हिंसामा परि मरेका वा बेपत्ता पारिएका भए उनको परिवारमा चिन्ताको कारण उत्पन्न अभिघातलाई देखाएको छ । समग्रमा भन्नुपर्दा २५ ओटा कथामध्ये सीताहरू-२३, लाँकुरी फेरि फुल्नेछ, हिंसाको मौनता, गोली, अर्कै मान्छे, जननी जन्मभूश्छ, आतङ्कको आँसु, आकाश अझै धुम्म थियो, माओवादी, रित्तो, धराप, जस्ता कथामा मानसिक अभिघात प्रचुर मात्रामा पाइन्छ । यी कथामा भएको अभिघातलाई तल क्रमशः विश्लेषण गरिएको छ ।

### ५.२.१ सीताहरू- २३ कथामा मानसिक अभिघात

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा समावेश गरिएको सीताहरू-२३ कथा मनोवैज्ञानिक अभिघातपूर्ण कथाका रूपमा रहेको छ । कथाका समग्र पात्रहरूका दर्दनाक पीडाका कारण उनीहरूमा अभिघात उत्पन्न भएको पाइन्छ । कथामा महिला पात्रमा उत्पन्न भएको अभिघातलाई देखाएको छ । कथाको मुख्य पात्र सीता हो । उसले समग्र युद्धकालीन समयकी पीडित नेपाली महिलाको प्रतिनिधि एवं प्रतीक पात्र हो । कथाको शीर्षक सीताहरू-२३ भन्नाले यस्तै युद्धशील पक्षले निम्त्याएको अपहरण, हत्या, बेपत्ता जस्ता घटनाले अभिघातित पात्र यसभन्दा अघि २२ थिए यसपछि यस्ता अनेकौं सीताहरू हुनेछन् भन्ने अर्थ दिन खोजेको देखिन्छ ।

कथामा मुख्य पात्र सीता द्वन्द्वको मारमा परेकी पात्र हो । उसको पति अपहरणपछि बेपत्ता पारेको तीन वर्ष पुग्दासम्म पनि घर नफर्केपछि श्रीमान्को चिन्ता र घरको भार खप्न नसकेपछि मानसिक सन्तुलन गुमाएकी हुन्छ । उसका छोराछोरी पनि बाबाको चिन्ताले कुलतमा फसेका हुन्छन् । सीताको अभिघातित मानसिकताले कहिल्यै ऊ मर्न तयार हुन्छे त, कहिल्यै आकाशबाट श्रीमान्को वाणी सुन्न पुग्दछे । त्यसै गरी अभिघातित मानसिकतामा परेको श्रीमान् भेटाउने लालसाले ऊ सभा, समारोह वा जसलाई जहाँ भेट्यो त्यही, मेरो श्रीमान्लाई भेट्नुभयो" भन्ने गर्थी । ऊ कहिल्यै त रात र दिन भएको पनि थाहा नपाउने अर्धचेतन अवस्थामा पुग्दछे । यसरी कथामा समग्र अभिघातयुक्त कथावस्तु रहेको पाइन्छ । एकातिर कथाभरी अर्धचेतन मात्र होइन केही समयसम्म त अवचेतन अवस्थामा नै आउनु पूर्ण मानसिक अभिघात हो भने पाठको अन्त्यमा श्रीमान् फर्किदा पनि ऊ आफ्नी श्रीमतीलाई नै नचिन्ने पूर्ण चेतनानै गुमाइसकेको मानसिक अभिघातित बनेको हुनाले कथा मानसिक अभिघातपूर्ण रहेको पाइन्छ ।

### ५.२.२ लाँकुरी फेरि फुल्नेछ कथामा मानसिक अभिघात

गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादित प्रस्तुत *द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा सङ्गृहीत 'लाँकुरी फेरि फुल्नेछ' कथाका लेखक राजेन्द्र विमल हुन् । कथामा ग्रामीण समाजको एक गरिब त्यसैमा फेरि देशमा चलेको माओवादी युद्धका त्रासका कारण तहसनहस भएको परिवारको कथा व्यथा रहेको छ । कथाकी मुख्य पात्र चेउँकी माओवादीले एक घर एक मान्छेको नारा लगेपछि अपहरण हुने मानसिक त्रासका कारण विशम परिस्थितिका साथ घर छोड्न तयार भएको दर्दनाक पीडालाई कथावस्तु बनाएको पाइन्छ । अपहरणको सम्भावना देखेपछि चेउँकीले नमान्दा नमान्दै पनि उसकी आमाले फकाइफुलाई गरेर नारायणगड पुऱ्याएर गुरुङको होटलमा काम गर्न लगाएर फर्किन्छे किनकी चेउकीकी आमाको दृष्टिकोणमा होटेलमा काम गरे बढीमा इज्जत जान्छ तर माओवादीले लगे इज्जत र ज्यान दुवै जान्छ भन्ने रहेको देखिन्छ ।

कथामा माओवादी युद्धले ग्रामीण समाजका सोझा साझा अनि गरिब परिवार अझै महिला सदस्यले पाएको मानसिक पीडालाई अभिव्यक्त गरेको छ । यस्ता पीडाको मूल कारण त सशस्त्र युद्ध नै रहेको देखिन्छ । कथामा चेउँकीकी आमाबुबामा छोराछोरी युद्ध र अपहरणमा पर्लान भन्ने मानसिक चिन्ता परेको देखिन्छ । अर्कोतिर त्यही चिन्ताका कारण छोरीको जीवन कहाँ कता छे भन्ने कुराको अत्तोपत्तो नभएपछि वा छोरीका जीवन तहसनहस भएपछि झन तनाव मात्र होइन जीवननै कारुणिकताले भरिएको देखिन्छ । कथामा चेउँकीले घर छोड्न लाग्दा लाँकुरीको फेद समातेर निकै बेर रुनु, बिना साहाराका आमाबुबालाई बुढेसकालमा छोड्नु, बाध्यकारी अवस्थामा आमाबुबा र गाउँ छोड्नुको तनावले कुखुरे भीरबाट सिस्ने खोलामा हाम फालेर मर्न खोज्नु, भोकको कारण, चेउँकीको हातको औँठी बेच्नु जस्ता कथाका प्रसङ्गले कथालाई मनोवैज्ञानिक अभिघात बनाएको देखिन्छ ।

चेउँकी नारायणगढ पुगेपछि ऊसँग भएका प्रत्येक यौन, घटना र उसले खेप्नु परेको घृणित कार्यले पनि चेउँकी मानसिक रूपमा छेदविच्छेद भएको अनुमान गर्न सकिन्छ । त्यसै गरी त्यो मानसिक पीडा चेउँकीसँग मात्र नभएर केही युद्धको डर र केही छोरीको चिन्ताको कारण उसका आमाबुबामा पनि रहेको देखिन्छ । त्यसै गरी कथाको अर्को पात्र चेउँकीको दाइ कौडेमा पनि मानसिक अभिघात पाइन्छ । कौडे पनि त्यही युद्ध र अपहरणको डरले धेरै

पहिले घर छोडनु परेको देशीको काम गर्दा घरपरिवारको याद र देशीको गालीले ऊ मानसिक पीडामा तड्पिएको थियो । घर फर्किदा ऊ बहिनीको कहालीलाग्दो बेपत्ताको खबरले उसलाई अझै पीडा महसुस हुन्छ । गाउँ फर्किदा बृद्ध आमाबुबाको नाजुक अवस्था, गाउँको युद्ध र त्रासदिपूर्ण वातावरण, माओवादी र सेनाका अनन्त-अनन्तका कथा आदि घटनाले उसको मनमा त्रासदिपूर्ण भावनाले घात पारेको हुन्छ । यो कुरा कथामा अभिव्यक्त लाँकुरीको रुख र कौडेमा कुनै फरक छैन भन्ने भनाइबाट पुष्टि हुन जान्छ । यसरी 'लाँकुरी फेरि फुल्नेछ' कथाका सबै भागमा कुनै न कुनै मानसिक पीडा व्याप्त भएको कारण समग्र कथा नै मानसिक अभिघातपूर्ण रहेको देखिन्छ ।

### ५.२.३ हिंसाको मौनता कथामा मानसिक अभिघात

पद्मावती सिंहद्वारा २०६३ असोजको गरिमामा प्रकाशित कथा 'हिंसाको मौनता' कथा प्रस्तुत सङ्ग्रहमा सङ्ग्रहीत गरिएको हो । विभिन्न द्वन्द्व र युद्धबाट सृजित अभिघात प्रस्तुत भएका कथाहरूको छनोटको क्रममा यो कथा छानिन पुगेको हो । प्रस्तुत कथा हिंसाको मौनतामा माओवादी जनयुद्धको सन्त्रास एवं कारुणिक वातावरणलाई यथार्थपरक ढङ्गले प्रस्तुत गरिएको छ । कथामा राज्यपक्ष र विद्रोहीपक्षले आआफ्ना शक्ति प्रदर्शनका क्रममा सर्वसाधारण निमुखा वर्ग अझै त्यसमा पनि महिला वर्ग प्रताडित हुनु परेको अवस्थालाई व्यक्त गरिएको छ । युद्धकालमा महिला वर्ग स्वयम् घटनामा नपरे पनि पुरुषको वा श्रीमान्को अपहरण, बेपत्ता वा मृत्युपश्चात पत्नीको अवस्था कारुणिक रहेको प्रसङ्ग देखाइएको छ । कथामा पीडित पक्षमा कोही विद्रोही पक्षबाट पीडित त कोही सुरक्षाकर्मीबाट पीडित भएका छन् । कथामा समावेश भएका पात्र निरमाया, बुढीआमा, विष्णुमाया, मलखामाई, पवनकली जस्ता सबै पात्र यस्तै माथि उल्लेखित प्रसङ्गानुसार श्रीमान्को हत्या, अपहरण र बेपत्ता पारिएपछि हिंसामा परेर शारीरिक एवं मानसिक पीडामा परिरहेका पात्र हुन् ।

कथाकी मुख्य पात्र निरमायाको श्रीमान् अघिल्लो भिडन्तबाट बेपत्ता भएदेखि उनी मानसिक तनावमा देखिन्छिन् । घरबार चलाउने श्रीमान्को बेपत्ता भएपछि उनमा मानसिक गहिरो पीडा परेको देखिन्छ । जसको कारण उनी मानसिक अभिघातित पात्र बन्न पुगेकी छन् जसको साक्ष्यको रूपमा निम्न अनुच्छेदलाई लिन सकिन्छ ।

> निरमाया अत्यन्त चिन्तित तथा विचलित भई बिछ्यौनामा ओल्टेकोल्टे फेरिरहेकी हुन्छिन् । आजको रात मात्र होइन थुप्रै रातहरू उनले यसरी नै छट्पटाएर बिताउँदै आएकी छिन् । भय तथा दुश्चिन्ताले गर्दा उनी अत्यन्त आक्रान्त बन्न पुगेकी छिन् । उनको चिन्ताको कारण हो उनका पति बमबहादुर, जो विद्रोहीहरूसितको दोहोरो भिडन्तमा बेपत्ता भएका छन् । उनी अपहरण गरिएका हुन् कि मारिएका हुन्, या कतै भागेर, लुकेर पो बसेका छन् कि, कुनै खबर छैन, न आधिकारिक क्षेत्रबाट उनी जीवित या मृत भनेर नै पुष्टि गरिएको छ । आगोको भुङ्ग्रोमा खसेको माछाझैं उनी जिउँदै सल्किरहेकी छिन् । (पृ. ७१)

कथाको सुरुवातमा नै कथााकी एक प्रमुख पात्र यो तनाव, पीडा, छटपटाहट, बेचैनी अहिले कथामा मानसिक अभिघात रहेको पुष्टि हुन जान्छ । कथामा समावेश भएका अन्य पात्रमा पनि यस्ता समस्या रहेको पाइन्छन् । कथाकै अर्की पात्र बूढीआमैको एकमात्र छोराको केही दिन अघि सुरक्षाकर्मीको हातबाट हत्या भएदेखि उनी विछिप्त बनेकी छिन् । उनी जति खेर पनि एकनास कान्छा ... कान्छा... भनेर छोरालाई सम्बोधन गरेर चिच्याइरहनुले पनि कथा अभिघातयुक्त बन्नमा जोड दिएको छ । कथाकी अर्की पात्र विष्णुमायाको श्रीमान्लाई विद्रोहीहरूले सुराकीको आरोपमा घाँटी रेटेर मारेपश्चात पुनःस्थापना केन्द्रमा मानसिक सन्तापले तड्पिरहेकी छिन् । त्यसै गरी कथाकी पात्र रमनियाको घरमा आगजनी गरी उनको परिवारलाई घरबाट खेदेपछि उनी खोक्रो जीवनमा तड्पिरहेकी छिन् । कथाकी अर्की पात्र लख्खीदेवीका दुवै छोरालाई अपहरण गरी लगेका हुनाले लख्खीदेवी विक्षिप्त झैं बनेकी छिन् । कथाकी अर्की पात्र पच्चीस तीस वर्षकी मलखामाई कोही सित बोल्दिनन् । केबल भयभीत नजरले यताउति हेर्छिन् र रोइरहन्छिन् । कहिलेकाही रुदारुदै उनी अट्टाहास गर्छिन् र यताउती दौडिन्छिन् (पृ. ७५) । यसरी श्रीमान्को खुट्टामा गोलीहानी जलाईजलाई आफ्नो सामने मारेदेखि उनको यो मानसिक अवस्था भएको कथाबाट प्रष्ट हुन जान्छ । त्यसै गरी कथाकी अन्तिम अर्की पात्र पवनकलीको पनि घरबाट घिसार्दै सामूहिक बलात्कारपछि मानसिक अवस्था ठिक रहेको देखिँदैन । कथाको समापनमा आएको निरमायाको श्रीमान्को झन गहिरो चोटको कारण दिमाखले कामै गरेको हुँदेन ऊ आफ्नो श्रीमतीलाई नै चिन्दैन । यसरी कथाका एकपछि अर्को समग्र पात्रको अवस्थालाई नियाल्दा कथा मानसिक अभिघातपूर्ण रहेको देखिन्छ ।

### ५.२.४ गोली कथामा मानसिक अभिघात

प्रस्तुत *द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा सङ्ग्रहीत कथा 'गोली' नरेन्द्रराज पौडेलद्वारा लिखित मनोवैज्ञानिक कथा हो । युद्धकालीन समयमा मानिसमा पर्न गएको सन्त्रासलाई यस कथाले प्रष्ट पारेको देखिन्छ । देशमा चलिरहेको हत्या र हिंसाको डरले मानिसमा पर्न गएको मनोवैज्ञानिक अभिघातलाई कथाले स्पष्ट पार्न खोजेको छ । सशस्त्र द्वन्द्वकालीन समयमा मानिसलाई हुने मानसिक तनाव, घरबाट बाहिर निस्किदा सुरक्षित घर फर्किने की नफिर्किने, कही बाहिर बाटाघाटामा अपरिचित व्यक्तिसँग भेट्दा उत्पन्न हुने आशङ्का जस्ता थुप्रै मानसिक सन्त्रास वा भयलाई कथामा अभिव्यक्ति गर्न खोजेको छ । प्रस्तुत कथामा मास्टर रामनाथ आफ्नो घरको पिँढीमा घाम तापेर बसेको बेलामा कहीबाट गोली आएर उनको घरको भित्तामा ठोकिन्छ । सोझ्ा रामनाथको त्यो गोलीले धन्न नाकलाई छोलाझैं गरेर कहीबाट आएको हुन्छ । गोलीको खोकालाई हेर्दै कहीबाट आफूलाई गोली प्रहार गरेको आशङ्का गर्दै ससङ्ग तर्सिन पुग्दछन् । यही कुरा उनको मनमा खेल्दै जाँदा उनी लगलग काम्न पुग्दछन् । उनले श्रीमतीलाई बोलाउन पुग्दछन् र चिटचिट पसिना निकाल्दै सबै वृतान्त सुनाउन पुग्दछ । यसरी कथामा मनोवैज्ञानिक अभिघातको प्रारम्भिक सङ्केतका रूपमा देखापर्दछ । श्रीमतीलाई घटनाको विवरण सुनाएपछि श्रीमतीमा पनि सन्त्रासको भावनाले मानसिकता रुग्न बन्न पुग्दछ । यसरी भित्तामा बजारिएको गोलीको बारेमा अनुमान गरेका विभिन्न शङ्का उपशङ्काले रामनाथ र उनकी धर्मपत्नीको मन छटपटिन थाल्छ । कुनै नौलो बिपत्ती आइलाग्यो भन्दै दुवै भावविह्वल हुन पुग्दछन् ।

कथामा एउटा अकस्मात आएको गोलीको खोकाबाट उब्जेको आशङ्काले रामनाथको मन छियाछिया हुन पुग्दछन् । उनी त्यो गोली बोकेर गाउँको चौबाटोको पसलमा जान पुग्दछन् त्यहाँ जम्मा भएका मान्छेका विभिन्न धारणाले रामनाथमा उब्जिएको अभिघात झन बढ्न जान्छ । भेला भएका मानिसमध्ये एउटा प्रहरीले चौकीमा जान भनेपछि रामनाथ झन चिन्ताले ग्रस्त हुन पुग्दछन् । मनमा विभिन्न सन्त्रास र आशङ्काका ज्वारभाटा उम्लिएपछि उनी बेलुका सुत्न पनि सक्दैनन् । हत्याहिंसा र विध्वंसको प्रत्यक्ष मूर्ति लाग्ने गोलीजस्तो संवेदनशील कुरा भेटिएपछि उनले सरकारलाई जाहेर गरेर गोली बुझाउनु पर्दछ भनेर अघिल्लो दिन खाल्टो खनेर पुरेको गोली बिहान गएर फेरि खोज्न थाल्दछन् । त्यही गोली लिएर जिल्ला प्रहरी कार्यालय जाने निधो गर्दछन् । जिल्लामा पुगेर पनि उनी जिप्रका जान सक्दैनन् । हरेक व्यक्ति, प्रहरी देखेमा उनी डरले अर्कै बाटो

लाग्दछन् । जिल्ला सदरमुकामबाट पनि केही नगरेर फर्केका रामनाथ बाटोमा आउँदै गर्दा पनि सानो खोलामा त्रसिद हुँदै बग्न पुग्दछन् । वरिपरिका बगरेले धन्न उनलाई मर्नबाट बचाउँदछन् । यसरी सामान्य घटनाबाट उब्जेको शङ्काले लङ्का जलाए जस्तै रामनाथ पूर्णरूपमा मानसिक अभिघातित बन्न पुग्दछन् ।

कथामा घटेको घटना मानवीय वा भौतिक कुनै क्षति पुऱ्याउन सक्ने नभएता पनि त्यसले जगाएको शङ्का वा सत्रास बढ्दै जाँदा कथाको मुख्य पात्र रामनाथ पूर्ण रूपमा अभिघातित पात्र बन्न पुग्दछन् र समग्र भन्नुपर्दा कथा नै अभिघातपरक बन्न पुग्दछ । यसरी मानसिक अभिघात हुनलाई कुनै ठुलो घटना, चोट पटक वा क्षति हुनु पर्दैन सामान्य रूपमा उब्जेको शङ्का पनि बढ्दै जाँदा मानिस पूर्णरूपमा अभिघातित बन्न पुग्दछ भने कुरा कथाबाट प्रष्ट भएको देखिन्छ ।

### ५.२.५ अर्कै मान्छे कथामा मानसिक अभिघात

ध्रुव सापकोटाद्वारा लिखित 'अर्कै मान्छे' कथामा माओवादी युद्धकालीन सन्त्रास एवं कारुणिक वातावरणलाई व्यक्त गरिएको छ । नोबेल साहित्य वार्षिक पत्रिका २०५९ मा प्रथम पटक प्रकाशित यो कथा प्रस्तुत *द्वन्द्व र युद्धका कथा* (२०६३) को लागि छनोटमा परेको हो । युद्धकालीन समयका अभिघातपूर्ण कथाहरूको सङ्कलन गरिएको प्रस्तुत सङ्ग्रहमा जस्तै यसकथामा पनि युद्धकालीन दर्दनाक पीडाहरू अभिव्यक्त भएका छन् । कथाकी मुख्य पात्र मङ्गली अभिघातित पात्र हो । गाउँमा भएको हत्या, अपहरण, बेपत्ता, हत्या जस्ता घटनाले अभिघातित बनिसकेकी मङ्गलीको कारुणिक अवस्थालाई नै कथाले मुख्य विषय बनाएको छ । मङ्गलीको अनुहारमा हाँसो कहिल्यै देखिँदैन भने शारीरिक रूपमा निकै दुब्ली पातली देखिन्छ । ऊ कसैसँग बोल्दिन । यी घटनाले कथाको सुरुमा नै पूर्वघटनाका कारण मङ्गलीमा अभिघात भैसकेको अनुमान गर्न सकिन्छ ।

कथामा श्रीमान् र श्रीमती भएको एउटा घरमा टुहुरी मङ्गली काम गर्न थालेको प्रसङ्गलाई अभिव्यक्त गरेको छ । युद्धकालमा रातमा घरमा प्रवेश गरेका मान्छेहरूले दिदीलाई लिएर गएपछि ऊ एक्ली हुनुपुग्छे । कामको खोजीको क्रममा आएर श्रीमान् र श्रीमतीको घरमा काम गर्न पुग्छे । उसले काम गरिरहेका घरका श्रीमान् श्रीमतीले उसलाई महिनावारी नभएको सङ्खात्मक विषय लिएर उसमाथि गर्भवती भएको हुनसक्ने र अर्काको बच्चा घरमा किन जन्माउने भन्ने विचारले मङ्गलीलाई उसकै घर फिर्ता पठाइदिन्छन् ।

उसले कारण थाहा पाउन धेरै अनुरोध गर्छे तर पनि केही नलागेपछि रुदै कराउँदै घर फर्किन्छे ।

कथामा सुरुको चरणमै मङ्गलीको शारीरिक बनोट, उसको चिन्ताग्रस्त मानसिक अवस्थाले कथामा अभिघातको लक्षण देखिएको थियो भने काम गर्ने घरबाट निकाले पश्चातको मङ्गलीको मानसिक तनाव उच्च विन्दुमा पुगेको देखिन्छ । कहाँ, कसरी, के खाएर बस्ने भन्ने कुनै ठेगाना नभएपछि बढेको चिन्ता र उसको रोइ कराईबाट उसमा पूर्ण रूपमा मानसिक अभिघात देख्न सकिन्छ ।

### ५.२.६ आतङ्कको आँसु कथामा मानसिक अभिघात

किशोर पहाडीद्वारा २०६२ मङ्सिरमा रचिएको 'आतङ्कको आँसु' द्वन्द्वकालीन समयको सन्त्रास, भय, करुणालाई यथार्थ रूपमा प्रस्तुत गरिएको कथा हो । कथाको मुख्य पात्र चेतनाथमा उनलाई दिइएको शारीरिक यातना र समाजको सन्त्रासपूर्ण वातावरणकै कारण मनोवैज्ञानिक अभिघात उत्पन्न भएको देखाएको छ । साँझ घरमा बसिरहेको चेतनाथलाई विद्रोही समुह आएर बोलाउँदा नै चेतनाथ त्रसित भएको हुन्छ । दुर्गा गणका सिपाहीसँग केही दिन अघि गरेको कुराकानीलाई लिएर उनीहरू सुराकी गरेको आरोप लगाएर घरतल खाली ठाउँमा लिएर सोधनी गर्न थाल्दछन् । आफूले केही सामान्य भलाकुसारी मात्र गरेको भए पनि आतङ्ककारीका अगाडि चेतनाथ थरथर कापेर होइन भन्न सक्दैन । धेरै डरका कारण चेतनाथको चेतनाथको भावना वा दिमाख अनियन्त्रित भई आफूलाई लागेको आरोपको प्रतिक्रिया गर्न सक्दैन । उसको शरीर लल्याकलुलुक हुन थाल्छ । यहीँबाट चेतनाथमा अभिघात सुरुवात हुन्छ । त्यसैगरी डरको कारण काप्नु, बोल्न नसक्नु, प्रतिक्रिया दिन नसक्नुले पनि चेतनाथलाई अभिघातका लक्षण देखिएको मान्न सकिन्छ । यसरी चेतनाथको शारीरिक एवं मानसिक क्रियाकलापका कारण विद्रोही समूह उनलाई साच्चिकै सुराकी नै हो ठानेर यातना दिन्छन् । गाउँलेहरू आइपुगेकोले उनको ज्यान भने बाँच्न सफल हुन्छ । तर यातनाका कारण उनमा दीर्घकालीन मानसिक अभिघात हुनजान्छ ।

कथामा समाजको आतङ्कको वातावरण, समाजमा घटेका विभिन्न घटना र चेतनाथमाथि भएको साङ्घातिक आक्रमण नै अभिघातको मुख्य कारण हुनजान्छ । फेरि ती आतङ्ककारीले आफूलाई मार्ने हुनकी भन्ने आशङ्का चेतनाथको मनमा जागिरहन्छ । त्यही कारण कुनै नयाँ मानिस देखेमा, कसैका हातमा केही हतियार देखेमा, बाटोघाटोमा कोही

मानिस उनीतिर आएमा उनको होसहवास नै उड्न थाल्छ । कथामा यस्ता अन्य प्रसङ्गहरू पनि अभिव्यक्त गरिएको पाइन्छ । चेतनाथ चिया पिरहेको पसलमा आएका दुई जना व्यक्तिले शौचालय सोधेकोमा चेतनाथ बम छोड्न सक्छन् भन्ने सङ्कात्मक कुराले त्रसिद हुनपुग्दछ । बाटोमा आफू हिँड्दै गर्दा आफूतिर आएको मान्छेलाई पहिले आफूलाई कुटपिट गर्ने मानिसको अनुहार उसमा देखेर धन्न अचेत अवस्थामा पुग्दछ । यस्ता घटना उसको मानसिक पटलमा आइरहनुले उसको मन पूर्णरूपमा अभिघात भइसकेको देखिन्छ । विगतद्धको समयमा आतङ्ककारीबाट उसमाथि भएको हिंसा र वेदनापूर्ण घटनाका कारण यस्तो भावना बन्नु स्वाभाविक पनि देखिन्छ । यसरी चेतनाथमा गहिरो आघात र घाउ भोग्नु परेकाले पछिल्ला हरेक समयमा पहिलेसँग सम्बन्धित वा मिल्दाजुल्दा घटना, प्रसङ्ग क्रियाकलाप देख्दा उसलाई पहिलेको घटनाको स्मरण हुन पुग्दछ र ऊ चेतनाशुन्य बन्दछ । यसरी कथाका समग्र घटना, चेतनाथलाई घरबाट बोलाई दुर्गा गणका सिपाहीसँगको वार्तालापसम्बन्धी सोधेको प्रश्नको उत्तर दिन थरथर काप्नुदेखि बाटामा एक्लै हिँड्दा आफूलाई अपाङ्ग बनाउने त्यही समूह भेटिन्छ कि भनेर डराउनु, कसैले बोलाउँदा नमस्ते गर्दा पनि झस्किनु, ट्वाल्ल परेर अरुलाई हेरेर बस्नु, अपरिचित मान्छे देख्दा डराउनु आदि घटनाले चेतनाथमा मनोवैज्ञानिक अभिघात भएको र कथालाई मनोवैज्ञानिक अभिघातयुक्त कथा बनाएको पुष्टि हुन्छ ।

### ५.२.७ आकाश अझै धुम्म थियो कथामा मानसिक अभिघात

*द्वन्द्व र युद्धका कथा* (२०६३) प्रस्तुत सङ्ग्रहमा समावेश गरिएको कथा 'आकाश अझै धुम्म थियो' सिर्जना शर्माले लेखेकी हुन् । कथामा माओवादी जनयुद्धमा देशमा भएको आतङ्क र त्यस आतङ्ककारी अवस्थामा सर्वसाधारणको मनमा उत्पन्न आशङ्का र सुरक्षाकर्मीको मनमा छाएको सन्त्रासलाई अभिव्यक्त गरेको पाइन्छ । कथामा चन्द्रलालको घर नजिकै भएको चौकीका सुरक्षाकर्मी त्रासका कारण चौकीमा बस्न नसकेको सर्वसाधारण घरमा बास बस्न गाउँतिर लागेको प्रसङ्ग देखाइएको छ । कथामा एकातिर सुरक्षाकर्मी त्रासदीपूर्ण मानसिकताका कारण चौकीमै बस्न नसक्ने अवस्थाको चित्रण गर्नु र कहिल्यै काहीँ बाध्य भएर चौकीमा बस्दा कोही समाचारै नसुन्नु, कोहीलाई निन्द्रानै नलाग्नु र निद्रा लागिहाले पनि आफूलाई विद्रोही पक्षले मारेको, आदि सपना देखिनुले युद्धकालीन समयमा सुरक्षाकर्मी मानसिक रूपमा छेदविछेद भइसकेको अवस्था देखाउँछ । अर्कोतिर सुरक्षाकर्मीले आतङ्ककारीको विल्ला दिने र विद्रोहीले सुराकीको आरोप लगाएर यातना दिइरहेका

सर्वसाधारण वर्गमा यो दुवै पक्ष नजिक हुँदा डराउने वा विभिन्न आरोप लाग्न सक्ने शङ्का बोकी डराउने मनोवृत्ति चित्रण गरिएको पाइन्छ ।

कथामा चन्द्रलालको घरमा बास बस्न आएका पुलिसलाई उसको बहिनीले सचेत गराएपछि पुरानो घटना बास बन्न आएका पुलिसले फुर्वा दाइको बुहारी माथि हातपात र जवरजस्ती गरेको घटना सम्झन्छ । अझै अहिलेको अवस्थामा पुलिसलाई बास दिँदा लाभमा विलाभ हुन सक्ने र कुन दिन दोहोरो भिडन्तमा घर नै खरानी हुने जस्ता आशङ्काले चन्द्रलाल लगायत उसका घरका सदस्यको मनमा विभिन्न किसिमको मानसिक सन्त्रास पैदा हुनपुग्दछ । त्यसै गरी विद्रोही समूहद्वारा चारैतिरका चौकीमा बम प्रहार गरेर धुलोपिठो बनाएका घटनाले चन्द्रलालका नजिकै रहेको चौकीका पुलिसहरू पनि आफू पनि त्यसै गरी मारिने त्रासका कारण रातको समयमा कार्यस्थल वरिपरि रहेका घरमा आश्रय लिन पुग्नु त्रसित अभिघातको परिणाम हुनगएको छ । यसरी कथामा समावेश भएका चन्द्रलाल, उसकी बहिनी र पुलिस सबैमा मनोवैज्ञानिक अभिघात रहेको देखिन्छ । सबैभन्दा बढी पुलिसहरूमा अभिघातित त्रासको भावना पैदा भएको प्रसङ्ग कथामा देखाइएको छ, जसलाई निम्न प्रकारको साक्ष्यहरूद्वारा प्रमाणित गर्न सकिन्छ ।

> कुरा गर्दागर्दै सिपाहीहरू चौकीमा पुगे । रात अलि छिपिएपछि सुत्न भनी आआफ्नो खाटमा सिपाहीहरू लम्पासर गरे । त्यसैबेला लामो सास फेरेर रमाइलो भाकामा हबल्दारले भन्यो ‘जय नेपाल’ भोलिसम्म बाँचिए आफ्नो कर्तव्य गरौँला, मारिगए स्वर्गतिरै भेटौँला ... ?’ र उसको ओढ्नेले मुख धपलक्क छोप्यो । अरु सिपाहीहरूले पनि ‘कुरो ठिक हो साब’ भन्दै लामो सास फेरे । उसँगैको एउटा हबल्दार भने रेडियो बजाएर गीत सुन्न थाल्यो । रेडियोले बिद्रोहीले सुरक्षाकर्मी मारेको खबर भन्ला भन्ने डरले आतिँदै एउटा सिपाहीले भन्यो- “हबल्दार साब समाचार आउने बेलामा चाहिँ अर्कोतिर लगाउँ है ? ... रेडियोको समाचार सुन्नुभन्दा नसुन्नु नै बेस । राम्रो खबर केही आउने हैन त्यसमा” । (पृ. १५२)

कथामा पुलिसहरू डराएर मर्न र बाँच्नेको कुरा गरिरहेका तथा समाचारमा पनि सुरक्षाकर्मी मारिएका मात्र सुनिने भएकाले त्यो सुन्न पनि पुलिसहरू डराएको कुरा व्यक्त

गरिएकोले कथा अभिघातमय देखिन्छ । त्यसै गरी पुलिस सुन्नै नसक्ने सुतेको उनी र उनको परिवार मरे मारिएको सपनाले त्रसित हुने प्रसङ्गले कथा पूर्ण रूपमा अभिघात देखिन्छ ।

### ५.२.८ रित्तो कथामा मानसिक अभिघात

गोविन्दराज भट्टराई र विष्णुविभ्र घिमिरेद्वारा सम्पादित प्रस्तुत सङ्ग्रह *द्वन्द्व र युद्धका कथा* मा सङ्कलित 'रित्तो' कथा राजेन्द्र पराजुलीद्वारा लेखिएको हो । कथामा सशस्त्र द्वन्द्वको परिणाम स्वरूप उत्पन्न अभिघातलाई देखाउन खोजेको छ । दश वर्षसम्म विद्रोही योद्धाका रूपमा काम गरी हत्याहिंसा जस्ता कार्यमा सङ्लग्न पात्र जीतबहादुरले भोगेका अभिघात कथामा व्यक्त गरिएको छ । कथामा उचनिच र गरिबी धनी जस्ता समाजका प्रथाले छियाछिया भएको जीतबहादुर त्यही प्रथाको अन्त्यको लागि विद्रोही समूहमा सङ्लग्न हुन्छ र थुप्रै हत्या, हिंसा र यातना जस्ता कुरामा सङ्लग्न हुन्छ । त्यस समयमा उसले गरेको आतङ्कलाई सम्भिदा ऊ भस्किन पुग्दछ र एक किसिमको बेचैनी, छटपटाहट र पश्चातापले ऊ पिरोलिन्छ । कथामा जीतबहादुर एक शालीन समाजका सबै संस्कार मान्ने सबै ज्ञान भएको व्यक्ति हो । तर समाजका केही ठूला वर्गले तल्लो जातको भनेर गरेको व्यवहारले ऊ मानसिक असन्तुलनमा आएको देखिन्छ । त्यस पश्चात जितबहादुर काम विशेषले सदरमुकाम गएको समयमा फर्किदा भिडन्तेहरूले उसको घरलाई कवच बनाई घरका सबै परिवार सहित घर ध्वस्त पारेको देख्दा ऊ एक्कासी सात गाउँपरसम्म पुग्ने गरी चिच्याएर मानसिक सन्तुलन बिगारेको देखिन्छ । तर जितबहादुरको मानसिक सधैँका लागि भने गुमेन फर्कियो । जितबहादुरले यो शोषण, ठुलो सानो, जातभात सबैको अन्य व्यवस्था परिवर्तन हो भन्ने ठानेर बन्दुक बोक्छ र एउटा चरा समेत नमारेको जितबहादुर दश वर्ष अँध्यारोमा यात्रा गरी कति आफन्त, कति सर्वसाधारण माथि गोली चलायो । कति मन्दिर भत्कायो उसलाई यो कुराको चेतना नै भएन । यति मात्र नभएर दोहोरो लडाइमा जितबहादुर अगाडि सर्नु, मर्नको कुनै डर नमान्नुले पनि उसको मानसिक असन्तुलनलाई अभिव्यक्त गर्दछ । जितबहादुरको मानसिक असन्तुलन वा अभिघातलाई देखाउने एउटा कथाको साक्ष्य यसप्रकार प्रस्तुत गर्न सकिन्छ ।

> उसको हातमा दशैं तिहार छैन, श्राद्ध, सङ्ग्रान्ति छैन, दिनहुँ जाने मन्दिर छैन अर्थात् यो संस्कार संस्कृतिहीनताको पीडा विगत पाँच वर्षदेखि अत्यन्तै

> कठिनताका साथ भोगिरहेछ । यो पीडाले उसलाई कयौँ पटक आत्महत्याको सोचमा समेत डुबाइसकेको छ यी वर्षहरूमा । (पृ. १८०)

कथामा जितबहादुरमाथि बारम्बार घटेका घटनाले मानसिक पीडा मात्र हैन मानसिकता असन्तुलित नै भएको देखिन्छ । तर जितबहादुरमा उत्पन्न मानसिक अभिघात दीर्घकालीन नभएर क्षणिक हुनजान्छ । यसरी कथामा जितबहादुरमाथि भएका विभिन्न घटनामा ऊ मानसिक अभिघातित बन्न पुग्दछ र फेरि पुनःस्मृतिमा आउँछ फेरि अर्को घटना घट्छ र फेरि अभिघातित बन्छ । यो प्रक्रिया दोहोरिरहेको देखाइएको छ ।

### ५.२.९ जननी जन्मभूमिश्छ कथामा मानसिक अभिघात

*द्वन्द्व र युद्धका कथा* (२०६३) सङ्ग्रहमा प्रस्तुत भएको 'जननी जन्मभूमिश्छ' मनोवैज्ञानिक कथा हो । कथामा मुख्यतः युद्धकालीन समयमा सुरक्षार्थमा खटिएका पुलिस वा सरक्षाकर्मीको त्रासदीपूर्ण मानसिकतालाई देखाएको छ । सुरक्षार्थमा अझै रात्रीकालीन अवस्थामा पहरामा खटिएका पुलिस वा आर्मी मनोवैज्ञानिक रूपमा कति त्रस्त थिए भन्ने कुरा कथाले देखाएको छ । कथामा अँध्यारो रात त्यसैमा पनि बिजुली गएको बेलामा पहरा (ड्युटी) मा खटिएका सिपाही रातभरि डरको मानसिकताले कुनै वस्तुभाउ देखे पनि डराउने, डरेको दृष्टिभ्रमको कारण केही हलचल गरी हिँडेको जस्तो लाग्ने कुरालाई देखाउन खोजिएको छ ।

कथामा आफ्नो कर्तव्यबोधले सिमन्टीको खम्बाझैं अविचलित र कठोर सिपाही त्रसित मानसिकताका कारण अचानक कठोर गर्जनका लहरहरू फैलाउँदै हल्ट ! हल्ट ! भन्न थाल्छ । बन्दुकको कमानीमा औँला राख्दै उसले देखेको छायातर्फ हेर्छ । उता त केही हुँदैन । यसै गरी उसका रातहरू बितेका हुन्छन् । बख्तरबन्द गाडी चक्करमा आएको बेला केही क्षणको लागि उसको मन सामान्य वा चिन्तामुक्त हुन्छ, फेरि गाडी गएपश्चात ऊ त्यही डरको अवस्था आइपुग्छ । डरले मस्तिष्क असन्तुलन हुँदा ऊ फेरि दृष्टिभ्रममा पर्न थाल्दछ । ऊ यसरी डराएर असन्तुलन भएको एउटा साक्ष्य यसप्रकार छ ।

> साँच्चै त्यो छायाँ अझ बढी चल्मलाएझैँ देखियो । त्यो भ्रम थिएन स्पष्ट थियो, अध्यारोमा एउटा आकृति । पचास मिटर जति टाढाबाट यतै

आइरहेको । अब डरले उसका सबै रोमकुपहरू सुन्निए । 'हल्ट !' ऊ उत्तेजित भयो र करायो । (पृ.१०९)

कथामा यसरी सुरक्षामा खटिएको सिपाहीको मनोदशालाई देखाएको छ । डर र त्रासले ऊ अँध्यारो रातमा डराएर मानसिक सन्तुलन गुमाउन परेको छ जसको कारण कथा नै अभितित बन्नपुगेको छ ।

**५.२.१० माओवादी कथामा मानसिक अभिघात**

गोविन्द गिरी प्रेरणाद्वारा २०५७ जेठ महिनाको साधना पत्रिकामा प्रकाशित 'माओवादी' कथा प्रस्तुत सङ्ग्रह *द्वन्द्व र युद्धका कथा*को लागि छनोट भएको हो । कथामा युद्धरत समयको यथार्थता र सर्वसाधारण युद्धमा लाग्नुको कारण अभिव्यक्त भएको छ । देशमा तत्कालीन समयमा चलिरहेको राजनीतिक परिवेशको कारण व्यक्ति क्रान्तिमा होमिनु परेको यथार्थतालाई कथाले अभिव्यक्त गरेको छ । मानिस माओवादी हुनुका अनेक कारण थिए । जसमध्ये तत्कालीन सामाजिक विकृति, राजनैतिक गुन्डागर्दी र अन्यायबाट मुक्तिको खोजी प्रमुख थियो । कथामा रामेश्वर क्षेत्री (माओवादी) एउटा यस्तै पात्र हो, जसले जनआन्दोलनमा स्वतन्त्रताको लागि लाग्यो प्रजातन्त्र पश्चात समाजमा झन विकृति आयो । उसको गाउँ सखाप भयो, छोरीलाई बलत्कार पश्चात मारियो, श्रीमतीलाई मारियो, उसले केही कही न्याय नपाएपछि ऊ मानसिक पीडा र न्यायको आशमा माओवादी बन्न पुगेको छ । रामेश्वरमा आन्दोलनको पिटाइपछि अझ त्यसभन्दा बढी उसको छोरी र श्रीमतीको साङ्घातिक मृत्युपश्चात मानसिक अभिघात देखिएको पाइन्छ ।

त्यसै गरी कथामा युद्धका कारण तल्लो श्रेणीका सुरक्षाकर्मी र सुरक्षाकर्मीका परिवारमा देखिएको मानसिक तनावलाई प्रस्तुत गर्न खोजिएको छ । कथामा प्रहरी निरीक्षक र उसको परिवारमा भएको मानसिक तनाव अझै सबैभन्दा बढी त प्रहरी निरीक्षक खटाइएको इलाकाका प्रहरी जो भर्खरै भएको भिडन्तमा बाँच्न सफल भएका थिए, तिनीहरमा भएको मानसिक सन्त्रासलाई देखाएको छ । सुरक्षाकर्मीका परिवार युद्धरत समयमा मानसिक पीडामा बाँचिरहेका थिए । प्रहरी निरीक्षकको श्रीमतीले नराम्रा सपना देख्नु, सरुवा हुँदा रुवाबासी गर्नु, काठमाडौँ छोड्दा सबै आफन्तले कोलाहल मच्याउनुले ती परिवारमा रहेको सन्त्रास र भयको रुग्ण मानसिकताको सङ्केत हो । त्यसै गरी कथामा सुरक्षाकर्मीको मानसिक पीडा वा अभिघातलाई पनि देखाएको छ । प्रहरी निरीक्षकले रोल्पा सरुवाको चिठी

पढ्दा आफूले टेकेको जमिन भासिएर घाँटीसम्म पुरिएको अनुभव गर्नु, इलाकाका प्रहरीको आँखामा आतङ्कको कालो बादल मडारिइरहेको देखिनु, नीला ओठ र निरुतर आँखा हुनु, युद्धमा भगवान्ले मलाई बचाएजस्ता अभिव्यक्ति दिनु जस्ता कुराले सुरक्षाकर्मीको अभिघातित मानसिकता दर्शाउँछ । यसरी कथामा माओवादी, सुरक्षाकर्मी र उनका परिवारमा रहेको रुग्न मानसिकताको चित्रण गरेकोले कथामा पूर्ण रूपमा मानसिक अभिघात पाइएको पुष्टि हुन्छ ।

### ५.२.११ धराप कथामा मानसिक अभिघात

*द्वन्द्व र युद्धका कथा* (२०६३) मा सङ्कलित प्रस्तुत कथा 'धराप' रोशन थापा 'निरव'ले लेखेका हुन् । धराप कथा मानसिक आघातमा आधारित कथा हो । देशमा चलेको द्वन्द्व र युद्ध वा बम, गोलीबाट सर्वसाधारण वर्ग त्रसित भएको यथार्थ स्थितिलाई कथाले अभिव्यक्त गरेको पाइन्छ । यही त्रसित मानसिकताको कारण धरापमा ऊ पात्र फोहोरको पोकोलाई फोहर बम सम्झेर संवेदनाहिन बन्न पुगेको छ । लडाइको कारण हतियारको प्रयोग जताततै भएको र विस्फोट, धराप, मृत्यु, अङ्गभङग जस्ता घटना सामान्य भएका कारण मानिस आतङ्कित भएको प्रसङ्गले कथा अभिघातपूर्ण बनेको छ । अर्कोतिर शङ्काले लङ्का जलाउँछ भने जस्तै मानिसहरूको मनमा उब्जेको सानो शङ्काले कस्तो परिणाम ल्याउँछ वा सानो शङ्काले मानिस कस्तो छेदविछेदको अवस्थामा पुग्नसक्छ भन्ने कुरा कथामा रहेको पाइन्छ । बेलुका हतारमा घर फर्किन लागेको ऊ पात्रको खुट्टाले केही ओसिलो बस्तु कुल्चेको महसुस गर्दछ । ऊ झसङ्ग तर्सिन पुग्दछ । उसको शरीरमा एकैछिनमा रगत रसाएर उम्रेजस्तो अनुभव गर्छ र कसैले दिमाखमा फोहोर बम भनेर साउती गरेको अनुभव गर्दछ । त्यस पश्चात भने उसको मनको त्रसित भावनाले जाडो महिना भए पनि पसिना खलखल्ति बग्न थाल्छ । उसले खुट्टाले च्यापेको त्यो फोहोर बम छोडे पड्किएर शरीरको चोक्टा चोक्टा हुने कल्पना गर्छ । ऊ हलचल नगरी अब मर्न बाहेक कुनै अन्य उपाय नभएको कल्पना गर्न पुग्दछ । उसले चाँडै बेलुका औषधी लिएर खुवाउनु पर्ने आमाबुबालाई सम्झिन्छ । त्यसै गरी साथीहरूलाई आजको दिनको भेट नै अन्तिम रहेछ भनेर सम्झिन्छ । त्यसपछि बिहे गर्न तयारीमा रहेको प्रेमिकालाई यो जुनिमा बिहे हुन सकेन भनेर सम्झियो । उसले खुट्टा दरो गरी त्यो वस्तुलाई कुल्चिरहेकै थियो किनकी ऊ त्यो छोड्दा बित्तिकै पट्किनेछ भन्ने पूर्ण आशङ्काले भयभित भैसकेको थियो । सम्झिने क्रममै उसले भाइबहिनी, अन्य घरपरिवार, समाज, समग्र राष्ट्रको बारेमा एक एक गरी सम्झन्छ । अन्तिममा अब मर्नु बाहेक केही विकल्प नै नसम्झी त्यो फोहरबमलाई लातिले कसिएर

हान्छ । उसले यो जोरसँग विस्फोट हुनेछ मेरो शरीर चिथराचिथरा हुनेछ भन्ने सोचेको थियो । तर त्यो त केही भत्तको आवाजमा पर पुग्छ । ऊ अचम्ममा परेर हेर्दछ त्यो त केही फोहोर जम्मा गरेर बाँधिएको फोहोरको पोको हुन्छ । ऊ मान्छेको त्रासमय जीवनलाई धिक्कार्न पुग्दछ । यसरी कथामा सुरुदेखि अन्त्यसम्म त्यही बमसम्बन्धी पात्रका मनमा जागेको डरलाई केस्रा केस्रा गरी केलाइएको देखिन्छ । त्यही शङ्काले उब्जाएको डरले पात्र पूर्ण रूपमा अभिघातित भएको प्रसङ्गले कथा तयार भएको कारण कथामा पूर्ण मानसिक अभिघात रहेको देखिन्छ ।

## ५.३ निष्कर्ष

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्ग्रमा सङ्कलित कथाहरूका पात्रमा सामान्यतया युद्धकालीन समयका पीडा सबै कथामा पाइन्छ । त्यसैमा पनि उपर्युक्त मानसिक अभिघात शीर्षकमा विश्लेषण गरिएका कथाहरूमा युद्धले संहार गरेको मानववस्ती र चोटैचोटले विक्षिप्त बनेका मनका पीडा एवम् अनुभूतिलाई व्यक्त गरिएको हुँदा उक्त कथाहरूमा मानसिक अभिघात चेतना प्रचुर मात्रामा अभिव्यञ्जित छ । युद्धकालीन सन्त्रास र आतङ्कमय वातावरणको चित्रण, हरेक पल, भय, त्रास र डर रहने मानसिक पीडा यी कथामा रहेको छ । यी कथाका पात्रहरूमा निराशा, कुण्ठा, विक्षिप्तता रहेको छ ।

कथामा सबैभन्दा बढी विद्रोही पक्षको यातना वा पीडाबाट मनोवैज्ञानिक अभिघात भएको पाइन्छ । त्यसैगरी युद्धजन्य घटनाका भोक्ता तथा द्रष्टाका रूपमा भोक्ताको मानसिक अभिघातलाई धेरै कथामा अभिव्यक्त गरिएको छ । विद्रोही पक्षभन्दा पछि सरकारी सुरक्षाकर्मीका कारण पाएको मानसिक अभिघात यी कथाहरूमा पाइन्छ । सुरक्षाकर्मीकै कारण आफन्त गुमाउनु पर्दाको पीडा, कुनै आरोपमा स्वयम्ले पाएको पीडाका कारण मानसिक अभिघातित बन्न पुगेको प्रसङ्ग पनि कथामा पाइन्छ । कथामा माथिल्लो वर्गभन्दा निम्न, मध्यम स्तरीय वर्ग तथा सर्वसाधारण अर्काको मजदुरी गरेर खाने वर्ग बढी अभिघातित भएको देखाइएको छ ।

उपर्युक्त कथा मध्ये केही कथामा भने तत्कालीन राज्यसत्ताको कारण बाध्य भई क्रान्तिमा लागेका र सरकारी संमत्र एवं सुरक्षाकर्मीको यातनाका कारण मानसिक रूपमा अभिघातित बनेको कुरा पनि अभिव्यक्त छ । उनीहरू मानसिक पीडा वा अभिघात बोकेर त्यसको समनको लागि युद्ध लडिरहेको कुरा अभिव्यञ्जित छ । त्यसैगरी कुनै कथामा

सरकारी सुरक्षाकर्मीमा देखिएको मानसिक अभिघातलाई पनि अभिव्यक्त गरेको छ । घर परिवारको हातमुख जोड्नलाई पनि जागिर गर्नुपर्ने तर जागिर गर्दा कति खेर, कहाँ आतङ्ककारीको निसाना भइन्छ भन्ने त्रासका कारण सुरक्षाकर्मी मानसिक रूपमा क्षेद विक्षेद भएको घटना पनि कथाहरूमा समावेश गरिएको छ । समग्रमा सबै पक्षमा मानसिक अभिघात हुनुको मुख्य कारक तत्त्वको रूपमा जनयुद्धलाई बनाएको र सबै पात्रमा देखिएको अभिघातले नकारात्मक असर पारेको देखिन्छ ।

# छैटौं परिच्छेद

# सारांश तथा निष्कर्ष

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघात शीर्षकको प्रस्तुत शोधप्रबन्ध छ परिच्छेदमा विभाजित छ । जसमध्ये प्रथम परिच्छेद शोध परिचय र अन्तिम परिच्छेद सारांश तथा निष्कर्ष प्राय शोधमा अनिवार्य रूपमा आउने खण्ड हुन् । अनुसन्धानको दोस्रो परिच्छेदको रूपमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा विषयगत सन्दर्भ रहेको छ भने तेस्रो परिच्छेदमा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघातजन्य पक्ष रहेको छ । त्यसै गरी शोधको चौथो र पाँचौं परिच्छेदमा क्रमशः *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा शारीरिक अभिघात तथा *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा मानसिक अभिघात रहेको छ ।

## ६.१ सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचय खण्डमा विषयपरिचय, समस्याकथन, शोधको उद्देश्य, पूवकार्यको समीक्षा, शोधविधि, शोधको सीमाङ्कन, शोधको औचित्य, शोधप्रबन्धको रूपरेखासम्बन्धी विवरण प्रस्तुत गरिएको छ जसमा शोधप्रबन्धको समग्र प्रस्थापना गरिएको छ ।

शोधको दोस्रो परिच्छेद *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा विषयगत सन्दर्भमा सङ्ग्रहको राजनीतिक, सामाजिक सन्दर्भ सङ्ग्रहका कथाको विवरण, अभिघातपरक विषय जस्ता शीर्षक रहेका छन् । *द्वन्द्व र युद्धका कथा* सङ्ग्रह दशवर्ष लामो युद्धले देश तहसनहस पारेको राजनीतिक एवं सामाजिक परिवेश समेटिएका कथाहरूको सङ्ग्रह हो । अभिघातपरक विषयवस्तुका दृष्टिले प्रस्तुत कथा सङ्ग्रहका कथाहरूलाई हेर्दा दशवर्ष लामो युद्धलाई हेर्ने विभिन्न दृष्टिकोणलाई समेट्ने प्रयास गरिएको छ । युद्धलाई हेर्ने दृष्टिकोणमा १९ ओटा कथा सर्वसाधारण वर्गलाई समर्थन गरी लेखिएका छन् भने ४ ओटा कथा राज्यपक्ष वा सुरक्षाकर्मीलाई समर्थन गरी लेखिएका छन् । त्यसैगरी २ ओटा कथा भने माओवादी युद्धलाई समर्थन गरी लेखिएका छन् । सर्वसाधारणलाई समर्थन गरी लेखिएका १९ ओटा कथामा 'अब तँ घर जान पाउँछस्' र 'मैले कुखुरा बासेको सुने' कथा विदेशी परिवेशमा रहेका छन् । कथाहरूका धेरैजसो दशवर्से माओवादी जनयुद्धसँग सम्बन्धित सन्दर्भ छन् भने केहीमा

निरङ्कुश विरुद्ध जनआन्दोलनका घटना तथा नेपाल लगायत विश्व परिवेशमा चलेका साम्प्रदायिक युद्धका विषयवस्तु रहेका छन् ।

अध्ययनकार्यको तेस्रो परिच्छेदका रूपमा आएको *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा अभिघातजन्य पक्षमा सन्त्रास एवम् आतङ्क तथा कारुणिक र बीभत्स जस्ता शीर्षक रहेका छन् । कथा सङ्ग्रहका २५ ओटा कथामध्ये १७ ओटा कथामा सन्त्रास एवं आतङ्क रहेको छ भने १५ ओटा कथामा कारुणिक र बीभत्स पक्ष रहेको छ । माओवादी युद्धको सुरुवातदेखि अन्त्यसम्म देशमा दर्दनाक घटना भइरहे । देशमा अपहरण, धम्की र हत्याका शृङ्खला बढिरहे । डर लाग्दो युद्धहरू, दोहोरो भिडन्त, धराप, मृत्यु, अत्याचार, अङ्गभङ्ग, घाइते, विस्तापित, देश छोड्नु पर्ने अवस्था जस्ता घटनाले कथालाई सन्त्रस्त एवं कारुणिक बनाएको पाइन्छ । मुख्यतः कथाहरूमा देशमा चलेको भिषण युद्ध, शारीरिक तथा मानसिक हिंसाका पीडादायी घटना भोगेर, देखेर र सुनेर मानिसहरूमा त्रास एवं करुणा छाएको कुरा कथामा पात्रका माध्यमबाट देखाइएको छ ।

शोधकार्यको चौथो परिच्छेद *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा शारीरिक अभिघातमा सङ्ग्रहका कथाहरूमा रहेको शारीरिक अभिघातलाई सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । सङ्ग्रहका ११ ओटा कथामा शारीरिक अभिघात रहेको र तिनैलाई यस अध्ययनमा विश्लेषण गरिएको छ । कथाहरूमा शारीरिक अभिघात हुनेमा बढी भन्दा बढी महिला, केटाकेटी र वृद्धवृद्धा रहेको देखाइएको छ । कथामा द्वन्द्वले सृजना गरेका शारीरिक हिंसा र हत्याका कारण उत्पन्न भएको शारीरिक अभिघातको प्रस्तुति पाइन्छ । राज्य पक्ष, विद्रोही पक्ष, सरकारी सुरक्षाकर्मी, राजनीतिक पार्टीका व्यक्तिहरू तथा सामन्ती प्रवृतिका मानसिहरूका हिंसात्मक व्यवहारबाट मानिसले शारीरिक यातना भोगेको विषयलाई कथामा प्रस्तुत गरिएको छ । खुकुरीले काटेको, गोली लागेको, बम विस्पोटमा परेको, खम्बामा बाधेको, लट्ठीले पिटेको, अश्रुग्यास छोडेको, यौनहिंसा गरेको, बुट वर्षाएको, औला थिचेको, जस्ता हतियार र क्रियाकलापबाट पात्रहरू शारीरिक रूपमा अभिघात भएको घटना कथाहरूमा देखाइएको छ ।

शोधप्रबन्धको पाँचौं परिच्छेद *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा मानसिक अभिघात रहेको छ । सङ्ग्रहका ११ ओटा कथामा मानसिक अभिघात पाइएको छ । मानसिक अभिघात हुनेमा पनि महिला, केटाकेटी र वृद्धवृद्धा नै बढी देखिएका छन् । समग्र युद्ध र

युद्धशील पक्ष नै मानसिक अभिघातको कारण बनेको पाइन्छ । द्वन्द्वजन्य शारीरिक तथा मानसिक हिंसाका पीडादायी घटना भोगेर, देखेर र सुनेर उक्त पीडादायी घटनाका भोक्ता, द्रष्टा र श्रोतामा मानसिक पीडा उत्पन्न भएको कुरा कथाहरूमा प्रस्तुत गरिएको छ । परस्परको द्वन्द्व, वैमनश्यता, सङ्खा, अविश्वास, रिस, पूर्वाग्रह, प्रतिशोध जस्ता मानसिक तनाव कथाका पात्रमा देखाइएको छ । त्यसैगरी शोषण, दमन, उत्पीडनको मुक्तिको चाहना, विद्रोह, युद्ध र हिंसाको आकाङ्क्षा राख्नेलाई त्यसको परिणामस्वरूप अभिघात भएको प्रस्तुति पनि कथामा पाइन्छ । त्यस्तै घरमुली नहुँदा परिवारमा हुने डर, घरको सदस्य युद्धमा संलग्न हुँदा, मारिदा, अपहरण वा वेपत्ता हुँदा वा सेना, प्रहरीमा जागिर खान जाँदा घरमा महिला वा केटाकेटीले पाएको मानसिक तनाव, कुण्ठा, अभिषाप जस्ता कारणले व्यक्ति मानसिक अभिघात बन्न पुगेको कुरा पनि कथामा अभिव्यक्त भएको पाइन्छ ।

यस शोधप्रबन्धको परिच्छेद छमा शोधकार्यको सारांश र निष्कर्ष दिइएको छ । यसमा एक परिच्छेददेखि अन्तिम परिच्छेदसम्म के-के कार्य गरियो । ती कार्यको मुख्य सार संक्षिप्त रूपमा राख्ने काम गरिएको छ । यसका साथै यस परिच्छेदमा आफ्नो विचारसहितको समग्र निष्कर्ष निकाल्ने कार्य गरिएको छ ।

## ६.२ निष्कर्ष

*द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथाहरू अभिघात अध्ययनको दृष्टिले सशक्त रहेका छन् । यस सङ्ग्रहका कथामा अभिघातजन्य पक्ष प्रशस्त मात्रामा रहेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत कथाका पात्रमार्फत् द्वन्द्वपीडित आम नागरिकहरू अभिघातित बनेको घटना अभिव्यक्त गरिएको छ । कथाहरूमा अभिघातजन्य पक्ष, सन्त्रास, आतङ्क, करुणा र बीभत्स प्रचुर मात्रामा पाइएको छ । यिनै आतङ्क, डर, ईष्या, शङ्काका कारण कथामा रहेको अभिघातको शोधप्रश्नका आधारमा समग्र निष्कर्ष यस प्रकार निस्केको छ ।

१. शोधको *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा के कस्ता विषयगत सन्दर्भ रहेका छन् ? भन्ने प्रश्नको उत्तरमा यस्तो निष्कर्ष रहेको छ :

(क) गोविन्दराज भट्टराई र विष्णुविभु घिमिरेद्वारा सम्पादन गरिएको *द्वन्द्व र युद्धका कथा* कथा सङ्ग्रह २०६३ भन्दा अगाडि दशवर्ष भित्रको युद्धकालीन समयका अपहरण, बेपत्ता, पलायन, भय, जनआन्दोलन, द्वन्द्व र मृत्यु जस्ता विषयवस्तु समावेश गरी लेखिएका २५ जना लेखकका २५ ओटै कथा छानी तयार पारिएको हो ।

(ख) तत्कालीन एकदमै दु:खपूर्ण, सन्त्रासमय एवं सङ्कटपूर्ण नेपाली राजनीतिक सामाजिक अवस्थाको यथार्थ प्रस्तुती यी कथाहरूमा पाइन्छ । सङ्ग्रहका कथाहरू अभिघात समन गर्न अभिघात सिद्धान्तका मान्यतालाई बोध तथा अवलम्बन गरेर लेखिएका सोद्देश्य रचना भने होइनन् ।

(ग) राजनीतिक घटनालाई हेर्ने हो भने कथाहरूमा धेरै कथा माओवादी युद्ध र केही कथाहरू निरङ्कुश राजतन्त्र विरुद्ध चालिएको क्रान्तिसँग सम्बन्धित छन् । माओवादी युद्धसँग सम्बन्धित कथाहरूमा धेरै कथाहरू सर्वसाधाणलाई पक्षपोषण गरेर लेखिएका छन् ।

(घ) प्रस्तुत सङ्ग्रहका कथाहरूमा व्यक्ति, परिवार, समाज तथा समग्र राष्ट्रका प्रतिनिधिमूलक पात्र रहेका छन् । कथामा भएका सबै पात्रहरू पीडक र पीडित वर्गमा विभाजित छन् । प्राय: धेरै पात्रहरू डर, त्रास, भय, करुणा वा समग्रमा भन्दा अभिघातित छन् ।

२. शोधको दोस्रो समस्या *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा के कस्ता अभिघातजन्य पक्ष रहेका छन् ? को उद्देश्यका लागि निम्नलिखित निष्कर्ष निस्केको छ :

(क) अभिघात विश्लेषणको एउटा प्रमुख पक्षको रूपमा रहेको सन्त्रास एवं आतङ्क भन्नाले क्रमश: द्वन्द्व र युद्धले हडबडाएको अवस्था, व्याकुलता, छटपटी वा ठूलो डर र सन्देह, आसङ्का, माहामारी, अन्याय, अत्याचारलाई जनाउँछ । *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहमा सङ्कलित कथाहरूमा युद्धकालीन समयको, भय, डर, आतङ्क, अन्याय, अत्याचार देखाएको हुँदा ती कथाहरूका पात्रमा सन्त्रास र आतङ्कमयी भावना अभिव्यक्त भएको छ ।

(ख) अभिघातको अर्को विश्लेषणीय पक्ष कारुणिक तथा बीभत्स भन्नाले क्रमश: घत लाग्दो दु:ख र घृणा लाग्दो अवस्था हो । यस सङ्ग्रहका कथामा द्वन्द्व र युद्धका मारमा परेका विशेष गरी महिला केटाकेटी र वृद्धवृद्धाको कारुणिक अवस्था देखाइएको छ भने युद्धमा परेर काटिएका, सडेको, गनाएका लासले, कथामा बीभत्स अवस्था ल्याएको देखिन्छ ।

३. अध्ययनको तेस्रो समस्याकथन *द्वन्द्व र युद्धका कथा* सङ्ग्रहका कथामा शारीरिक तथा मानसिक अभिघातको अभिव्यक्ति कसरी गरिएको छ ? भन्ने समस्याको सम्बन्धमा यस्तो निष्कर्ष आएको छ :

(क) अध्ययनको एउटा मुख्य पाटो शारीरिक अभिघात हो । मानवीय वा प्राकृतिक जुनसुकै कारण दुर्घटना हुन गई मानिसको शरीरमा भएका पीडायुक्त घाउ, चोटपटकलाई शारीरिक अभिघात भनिन्छ ।

(ख) *द्वन्द्व र युद्धका कथाका* पात्रहरूमा युद्ध, हिंसा, अपहरण, विस्तापित, आदि कारण घातक वा गहिरा चोटपटक लागेको कारण कथाहरूका पात्रहरूमा शारीरिक अभिघात देखिन गएको छ । खासगरी माओवादी वा सुरक्षाकर्मीको आक्रमण, प्रत्याक्रमण तथा दोहोरो भिडन्तमा परेर शारीरिक अभिघात भएको देखाइएको छ । शारीरिक अभिघात हुनेमा प्राय सर्वसाधारण वर्गका महिला, केटाकेटी तथा वृद्धवृद्धा रहेका छन् ।

(ग) शोधको अर्को विश्लेषणीय पक्ष मानसिक अभिघात हो । कुनै पनि प्राकृतिक वा मानवीय कारण मानिसको मनमा परेको गहिरो चोट वा आघातलाई मानसिक अभिघात भनिन्छ । साहित्यको क्षेत्रमा मानसिक अभिघातले बढी महत्त्व पाएको हुन्छ ।

(घ) प्रस्तुत अध्ययनका अध्ययनीय कथाहरूमा तुलनात्मक रूपमा मानसिक अभिघात बढी मात्रामा पाइएको छ । पात्रहरूमा तनाव, चिन्ता, आक्रोष, प्रतिशोध र शारीरिक गहिरा चोटका कारण पनि मानसिक अभिघात भएको देखिन्छ । समग्रमा भन्दा द्वन्द्वकालीन समयका युद्ध, हिंसा, अपहरण, मृत्यु जस्ता पक्ष नै मानसिक अभिघातका मुख्य कारण हुन् । मानसिक अभिघात हुनेमा प्राय महिला, केटाकेटी तथा वृद्धवृद्धा रहेका छन् भने उनीहरू द्रष्टा र भोक्ताका रूपबाट अभिघातित बन्न पुगेका छन् ।

समग्रमा भन्दा द्वन्द्व र युद्धसँग सम्बन्धित घटनालाई यथार्थ रूपले देखाउँदै विभिन्न लेखकले लेखिएका कथाहरूको सङ्ग्रह *द्वन्द्व र युद्धका कथा* हो । सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा युद्धकालीन अभिघातपरक विषयवस्तु रहेको छ । तत्कालीन परिवेशमा घटेका

विभिन्न हिंसात्मक घटनाका सन्दर्भलाई कथाका विषयवस्तु बनाइएका छन् । कथामा रहेका सबै पात्र द्वन्द्व र युद्धको त्रासका कारण कुनै न कुनै किसिमको अभिघातमा परेका छन् । द्वन्द्व र हिंसाको यथार्थ लेखनको परिणति स्वरूप देखिएका सन्त्रास, आतङ्क, करुणा, बीभत्स तथा शारीरिक एवं मानसिक अभिघात कथाका अभिव्यक्तिगत दृष्टिले महत्त्वपूर्ण पक्ष हुन् जसले समकालीन समयको द्वन्द्व एवं युद्धजन्य अभिघात र अभिघातका पक्षलाई सचेत असचेत रूपमा सजीव अभिव्यक्ति दिएका छन् । कथामा देखिएको अभिघातको कारक तत्त्व भने युद्ध, निरकुङ्शताका विरुद्ध चलेको आन्दोलन रहेको छ । यिनै अभिघातका सन्त्रास, आतङ्क, कारुणिक तथा बीभत्स जस्ता महत्त्वपूर्ण पक्षका कारण प्रस्तुत विश्लेषित सङ्ग्रह माथि गरिएको अनुसन्धान कार्य आफैँमा विशिष्ट रहेको छ ।

# सन्दर्भ सामग्रीसूची


अधिकारी, ज्ञानु (२०७५), 'युद्धकालीन नेपाली कवितामा अभिघात', *वाङ्मय,* अङ्क १६, पृ. ४६-५५ ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स ।

गिरी, शान्तिमाया (२०६९), "छापामारको छोरो सङ्ग्रहमा अभिघात", अप्रकाशित शोधप्रबन्ध, काठमाडौँ : त्रिभुवन विश्व विद्यालय ।

गिरी, शान्तिमाया (२०७५), *आधुनिक नेपाली कथामा अभिघात,* काठमाडौँ : शब्दार्थ प्रकाशन ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी ।

गौतम, लक्ष्मणप्रसाद (२०६३), *समकालिन द्वन्द्व कथा* (सम्पा), काठमाडौँ : पैरवी प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६७), 'उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप', *भृकुटी,* पूर्णाङ्क १०, पृ.३८५-३९७ ।

गौतम, लक्ष्मणप्रसाद (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, लक्ष्मणप्रसाद र ज्ञानु अधिकारी (२०६८), *कथा सिद्धान्त र नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

दवाडी, सरोज (२०७२), "अनुराधा उपन्यासमा अभिघात", अप्रकाशित शोधप्रबन्ध, काठमाडौँः त्रिभुवन विश्वविद्यालय ।

न्यौपाने, नरेन्द्र (२०७१) "सेती पनि काली पनि नियात्रामा भाषिक सापेक्षताको अध्ययन" अप्रकाशित शोधप्रबन्ध, काठमाडौँ : त्रिभुवन विश्व विद्यालय ।

न्यौपाने, नरेन्द्र (सन् २०२१), 'द्वन्द्व र युद्धका सङ्ग्रहमा अभिघात', *कङ्नेसन,* भोलुम ३, इस्यु १ ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्र सिंह (२०३७), *नेपाली उपन्यास र उपन्यासकार,* ललितपुर : साझा प्रकाशन ।

प्रसाईं, पुण्यप्रसाद (२०६९), *फ्रायडको मनोविश्लेषण* (अनु.), काठमाडौँ : डिकुरा पब्लिकेशन ।

बस्याल, विन्दु (२०७१), “महिला कथाकारका द्वन्द्वकथामा अभिघात २०५२-०६३”, अप्रकाशित शोधप्रबन्ध, काठमाडौँ : त्रिभुवन विश्व विद्यालय ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : ओरिएण्टल पब्लिकेसन ।

भट्टराई, गोविन्दराज र घिमिरे, विष्णुविभु (सम्पा. २०६३), *द्वन्द्व र युद्धका कथा,* काठमाडौँ : ओरिएण्टल पब्लिकेसन ।

भट्टराई, रमेशप्रसाद (२०६९) *सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू भृकुटी,* (१६, साउन -असोज), पृ. ४९ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना,* काठमाडौँ : क्वेस्ट पब्लिकेसन ।

शर्मा, विन्दु (२०६८), ‘कथाको अभिघात समालोचना’, *उन्मेष* (अङ्क १२, आश्विन), पृ. ११३-१२२ ।

श्रेष्ठ, दयाराम (२०७२), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सङ्केत, केदार (२०७७), *अफगानी रणमैदान,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

सुवेदी, राजेन्द्र (२०६८), *नेपाली समालोचना : परम्परा र प्रवृत्ति,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६८), ‘अभिघात सिद्धान्त र नेपाली साहित्यमा यसको प्रभाव’, *समकालीन साहित्य,* अङ्क ४, पूर्णाङ्क ६६ ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

Berger, James (1997). "Review: Trauma and Literary Theory". *Contemporary Literature*. Vol. 38, No, 3. pp.569-582.

Caruth, Cathy (1995) (ed.). *Trauma: Explorations in Memory*. Johns Hopkins University Press. Baltimore and London.

Caruth, Cathy (1996). *Unclaimed Experience: Trauma, Narrative and History*. Baltimore: John Hopkins University Press.

dictionary. reverse. net/English-synonyms/trauma.

Felman, Shoshanatysis. and Dorilaub Laub (1992). *Testimony: Crises of Witnessing in Literature, Psychoanalysis and History*. New York : Routledge.

Freud, Sigmund (1939). *Moses and Monotheism*. New York : A.A. Knopf.

Freud, Sigmund (1990). *Interpretation of Dream*. New York : University of Newyork Press.

Hartman, Geoffery and T.O' Hara, Daniel (2004). *The Geoffrey Hartman Reader*. UK: Edinburgh University Press.

https//www.unh.edu/counseling.centre/dealing-effects-trauma-selfhelp guide.

James, B. (1994). *Handbook for treatment of attachment-trauma problems in children*. New York: Lexington Books.

Jung, Karl G. (1970). *Collected work vollume 10*. Routledge and Kegan Paul.

Kaplan, Cora (2007). *Victoriana: Histories, Fictions, Criticisms.* Cambridge : Edinburgh University Press.

La Capra, Dominick (1994). *Representing the Holocaust History, Theory, Trauma*. America : Cornell University Press .

Leys, Ruth (2000). *Trauma : A genealogy*. London : The University of Chicago Press.

www. Healing Resources.info, emotional amd psychological trauma: causes amd effect, symptoms and treatment.

www. Idoceonline. com/ dictionary/ trauma.